“अनि धेरै साक्षीहरूको उपस्थितिमा मद्वारा तिमीले सुनेका कुराहरू भरपर्दो मानिसहरूलाई सुम्पिदेऊ जसले अरूहरूलाई पनि सिकाउन सकून् ।”

– २ तिमोथी २:२

# बाइबलका प्रमुख सिद्धान्तहरू

# विषय सूची

परिचयः प्राथमिक प्रश्नहरू तथा विचारहरू ....................................................................................१

अध्याय १: परमेश्वरबारे सिद्धान्त ....................................................................................१०

अध्याय २: शास्त्रबारे सिद्धान्त....................................................................................४४

अध्याय ३: येशू ख्रीष्टबारे सिद्धान्त....................................................................................५६

अध्याय ४: पवित्र आत्माबारे सिद्धान्त.................................................................................... ७४

अध्याय ५: स्वर्गदूतबारे सिद्धान्त....................................................................................९१

अध्याय ६: मान्छेबारे सिद्धान्त....................................................................................१०५

अध्याय ७: पापबारे सिद्धान्त.................................................................................... ११६

अध्याय ८: मुक्तिबारे सिद्धान्त....................................................................................१२७

अध्याय ९: इसाई जीवनबारे सिद्धान्त .................................................................................... १४९

अध्याय १०: मण्डलीबारे सिद्धान्त ....................................................................................१६०

अध्याय ११: भविष्यका कुराहरूबारे सिद्धान्त.................................................................................... १८०

निष्कर्षः....................................................................................२०१

अन्तिम टिपोटः ....................................................................................२०६

## परिचयः प्राथमिक प्रश्नहरू र विचारहरू

### १. ईश्वरशास्त्र भनेको के हो ?

मानौं तपाईको विश्वासबारे तपाईको गाउँ वा शहरमा कसैले तपाईलाई सोध्दछ । तपाईले उनीहरूलाई येशू तथा उहाँले कसरी उनीहरूलाई प्रेम गर्नुहुन्छ भनेर बताउनुहुन्छ । तपाईले बाइबल खण्डहरूलाई उदृत गर्नुहुन्छ । तपाईले उनीहरूका प्रश्नहरूका जवाफ दिनुहुन्छ । तपाईले के गरिरहनुभएको हुन्छ त ? तपाई *ईश्वरशास्त्रमा* सङ्लग्न भईरहनुभएको हुनेछ ।

क. *ईश्वरशास्त्र भनेको परमेश्वरबारे उहाँबारेको अध्ययनको विज्ञान हो ।* परमेश्वरको सत्यतालाई जीवनमा अप्नाउँदै उहाँको निम्ति अझ गम्भीर, गहन तथा प्रभावकारी रूपले निरन्तर उहाँको लागि जिउन, बाइबलमा प्रकट भएअनुसार उहाँको कामहरू तथा उहाँबारेको अध्ययन गर्नु नै इसाई अनुशासन हो । तसर्थ यसैलाई नै ईश्वरशास्त्र भनेर भन्दछ ।

यसबारे सोच्नुहोस्: हामीलाई बचाउनुहुने तथा हराएकालाई खोजी गर्दै बचाउने उहाँको कार्यमा सहभागी हुन हामीलाई बोलाहट दिनुहुने, हाम्रो सुन्दर परमेश्वरबारे अध्ययन गर्नुभन्दा अझ रोचक कुरा अरु कुनै **हुन** सक्दैन !

ऐतिहासिक रूपमा ईश्वरशास्त्रका विभिन्न हाँगाहरू छन्:[1]

- *बाइबलीय ईश्वरशास्त्र* भनेको यसका लेखकहरूले सिकाएका कुराहरू तथा शास्त्रभरि नै प्रकट भएको प्रकाशको विकासबारेको अध्ययन हो ।
- *ऐतिहासिक ईश्वरशास्त्र* भनेको पहिलो शताब्दीका इसाईहरूले के विश्वास गरे वा सिकाए भन्नेबारेको अध्ययन हो ।
- *क्रमबद्ध ईश्वरशास्त्र* भनेको परमेश्वर र उहाँका कार्यबारे बाइबलले सिकाएको सबै कुराहरूलाई उचित प्रकारले व्यवस्थापन गरेर राख्नू हो ।

ख. क्रमबद्ध ईश्वरशास्त्र भनेको मण्डलीको लागि महत्वपूर्ण छ किनकि ईश्वरीय जीवन यापन गर्न तथा हाम्रा वरिपरि भएका विभिन्न धार्मिक विश्वासहरूमा सङ्लग्न हुन्, यसले हामीलाई परमेश्वर तथा उहाँको उद्देश्यहरूलाई बुझ्न एउटा ठूलो तस्विर उपलब्ध गराउँछ ।

ग. यो अध्ययन भनेको परमेश्वर को हुनुहुन्छ र उहाँले आफैलाई महिमित पार्न हाम्रो संसारमा के गरिरहनुभएको छ, भन्ने ठूलो तस्विरलाई दिने, त्रमबद्ध ईश्वरशास्त्रको रूपरेखाको आधारभूत अध्ययन मात्रै हो ।

घ. व्याख्याशास्त्रदेखि बाइबलीय ईश्वरशास्त्र र त्यसपछि क्रमबद्ध ईश्वरशास्त्रको अनुक्रमलाई ध्यान दिनुहोस् ।

| बाइबलीय ईश्वरशास्त्रको अनुक्रम | | |
|---|---|---|
| **व्याख्याशास्त्र** → | **बाइबलीय ईश्वरशास्त्र** → | **क्रमबद्ध ईश्वरशास्त्र** |

बाइबलीय ईश्वरशास्त्रले ईश्वरशास्त्रीय विषयबारे बाइबलीय लेखकहरूले के भनेका छन्, भन्ने कुरा निर्धारण गर्ने कोशिश गर्दछ । जबकि क्रमबद्ध ईश्वरशास्त्रले सम्पूर्ण बाइबलले के भनेको छ भन्ने कुरालाई साराँशित गर्दै समकालीन दृष्टिकोणबाट निकालिएको सैद्धान्तिक छलफललाई दिन्छ ।[2]

### २. सिद्धान्त भनेको के हो ?

क. सिद्धान्त भनेको प्रबल शिक्षा हो । हाम्रो निम्ति, सिद्धान्त भनेको *बाइबलले निश्चित शीर्षकहरूमा के सिकाएको छ* भनेर परिभाषित गर्नु नै मद्दतकारी हुनेछ । उदाहरणको लागि बाइबलले पाप, सृष्टि, वा मृत्युबारे के सिकाएको छ? सिद्धान्तले बाइबलमा भएका कथाहरूसँगै शास्त्रका प्रमुख विषयहरूलाई औंल्याउने कोशिश गर्दछ ।[3]

ख. एउटा ईट्टा जोडेर बनाइएको घरले सिद्धान्त र ईश्वरशास्त्रबीचको सम्बन्धलाई उदाहरणस्वरूप प्रस्तुत गर्न सक्छ । सिद्धान्तहरू भनेको ती ईट्टाका टुक्राहरू हुन् जसले घरको निर्माण गर्दछ र ईश्वरशास्त्र भनेको चाहिँ, परमेश्वर, उहाँको उद्देश्यहरू तथा उहाँले के गरिरहनुभएको छ भन्ने कुराहरूका पूर्ण तस्विर हो ।

ग. प्रमुख बाइबलीय सिद्धान्तको यो सर्वेक्षणमा, ती व्यक्तिगत सिद्धान्तहरूका अध्यायहरू समावेश छन् । तर जसरी तपाईले यो पुस्तकलाई अध्ययन गरिसक्नुहुन्छ, तब तपाईले ती अध्यायहरू एक-अर्कासँग सम्बन्धित भएको र ती सबै एकसाथ मिलेर हामी बसेको संसारको निम्ति, परमेश्वर तथा उहाँको उद्देश्यहरूको पूर्ण तस्विरलाई निर्माण गरेको पाउनुहुनेछ ।

### ३. दर्शनशास्त्र, ईश्वरशास्त्र तथा सिद्धान्तबीचको सम्बन्धः

क. दर्शनशास्त्र भनेको हामी बसेको संसारको उद्देश्य तथा क्रमको अध्ययन हो। तसर्थ हामी बुद्धिमानी हुँदै यस संसारमा कसरी बाँच्नुपर्दछ भन्ने हामीले जान्न सक्ने छौं ।

ख. दर्शनशास्त्र भनेको कतिपय मानिसहरूले सोचे जस्तै नकरात्मक अनुशासन होइन । यो केवल जीवनको उद्देश्य तथा अर्थलाई बुझ्ने र अनुवाद गर्ने एउटा प्रक्रिया मात्रै हो । वास्तवमा यसलाई इसाई अवधारणाबाट पछ्याउनुपर्दछ र पछ्याउन सकिन्छ र पनि कहिलेकाहीँ यस्तो हुँदैन । हामी बसेको संसारलाई बुझ्नको निम्ति परमेश्वरले हामीलाई हाम्रा विवेक तथा उहाँको वचन दिनुभएको छ । परिणामस्वरूप, हाम्रो संसारले कसरी काम गर्दछ र यसको उद्देश्य के हुनुपर्दछ भन्ने कुरालाई परमेश्वरको अवधारणाबाट हेर्नुपर्ने कुरालाई हामीले ध्यान दिनु उचित हुन्छ ।

ग. यसको अतिरिक्त, कहिलेकाहीँ दर्शनशास्त्रले इसाई ईश्वरशास्त्रलाई इसाई विश्वासको विरुद्ध उठेका प्रश्नहरूलाई उत्तर दिनको निम्ति; शास्त्रमा परमेश्वरले प्रकट गर्नुभएको कुराहरूलाई अझ राम्रो तथा उचित प्रकारले बुझ्नमा सहायता गर्ने कारणहरू सहित रक्षात्मक बहसका बुँदाहरू प्रदान गर्दछन् ।

घ. सत्यता यही हो कि हामी सबै नै दर्शनशास्त्रमा सङ्लग्न छौं । हाम्रा वरिपरि भएका संसारलाई हामी हेर्दछौं र त्यसमा भएका घटनाहरूलाई हेरेर ती किन भइरहेका छन् र तिनीहरूका उद्देश्य के हुन सक्छन् भन्ने निर्क्यौल निकाल्दछौं।

ङ. ईश्वरशास्त्र र दर्शनशास्त्रबीचको पारस्पारिक सम्बन्ध रहेको छ ।

- ईश्वरशास्त्रले कारण तथा तर्कलाई प्रयोग गर्दै परमेश्वरको प्रकाश बुझाउनमा मद्दत गर्दछ ।
- इसाई दर्शनशास्त्रले परमेश्वरको प्रकाशित वचनलाई प्रयोग गर्दै उहाँको संसारको उद्देश्य र क्रमलाई अझ राम्रोसँग बुझाउनमा हामीलाई मद्दत गर्दछ ।

### ४. इसाई ईश्वरशास्त्रको आधार

क. इसाई ईश्वरशास्त्रको आधार भनेको *परमेश्वर अस्तित्वमा हुनुहुन्छ* र उहाँ हामीसँग बोल्नुहुन्छ भन्ने रहेको छ । पहिलो दुइ ओटा अध्यायहरूमा हामी यी दुइ अवधारणहरूलाई गहन गरी हेर्नेछौं । यहाँ हामी परमेश्वर अस्तित्वमा हुनुभएको र उहाँले हामीसँग उहाँको वचनद्वारा बोल्नुभएको छ भन्ने अनुमानका साथ यस अध्ययनलाई थालनी गर्नेछौं ।

ख. परमेश्वर त्रित्व (त्रिएक) हुनुहुन्छ भनेर इसाईत्वले सिकाउँछ । जसको अर्थ भनेको परमेश्वर तीन व्यक्तिमाः परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मामा प्रकट हुनुहुन्छ भनिएको हो । परमेश्वरबारे यो अवधारणा संसारमा भएका परमेश्वरबारे अन्य कुनै पनि अवधारणाहरू भन्दा फरक रहेको छ । अन्य कुनै पनि धर्महरूले परमेश्वर एउटै मात्र हुनुहुन्छ र तीन व्यक्तित्वमा प्रकट हुनुहुन्छ भनेर सिकाएको छैन । कतिपय मानिसहरूका निम्ति यसले इसाईत्व साँचो छ भन्ने विश्वास गर्ने चुनौती दिन्छ । उनीहरूका आलोचनाहरू फरक छन्, तर यहाँ आपत्तिहरूका केही नमूनाहरू रहेका छन् ।

- यो अनेकईश्वरवादी होः इसाईत्वले थुप्रै ईश्वरहरू भएको सिकाउँछ ।
- यो तार्किक रूपमा असम्भव छः त्रित्व (तीन-एकमा) भन्ने सिद्धान्त आफै नै विपरीतार्थ रहेको छ ।

इसाई ईश्वरशास्त्रीहरूले त्रित्व सिद्धान्त भनेको इसाईहरूका निम्ति समस्या नभई बल भएको कुरालाई शताब्दीऔंदेखि सिकाउँदै आईरहेका छन् । कसरी परमेश्वर तीन र पनि एउटै हुन सक्नुहुन्छ भनेर बुझ्न कठिन हुन् सक्छ । तर त्रित्वको सिद्धान्तले परमेश्वरको स्वभाव र चरित्रबारे वर्णन गर्दछ । यसले परमेश्वर सम्बन्धात्मक *(आओ हामी मान्छेलाई आफ्नै स्वरूपमा बनाओ)* तथा महान भएको बताउँछ ।

परमेश्वर त्रित्व परमेश्वर हुनुभएको कारण, उहाँ सबै कुराका आधार हुनुहुन्छ । त्रित्वभित्र परमेश्वरले सिद्ध प्रेम, आनन्द, सम्बन्धहरू, संचार इत्यादी कुराहरूलाई अनुभव गर्नुहुन्छ । उहाँ सबै कुरामा सिद्ध हुनुभएको हुनाले, उहाँले यस्तो संसार सृजना गर्नुहुन्छ जहाँ हामी प्रेम, सम्बन्धहरू आदिलाई एक-आपसमा संचार गर्न सक्छौं । यसको अतिरिक्त परमेश्वर सिद्ध हुनुभएको कारणले तथा त्रित्वभित्र कुनै पनि कुराको कमी नभएको हुनाले, उहाँले सृष्टि गर्नुभएको संसारलाई धानी राख्ने सामर्थ्य पनि उहाँमै निहित रहेको छ ।

### ५. किन तपाईले ईश्वरशास्त्र अध्ययन गर्नुपर्दछ ?

क. सरल उत्तरचाहिँ यो छ कि परमेश्वरले संसारलाई निर्माण गर्नुभयो र उहाँको उद्देश्य पूरा गर्नको निम्ति उहाँले यसमा कार्य गरिरहनुभएको छ । परमेश्वरले तपाईलाई उहाँद्वारा र उहाँको निम्ति सृष्टि गर्नुभएको हुनाले, उहाँबारे र उहाँले के गरिरहनुभएको छ भन्नेबारेमा जान्नु भनेको तपाईको जिम्मेवारी हो।

ख. तपाईले आराधनाको निम्ति ईश्वरशास्त्र अध्ययन गर्नुहोस् । तपाईले जतिधेरै परमेश्वरबारे बुझ्नुहुन्छ, त्यतिनै धेरै उहाँलाई हृदयदेखि नै आराधना गर्न सक्नुहुनेछ ।

ग. तपाईको विश्वासको निम्ति ईश्वरशास्त्र अध्ययन गर्नुहोस् । परमेश्वर तथा उहाँको उद्देश्यबारेको ज्ञानले तपाईलाई कठिनाइको, शंकाको, चिन्ताको तथा डरको समयमा मद्दत गर्नेछ ।

घ. तपाईको समुदायमा सुसमाचारलाई अझ प्रभावकारी तरिकाले बाँड्नको निम्ति ईश्वरशास्त्र अध्ययन गर्नुहोस् । प्रत्येकको संसारबारे आफ्नै धारणा रहेको छः जीवनको अर्थ के हो ? संसारको समस्या के हो ? संसारको समाधान के हो ? ईश्वरशास्त्रको अध्ययन गरिसकेपछि, परमेश्वरको वचनले यी आधारभूत प्रश्नहरूका जवाफ कसरी दिएको छ भन्ने कुरालाई राम्रोसँग बुझ्नमा हामीलाई सहायता गर्दछ । तसर्थ परमेश्वरलाई नचिन्नेहरूका अघि हामी उहाँबारेको सत्यतालाई प्रस्तुत गर्न सक्छौं ।

ङ. तपाईको मण्डली र तपाईको परिवारलाई परमेश्वरबारे अझ राम्रोसँग सिकाउनको निम्ति ईश्वरशास्त्रको अध्ययन गर्नुहोस् ।

च. बिमारी र चोट पाएकाहरूलाई परमेश्वरको सत्यताद्वारा परामर्श दिने तयारी गर्नको निम्ति ईश्वरशास्त्रको अध्ययन गर्नुहोस् ।

छ. परमेश्वरको कार्यलक्ष्यमा सङ्लग्न हुनको निम्ति ईश्वरशास्त्रको अध्ययन गर्नुहोस् । उत्पत्तिको पुस्तकदेखि नै उहाँ आफ्नो कार्यलक्ष्यमा सङ्लग्न हुँदै आउनुभएको छ । उहाँले हामीलाई त्यो कार्यलक्ष्यमा सङ्लग्न हुने निम्तिो दिनुहुन्छ । परमेश्वरको कार्यलक्ष्य र तपाईको सङ्लग्नताबारे गहन प्रकारले बुझ्नको निम्ति तपाईलाई ईश्वरशास्त्रको अध्ययनले मद्दत गर्नेछ ।

## ६. तपाईले ईश्वरशास्त्र कसरी अध्ययन गर्नुपर्दछ ?[४]

*परमेश्वरबारेको ज्ञानको खोजीमा तपाईको विवेकलाई लगाउनुभन्दा अझ उत्तम कुरा अरू केही छैन । मान्छेको आफ्नै विवेकको अभ्यासले मात्र परमेश्वरलाई कहिल्यै पनि चिन्न नसकिने हुनाले (१ कोरिन्थी १:१९-२०; २:१४), उहाँले मान्छेलाई आफैले दिनुहुने प्रकाशमा उसले भरोसा गर्नुपर्ने हुन्छ (१ कोरिन्थी २:९-१०) ।*[५]

त्यसैकारण तपाईले पवित्र आत्माको नेतृत्वमा भरपर्दै धन्यवादी हृदयका साथ ईश्वरशास्त्रको अध्ययन गर्नुपर्दछ । तपाईले ईश्वरशास्त्र अध्ययन गर्नुपर्दछः

क. प्रार्थना र दृढतासाथ *(भजन ११९:१८; १ कोरिन्थी २:१४)*।

- सिक्ने कार्य कठिन हुन्छ र नयाँ कुरा सिक्नू भनेको निरुत्साहजनक हुन सक्छ । अधिकाँश समयमा, सिक्ने कुराको निम्ति यस्ता जानकारीहरूको आवश्यकता पर्दछन्, जुन "गाडिएर भित्र" जान सकोस् ।
- ईश्वरशास्त्र सिक्नू भनेको आत्मिक क्रियाकलाप हो । हामीले आत्मिक बुझाईलाई खोज्नुपर्दछ, जुन केवल परमेश्वरबाट मात्र आउँछ र उहाँको सत्यता बुझ्नमा हाम्रा आँखाहरू खोलिऊन भनेर हमीले परमेश्वरसँग प्रार्थना गर्नुपर्दछ ।
- जब प्रेरित पावलले एफिसीका विश्वासीहरूका निम्ति पत्र लेखिरहेका थिए, तब उनले प्रार्थनका यही वचनहरूलाई बोलिरहेका थिए । जस्तैः

*प्रभु येशूप्रति रहेको तिमहृको विश्वास र सबै सिन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ । म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलार्य उहाँको विषयमा ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन् । म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक । अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक (एफिसी १:१५-१९) ।*

ख. नम्रता र आज्ञाकारीतासाथ *(१ पत्रुस ५:५; हिब्रू ५:११-६:२)*।

- परमेश्वरले अहंकारीलाई अनुग्रह दिनुहुन्न । तर उहाँले नम्रहरूलाई प्रशस्त मात्रामा अनुग्रह दिनुहुन्छ । नम्रता भनेको परमेश्वरलाई जान्न निम्ति आवश्यक हुन्छ । जब पनि हामी उहाँको इच्छालाई जान्दछौं, तब हामी उहाँप्रति आज्ञाकारी रहन सक्छौं त ? भनेर जाँच गर्नु नै नम्रताको एउटा जाँच हो *(यूहन्ना ७:१७)*।

ग. तर्कको प्रयोगसँगै

- हाम्रा तर्कहरूद्वारा हामीले परमेश्वरबारे सिक्दैनौं । परमेश्वरले उहाँको वचनद्वारा आफैलाई हामीसमक्ष प्रकट गराउनुहुन्छ । परमेश्वरले कुनै उद्देश्यको निम्ति हामीलाई तर्क गर्ने क्षमता दिनुहुन्छ । तर्कसँगै परमेश्वरले उहाँको वचनमा आफ्नैबारेमा जे प्रकट गर्नुभएको छ, त्यसलाई हामी लिन्छौं । अनि हामी त्यसलाई बुझ्ने तथा लागु गर्ने कोशिश गर्दछौं ।

घ. आनन्द तथा प्रशंसासाथ ।

- ईश्वरशास्त्र भनेको भक्ति तथा प्रशंसा दुवैको निम्ति हो अर्थात परमेश्वरको प्रशंसा तथा ईश्वरीय भक्तिको अभ्यास दुवै नै हो भनिएको हो । तसर्थ यसलाई यस्तो प्रकारले प्रस्तुत गर्नुपर्दछ जसद्वारा ईश्वरीयताको उपस्थिति भएको सचेतना आउन सकोस् । ईश्वरशास्त्र तब प्रबल हुन्छ जब यसलाई परमेश्वरको सचेतनामा बोलिन्छ र उहाँको महिमाको गीत गाइन्छ ।[६]
- परमेश्वरको ज्ञानले आराधनातर्फ डोऱ्याउँछ र परिणामस्वरूप उहाँको प्रशंसा तथा उहाँमा आनन्दित हुने कुरा निक्लन्छ भनेर बाइबलले बताउँछ ।

*तपाईंका कानूनहरू सदाकालको निम्ति मेरा मूल्यवान् सम्पत्ति भएका छन् । तिनले मेरो हृदय हर्षित तुल्याउँछन् (भजन ११९:१११) ।*

- कठोर परीक्षाहरू र जाँचहरू भएर गएका पहिलो शताब्दीका विश्वासीहरूका निम्ति जब प्रेरित पत्रुसले लेखे, तब उनले भनेका कुरालाई ध्यान दिनुहोस् । उनका वचनहरू निश्चय नै तिनीहरूका निम्ति उत्साह तथा ती हाम्रा निम्ति पनि उत्साहका वचनहरू भएका छन् ।

*परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहन्छ । उहाँको महान् कृपाले मृतकबाट येशू खृष्टिको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं । स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेका उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् । आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौं । तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ । आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ । तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस् । तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौं । उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहामाथि विश्वास गर्छौं र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ । तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ (१ पत्रुस १:३-९) ।*

- यो खण्डमा पत्रुसले के भने, तपाईले देख्नुभयो ? यी पदहरूमा परमेश्वरलाई, मुक्तिबारेको हाम्रो सत्यतालाई, हाम्रो निम्ति परमेश्वरले राखिदिनुभएको सम्पत्ति, आदिबारे जान्ने कयौं सन्दर्भहरू छन् । यस्तो ज्ञानले हामीले सामना गरिरहेको जाँचहरूका बीचमा आनन्दसाथ हामी सहासिलो भएर दृढ रहन मद्दत गर्दछ ।

**७. एउटा मण्डली स्थापकलाई ईश्वरशास्त्र जान्नाले कसरी मद्दत पुग्छ ?[७]**

क. मैंले परमेश्वरलाई अझ राम्रो प्रकारले जान्नेछु । किनकि असल ईश्वरशास्त्रले परमेश्वर, उहाँको चरित्र तथा उहाँको व्यक्तित्वलाई उचित प्रकारले वर्णन गर्ने हुनाले, ईश्वरशास्त्र अध्ययनको परिणामस्वरूप मैंले उहाँलाई घनिष्ट प्रकारले चिन्न सक्नेछु । मैंले पितालाई, येशूलाई तथा पवित्र आत्मालाई अझ राम्रोसँग जान्न सक्ने हुनाले, उहाँलाई अझ राम्रोसँग प्रेम गर्न, प्रशंसा गर्न सक्ने र त्यसले गर्दा अझ राम्रो र प्रभावकारी तरिकाले सेवा गर्न सक्ने हुनेछु।

ख. मैंले परमेश्वरको सत्यतालाई अझ राम्रोसँग जान्नेछु । मुक्ति, शास्त्र, पाप, भविष्यका कुराहरू तथा अन्य विषयका सिद्धान्तहरूलाई राम्रोसँग जान्नाले, मेरो बाइबल अध्ययनलाई अझ ठोस आधार दिनेछ ।

ग. मैंले परमेश्वरको कार्यलक्ष्यलाई अझ राम्रोसँग जान्नेछु । परमेश्वर लक्ष्य केन्द्रीत परमेश्वर हुनुभएको हुनाले, म उहाँको कार्यलक्ष्यमा हुन सक्नेछु र उहाँको हृदयलाई अझ राम्रोसँग जान्नेछु ।

घ. शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेशवरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर *(२ तिमोथी २:१५) ।*

ङ. म मेरो सन्देशमा अझ निर्धक्क हुन सक्नेछु । जब तपाईले बाइबलका सिद्धान्तलाई अझ गहन गरी जान्नुहुनेछ, यसले तपाईको विश्वासमा अझ बढी निर्धक्क हुन मद्दत गर्दछ ।

च. मैंले अझ राम्रो र सठीकतासाथ प्रचार गर्न सक्नेछु । बाइबलले सिकाएको कुरा गहन प्रकारले जान्नाले, परिणामस्वरूप तपाईको प्रचार अझ गहन तथा सामर्थ्यवान भएको तपाईले पाउनुहुनेछ ।

छ. मैंले मानिसहरूका प्रश्नहरूलाई अझ राम्रोसँग उत्तर दिन सक्नेछु । पाष्टरहरूका प्रमुख भूमिका मध्ये एउटाचाहिँ उनीहरूका मानिसहरूलाई बाइबलको सन्देश बुझ्नमा मद्दत गर्नु हो । बाइबलको सिद्धान्तलाई जान्नाले तपाईको मण्डलीमा भएको मानिसहरूका प्रश्नहरूका उत्तरलाई तपाईले राम्रोसँग दिन सक्नुहुनेछ ।

ज. मैंले अझ राम्रोसँग विश्वासको परिभाषा दिन सक्नेछु । संसारमा थुप्रै विचार-धाराहरू छन् । संसारमा थुप्रै अन्य धर्महरूमा पनि छन् । बाइबलको सिद्धान्तलाई जान्नाले अन्य विचार-धाराका मानिसहरूका जिज्ञासाहरूलाई मेटाउँदै येशूलाई आफ्नो मुक्तिदाता भनेर नचिनेकाहरूलाई उहाँको सन्देश अझ राम्रोसँग बुझाउन मद्दत पुग्छ ।

ईश्वरशास्त्र तथा बाइबल सिद्धान्तको अध्ययनले तपाईको जीवनलाई परिवर्तन गरिदिन्छ । यसले तपाईलाई परमेश्वरलाई अझ राम्रोसँग चिन्ने, उहाँमा पूर्ण भरोसा गर्ने तथा तपाईको गाउँहरू र शहरहरूमा उहाँबारे सहासिलो भएर घोषणा गर्ने तुल्याउँछ । यसले तपाईलाई उहाँको महिमाको निम्ति मण्डली स्थापना तथा त्यसको बृद्धि गर्नको निम्ति दह्रो जग बसाल्न मद्दत गर्नेछ ।[८]

**के तपाई सिक्न तयार हुनुहुन्छ ?** आउनुहोस् हामी हाम्रो अध्ययन एकसाथ थालनी गरौं ।

## अध्याय १: परमेश्वरबारेको सिद्धान्त

*आहा ! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो ! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने ! "किनभने प्रभुको मनलाई कसले जानेको छ ? अथवा उहाँको सल्लाहकार को भएको छ ? अथवा, कसले उहाँलाई कुनै उपहार दिएको छ र परमेश्वरले उसलाई फिर्ता दिनुपरोस् ? किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन् ।*
*उहाँलाई नै सदासर्वदा महिमा होस् (रोमी ११:३३-३६) ।"*

### परिचय

क. परमेश्वरबारेको हाम्रो अध्ययनमा तीन प्रमुख आधारभूत प्रश्नहरू रहेका छन्:
- के त्यहाँ परमेश्वर हुनुहुन्छ ? (के परमेश्वर अस्तित्वमा हुनुहुन्छ ?)
- परमेश्वर कस्तो हुनुहुन्छ ? (उहाँको गुणहरू के के हुन् ?)
- कसरी हामी उहाँलाई जान्न सक्छौं ? (के उहाँले हामीसँग बोल्नुहुन्छ ? के हामी उहाँलाई सुन्न सक्छौं ?)

ख. हरेक धर्म तथा विश्वधारणाले यी प्रश्नहरूका उत्तर दिने चेष्टा गर्दछ । यी प्रश्नहरूका उत्तरहरू अति नै महत्वपूर्ण छन् किनकि तिनीहरूले हामीले कसरी परमेश्वरलाई जान्छौं र उहाँसँग हाम्रो सम्बन्ध कस्तो भएको हुनुपर्दछ भन्ने कुराको आधार तयार पार्दछ ।[1]

### १. परमेश्वरको अस्तित्व

क. परमेश्वर हुनुहुन्छ ।
- उत्पत्तिको पहिलो पदले नै परमेश्वरको अस्तित्व भएको घोषणा शास्त्रले गर्दछ । *आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो (उत्पत्ति १:१) ।*
- शास्त्रको निरन्तर साक्षी भनेको परमेश्वर अस्तित्वमा हुनुहुन्छ भन्ने रहेको छ *(प्रस्थान ३:१४; यशैया ४३:१०; मत्ती २२:३७; यूहन्ना १:१-३; रोमी ११:३३-३६) ।*

ख. परमेश्वर अस्तित्वमा हुनुभएको कुरा सृष्टिले घोषणा गर्दछ ।[2]

*आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ (भजन १९:१) ।*
- परमेश्वरले उहाँको अस्तित्वको यथार्थतालाई सबै मानिसहरू समक्ष सरल तथा स्पष्ट पारिदिनुभयो भनेर रोमीको पुस्तकको पहिलो अध्यायमा पावलले बताएका छन् *(१:१९-२०)*। सृष्टिको सुन्दरता तथा विविधताले परमेश्वर अस्तित्वमा हुनुहुन्छ भन्ने कुरा मानिसहरू समक्ष प्रकट गर्दछ । घाम वा पानी, दिन र रात वा समुद्रबाट भूमिलाई अलग गर्ने को हुनुहुन्छ ? ऋतुहरूका क्रमदेखि सबै सृष्टिमा भएका विभिन्न किसिमका फूलहरूका सुन्दरता आदिलाई हेर्दा हामी परमेश्वर सृष्टिकर्ताको बुद्धिमानी हातलाई देख्छौं । परमेश्वरले मान्छेलाई उहाँको स्वरूपमा बनाउनुभएको हुनाले, उहाँको अस्तित्वको गवाहीलाई मानिस जातिले पनि बोकेका छन् ।
- सृष्टिले परमेश्वरको अस्तित्वको गवाही बोकेको छ । सृष्टि भनेको उहाँको अस्तित्वको अंश होइन । परमेश्वर प्रकृतिमा भौतिक रूपले रहनुभएको छैन । उहाँको सृजनात्मक कामद्वारा उहाँ प्रकट हुनुहुन्छ । प्रकृति भनेको परमेश्वर होइन तर उहाँको सृष्टि हो र उहाँको अस्तित्व उहाँमा नै भरपर्दछ ।
- परमेश्वर भौतिक कुराहरू समान तथा प्रकृतिमा रहनुहुन्छ भन्ने धारणालाई **अनेकईश्वरवादी** भनिन्छ । हामी यो धारणालाई यस अध्यायको अन्तिमतिर हेर्नेछौं, तर यतिबेला, जब पनि हामी प्रकृतिद्वारा घेरिएका हुन्छौं, तब उहाँले बनाउनुभएको कुराको सरहाना गर्नुपर्दछ भन्ने कुरा स्पष्ट तथा महत्वपूर्ण भएको जानकारीलाई ध्यानमा राख्छौं ।
- *भजन २४:१ मा यसरी भनिएको छ: पृथ्वी परमेश्वरको हो र पृथ्वी नै परमेश्वर होइन ।*
- शास्त्रले बताउँछ कि त्यस्ता थुप्रै मानिसहरू छन् जसका विचारहरू तथा चाहनाहरूमा परमेश्वरको निम्ति कुनै स्थान नै छैन । रोमी १ अध्यायमा मानिसहरूले जानीजानी नै एक मात्र साँचो परमेश्वरको अस्तित्व भएको कुरालाई इन्कार गरेको बताउँछ । मानिसहरूले उहाँलाई इन्कार गरे तापनि, सम्पूर्ण मानवीयतामा परमेश्वरको अस्तित्व भएको कुरालाई उनीहरूले थाहा गर्छन् ।
  - सम्बन्धहरूप्रति हाम्रो स्वभाविक चाहना ।
  - जीवन अर्थपूर्ण बनाउने हाम्रो चाहना ।
  - अझ धेरैको चाहना गर्नु भनेको परमेश्वर हामीमा अस्तित्वमा हुनुहुन्छ भन्ने सङ्केत हो । तरैपनि, पापले मानिसलाई परमेश्वर अस्तित्वमा हुनुहुन्छ भन्ने कुरालाई वेवास्ता गर्नेतर्फ लैजान्छ ।
- *भजन १०:४ मा यसरी भनिएको छ: आफ्नो अहंकारमा दुष्टले उहाँलाई खोज्दैन, त्यसका सबै विचारमा परमेश्वरलाई स्थान हुँदैन ।*

- पापमा पतन भएको मानिसले बाइबलको परमेश्वरको सत्यतालाई इन्कार गर्ने भए तापनि, येशू ख्रीष्टको अनुहारमा परमेश्वरको महिमालाई इसाईहरूले देखून भनेर पवित्र आत्माले आँखा खोल्नुहुन्छ *(१ कोरिन्थी २:७-१२; २ कोरिन्थी ४:३-६) ।* त्यसैकारणले, इसाईहरूले विश्वास गर्ने परमेश्वर साँच्चै नै हुनुहुन्छ भनेर भन्न सक्छन् । उहाँले आफैलाई मानिसहरूसमक्ष थुप्रै तरिकाले प्रकट गर्नुभयो ।
    - *सामान्य रूपले* सृष्टि र प्रबन्धद्वारा ।
    - *मौखिक रूपमा* पुरानो र नयाँ नियमको शास्त्रद्वारा ।
    - *व्यक्तिगत रूपमा* उहाँको पुत्र येशू ख्रीष्ट हाम्रो प्रभुद्वारा
    - *मुक्तिको रूपमा* उहाँको वचन तथा आत्माको कार्यद्वारा ।

**ग. परमेश्वरको अस्तित्वबारे तीन परम्परागत तर्कहरू:**

परमेश्वर अस्तित्वमा हुनुहुन्छ भन्ने कुरा बुझाउनको निम्ति हामीलाई शास्त्रमा भएका कारणहरूबाहेक अन्य कुनै पनि कारणहरूका आवश्यकता नपर्ने भए तापनि, परमेश्वरमाथि विश्वास राख्ने कुरामा बाधा दिने कुरालाई हटाउन मद्दत पुग्ने केही थप शास्त्रभन्दा बाहिरका तर्कहरू रहेका छन् । यी तर्कहरूले परमेश्वर अस्तित्वमा हुनुभएको कुरामाथि विश्वास गर्न राम्रो तर्कलाई प्रदर्शन गर्दछन् । हामी तीमध्येका तीनओटालाई यहाँ छोटकारीमा हेर्नेछौं ।[३]

विश्वोत्पत्ति तर्क

- ब्रह्माण्डमा थाहा पाइने प्रत्येक कुराको कुनै कारण रहेको छ भन्ने यथार्थतसँगै विश्वोत्पत्ति तर्कको थालनी हुन्छ । तसर्थ सृष्टिको कुनै कारण हुनुपर्दछ भन्ने तर्क यसले दिन्छ । यस्तो सुन्दर तथा रमणीय सृष्टिको कारण अरू कोही नभई, सृष्टिकर्ता परमेश्वर हुनुपर्दछ । यो तर्कलाई हामी शास्त्रमा पनि पाउन सक्छौं *(हिब्रू ३:४)* ।

स्वःउद्देश्यवादी तर्क

- स्वःउद्देश्यवादी तर्क (जसलाई घडी बनाउनेको तर्क भनेर पनि चिनिन्छ) ले ब्रम्हाण्डमा भएको कुराहरूको क्रम, एकरूपता तथा ढाँचालाई केन्द्रीत गर्दछ र यस्तो ढाँचाले यसको निर्माण गर्नेलाई सङ्केत गर्दछ भनी बहस गर्दछ । ब्रम्हाण्ड उद्देश्यसाथ निर्माण भएको हुनाले, त्यस्तो प्रकारले सञ्चालन हुने ब्रम्हाण्डलाई बुद्धिमानी तथा उद्देश्यपूर्ण परमेश्वरले बनाएको हुनुपर्दछ ।
- यो शास्त्रले यस किसिमको तर्कलाई प्रयोग गर्दछ । *प्रेरित १४:१७ ले बताउँछ कि परमेश्वरले आफैलाई कुनै गवाहीबिना छोड्नुहुन्न किनकि उहाँले पानी पठाउनुहुन्छ र खानालाई भोजन दिनुहुन्छ ।* जब मानिसहरूले सृष्टि गरिएको ब्रह्माण्डलाई देख्छन्, तब यसको निर्माणकर्ता कोही न कोही भएको हुनुपर्दछ भन्ने कुरा स्वभाविक रूपले नै थाहा गर्दछन् ।
- यो तर्कलाई प्रस्तुत गर्नः यदि तपाईले एउटा घडीलाई तपाईको गाउँभन्दा बाहिर फ्याँकिएको भेट्टयाउनुभयो भने, त्यसलाई निर्माणकर्ताले बनाएको हुनुपर्दछ भनी निश्चित रूपमै अनुमान लगाउनुहुन्छ । त्यसबाहेक घडी कसरी बन्न सक्छ होला त ? त्यसैकारणले यदि त्यहाँ घडी छ भने त्यसलाई बनाउने पनि कोही हुनुपर्दछ भनेर अनुमान गर्नू उचित कारण हो ।

नैतिक तर्क

- यो तर्क हरेक समुदायमा सही र गलत तथा न्यायलाई कायम राख्ने आधारभूत विचारको विश्वव्यापी धारणा रहेको हुन्छ भन्ने यथार्थतामा आधारित छ ।
- शास्त्रले यो पुष्टि गर्दछ जब गैरयहूदीहरू *जोसँग परमेश्वरको व्यवस्था छैन, प्राकृतिलाई हेरेर उनीहरूले व्यवस्थालाई पूरा गर्छन् भनेर भनिएको छ (रोमी २:१४) ।* त्यसैकारणले सही र गलतको शुरूआत्को पूर्ण स्रोत (जोचाहिँ परमेश्वर हुनुहुन्छ) रहेको हुनुपर्दछ भन्ने निष्कर्ष निकाल्दछन् र यसैमा सही र गलतबारे हाम्रा विचारको अर्थ रहेको हुन्छ ।
- हामी सबै सामाजिक तथा नैतिक प्राणीहरू हौं । जसरी चराहरू मौरीहरू स्वभावैले बथानमा रहन्छन् भने, मानिसहरू समुदायमा रहन्छन् । यिनै समुदायमा सरकारहरू देखापर्न थाले । सबै सरकारहरू न्यायिक र पुर्ण रूपले असल नभए तापनि, नैतिक क्रमको चाहना भनेको विश्वव्यापी हो र सरकारको वास्तविकता भनेको यो चाहनाको उदाहरण हो । यद्यपी संसारीक कुनै पनि ढाँचाका सरकारले हाम्रा चाहनाहरूलाई पूर्ण रूपले सन्तुष्ट पार्न सक्दैन ।

## २. त्रित्व

क. त्रित्व सिद्धान्त परिभाषित ।

- *त्रित्व* भन्ने शब्द बाइबलमा कतै पनि नदेखिए तापनि, त्रित्वको सिद्धान्तलाई बाइबलका पन्नाहरूमा स्पष्टसँग सिकाइएको हामी देख्छौं । यो सिद्धान्तको आधारभूत शिक्षा भनेको परमप्रभु परमेश्वर एउटै भए तापनि तीन व्यक्तित्वमा र तीन व्यक्तित्वमा भए तापनि एउटै हुनुहुन्छ भन्ने रहेको छ ।
- परमेश्वर केवल एउटै मात्र हुनुहुन्छ जसले सबै कुराहरू सृष्टि गर्नुभयो र आफैलाई आफ्ना मानिसहरूसमक्ष प्रकट गर्नुभयो र उहाँको आराधना गरिनुपर्दछ भन्ने कुरा पुरानो नियममा स्पष्ट तथा निरन्तर रूपमा प्रकट भएको छ ।[४]

*इस्राएली हो सुन: परमप्रभु हाम्रो परमेश्वर एउटै हुनुहुन्छ ! (व्यवस्था ६:४; ४:३५-३९; भजन ८६:१०; यशैया ४४:६-८; ४५:५) ।*

- नयाँ नियमले पनि परमेश्वर एउटै मात्र हुनुभएको कुरा सिकाउँछ ।

*यसकारण मूर्तिलाई चढाएका खानेकुरा खाने विषयमा चाहिँ हामी जान्दछौं, कि मूर्तिको कुनै अस्तित्व नै छैन, र एक परमेश्वरबाहेक अरू छैन (१ कोरिन्थी ८:४; एफिसी ४:६; १ तिमोथी २:५) ।*

- तीन ईश्वरीय व्यक्तिहरूबारे सङ्केत हामी पुरानो नियममा पनि पाउँछौं।

*फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून् (उत्पत्ति १:२६; २ शामूएल २३:२-३; यशैया ६३:८-१०) ।"*

- नयाँ नियमले परमेश्वरको जनहरूमा मुक्ति ल्याउनको निम्ति एकसाथ काम गर्ने तीन ईश्वरीय व्यक्तिहरू रहेका छन् भनेर सिकाउँछ ।

दुइ बाइबलीय चिन्तकहरू यसरी लेख्छन्, *हामी सुसमाचारहरूमा येशूको मरियमद्वाराको जन्ममा त्रित्वको सङ्लग्नता भएको देख्छौं । लूका १:३५ मा यसरी लेखिएको छ: स्वर्गदूतले भने, "परमेश्वरको पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ । महान् परमेश्वरको शक्तिको छायाँ तिमीमाथिपर्नेछ । त्यसैकारण जन्मिनुहुने बालक पवित्र हुनुहुनेछ र परमेश्वरको पुत्र (येशू) कहलाइनुहुनेछ।"*[५]

- येशूको बप्तिस्मामा हामी त्रित्वको स्पष्ट तस्विरलाई देख्ने गवाही भएका छौं । *मत्ती ३:१६-१७* मा यसरी लेखिएको छ, *"बप्तिस्मा लिइसक्नुभएपछि येशू झट्टै पानीबाट निस्कनुभयो, त्यतिबेला स्वर्ग उघ्रियो र उहाँले परमेश्वरको आत्मालाई ढुकुरजस्तै आफूमाथि आइरहनुभएको देख्नुभयो । त्यति नै खेर स्वर्गबाट यस्तो बोलिएको सुनियो, 'यिनी मेरा प्यारा छोरा हुन्, यिनीदेखि म धेरै खुशी छु ।'"* त्रित्वको सबै व्यक्तित्वहरू उपस्थित हुनुहुन्थ्यो र प्रत्येकले फरक कार्य गर्नुभएको थियो: पिताले बोलिरहनुभएको थियो, अनि पुत्रलाई चाहिँ मसीह र मिशेनरी हुन पवित्र आत्माद्वारा अभिषेक भएको थियो ।[६]
- पावलका लेखहरूभरि नै त्रित्वबारे त्यही ईश्वरशास्त्रलाई हामी देख्छौं । जस्तै:

*प्रभुले प्रेम गर्नुभएका दाजुभाइहरू, तिमीहरूका लागि हामीले सधैँ धन्यवाद चढाउनैपर्छ किनभने परमेश्वरले तिमीहरूलाई आत्माको पवित्रता र सत्य विश्वासमा सुरुमै मुक्ति दिन भन्नुभयो । यसैको निम्ति हामीहरूले सुनाएको सुसमाचारद्वारा परमेश्वरले तिमीहरूलाई बोलाउनुभयो । हाम्रा प्रभु येशू ख्रीष्टको सम्मान तिमीहरूले पनि पाउन नै उहाँले तिमीहरूलाई बोलाउनुभएको हो (२ थेस्सालोनिकी २:१३-१४; एफिसी १:३-१४; १ पत्रुस १:२)।*

ख. त्रित्व सिद्धान्त वर्णन गरिएको ।

सायद त्रित्वको यो सिद्धान्तलाई शास्त्रबाट प्रत्यक्ष लिइएको सात साराँशित कथनहरूद्वारा वर्णन गर्न सकिन्छ होला । पहिलो चार कथनहरूले परमेश्वरको ईश्वरीय एकतालाई र बाँकी तीन कथनहरूले परमेश्वर शिरत्वको फरक व्यक्तित्वहरूलाई वर्णन गर्दछन् ।

- पिता परमेश्वर हुनुहुन्छ *(यूहन्ना ६:२७)*।
- पुत्र पनि परमेश्वर हुनुहुन्छ *(हिब्रू १:८)*।
- पवित्र आत्मा पनि परमेश्वर हुनुहुन्छ *(प्रेरित ५:३-४)*।

- पिता, पुत्र र पवित्र आत्मा तिनै एक हुनुहुन्छ भनेर पनि देखाइएको छ *(मत्ती २८:१९; २ कोरिन्थी १३:१४)।*
- पिता पुत्र हुनुहुन्न *(यूहन्ना ३:१६)*।
- पुत्र आत्मा हुनुहुन्न *(यूहन्ना १६:५-११)*।
- पिता पुत्र हुनुहुन्न *(यूहन्ना १४:१६-१७)*।

ग. मण्डलीको इतिहासमा अभिव्यक्ति गरिएको सिद्धान्त।

- नाइसियन सार भनेको विश्वासको घोषणा वा सार हो जुन इसाई साहित्यमा व्यापक रूपले संसारैभरि प्रयोग गरिन्छ। यसलाई नासियन भनेर भनियो किनकि यसलाई सन ३२५ मा एकीकरण परिषद्‌द्वारा नाइसियाको शहरमा प्रथम पटक अप्नाइएको थियो। बाइबलमा विश्वास गर्ने मण्डलीहरू तथा इसाईहरूले यसलाई विश्वव्यापी रूपमा स्वीकार गर्छन्।
- नयाँ नियमलाई पूरा गरेको २२५ वर्ष सिद्धिनासाथ कसरी सैद्धान्तिक विश्वासहरूलाई परिभाषित गरियो भन्ने कुरा ध्यान दिनुहोस्।

***सन ३८१ को नाइसियन सार[७]***

*हामी देखिएको र नदेखिएको सबैमाथिको; स्वर्ग र पृथ्वीको सृष्टिकर्ता सर्वशक्तिमान एक मात्र परमेश्वर पितामाथि विश्वास गर्छौं।*

*हामी एउटै प्रभु, येशू ख्रीष्ट, परमेश्वरको एक मात्र पुत्र, अनन्तदेखि नै पिताबाट आउनुभएको, परमेश्वरबाट आउनुभएको परमेश्वर, प्रकाशबाट आउनुभएको प्रकाश, साँचो परमेश्वरबाट आउनुभएको साँचो परमेश्वर, सृष्टि गरिएको होइन, जन्मिनुभएको र पितासँग एउटै हुनुहुन्छ। उहाँद्वारा नै सबै कुराहरू बनिए।*

*उहाँ पवित्र आत्माको सामर्थ्यमा स्वर्गबाट हामी मानिसहरूका र हाम्रो मुक्तिको निम्ति आउनुभयो। उहाँ कन्या मरियमबाट जन्मनुभयो र मान्छे हुनुभयो।*

*हाम्रो निम्ति उहाँ पन्तियस पिलातसको शासन कालमा क्रूसिकरण हुनुभयो; उहाँ सताइनुभयो, मारिनुभयो र गाडिनुभयो। शास्त्रलाई पूरा गर्दै उहाँ तेस्रो दिनमा बौरि उठ्नुभयो; उहाँ स्वर्गारोहरण हुनुभयो र पिताको दाहिने हाततिर हुनुहुन्छ। उहाँ पुनः जीवित र मरेकाहरूको न्याय गर्न महिमामा आउनुहुनेछ र उहाँको राज्यको अन्त्य कहिल्यै हुनेछैन।*

*हामी पवित्र आत्मामा विश्वास गर्छौं, जीवनदाता जो पिता र पुत्रद्वारा आउनुहुन्छ। पिता र पुत्रसँगै उहाँको पनि आराधना गरिन्छ र महिमित पारिन्छ। उहाँ अगमवक्ताहरूद्वारा बोल्नुभयो।*

*हामी एउटै पवित्र विश्वव्यापी प्रेरितीय मण्डलीमा विश्वास गर्दछौं।*

*पापहरूका क्षमादानको निम्ति एउटै बप्तिस्मालाई हामी स्वीकार गर्दछौं। हामी मरेकाहरूको पुर्नउत्थान तथा आउने संसारको जीवनको प्रतिक्षा गर्दछौं। आमेन।*

**कार्य: त्रित्व सिद्धान्तबारे नाइसियन सारले के सिकाउँछ, सूचिकृत गर्नुहोस्।**


घ. त्रित्वमा हुनुभएको प्रत्येक व्यक्तिको भूमिका[८]

- पिता:
  - *सृष्टि:* पिताले सृष्टि गरियोस् भन्ने आदेश दिनुभयो *(उत्पत्ति १:२६)।*
  - *मुक्ति:* पिताले मुक्तिको योजना बनाउनुभयो र यस संसारमा पुत्र पठाउनुभयो (*यूहन्ना ३:१६; एफिसी १:७-१०)।*
- पुत्र:
  - *सृष्टि:* सृष्टिको निम्ति पिताको योजनालाई पुत्रले कार्यान्वयन गर्नुभयो *(यूहन्ना १:१-३; १ कोरिन्थी ८:६; कलस्सी १:१६-१७)।*
  - *मुक्ति:* येशू पिताप्रति आज्ञाकारी हुनुभयो र हाम्रो निम्ति राखिएको मुक्तिको कार्यलाई पूरा गर्नुभयो *(यूहन्ना ६:३८; २ कोन्थिी ५:२१)।*
- पवित्र आत्मा:
  - *सृष्टि:* परमेश्वरको सृष्टिमा भएको उहाँको तुरुन्तैको उपस्थितिलाई आत्माले कायम राख्नुहुन्छ र प्रदर्शन गर्नुहुन्छ।

  *पृथ्वी आकारबिनाको, उजाड र सुनसान थियो। पानीले सबै ठाउँ ढाकेको थियो र गहिरो अन्धकार थियो। अनि पानीमाथि परमेश्वरको आत्मा घुमिरहनुहुन्थ्यो (उत्पत्ति १:२; भजन १०४:३०)।*

- *मुक्तिः* विश्वासीहरूमा छुटकारा, शुद्धिकरण तथा सामर्थ्यलाई लागु गर्न पिता तथा पुत्रद्वारा पवित्र आत्मा पठाइनुभएको थियो *(रोमी ८:९-१०; प्रेरित १:८)* ।

ङ. त्रित्वभित्रको सम्बन्धहरूको रेखाचित्रः




यो रेखाचित्र एकदमै मद्दतकारी छ किनकि यसले पिता, पुत्र र पवित्र आत्माको वर्णन गर्दछः

- परमेश्वरको महत्वपूर्ण स्वभाव यथावतै छ र उद्देश्यमा एकीकृत हुनुहुन्छ।
- विविध व्यक्तिहरू तर अलग व्यक्तिहरू होइनन् ।
- विविध भूमिकाहरू छन् ।

च. त्रित्वको सिद्धान्तबारे सामान्य गल्तिहरू तथा झूटो शिक्षाहरू

- *अद्वैतवादी–* यो धारणाले एउटै मात्र व्यक्तिबारे सिकाउँछ र तीन व्यक्तिहरू भएको कुरा इन्कार गर्दछ ।
- *त्रित्ववादी–* यो धारणाले तीन परमेश्वरहरू हुनुभएको सिकाउँछ र एकमात्र परमेश्वर भएको कुरा इन्कार गर्दछ ।
- *पर्यायवादीः* यो धारणाले पुत्र र पवित्र आत्मा भनेका परमेश्वरले आफैलाई अभिव्यक्ति गर्ने माध्यम मात्र हो भनेर सिकाउँछ र परमेश्वरमा विविध व्यक्तिहरू हुनुहुन्छ भन्ने कुरालाई इन्कार गर्दछ ।

## ३. परमेश्वरको गुणहरू (परमेश्वरको स्वभाव)[९]

क. परिचय

- यदि हामी परमेश्वरलाई चिन्न चाहान्छौं भने, उहाँ साँच्चिकै कस्तो हुनुहुन्छ भनेर जान्न चाहान्छौं भने, हामीले उहाँको चरित्र र स्वभावलाई जान्नुपर्दछ । परमेश्वरले शास्त्रमा उहाँको स्वभाव र चरित्रलाई प्रकट गर्नुहुन्छ । यदि हामी परमेश्वरलाई प्रेम गर्दछौं र उहाँको आज्ञाकारी रहन चाहान्छौं भने, हामी उहाँलाई चिन्न चाहानेछौं ।
- जब हामी परमेश्वरको गुणहरूबारे चर्चा गर्दछौं, तब हामीले परमेश्वरको स्वभावको त्यो महत्वपूर्ण गुणहरूलाई सङ्केत गरिरहेका हुन्छौं । यीचाहिँ परमेश्वरको ती गुणहरू हुन् जसले परमेश्वरलाई महान र महिमित बनाउँछ ।

ख. सामान्य चिन्तनः गुण भनेको के हो ? परमेश्वरको गुणहरूलाई कसरी वर्गीकरण गर्नुहुन्छ ?

- गुण भनेको के हो ? यो हामीले परमेश्वरलाई दिने कुनै कुरा होइन । योचाहिँ परमेश्वर को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भन्ने कुराको पहिचान हो अर्थात कुनचाहिँ गुणहरू परमेश्वरका हुन् र कुन कुराले परमेश्वरलाई परमेश्वर बनाउँछ भन्ने थाहा गर्नु हो । तसर्थ, तिनीहरूलाई उचित प्रकारले भन्नुपर्दा सिद्धताहरू हुन भन्न सकिन्छ । उहाँको जे पनि स्वभावहरू छन्, उहाँसँग ती कुनै पनि सीमाबिहिन वा खोटरहित प्रकारले सिद्ध रहेका छन् । परमेश्वरको स्वभावहरू भनेको उहाँको तत्वहरू, उहाँको सिद्धताहरू तथा उहाँको महत्वपूर्ण स्वभावहरू हुन् । तीबिना उहाँ परमेश्वर हुन सक्नुहुन्न ।
- परमेश्वरका गुणहरू भनेका परमेश्वरको अंशहरू होइनन् भन्ने टिपोट गर्नु मद्दतकारी हुन्छ । तीचाहिँ परमेश्वर कस्तो हुनुहुन्छ भन्ने वर्णन हुन्। तर तपाईले परमेश्वरका सबै गुणहरूलाई एकसाथ मिलाएर राखेर परमेश्वर बनाउन सक्नुहुन्न ।
- हामीले यी गुणहरूलाई स्वीकार गर्नुपर्ने एउटा महत्वपूर्ण कारण भनेको तिनीहरूले हामीलाई परमेश्वरको सम्मान तथा आराधनामा डोर्‍याउनू हो । अनि परमेश्वर को हुनुहुन्छ र उहाँलाई दिनुपर्ने महिमा पनि दिन सक्ने हुनाले, उहाँ हाम्रो आराधना पाउन योग्यको हुनुहुन्छ भन्नेतर्फ पनि डोर्‍याउँछ *(प्रकाश ४:११)*।

ग. परमेश्वरको गुणहरूलाई वर्गीकरण गर्ने थुप्रै तरिकाहरू छन् । हामी तीनओटा शीर्षकहरूलाई प्रयोग गर्नेछौं । जस्तैः

- उहाँको सारत्व ।
- उहाँको चरित्र वा नैतिक स्वभाव ।
- उहाँको ज्ञान ।

घ. उहाँको सारत्वः परमेश्वर उहाँको सृष्टिबाट पूर्णरूपले स्वतन्त्र भएर रहनुहुन्छ।

परमेश्वरको स्वःअस्तित्व वा स्वतन्त्रता[१०]

- परमेश्वरको अस्तित्व तथा स्वभाव उहाँ आफैमा निर्भर छ तर कुनै व्यक्ति वा कुरामा निर्भर हुँदैन । कसैले पनि परमेश्वरलाई कुनै कुराको योगदान कहिल्यै पनि दिएका छैनन् । सबै कुराहरू परमेश्वरबाट आए किनकि उहाँले ती सृष्टि गर्नुभयो ।
- *परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस् । किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ (प्रेरित १७:२४-२५) ।*
  - परमेश्वर आफैमा जीवन छ । उहाँ स्वःअस्तित्वमा हुनुहुन्छ *(यूहन्ना ५:२६) ।*
  - उहाँको इच्छाअनुसार उहाँको महिमालाई प्रकट गर्नको निम्ति उहाँले हामीलाई सृष्टि गर्नुभएको थियो । परमेश्वरले हामीलाई सृष्टि गर्नुपर्ने थिएन, तरैपनि उहाँलाई महिमा दिनको निम्ति हामीलाई सृष्टि गर्न रुचाउनुभयो । परमेश्वरले सृष्टि गर्ने क्रममा उहाँ एक्लो हुनुहुन्नथ्यो भन्ने कुरालाई त्रित्वको सम्बन्धमा स्पष्ट देख्छौं । अनन्ततासम्मको लागि त्रित्वको तीन व्यक्तिहरूले सिद्ध प्रेम, सङ्गति तथा संचारलाई बाँड्छन् *(यूहन्ना १७:२४-२६) ।*

<u>असीमितताः</u> परमेश्वर असीमित हुनुहुन्छ ।

- असीमितताले परमेश्वरको सबै गुणहरू सिद्ध रहेका छन् र उहाँको सिद्धतामा कुनै सीमितता छैन भन्ने सुझाव दिन्छ ।
- परमेश्वरको एउटा महत्वपूर्ण तथा प्राथमिक गुण भनेको *सर्वव्यापिता* हो। यो शब्द दुइओटा शब्दहरूः *सर्व* जसको अर्थ सबै र *उपस्थिति* मिलेर बनेको छ । <u>परमेश्वर पूर्ण रूपमा सर्वत्र उपस्थित हुनुहुन्छ । परमेश्वर स्थानद्वारा सीमित हुनुहुन्न ।</u>

*अनि उहाँ सबै कुराहरूभन्दा अगाडि हुनुहुन्छ र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् (कलस्सी १:१७, प्रेरित १७:२४-२८) ।*

- परमेश्वर सबै कुराहरूभन्दा फरक हुनुहुन्छ । आत्मा हुनुभएको कारणले ठोस, तरल तथा ग्याँसमा मापन गर्न सकिने कुनै पनि पदार्थको नीतिको अधीनमा हुनुहुन्न । उहाँ सर्वत्र पूर्णरूपले उपस्थित हुनुहुन्छ । उहाँको कुनै एउटा अंश यहाँ र अर्को अंश त्यहाँ हुने गरी उहाँ विभाजित हुन सक्नुहुन्न ।

<u>अनन्तः</u> परमेश्वर समयको सम्बन्धमा असीमित हुनुहुन्छ ।

- परमेश्वरको अनन्त स्वभावबारे चर्चा गर्नू भनेको परमेश्वर समयको सीमितताद्वारा बाँधिनुभएको छैन भनेर दाबी गर्नु हो । परमेश्वर समयको अधीनमा हुनुहुन्न । उहाँको नता कुनै शुरूआत् छ नता अन्त नै ।

*अनि परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ ।" फेरि उहाँले भन्नुभयो, "इस्राएलीहरूलाई तैंले यसो भन्नू, 'म हूँ' भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो" (प्रस्थान ३:१४, व्यवस्था ३३:२७; भजन ९०:२-४; १०२:१२,२७)।*

- ईश्वरीय अनन्ततालाई दुइ तरिकाले हेर्न सकिन्छः
  - <u>परमेश्वर नित्य हुनुहुन्छः</u> परमेश्वर सधै नै अस्तित्वमा हुनुहुन्छ र सधैं नै अस्तित्वमा रहनुहुन्छ ।
  - <u>परमेश्वर समय-सीमित हुनुहुन्न</u> । परमेश्वर समयको अस्तित्वमा रहनुहुन्न । उहाँ समयभन्दा माथि र त्यसबाट स्वतन्त्र रहनुहुन्छ । तर यसको मतलब परमेश्वरले समयलाई बुझ्नुहुन्न वा त्यसबारे सचेतन हुनुहुन्न भनिएको होइन । जसरी परमेश्वर सर्वत्र उपस्थित हुनुहुन्छ भनेर हामीले अघि नै छलफल गरिसकेका छौं । परमेश्वर समयको सीमाद्वारा बाँधिनुभएको छैन भन्नुको अर्थ यस पृथ्वीमा उहाँ हामीसँग व्यक्तिगत रूपमा सङ्लग्न हुनुहुन्न भनिएको होइन।

<u>अपरिवर्तनीयः</u> परमेश्वर उहाँको सिद्धतामा असीमित हुनुहुन्छ र उहाँ कहिल्यै पनि परिवर्तन हुनुहुन्न । परमेश्वर उहाँको स्वभाव, चरित्र, उद्देश्य (उहाँको इच्छा) र प्रतिज्ञामा कहिल्यै पनि परिवर्तन हुनुहुन्न ।

- सावधानीको शब्दः परमेश्वरको अपरिवर्तनीयतालाई कुनै पनि कारणविना उहाँ कहिल्यै पनि परिवर्तन हुनुहुन्न भनेर भनिएको होइन, तर परमेश्वर उहाँको स्वभाव र मार्गहरूमा कहिल्यै पनि परिवर्तन हुनुहुन्न भनिएको हो ।

- हामी यो कुरामा स्पष्ट हुनुपर्दछ कि जुन कुराहरूले उहाँलाई परमेश्वर बनाएको छ, ती कहिल्यै पनि परिवर्तन हुँदैनन् । जस्तैः उहाँ सर्वशक्तिमान, सर्वज्ञानी तथा सर्वव्यापी हुनुहुन्छ ।
    - उहाँ कहिल्यै पनि समयद्वारा बाँधिनुहुन्न ।
    - ब्रह्माण्डमा के भइरहेको छ भन्ने कुरामा उहाँ कहिल्यै पनि अचेतन हुनुहुन्न ।
    - उहाँको इच्छालाई पूरा गर्नमा उहाँ कहिल्यै पनि सामर्थ्यबिहिन हुनुहुन्न ।
- हामीले परमेश्वर अचल वा स्थीर हुनुहुन्छ भनेर हेर्नुहुन्न । कुरो यो होइन । परमेश्वर मानिसको इतिहासमा प्रवेश गर्नुहुन्छ । सृष्टि समाप्त भइसकेपछि, परमेश्वरले त्यो असल छ भनेर भन्नुभयो । तर उत्पत्ति ६ तिर आईपुग्दा परमेश्वरले मानिस बनाउनुभएको कुरामा उहाँ दुखित हुनुभयो भनेर भन्नुहुन्छ *(उत्पत्ति ६:६)* । परमेश्वर भावनात्मक हुनुहुन्छ र ती अभिव्यक्त पनि गर्नुहुन्छ । उहाँ विभिन्न परिस्थितिको प्रतिउत्तरस्वरुप फरक तरिकाले महशुश गर्ने तथा काम गर्ने गर्नुहुन्छ ।
- चार कुराहरूमा परमेश्वर परिवर्तन हुनुहुन्न । जस्तैः
    - परमेश्वरको स्वभाव परिवर्तन हुँदैन । उहाँको कुनै पनि ईश्वरीय गुणहरूमा उहाँ कहिल्यै पनि घटी वा बढी हुनुहुन्न *(भजन १०२:२५-२७; मीका ३:६; हिब्रू १३:८)* ।
    - परमेश्वरको चरित्र कहिल्यै पनि परिवर्तन हुँदैन । उहाँ कहिल्यै पनि नैतिकतामा धेरै वा थोरै हुनुहुन्न *(याकूब १:१७)*।
    - परमेश्वरको उद्देश्यहरू कहिल्यै परिवर्तन हुँदैनन् *(यशैया १४:२४; भजन ३३:११; अय्यूब २३:१३)* ।
    - परमेश्वरको प्रतिज्ञाहरू कहिल्यै पनि परिवर्तन हुँदैनन् *(गन्ती २३:१९; १ शामूएल १५:२९; हिब्रू ६:१७)* ।
- यहाँ परमेश्वरले मानिसहरूका परिस्थितिअनुसार प्रतिक्रिया देखाउनुहुने दुइ ओटा उदाहरणहरू छन्:
    - मुक्तिको सिद्धान्तः धर्मीकरण र पुर्नमिलन *(रोमी ५:१-११)* ।
    - देहधारिताको सिद्धान्तः येशू सधैं नै परमेश्वर हुनुहुन्छ, तर अहिले उहाँ जो एक पटक हुनुहुन्न थियो, त्यो हुनुभएको छः पूर्ण रूपले मान्छे (*यूहन्ना १:१४*) ।

सर्वशक्तिमानः परमेश्वर सामर्थ्यमा असीमित हुनुहुन्छ ।[११]

- यो शब्द *सर्व* जसको अर्थ सबै र *शक्ति* जसको अर्थ *सामर्थ्य* दुइ शब्दहरू मिलेर बनेको छ । तसर्थ परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ । परमेश्वर सर्वशक्तिमान भन्नाले उहाँको स्वभाव र इच्छाको एकरूपतामा रहेर सबै कुराहरू गर्न सक्ने क्षमता उहाँमा रहेको छ भनिएको हो । तरैपनि यसको अर्थ उहाँले कुनै पनि कुरा गर्न सक्नुहुन्छ भनिएको चाहिँ होइन । परमेश्वरले गर्न नसक्ने थुप्रै कुराहरू छन् । जस्तैः परमेश्वरले ढाँट्न सक्नुहुन्न *(तीतस १:२)* वा उहाँको प्रतिज्ञालाई तोड्न सक्नुहुन्न *(हिब्रू ६:१७-१८)* । त्यसो गर्नुभनेको उहाँको स्वभावलाई तोड्नु हुनेछ ।
    - सर्वशक्तिमान भन्नाले उहाँले चाहानुभएको सबै कुराहरू गर्न सक्ने क्षमता हुनु हो । परमेश्वरले सबै कुराहरू गर्न सक्ने हुनुभए तापनि, उहाँले हर समय कुनै पनि कुरामा उहाँको शक्तिको अभ्यास गर्नुहुन्छ भनिएको होइन । उहाँले आँधीबेहरी, ज्वालामुखी वा भूकम्पहरूलाई रोक्न सक्नुहुन्छ तर उहाँले रोक्नुहुन्न भनेको उहाँले सक्नुहुन्न भनिएको होइन।
    - परमेश्वरको सर्व-सामर्थ्यलाई निम्न कुराहरूमा प्रदर्शन गरिएको छः
        - *सृष्टिमा (भजन ३३:६, यशैया ४५:१२)* ।
        - *संरक्षण र प्रबन्धमा (कलस्सी १:१७)* ।
        - *मुक्तिमा (रोमी १:१६, एफिसी ३:२०-२१)* ।
        - *न्याय (रोमी ९:२२)* ।
    - परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ भन्ने कुराद्वारा हामीलाई सान्त्वना मिल्दछ । जब हामी सताइन्छौं र दबाइन्छौं *( भजन २७:१)*, वा कठिन परीक्षाहरू सामना गर्दछौं *(१ कोरिन्थी १०:१३)*, तब परमेश्वरले हाम्रा प्रार्थनाहरूका जवाफ दिने क्षमता उहाँमा छ भन्ने कुरामा निश्चित हुन् सक्छौं (*एफिसी ३:२०-२१)* र उहाँले प्रतिज्ञा गर्नुभएको सबै कुराहरूलाई पूरा गर्नुहुन्छ भन्ने कुरामा ढुक्कै हुन् सक्छौं *(यहूदा २४-२५)* ।

ङ. उहाँको स्वभाव वा नैतिक चरित्रः

यी गुणहरूले परमेश्वरको स्वभावको वर्णन गर्दछन् र परमेश्वर कस्तो हुनुहुन्छ भन्ने कुरा हामीलाई बताउँछन् ।

पवित्रताः परमेश्वर पवित्र हुनुहुन्छ ।[१२]

- पवित्र भन्ने शब्दले नैतिक शुद्धता तथा सिद्धता जस्ता सिद्धान्तहरूलाई समावेश गरे तापनि, त्यसको अर्थ अझ व्यापक रहेको छ । पवित्र शब्दको मूलःअर्थ भनेको अलग गरिनू हुन्छ । परमेश्वरको पवित्रताले उहाँ सबै किसिमका अशुद्ध तथा पापी कुराहरूबाट अलग हुनुहुन्छ र उहाँका सबै योजनाहरू, कार्यहरू तथा चाहानाहरूमा सिद्ध प्रकारले सही हुनुहुन्छ भन्ने कुराको सङ्केत गर्दछ । तसर्थ उहाँको चरित्रमा उहाँ सबै मानिसहरूभन्दा नैतिक रूपमा पूर्ण रूपले फरक हुनुहुन्छ भनिएको हो ।
- परमेश्वरको पवित्रता भनेको के हो भनेर बुझ्नको निम्ति पवित्रताको अवधारणालाई सुस्वाथ्यको अवधारणसँग तुलना गर्न सकिन्छ । स्वास्थ्य हुनु भनेको के हो ? स्वास्थ्य हुनु भनेको रोगहरू तथा विमारको अनुपस्थितिमा रहनू हो । योचाहिँ शक्ति र सामर्थ्यको उपस्थितिमा रहनू भनिएको पनि हो । पवित्रता भनेको पाप र दुष्टताको अनुपस्थिति तथा उचित तथा सही चाहनाहरू, इच्छा र कार्यको उपस्थितिमा रहनू भनिएको पनि हो ।[१३]
    - परमेश्वर पवित्र हुनुहुन्छ भनेर चिनिन चाहानुहुन्छ *(यहोशू २४:१९)*।

*म परमप्रभु तिमीहरूका परमेश्वर हुँ । तिमीहरू आफूलाई अर्पण गरेर पवित्र होओ, किनकि म पवित्र छु । भूइँमा घस्रने कुनै किसिमको जवितबाट तिमहिरू अपवित्र नहोओ (लेवी ११:४४) ।*

- परमेश्वर पवित्र हुनुहुन्छ भनेर शास्त्रले घोषणा गर्दछ ।

*तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ (१ पत्रुस १:१५) ।*

- परमेश्वरको पवित्रतालाई प्रकाशको रूपमा लिइन्छ ।

*जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कति पनि अँध्यारो छैन (१ यूहन्ना १:६) ।*

- हामीले परमेश्वरको प्रशंसा तथा आराधना गर्नुपर्दछ ।

*ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए । दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ (प्रकाश ४:८) ।"*

- परमेश्वरको पवित्रताले हामी मानिस सबै नै पापी भएको कुरालाई स्वीकार गर्नुपर्ने माग गर्दछ ।

*उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें । उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो । उहाँको मास्तिर सराफहरू खडा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए । दुइ वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुइ वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुइ वटाले तिनीहरू उड्दैथिए । अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिएः "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहनछ, सारा पृथ्वी उहाको महिमाले भरिपूर्ण छ ।" तिनीहरूका सोरले ढोकाहरू र जगहरू हल्लिए, र मन्दिर धूवाँले भरियो । मैले भने, "धिक्कार ! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओट भएका मानिसहरूका बीचमा म बस्तछु र मैले आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु (यशैया ६:१-५) ।"*

- पवित्रताको दर्शनमाः
  - उहाँलाई आराधना गर्ने प्रेरणा हुनुपर्दछ ।
  - धार्मिकतामा हाम्रो चरित्र कायम रहनुपर्दछ ।
  - सत्यताप्रति हाम्रो जोश बल्दो हुनुपर्दछ ।
  - उहाँको इच्छा पूरा गर्न तथा प्रार्थनामा उहाँको नाउँ पुकारा गर्न निरन्तर उत्साह पाएको हुनुपर्दछ ।

- न्याय र धार्मिकताः
  - न्याय र धार्मिकता भनेको उहाँको व्यवस्थाप्रति पूर्णरूपले एकरूपतामा हुनु भनिएको हो । परमेश्वरको व्यवस्था भनेको उहाँको स्वभाव र चरित्रको प्रतिबिम्ब हो ।

*उहाँ नै चट्टान हुनुहुन्छ । उहाँका काम सिद्ध छन्, र उहाँका सबै चाल न्यायोचित छन् । एउटा विश्वासयोग्य परमेश्वर जसले भूल गर्नुहुन्न, न्यायी र सत्य उहाँ हुनुहुन्छ (व्यवस्था ३२:४) ।*

- परमेश्वर धार्मिकजन हुनुभएको हुनाले, उहाँको सृष्टि उहाँको इच्छाअनुसार हिँडेको होस् भन्ने माग गर्नुहुन्छ । हामी धर्मी तथा न्यायिक भएर हिँडेर परमेश्वरलाई प्रतिबिम्ब गर्छौं *(मीका ६:८)* ।
- न्याय भन्नाले मानिसहरू उहाँको व्यवस्थाप्रति आज्ञाकारी वा अनाज्ञाकारी भएअनुसार उहाँले व्यवहार गर्नुहुन्छ भनिएको हो *(उत्पत्ति १८:२५; भजन ३६:६; प्रेरित १७:२९-३१)* ।
- परमेश्वरको न्याय र धार्मिकतामा नै क्रूसमा भएको येशू खीष्टको मृत्युको तर्क रहेको छ ।

*परमेश्वरले खीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन । परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो (रोमी ३:२५-२६) ।*

- *रोमी ३:२५* मा पावलले येशू खीष्टको क्रूसमा भएको मृत्युको महत्वपूर्ण पक्षलाई वर्णन गर्न सन्तुष्टिपार्ने भन्ने शब्दलाई प्रयोग गर्छन् । यो शब्दले पापप्रति परमेश्वरको क्रोधलाई शान्त पार्ने कुरा सङ्केत गर्दछ । क्रूसमा भएको येशूको मृत्युले क्षमादानलाई सम्भव गराउँछ, तर यसले पापप्रति परमेश्वरको क्रोधलाई पनि सन्तुष्ट गराउँछ र

यसरी येशू ख्रीष्टमाथि विश्वास गर्ने कोही पनि मुक्तिको निम्ति परमेश्वरसँग पुर्नमिलनमा आउन सक्छन् । हाम्रो निम्ति ख्रीष्ट मर्नुभएको हुनाले परमेश्वर पूर्ण रूपले न्यायिक रहनुहुन्छ र हामीलाई क्षमा पनि दिनुहुन्छ ।

- असलपना, दया, अनुग्रह र प्रेम
  - परमेश्वरको असलपना भनेको सम्पूर्ण असलपनाको उहाँ अन्तिम मापदण्ड हुनुहुन्छ भनिएको हो । तसर्थ परमेश्वरले गर्नुहुने सम्पूर्ण कार्य र उहाँ आफै समर्थनको योग्य हुनुहुन्छ । उहाँ आफैले उहाँको कार्य असल छ भनेर घोषणा गर्नुहुन्छ *(उत्पत्ति १:३-३१)* ।
  - दया भन्नाले परमेश्वरले उहाँको दयालाई पाउन योग्य नभए तापनि, कष्टमा भएकाहरूमाथि उहाँले देखाउने दयालाई सङ्केत गर्दछ ।

*त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ । उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ । तर उहाँले दोषीलाई कुनै पनि किसिमले पनि सजाय दिनुहुन्छ । पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ (प्रस्थान ३४:६-७) ।"*

  - *अनुग्रह* भनेको दयासँग घनिष्टसम्बन्धीत छ । यो केवल दण्डको मात्र योग्य भएकाहरूलाई दिइने परमेश्वरको समर्थन हो *(तीतस ३:३-७) ।*

*तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो,[५] यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो-अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ (एफिसी २:४-५) ।*

- *प्रेम* भनेको परमेश्वरले उहाँको सृष्टिप्रति असल कार्य गर्न खोज्ने क्रममा देखाउनुहुने उहाँको सिद्धताको प्रदर्शनी हो । उहाँको प्रेमको महान् प्रर्दशनी भनेको मुक्ति प्रदान गर्नुमा रहेको छ, जहाँ उहाँले उहाँको विरुद्ध विद्रोही गर्नेहरूलाई आफैलाई दिएर असल गर्नुहुन्छ ।

*परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि पुत्रद्वारा हामी जिउन सकौं । प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो (१ यूहन्ना ४:९-१०) ।*

- परमेश्वरको असलपना र प्रेमलाई दुइ प्रकारले प्रदर्शन गरिन्छः
  - पापलाई रोक्ने क्रममा उहाँको असलपना र प्रेम *(उत्पत्ति ६:३; १ पत्रुस ३:२०; प्रेरित १७:३०) ।*
  - सृष्टिमाथि उहाँको आशिषहरूमा उहाँको असलपना र प्रेम देखिन्छ *(भजन ६५:९-१३; उत्पत्ति ३९:५; प्रेरित १४:१६-१७) ।*
  - परमेश्वरको असलपना र प्रेम, मानिसहरूलाई पाप र मृत्यबाट छुटकारा दिइने उहाँको बचाइने अनुग्रहमा प्रदर्शन गरिएको छ *(एफिसी २:४, तीतस ३:५) ।*

च. उहाँको ज्ञान

परमेश्वर सबै ज्ञानमाथि प्रभु हुनुहुन्छ । परमेश्वरले सबै कुरा जान्नुहुने हुनाले नै सत्यताको आधार तयार हुन्छ ।

सर्वज्ञानी[१४]

- यो शब्द पनि दुइ शब्दहरूः सर्व (सबै) र ज्ञान (बुद्धि) मिलेर बनेको छ । तसर्थ परमेश्वरले सबै जान्नुहुन्छ । जानिनुपर्ने सबै कुरा परमेश्वरले जान्नुहुन्छ । यसमा के समावेश छ त ? यसमा विगत, वर्तमान तथा भविष्य रहेको छ, जुन निश्चित, व्यापक तथा तत्कालिन हुन्छ ।

*पृथ्वीमा मानिसहरूको दुष्टता बढी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो (उत्पत्ति ६:५ तथा प्रस्थान ३:७; भजन १३९:१-४; मत्ती १०:२९-३१; हिब्रू ४:१३) ।*

- हामी निरीक्षण, तर्क, तुलना, परिचय तथा जानकारी आदिद्वारा सिकिरहेका हुन्छौं भने, परमेश्वरको ज्ञान भित्रैबाट आएको हुन्छ । यो स्वभाविक तथा तुरुन्तैको हुन्छ । परमेश्वरले सिक्नुहुन्न । उहाँले सबै कुरा जान्नुहुन्छ, व्यापक तथा हरसमय जान्नुहुन्छ ।

- परमेश्वरको ज्ञान सिद्ध हुन्छ र कुनै गल्तिहरू गरिने सम्भावनामा हुँदैन । उहाँले भन्नुहुने कुरामा परमेश्व सधैं नै सही हुनुहुनेछ ।

*तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ (याकूब ३:१७) ।*

- परमेश्वरको ज्ञान पूर्ण हुन्छ । उहाँले जान्नुभएको कुरामा कुनै कमी हुँदैन।

*बुद्धिले नै परमप्रभुले पृथ्वीको जगहरू बसाल्नुभयो, समझशक्तिले उहाँले आकाशलाई त्यसको ठाउँमा राख्नुभयो । उहाँको ज्ञानले गहिरा सागरहरू फुटिनिस्के, र बादलले तलतिर शीत झारे (हितोपदेश ३:१९-२०) ।*

<u>बुद्धि</u>

- परमेश्वरको बुद्धि सिद्ध छ । बुद्धि भनेको ज्ञानको व्यवहारिक प्रयोग हो । परमेश्वरको बुद्धि भनेको त्यो हो जसले सधै नै उत्तम लक्ष्यहरू तथा ती लक्ष्यहरू प्राप्त गर्ने उत्तम माध्यमहरूको छनोट गर्दछ । परमेश्वरको बुद्धि निश्चित तथा सामान्य प्रकारले प्रदर्शन गरिन्छ ।
    - परमेश्वरको बुद्धि सामान्य प्रकारले सृष्टिभरि नै प्रदर्शन भएको छ।

*हे परमप्रभु, तपाईंका कार्यहरू अनेक छन्, आफ्नो बुद्धिमा तपाईंले ती सबै रच्नुभयो । तपाईंले सृष्टि गर्नुभएका यावत् थोकले पृथ्वी परिपूर्ण छ (भजन १०४:२४) ।*

- परमेश्वरको बुद्धिलाई विशेष प्रकारले मुक्तिमा प्रदर्शन गरिएको छ *(१ कोरिन्थी १:१८-२९) ।*

*सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो । सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस् । योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो । उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं ( एफिसी ३:८-१२) ।*

- परमेश्वरको बुद्धि विशेष गरी व्यक्तिगत मान्छेको जीवनद्वारा देखाईन्छ।

*हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ (रोमी ८:२८) ।*

<u>सत्यता</u>

- परमेश्वरको सत्यता भन्नाले उहाँ साँचो परमेश्वर हुनुहुन्छ भनिएको हो अनि उहाँको ज्ञान र वचन, सत्यताको अन्तिम मापदण्ड तथा साँचो रहेको छ । त्यसैकारणले परमेश्वर पूर्ण रूपले भरोसा गर्न सकिने र सत्य हुनुहुन्छ । यसले विश्वासयोग्य भन्ने पनि बुझाउँछ ।
  उहाँ साँचो परमेश्वर हुनुहुन्छ ।

*किनकि जाति-जातिहरूका सबै देवहरू केवल मूर्ति मात्र हुन्, तर परमप्रभुले त स्वर्ग सृष्टि गर्नुभयो (भजन ९६:५; ११५:३-७; १ थेस्सालोनिकी १:९) ।*

- उहाँ सत्यताको मापदण्ड हुनुहुन्छ ।

*किनकि परमप्रभुको वचन ठीक र सत्य छ, र उहाँका सबै काम विश्वस्ततामा हुन्छन् (भजन ३३:४; यर्मिया १०:१०; यूहन्ना १७:१७) ।*

- परमेश्वरको वचन सत्य र भरोसायोग्य छ। *परमेश्वरले बोल्नुहुँदा सधैं सत्य मात्र बोल्नुहुन्छ (हिब्रू ६:१८; भजन १२:६)। परमेश्वरको वचन भनेको सत्यताको अन्तिम मापदण्ड हो (यूहन्ना १७:१७)। येशू नै बाटो, सत्य र जीवन हुनुहुन्छ ( यूहन्ना १४:६)।*

छ. परमेश्वरको महिमा

परमेश्वरको महिमा भनेको परमेश्वरको गुण होइन । तर परमेश्वर को हुनुहुन्छ भन्ने उहाँको महानता तथा सिद्धतालाई पक्रनू हो । परमेश्वरको महिमालाई उहाँको गुणहरूमा देखिने उहाँको स्वभाव र चरित्रहरूको पूर्ण तस्विर हो । यसलाई "साराँशित गुण" भनेर पनि भन्न सकिन्छ । यसलाई परमेश्वरको "सम्मान" तथा "उत्तम प्रतिष्ठा" भनेर पनि भन्न सकिन्छ *(यशैया ४३:७; रोमी ३:२३; यूहन्ना १७:५) ।*

- परमेश्वरको महिमा उहाँको विशेषतामा प्रतिविम्व हुन्छ (यशैया ४२:८) ।

*हे परमप्रभु, देवताहरूमा तपाईंझैं को छ र ? पवित्रतामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने तपाईंझैं को छ र ? (प्रस्थान १५:११) ।*

- सृष्टिले परमेश्वरको महिमालाई प्रदर्शन गर्दछ ।

*हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाइँको नाउँ कति महिमित छ । तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ ( भजन ८:१) ।*

- उहाँको उपस्थिति र सामर्थ्यको सङ्केतस्वरूप परमेश्वरले उहाँको महिमालाई पृथ्वीमा प्रदर्शन गर्नुहुन्छ ।

*इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो (प्रस्थान २४:१७) ।*

- परमेश्वरको महिमा राष्ट्रहरूमा घोषणा गरिन्छ ।

*तपाईंको मुखका वचन सुन्दा, हे परमप्रभु, पृथ्वीका समस्त राजाहरूले तपाईंको प्रशंसा गरून् । तिनीहरूले परमप्रभुका मार्गहरूको जयजयकार गरून्, किनकि परमप्रभुको महिमा महान् छ (भजन १३८:४-५) ।*

- परमेश्वरको महिमा भनेको प्रशंसा गरिनू हो *(भजन २९:१-३) ।*
- परमेश्वरले गर्नुहुने सबै कुरा महिमित छ *(भजन भजन १११:३) ।*
- परमेश्वरको महिमा उहाँको पुत्रलाई यस पृथ्वीमा पठाउनुभएको कुराद्वारा प्रदर्शन गरिएको छ *(२ कोरिन्थी ४:५-६) ।*
- परमेश्वरको महिमा भनेको परमेश्वरका मानिसहरूका खुशी हो अनि त्यो सदासर्वदाको निम्ति हुनेछ *(प्रकाश २१:२३-२४)* ।
- परमेश्वरको महिमा भनेको सृष्टिको लक्ष्य हो । यो महानता तथा असलपनाको निम्ति उहाँको प्रशंसा गरिएको उहाँले चाहानुहुन्छ *(यशैया ४८:११, एफिसी १:७-१२) ।*

**४. परमेश्वरको नाउँहरू[१५]**

शास्त्रमा व्यक्तिको नाउँले उसलाई परिचित गराउँछ र ऊबारेको कुनै निश्चित विशेषताको निम्ति राखिएको हुन्छ । परमेश्वरको नाउँहरू भनेको उहाँको स-साना चित्रणहरू तथा उहाँका प्रतिज्ञाहरू हुन् । परमेश्वरका नाउँहरूले उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने बारेमा प्रकाश गर्दछ ।

शास्त्रमा नामारकणको प्रक्रियाको विशेष महत्वपूर्ण स्थान रहेको थियो । नामाकरण गर्ने व्यक्तिसँग अख्तियार तथा सामर्थ्य हुने गर्दथ्यो । परमेश्वरले उहाँका जनहरूको नाउँलाई परिवर्तन गरेको कुरामा पनि यो यथार्थतालाई पाउन सकिन्छ । जस्तैः *अब्रामबाट अब्राहाम, साराईबाट सारा अनि याकूबबाट इस्राएल ।* जब आदमले सबै पशुहरूका नाउँहरू राखे, त्यस कार्यले उनीहरूमाथि भएको उनको अख्तियारलाई सङ्केत गर्दथ्यो *(उत्पत्ति २:१९)* । परमेश्वरका जनहरूले उहाँको निम्ति आफैले आफ्ना नाउँहरूको छनोट गर्नुको सट्टामा, उहाँ आफैले नै तिनीहरूका नाउँहरू प्रकट गरिदिनुभएको कुरालाई टिपोट गर्नु उचित हुन्छ ।

परमेश्वरको नाउँहरू भनेका सरल शीर्षकहरू हुन् । ती परमेश्वरले आफ्नै बारेमा गर्नुभएका वर्णनहरू हुन् । तिनीहरूले त्यसैकारणले उहाँको चरित्रको पक्षहरूलाई प्रकाश पार्ने गर्दछन् र उहाँको स्वभावमा परिज्ञानहरू राख्ने गर्दछन्।

क. एलोहीम

- यो नाउँको अर्थ बलियो जन हुन्छ । यो विशेष गरी परमेश्वरको सार्वभौमता, इस्राएलको निम्ति उहाँको क्रियात्मक तथा महान कार्यलाई देखाउन प्रयोग गरिन्छ *(उत्पत्ति १:१; व्यवस्था ५:२३; ८:१५; यशैया ४५:१८; ५४:५; यर्मिया ३२:२७; भजन ६८:७) ।*

ख. इलको समयोजकतवमा निमिन नाउाहरू मिश्रित नाउँहरू हुन् । हिब्रू एल लिएर त्यसमा अर्को विशेषण थपिन्छ ।

- *एलसेद्दाई:* परमेश्वर सर्वशक्तिमान । परमेश्वरले अब्राहामसँग बाँध्नुभएको करारमा निर्धक्क रहन तथा सान्त्वना दिनलाई उहाँले आफैलाई अब्राहाम, इसाहक तथा याकूबकहाँ प्रकट गर्न यो नाउँलाई प्रयोग गर्नुभयो *(उत्पत्ति १७:१, २८:३, ३५:११) ।* उहाँका जनहरूलाई ताड्ना दिनेको रूपमा परमेश्वरबारे बोल्नको निम्ति पनि यो नाउँलाई रूथ *१:२०-२१* मा प्रयोग गरिएको छ । यो नाउँले परमेश्वर प्रेमिलो प्रबन्धकार तथा सर्वशक्तिमान सामर्थ्य भएको सान्त्वना दिनुहुने र सच्याउने तथा ताड्ना दिने पनि हुनुहुन्छ भन्ने बुझाउँछ *(भजन ९१:१-२) ।*
- *एल एलिओन:* अति उच्च परमेश्वर । यो नाउँले परमेश्वरको सामर्थ्य, सार्वभौमता तथा सर्वोच्चतालाई जोड दिन्छ *( उत्पत्ति १४:१९; दानिएल ७:१८-२५) ।*
- *एल ओलाम:* अनन्त परमेश्वर । यो नाउँले परमेश्वरको अपरिवर्तनीयतालाई जोड दिन्छ र उहाँको अक्षयतासँग सम्बन्धित रहेको छ *(उत्पत्ति १६:१३; यशैया ४०:२८) ।*
- *एल रोइ:* परमेश्वर जसले देख्नुहुन्छ । यो संयोजक नाउँले परमेश्वरको व्यक्तिगत उपस्थिति तथा वास्तालाई जोड दिन्छ *( उत्पत्ति १६:१३)* ।

ग. अद्दोनाई

- एलोहीम जस्तै, यो शब्द पनि उहाँको गौरवको बहुवचन हो । एकवचन रूप भनेको “गुरू वा मालिक” हो । अद्दोनाई भन्ने नाउँले मान्छेको परमेश्वरसँगको गुरू, अख्तियार तथा प्रबन्धकको सम्बन्धलाई जोड दिन्छ *(उत्पत्ति १८:२-३, यहोशू ५:१४, १ शामूएल १:१५, यशैया ६:८-११) ।*

घ. यहोवा (YHWH)

- यो नाउँ हिब्रू क्रियापदबाट आउँछ जसको अर्थ अस्तित्वमा हुनु वा रहनू भन्ने हुन्छ । यसले परमेश्वर स्वतन्त्र तथा छुटकारा र प्रकाशको स्वःअस्तित्वको परमेश्वर भन्ने कुरालाई जोड दिन्छ *(उत्पत्ति ४:३; प्रस्थान ३:१२-१४, ६:३)* । योचाहिँ करारको नाउँ हो जुनचाहिँ परमेश्वरले उहाँका मानिसहरूलाई दिनुहुन्छ र उहाँले तिनीहरूलाई दिनुभएको प्रतिज्ञाहरू पूरा गर्न सक्षम हुनुहुन्छ भन्ने निश्चित गराउँछ।
- प्रायः यो नाउँलाई YHWH लेखिएको पाउनुहुन्छ । यो चाहिँ हिब्रू भाषामा कुनै स्वरध्वनि नहुने हुनाले हो । यो केवल व्यञ्जनका अक्षरहरू मात्र मिलेर बन्ने हुनाले, त्यसैकारणले “A” र “E” छैनन् र केवल चार अक्षरहरू YHWH मात्र छन् ।

ङ. यहोवाको संयोजक[१६]

- *यहोवा यिरे:* प्रभुले प्रबन्ध गरिदिनुहुन्छ *(उत्पत्ति २२:१४)* ।
- *यहोवा निस्सी:* प्रभु मेरो झण्डा हुनुहुन्छ । यो नाउँले परमेश्वर विजयको माध्यम हुनुहुन्छ भन्ने कुरालाई जोड दिन्छ । उहाँको जनको निम्ति उहाँले लडाई गर्नुहुन्छ *(प्रस्थान १७:१५)* ।
- *यहोवा शालोम:* प्रभु शान्ति हुनुहुन्छ *(न्यायकर्ता ६:२४)* । यो नाउँले परमेश्वर हाम्रो शान्ति र विश्रामको माध्यम हुनुहुन्छ भन्ने यथार्थतालाई देखाउँछ ।
- *यहोवा साबाओथ:* सेनाहरूका प्रभु *(१ शामूएल १:३)* । यो नाउँले सेनाको तस्विरलाई समेटेको छ र प्रभुलाई स्वर्गीय सेनाहरूका कप्तानका रूपमा प्रस्तुत गरेको छ ।
- *यहोवा रोही:* प्रभु मेरो गोठाला हुनुहुन्छ *(भजन २३:१)* । यो नाउँले प्रभुलाई एउटा गोठालाको रूपमा प्रस्तुत गर्दै गोठालोले आफ्नो बगालको जसरी वास्ता गर्दछ त्यसरी नै गर्नुहुन्छ भन्ने कुरालाई प्रस्तुत गर्दछ ।
- *यहोवा शम्मा:* परमेश्वर त्यहाँ हुनुहुन्छ *(इजकिएल ४८:३५)* । यो नाउँले प्रभु उपस्थित हुनुहुन्छ र निश्चित हुनुहुन्छ भन्ने घोषणा गर्दछ र यसको प्रयोगले आउनेवाला सहस्राब्दी राज्यलाई सङ्केत गर्दछ ।
- *यहोवा रफ्फा:* प्रभु जसले चङ्गाई गर्नुहुन्छ भनेर परमेश्वरले प्रदान गर्नुहुने शारीरिक तथा आत्मिक दुवै चङ्गाईलाई सङ्केत गर्दछ (प्रस्थान १५:१६) ।

## ५. परमेश्वरको कामः सृष्टि, निगाह, आदेश तथा करारहरू[१७]

क. सृष्टि

- परमेश्वरले अस्तित्वमा नभएको कुराबाट ब्रह्माण्डलाई सृष्टि गर्नुभयो । परमेश्वरले कुनै पनि पूर्व-अस्तित्वमा भएको पदार्थहरूलाई प्रयोग नगरी सृष्टि गर्नुभयो । यसको अर्थ परमेश्वरले ब्रह्माण्डलाई सृष्टि गर्नुभन्दा अघि परमेश्वर सिवाय कुनै पनि कुरा अस्तित्वमा थिएन भनिएको हो *(कलस्सी १:१७) ।*

*परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू । उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ । उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ ।*

*सारा पृथ्वीले परमप्रभुको भय मानोस्, संसारका सारा निवासीहरूले उहाँको भक्ति गरून् । किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो र त्यो स्थिर रह्यो (भजन ३३:६-९) ।*

- यी पदहरूले परमेश्वर अनन्तको भएको देखाउँछन् । त्यसको विपरीत ब्रह्माण्डचाहिँ अनन्त नभएको देखाउँछ । ब्रह्माण्डको शुरूआत् थियो । यो अस्थायी हो । परमेश्वर मात्र अनन्त हुनुहुन्छ ।
- परमेश्वरले उहाँको वचनद्वारा ब्रह्माण्ड सृष्टि गर्नुभयो । परमेश्वरले उहाँको वचनद्वारा सबै कुरालाई अस्तित्वमा ल्याउनुहुन्छ । उत्पत्तिमा रहेको सृष्टिको विवरणमा छ पटक हामी, अनि परमेश्वरले भन्नुभयो... परमेश्वरले बोल्नुभयो र त्यो भयो *(उत्पत्ति १:१-३)* भन्ने अभिव्यक्तिलाई पढ्न पाउँछौं ।
- परमेश्वरले स्वर्ग र पृथ्वी दुवैमा, दुवै दृश्य र अदृश्य कुराहरू सृष्टि गर्नुभयो *(यूहन्ना १:३; कलस्सी १:१६)* ।
- परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो *(उत्पत्ति १:२६-२७)* ।
- परमेश्वर सृष्टिभन्दा फरक हुनुहुन्छ; तरैपनि परमेश्वर सृष्टिमा सङ्लग्न हुनुहुन्छ र सृष्टि परमेश्वरमा आश्रित छ *(एफिसी ४:६)* ।

*उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस् । किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ । उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो । तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, तिनीहरूले परमेश्वरलाई खोजून, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो । तर पनि उहाँ हामी हरेकबाट टाढा हुनुहुन्न (प्रेरित १७:२५-२८) ।*

- परमेश्वर सृष्टिभन्दा फरक हुनुहुन्छ भनेर बाइबलले सिकाउँछ । उहाँले यस सृष्टिलाई निर्माण गर्नुभएको हुनाले र त्यसमाथि शासन गर्नुहुने हुनाले, उहाँ त्यसको एउटा अंश हुनुहुन्न । परमेश्वर सृष्टिभन्दा पनि महान हुनुहुन्छ भनेर सङ्केत गर्न प्रयोग गरिएको शब्द भनेको 'अति श्रेष्ठ' हो ।
- अति श्रेष्ठ: परमेश्वर उहाँको सृष्टिभन्दा अति श्रेष्ठ हुनुहुन्छ भन्नाले उहाँ आफ्नो सृष्टिभन्दा महान हुनुहुन्छ र त्यसबाट स्वतन्त्र हुनुहुन्छ भनिएको हो । परमेश्वर अति श्रेष्ठ हुनुहुन्छ भन्नाले उहाँ *भययुक्त, सामर्थी तथा गौरवशाली र उहाँको सृष्टिमा सबै उच्च हुनुहुन्छ* भनिएको हो ।
- परमेश्वर सृष्टिमा सङ्लग्न पनि हुनुहुन्छ । सृष्टिको अस्तित्व र सञ्चालनको निम्ति निरन्तर परमेश्वरमा भर पर्नुपर्दछ । सृष्टिमा परमेश्वरको सङ्लग्नता भएको कुरालाई सङ्केत गर्न प्रयोग गरिएको शब्द भनेको ' भित्रको' हो ।
- भित्रको: परमेश्वर सृष्टिमा "सङ्लग्न हुनुहुन्छ" भन्नाले उहाँ त्यसमा निरन्तर उपस्थित हुनुहुन्छ भनिएको हो । भित्रको भन्ने शब्दले परमेश्वर हामीसँग व्यक्तिगत रूपमा प्रेमिलो र अनुग्रही हुनुहुन्छ भन्ने अर्थ दिन्छ । बाइबलको परमेश्वर सृष्टिमा विशेष गरी मानिससँग स्पष्टसँग सङ्लग्न हुनुहुन्छ । उहाँ आफ्नो सृष्टिमा रूची नराख्ने टाढा रहने ईश्वर होइन ।
- सृष्टिमा परमेश्वरको सङ्लग्नताबारे चिन्तन गर्ने सामान्य गल्तिहरू:
  - *भौतिकवाद:* यो अवधारणाले परमेश्वरको अस्तित्वलाई इन्कार गर्दै भौतिक ब्रह्माण्ड मात्र रहेको र उहाँ अति श्रेष्ठ तथा अर्न्तवर्ती हुनुहुन्न भनेर विश्वास गर्छ ।
  - *अनेकईश्वरवाद:* यो अवधारणाले ब्रह्माण्डमा भएका सबै नै ईश्वर हो र त्यसैकारणले परमेश्वरको कुनै पृथक व्यक्तित्व छैन भनी विश्वास गर्दछ ।
  - *द्वेतवाद:* यो अवधारणाले परमेश्वर तथा ब्रह्माण्ड दुवै नै अनन्ततादेखि नै रहिआएका छन् भनी विश्वास गर्दछ ।
  - *ईश्वरवाद:* यो अवधारणाले परमेश्वर सृष्टिमा अहिले सङ्लग्न हुनुहुन्न भनी विश्वास गर्दछ । तसर्थ उहाँले सृष्टि गर्नुभयो तर अहिले त्यसबाट टाढा रहनुहुन्छ ।
- परमेश्वरले उहाँको महिमा देखाउन ब्रह्माण्डलाई सृष्टि गर्नुभयो *(यशैया ४३:७)* ।
- परमेश्वरले उहाँको उत्तमता देखाउन ब्रह्माण्डको सृष्टि गर्नुभयो । उहाँले आफ्नो महिमासम्म पुग्ने त्यस प्रशंसाको निम्ति त्यो गर्नुभयो । सृष्टिले परमेश्वरको महान सामर्थ्य र बुद्धिलाई देखाउँछ र अन्तिममा यसले उहाँको अन्य गुणहरूलाई पनि देखाउँछ ।
- परमेश्वरले सृष्टि गर्नुभएको ब्रह्माण्ड अति नै असल थियो *(उत्पत्ति १:४, १०, १२, १८, २१, २५, ३१)* ।

ख. परमेश्वरको निगाह

जब हामी परमेश्वरका निगाहबारे चर्चा गर्छौं, हामीले सृष्टिसँगको उहाँको निरन्तर रहने सम्बन्धबारे बोलिरहेका हुन्छौं । परमेश्वरले सृष्टि गर्नुभएको सबै कुराहरूसँग परमेश्वर तीन प्रकारले सङ्लग्न हुनुहुन्छ । जस्तैः संरक्षणता, सहकार्यता तथा सार्वभौमता ।

- हामी परमेश्वरको निगाहद्वारा उहाँ आफ्नो सृष्टिमा प्रत्येक पल सक्रिय रूपमा सङ्लग्न हुनुहुन्छ भन्ने देख्छौं । परमेश्वरले सृष्टि गरिसकेपछि त्यसलाई त्यतिकै छोड्नुभएन, तर उहाँको असीमित सामर्थ्य र सावैभौमताद्वारा त्यसलाई धानी राख्नु पनि हुन्छ । अघिबाटै अस्तित्वमा ल्याइसकेको कुरालाई परमेश्वरको निगाहद्वारा कायम राखिन्छ ।

संरक्षणता

- संरक्षण गर्नू भनेको परमेश्वरले सृष्टि गर्नुभएको सबै कुराहरूलाई यथावत् कायम राख्दै सुरक्षासाथ राख्नु भनिएको हो । उहाँले आफ्नो सृष्टिको रक्षा गर्नुहुन्छ *(हिब्रू १:२-३)*।

*कसले पृथ्वी उहाँको जिम्मामा दियो ? यदि यी उहाँका विचार थिए र जीवन दिने उहाँको आत्मा र सास फर्काइलानुभयो भने, क्षणभरमा नै सबै जीवित प्राणीहरू नष्ट हुनेछन् (अयूब ३४:१३-१५) ।*

सहकार्यता

- परमेश्वरले मानिसहरूका स्वतन्त्र निर्णय तथा उहाँको उद्देश्यहरूलाई पूरा गर्ने स्वभाविक क्रमसँग सहकार्य गर्नुहुन्छ । उहाँका सबै सृष्टिसँग प्रत्येक पल नै उहाँले यो गर्नुहुन्छ *(उत्पत्ति ५०:१९-२०)*।

सार्वभौमता[१८]

- परमेश्वरले संसारमा गर्नुहुने सबै कुरामा उहाँको उद्देश्य रहेको छ र सबै कुराहरूद्वारा उहाँको उद्देश्य पूरा भएको होस् भनेर तिनीहरूलाई उहाँले निर्देशन दिनुहुन्छ *(रोमी ८:२८; फिलिप्पी २:९-११; एफिसी १:११) ।*

आदेशहरू

- अहिले सृष्टिपछि परमेश्वरको निगाहबारे हामीले हेऱ्यौं । अब हामी सृष्टिभन्दा अघि परमेश्वरको आदेशबारे केही सोचौं । परमेश्वरको आदेश भनेको उहाँले सबै कुराहरूलाई कसरी पूरा गर्नुहुन्छ भन्ने कुरालाई निर्धारण गर्ने उहाँको अनन्त योजना हो भनेर वर्णन गरिएको छ । परमेश्वरले सबै कुराहरू जसरी गएको छ, त्यसरी नै योजना बनाइरहनुभएको छैन । उहाँका सबै कार्यहरू उहाँको अनन्त योजनाअनुसार नै छन् । परमेश्वरले शुरूआत्बाट अन्त्यलाई देख्नुहुन्छ र उहाँका सबै असल उद्देश्यहरूलाई पूरा गर्नुहुन्छ *(एफिसी १:३-४)*।
- परमेश्वरले सबै कुराहरू त्यसरी नै होओस् भनेर पूर्वनियुक्ति गर्नुभयो। परमेश्वरको इच्छाभन्दा बाहिर कुनै पनि कुरा हुँदैन । अनि विशेष गरी जाँचहरू भएर जाने क्रममा यसले हामीलाई ठूलो सान्त्वना दिन्छ ।

ग. करारहरू

परमेश्वरले उहाँका मानिसहरूसँग करार बाँध्नुभयो । बाइबलमा चार करारहरू छन् । परमेश्वरले मानिसहरूसँग बनाउनुहुने करारहरू सधैं नै उही हुँदैनन् तर एक-अर्कासँग सम्बन्धितचाहिँ हुन्छन् ।

- अब्राहामसँगको करार– परमेश्वरले अब्राहामसँग बनाउनुभएको करार *(उत्पत्ति १२:१-३) ।*
  - परमेश्वरले अब्राहामसँग तीनओटा निशर्त प्रतिज्ञाहरू बनाउनुहुन्छ।
    - परमेश्वरले अब्राहामलाई आशिष दिने  र महान बनाउने प्रतिज्ञा गर्नुभयो ।
    - परमेश्वरले अब्राहामलाई महान जाति तथा ठूलो भूमि दिने प्रतिज्ञा गर्नुहुन्छ ।
    - परमेश्वरले अब्राहामद्वारा पृथ्वीमा भएका सबै मानिसहरूलाई आशिषित पार्ने प्रतिज्ञा गर्नुहुन्छ।
  - परमेश्वरले यो करार अब्राहामसँग बाँध्नुहुन्छ *(उत्पत्ति १५:१-२१)* । अब्राहामले खतनाको विधिद्वारा परमेश्वरको करार तथा प्रतिज्ञाहरूलाई स्वीकार गरे *(उत्पत्ति १७:१-२२)*।
  - परमेश्वरले अब्राहामसँग बनाउनुभएको करार भनेको परमेश्वरले उहाँका मानिसहरूसँग बाँध्नुभएको सम्पूर्ण करारहरूका आधार तथा उनीहरूका निम्ति उहाँको प्रतिज्ञाहरू हुन् । इस्राएली राष्ट्रको निम्ति परमेश्वरको योजना तथा येशूद्वारा उहाँले प्रदान गर्नुहुने मुक्ति सबै नै यो करारमा आधारित छ । येशूद्वारा आएको मुक्ति नै यो करारको पूरा हुवाई हो भन्ने कुरा नयाँ नियमले स्पष्ट पारेको छ *(गलाती ३:६-१८; रोमी ४:१-२५)*।
- मोशाको करार– परमेश्वरले मोशासँग बाँध्नुभएको करार *(प्रस्थान १९:१-६) ।*
  - यो करारचाहिँ इस्राएलीहरूलाई मिश्रबाट छुटकारा दिए लगत्तै परमेश्वर र उहाँका मानिसहरूका बीच बनाइएको थियो । परमेश्वरले यो सिनाई पर्वतमा उहाँका मानिससँग बनाउनुभएको थियो ।
  - यो करारले विभिन्न उद्देश्यलाई पूरा गर्दछ । जस्तैः
    - यसले इस्राएललाई राष्ट्रको रूपमा स्थापना गर्दछ ।
    - यसले परमेश्वरको पवित्रतालाई प्रकट गर्दछ ।
    - यसले मानिसको पापलाई प्रकट गर्दछ ।
    - परमेश्वरका मानिसहरू कसरी उहाँसँग सम्बन्धित हुनुपर्दछ र उहाँको आज्ञाकारी रहनुपर्दछ भनी देखाउँछ ।
    - यसले कसरी मानिसहरूलाई येशू ख्रीष्टको आवश्यकता पर्दछ भन्ने कुरा महशुश गर्न लगाउँछ र उनीहरू कसरी परमेश्वरको पवित्र व्यवस्थालाई पूरा गर्नमा असफल भए भन्ने कुरामा पनि देखाउँछ ।
  - यो करारको आशिष भनेको आज्ञाकारितामा भरपर्दछ । मोशाको करारलाई स्वीकार गरेको चिन्ह भनेको विश्राम दिनलाई पालन गर्नु थियो ।
  - मोशाको करारको तीनओटा तत्वहरू छन्:
    - सबै मानिसहरूका माझमा यदि उनीहरूले परमेश्वरको करारलाई पालना गरे र उहाँको आज्ञाकारी भएमा, इस्राएलीहरूलाई उहाँको विशेष सम्पत्ति बनाउने *(प्रस्थान १९:५)।*
    - इस्राएलको सन्तानहरूलाई पवित्र राष्ट्र तथा पूजाहरीहरूको राज्य बनाउने *(प्रस्थान १९:६)*।
    - करारको स्थायी चिन्हस्वरूप इस्राएली सन्तानहरूलाई विश्राम दिने *(प्रस्थान ३१:१२-१७)*।

- व्यवस्थाको पुस्तक इस्राएलको नयाँ जातिहरूका निम्ति सिनाई पर्वतमा बनाइएको करारको पुर्नविवरण हो । परमेश्वरले उहाँका मानिसहरूसँग सम्बन्ध राख्ने व्यवस्था क्रूसमा गएर टुङ्गिन्छ *(२ कोरिन्थी ३:१-१८; गलाती ३:१५-२५; र एफिसी २:१३-१८) ।*

- दाऊदसँगको करार– परमेश्वरले दाऊदसँग बाँध्नुभएको करार *(२ शामूएल ७:४-१७) ।*
  - परमेश्वरले दाऊदसँग बाँध्नुभएको करार भनेको अब्राहामको करार हो । यो परमेश्वरले दाऊदको राज्यलाई सदासर्वदा स्थापित गर्नको निम्ति उहाँबाट बनाइएको एकतर्फी प्रतिबद्धता हो ।
  - दाऊदको करारमा, परमेश्वरले दाऊदलाई घर बनाईदिने प्रतिज्ञा गर्नुहुन्छ ।
  - परमेश्वरले दाऊदको राज्यलाई स्थापित गर्ने तथा बनाउने प्रतिज्ञा गर्नुहुन्छ ।
  - परमेश्वरले दाऊदको सिँहासनलाई सदासर्वदा कायम राख्ने प्रतिज्ञा गर्नुहुन्छ ।
  - दाऊदको करारलाई प्रतिबिम्ब गर्ने अन्य बाइबलका खण्डहरू *भजन २:१-१२ र प्रकाश २०:१-६ हुन्* ।
- नयाँ करार– परमेश्वरले विश्वासीहरूसँग बनाउनुभएको करार नयाँ नियममा पूर्णरूपले प्रकाशित भएको छ ।

*तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढी श्रेष्ठ छ, जतिको उहाँलेमध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ । किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ । किनभने पहिलो करार खोटरहित भएको भए त दोस्रोको आवश्यकता पर्नेथिएन । किनभने ती मानिसहरूको दोष देखाउँदै उहाँ भन्नुहुन्छ, "परमप्रभु भन्नुहुन्छ, ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु । तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन् जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ । परमप्रभु भन्नुहुन्छ, तिनीहरू मेरो करारमा स्थिर भई बसेनन्, यसैले मैले तिनीहरूको वास्ता गरिनँ । परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन् । परमप्रभुलाई चिन भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन । किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन् । किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु र तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ ।" (हिब्रू ८:६-१३; यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८; २ कोरिन्थी ३:१-१८; रोमी ११:२८-२९; हिब्रू ९:१४-१८) ।*

- नयाँ करार भनेको परमेश्वरले उहाँका मानिसहरूसँग बाँध्नुभएको निशर्त तथा एकतर्फी प्रतिज्ञा हो । यो प्रतिज्ञा इस्राएलीहरू बेबिलोनको ७० वर्ष बन्दीमा जानुभन्दा पहिले बनाइएको थियो । यो करारचाहिँ अब्राहाम र मोशाको करारहरूको पूरा हुवाई हो ।
- नयाँ करारको तत्वहरू यी हुन् । जस्तै:
  - नयाँ करारचाहिँ परमेश्वरद्वारा नै स्थापित गर्नुभयो ।
  - नयाँ करारचाहिँ इस्राएलको घराना तथा यहूदाको घरानासँगै बनाइए ।
  - नयाँ करार भनेको सिनाई पर्वतमा मोशासँग बनाइएको तोडिएका करार होइन । तोडिएको करारको विपरीत *( यर्मिया ११)*, नयाँ करारलाई त्यसका सदस्यहरूद्वारा कायम राखिन्छ।
  - परमेश्वरको आत्माद्वारा, परमेश्वरको व्यवस्थालाई तिनीहरूका हृदयमा लेखिन्छ (उनीहरूका सोचाई तथा मायामा) ।
    - परमेश्वर उनीहरूका प्रभु र तिनीहरू उहाँका मानिसहरू हुनेछन् ।
    - नयाँ करारको प्रत्येक सदस्यले प्रभुलाई घनिष्ट प्रकारले चिन्छन्।
    - नयाँ करारका सदस्यहरूका पापहरू परमेश्वरद्वारा क्षमा दिइन्छ र कहिल्यै सम्झना गरिँदैन ।
- करारका निष्कर्ष:
  - परमेश्वरले उहाँका मानिसहरूसँग बनाउनुभएको प्रत्येक करारहरूका पछाडि रहेको अवधारणा भनेको उहाँको दया हो । हिब्रूमा यो अवधारणालाई हिसेड शब्दद्वारा व्यक्त गरिन्छ र त्यसले परमेश्वरका छुटकारा पाएका मानिसहरूप्रति उहाँले देखाउनुहुने विशेष प्रेमलाई वर्णन गर्दछ । (हिसेडको उत्तम परिभाषा भनेको परमेश्वरको ईमान्दारी प्रेमको करार हो ।) यो प्रेमलाई उहाँको करारको विश्वासनीयताद्वारा औंल्याईन्छ।
  - परमेश्वरको दया भनेको भावनामा आधारित छैन तर उहाँको ईश्वरीय छनोटमा रहेको हुन्छ । यसमा यी समावेश छन्:
    - निर्शत ईमान्दारिता ।
    - अचूक विश्वासनीयता ।
    - अयोग्य दया ।
    - अन्त्य नहुने प्रेम ।

*त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ । उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ । तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ । पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ (प्रस्थान ३४:६-७) ।"*

- परमेश्वरको करारको प्रेमलाई वर्णन गर्ने अन्य बाइबलका खण्डहरू *प्रस्थान २:२३-२५; व्यवस्था ७; यर्मिया ३१:३ र होशे २:१९ हुन् ।*
- सारांश: परमेश्वरले उहाँका मानिसहरूसँग बनाउनुभएको करारहरूका आधारभूत पक्षहरू यी हुन् । जस्तै:
  - परमेश्वर सम्बन्धहरू स्थापित गर्नुहुन्छ ।
  - परमेश्वरले प्रतिज्ञाहरू बनाउनुहुन्छ ।
  - परमेश्वरका मानिसहरू उहाँसँगको सम्बन्ध र प्रतिज्ञाहरूमा भर पर्नुहुन्छ।
  - परमेश्वरप्रति उनीहरूका आज्ञाकारिताले उहाँमाथि तिनीहरूका भरोसालाई प्रस्तुत गर्दछ ।

**प्रतिबिम्ब र छलफलका निम्ति प्रश्नहरू:**

**१. किन परमेश्वरले आफैलाई सृष्टिसमक्ष प्रकट गर्ने निर्णय गर्नुभयो ?**

**२. कसरी परमेश्वरको महिमा उहाँको अन्य गुणहरूभन्दा फरक रहेको छ ?**

**३. के तपाईले यो अध्यायको अन्तिम खण्डमा छलफल गरिएको परमेश्वरका चार कार्यहरूलाई वर्णन गर्न सक्नुहुन्छ ?**

**४. परमेश्वरको कराररूपी स्वभावलाई बुझ्नको निम्ति, परमेश्वरको कुनचाहिँ गुण अति नै महत्वपूर्ण छ ?**

**५. उहाँका नाउँहरूद्वारा परमेश्वरले आफ्नै चरित्रहरूबारे प्रकट गर्ने छनोट गर्नुभयो । किन नाउँहरू यति महत्वपूर्ण छन् ? तिनीहरूले परमेश्वर र हामीसँग उहाँको सम्बन्धबारे के बताउँछन् ?**

**६. यो अध्यायबाट तपाईले परमेश्वरको कार्यलक्ष्य स्वभावबारे के सिक्नुभयो ? किन परमेश्वर येशू ख्रीष्टको सुसमाचारसाथ हराएका मानिसहरूलाई खोज्ने उहाँको लक्ष्यबारे फिक्री गर्नुहुन्छ ?**

**परमेश्वरको सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

**प्रवचन *१* – प्रस्थान *१५***

क. मिश्रमाथि परमेश्वरको विजय *(प्रस्थान १५:१-१२)*।
ख. इस्राएलीहरूका भविष्यका शत्रुहरूमाथि परमेश्वरको विजयी *(प्रस्थान १५:१३-२१) ।*
ग. माराको पानीबारे इस्राएलीहरूको विरोध *(प्रस्थान १५:२२-२७)*।

प्रयोग:
क. परमेश्वर उहाँका मानिसहरूका निम्ति शक्तिशाली हुनुहुन्छ र उहाँले तिनीहरूसँग बनाउनुभएको करारलाई सम्झना गर्नुहुन्छ ।
ख. इस्राएलीहरूका छुटकारा र आराधनालाई तिनीहरूका जीवनमा दैनिक लागु गर्नुपर्ने कुरा तिनीहरूलाई थाहा पाएनन् ।

**प्रवचन २ – *भजन १९:१-७***

क. सृष्टिको वचनहरूले यसको सुन्दरताको वर्णन गर्दछ *(भजन १९:२-६)*।

- हरेक दिन तिनीहरूले वार्तालाप गर्छन्, र हरेक रात तिनीहरूले ज्ञानको प्रदर्शन गर्छन् । विवाह-मण्डपबाट निस्केको दुलहाजस्तै, आकाशको एक छेऊमा उसको उदय हुन्छ ।

ख. सृष्टिका वचनहरूले त्यसको सृष्टिकर्ताको वर्णन गर्दछ *(भजन १९:१)*।

- स्वर्गले परमेश्वरको महिमाको घोषणा गर्दछ ।

ग. यो सन्देशलाई कसैले पनि वेवास्ता गर्न सक्दैनन् ।

- तिनीहरूका आवाज सम्पूर्ण पृथ्वीभरि नै जान्छन्, हरेक दिन र हरेक रात, त्यसको तापबाट कुनै पनि कुरा लुकेको छैन ।

घ. स्वर्गमा परमेश्वरको महिमा स्पष्ट रहेको छ तर मानिसका हृदयको पापलार्य उनहिरूले थाहा गर्न सक्दैनन् *(भजन १९:१२)*।

- हाम्रा पापहरू थाहा गराईदिनको लागि हामीसँग परमेश्वरले बोल्नू आवश्यक हुन्छ ।
- परमेश्वरको वचनचाहिँ...*(भजन १९:७-११)*।

*लागिरह ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ । तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ । सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्*

*(२ तिमोथी ३:१४-१७) ।*

### १. सिद्धान्त र शास्त्रको महत्व तथा परिचय

इसाई विश्वासको निम्ति बाइबल भनेको आधिकारीक पाठ्यक्रम हो । यसलाई परमेश्वरले बोल्नुभएको को वचन भनेर पनि हेरिन्छ । परमेश्वरले सृष्टिलाई बोलेर अस्तित्वमा ल्याउनुभयो *(उत्पत्ति १),* अनि उहाँले प्रेरणायुक्त तथा प्रकाशित वचनद्वारा हामीसँग बोल्नुभयो *(हिब्रू १:१-४)* । उहाँले बाइबलद्वारा उहाँको उद्देश्यहरू तथा कार्यहरू प्रकट गर्नुभयो । परमेश्वरले प्रकृतिद्वारा आफैलाई सामान्य रूपमा प्रकट गर्नुहुन्छ, तर शास्त्र भनेको चाहिँ परमेश्वरको निश्चित र विशेष प्रकाश हो । शास्त्रद्वारा, परमेश्वरले येशू ख्रीष्टद्वारा दिइने मुक्तिको सन्देशलाई आवश्यक पर्ने सत्यता तथा ज्ञानलाई प्रकट गर्नुहुन्छ ।

सायद माथि उल्लेखित *२ तिमोथी ३:१४-१७* भनेको प्रेरणा र अख्तियारबारेको सबैभन्दा ठूलो कथन होला ।

*अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर । परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ किनकि "सबै प्राणी घाँसजस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता । घाँस ओइलाउँछ र फूल झरिहाल्छ, तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ ।" (१ पत्रुस १:२२-२५)।*

### २. शास्त्रको स्वभाव

क. शास्त्र भनेको प्रकाश हो[1]

- परमेश्वरको सिद्धान्त अध्याय १ मा हामीले परमेश्वरलाई चिन्न सक्ने मार्गहरूबारे छलफल गऱ्यौं । सृष्टि, मानिसको स्वभाव तथा ऐतिहासिक घटनाहरूद्वारा हामी परमेश्वरलाई चिन्न सक्छौं भनेर हामीले पत्तो लगायौं । यीचाहिँ सामान्य प्रकाशका रूपहरू हुन् *(भजन १९:१-६; रोमी २:१२-१६; प्रेरित १७:२४-२८)* ।२ प्रकाशका यी रूपहरू अमौखिक हुन् । मुक्तिका निम्ति प्रकाशका यी माध्यमहरूद्वारा परमेश्वरको सत्यतालाई चिन्ने हाम्रो क्षमतालाई मानिसको पतित स्वभावले बाधा दिन्छ ।
- परमेश्वरलाई व्यक्तिगत र पूर्ण जान्नको निम्ति, हामीसँग सामान्य प्रकाशभन्दा पनि अधिक कुरा हुनु आवश्यक छ । हामीसँग विशेष वा पूर्ण प्रकाश भएको हुनुपर्दछ । परमेश्वरले आफैलाई व्यक्तिगत रूपमा दुइ तरिकाले प्रकट गर्नुभएको छ:
  - येशू ख्रीष्टद्वारा *(यूहन्ना १:१४-१८; हिब्रू १:१-३)* । येशूद्वारा परमेश्वरले आफैलाई मान्छे बनाउनुभयो र हामीमाझ रहनुहुन्छ । विशेष प्रकाशको यो पक्षलाई हामी यो पुस्तकको अघिल्लो अध्यायमा छलफल गर्नेछौं ।
  - लिखित वचन *(२ तिमोथी ३:१५-१७; २ पत्रुस १:२१)* । लिखित वचन भनेको विशेष प्रकाश हो । परमेश्वरले येशू ख्रीष्टद्वारा दिनुभएको प्रकाशलाई यसले प्रमाणित गर्दछ । शास्त्र भनेको मौखिक तथा लिखित छ । शास्त्रद्वारा परमेश्वरले आफैलाई मानिससमक्ष र मुक्तिको निम्ति उहाँको योजनासँग प्रकट गराउनुहुन्छ ।

ख. शास्त्रीय प्रकाशको परिभाषा

- बाइबल भनेको परमेश्वरको लिखित वचन हो र यसले उहाँ को हुनुहुन्छ र मानिसलाई पापबाट बचाउन के गरिरहनुभएको छ भन्ने कुरा प्रकट गर्दछ ।
- बाइबलीय प्रकाशको स्वभाव
  - शास्त्र भनेको परमेश्वरको आदेशमा लेखिएको दाबी यसले गर्दछ *(प्रस्थान १७:१४) ।*
  - शास्त्र परमेश्वरको वचन भएको यसले दाबी गर्दछ *(प्रेरित ४:२४-२६, १३:३२-३३) ।*
  - शास्त्रलाई पुरानो तथा नयाँ नियममा आधिकारीक भनेर प्रयोग गरिएका छन् ।[3] *(२ इतिहास १७:९-१०; मत्ती ५:१७-१८; लूका २४:२७, ४४-४५; रोमी ३:४; १ कोरिन्थी १४:३७-३८) ।*
- दुइ चिन्तनशील सुसमाचारवादीहरू यसरी लेख्छन्:

*परमेश्वरले आज पनि आफैलाई निरन्तर प्रकट गर्नुहुन्छ र उहाँले आफैलाई प्रकट गर्ने प्राथमिक तरिका भनेको ईश्वरीय प्रेरणायुक्त, अचूक र आधिकारीक बाइबलद्वारा हो । बाइबल भनेको पूर्ण रूपले आज हामीलाई दिइएको परमेश्वरको पूर्ण भरोसायुक्त प्रकाश हो । शास्त्र भनेको इसाई तथा उनीहरूका अगुवाहरूका निम्ति उच्च अख्तियारको न्यायलय हो । अनि परमेश्वरबाट आएको भनिएको कुनै पनि प्रकाशलाई यसैद्वारा जाँचिन्छ ।*[4]

### ३. बाइबलको स्वभाव

बाइबल भनेको सत्यको वचन हो । परमेश्वरले त्यसलाई प्रेरणा दिनुभयो । त्यसमा कुनै गल्तिहरू छैन । यो सबै झूटा कुराहरूबाट स्वतन्त्र छ । शास्त्र भनेको आधिकारीक छ र सिद्धान्त र सेवकाइमा विश्वास तथा अभ्यास गर्नको निम्ति पर्याप्त छ ।

शास्त्रको स्वभावलाई वर्णन गर्नको निम्ति प्रेरणा, अख्तियार तथा अचूकता आदि सबै सिद्धान्तहरूलाई प्रयोग गरिन्छ र यी अवधारणाहरू एक-अर्कासँग घनिष्टसँग सम्बन्धित छन् । शास्त्रको स्वभावलाई प्रकट गर्नको निम्ति र हाम्रो जीवनमा हाम्रा विश्वास र अभ्यास तथा सेवकाइको निम्ति बाइबल आधार भएको मण्डलीको ऐतिहासिक विश्वासलाई स्थापित गर्न, प्रत्येक नै मद्दतकारी रहेको छ ।

प्रेरणा, अख्तियार तथा अचूकताले शास्त्र भनेको परमेश्वरको वचन भएको र त्यो सत्य भएको अनि हामी त्यसप्रति आज्ञाकारी रहनुपर्ने यथार्थतालाई निश्चित पार्दछ । यी प्रत्येक स्वभावहरू परमेश्वरको वचनले उहाँको स्वभावहरूलाई धारण गरेको दाबीको यथार्थतामा आधारित छन् । परमेश्वर सिद्ध हुनुभएको कारणले उहाँको वचन पनि सिद्ध छ भन्ने बाइबलले सिकाउँछ *(भजन १८:३०, ३३:४; हितोपदेश ३०:५; यूहन्ना १७:१७) ।*

क. प्रेरणा[५]

- प्रेरणा भनेको त्यो प्रक्रिया हो जसद्वारा परमेश्वरले आफैलाई परिचित गराउनुहुन्छ । यो अवधारणा भनेको २ तिमोथी ३:१६-१७ बाट आएको छ र यसमा शास्त्र परमेश्वरको प्रेरणाद्वारा लेखियो भनेर भनिएको छ । शाब्दिक अनुवाद भनेको परमेश्वरले सास फुक्नुभयो भन्ने रहेको छ । ती उहाँको मुखबाट र उहाँकै सासबाट आएको छ । त्यसैकारणले शास्त्रमा भएका वचनहरू परमेश्वरबाट आएका हुन् । निम्नलिखित खण्डमा यो तस्विर हाम्रो निम्ति देखाइएको छ:

*हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ । झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ । सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन् (१ पत्रुस १:१९-२१) ।*

- सृष्टिको कथाले परमेश्वरको मुखबाट आउँदै गरेको उहाँको वचनबारेको महत्वपूर्ण यथार्थतालाई देखाउँछ । परमेश्वरले बोल्नुभयो र सम्पूर्ण संसार सृष्टिभयो । उहाँले भन्नुभयो, उज्यालो होस् र उज्यालो भयो । जब परमेश्वरले बोल्नुहुन्छ, उहाँले भन्नुभएको कुरालाई प्रदर्शन गर्नुहुन्छ (अनि पूरा गर्नुहुन्छ) *(उत्पत्ति १:१-३) ।*
- *उत्पत्ति १:१-३* ले परमेश्वरले केवल बोल्नु मात्र हुन्न् तर उहाँको आफ्नो इच्छाअनुसार कार्य गर्ने सम्पूर्ण सामर्थ्य पनि रहेको सुझाव दिन्छ । परमेश्वरले बोल्नुहुन्छ र कार्य गर्नुहुन्छ ।
- प्रेरणाको प्रक्रियामा परमेश्वरको बोलाई र कार्य गराई सङ्लग्न छन् । परमेश्वरले बोल्नुहुन्छ अनि मानवीय लेखकहरूले उहाँको वचनहरूलाई अभिलेखमा राख्नुहुन्छ । लिखित शास्त्रलाई प्रेरणा दिनको निम्ति मानवीय लेखकहरूका जीवनमा परमेश्वरले बोल्नुभयो र कार्य गर्नुभयो ।

प्रेरणाबारे तीन गलत धारणाहरू:

- <u>गलत धारणा *१:*</u> मानवीय लेखकहरू प्रेरणायुक्त मानिसहरू थिए । प्रेरणाले, मानवीय लेखकहरूका जीवनमा परमेश्वरको प्रेरणायुक्त कार्य भन्ने कुरालाई सङ्केत गर्दैन । यसको अर्थ तिनीहरूले जे लेखे ती पवित्र आत्माले प्रेरणा दिनुभयो भनिएको हो ।
- <u>गलत धारणा *२:*</u> मानिसका सामान्य शब्दहरू ईश्वरीय वचनमा परिणत भए । प्रेरणाले, लेखन प्रक्रियामा परमेश्वरले सास फुकिदिनुभयो र मानिसका सामान्य लेखन ईश्वरीय वाणीमा परिणतभयो भनिएको होइन।
- <u>गलत धारणा *३:*</u> शास्त्रका पाठकहरू शास्त्र पढिरहेका बेलामा प्रेरित भए। प्रेरणाले, पाठकहरूले पढ्ने प्रक्रियामा उनीहरू जसरी भए पनि प्रेरित भए र त्यो परमेश्वरको वचन भयो भन्ने सुझाव दिँदैन । त्यो लेखकहरूका लेखन थियो जुन परमेश्वरद्वारा प्रेरणायुक्त भयो ।
- प्रेरणा भन्नाले ती वचनहरू परमेश्वर आफैले बोल्नुभएको वचन थिए र मानवीय लेखकहरूले तिनै लेखे जो परमेश्वरद्वारा बोलिएको थियो भनिएको हो ।

परमेश्वरले शास्त्र लेखनलाई दुइ पृथक तरिकाहरूद्वारा प्रेरणा दिनुहुन्छ ।

- कतिपय समयमा परमेश्वरले उहाँको सन्देशलाई शब्द-शब्दमा बोल्नुभयो र मानीवय लेखकहरूले तिनीहरूलाई त्यसरी नै अभिलेखमा राखे *(व्यवस्था ३१:१९) ।*
    - जब परमेश्वरको वचनलाई यसरी बोलिन्छ, यसलाई बाइबलीय लेखकहरूले विशेष गरी टिपोट गरे । परमेश्वरले उहाँको वचनलाई प्रेरणा दिनुहुने दोस्रो तरिकाहरूद्वारा अधिकाँश शास्त्रहरू हामीलाई दिइयो ।

- परमेश्वरको अचूक वचनहरूलाई उत्पादन गर्नको निम्ति उहाँले मानवीय लेखकहरूसँग उनीहरूका लेखनशैली तथा व्यक्तित्वलाई कायम राखी उहाँको प्रेरणा तथा निर्देशनमा उनीहरूसँग काम गर्नुभयो *(१ कोरिन्थी १४:३७; २ पत्रुस १:२०-२१) ।*
    - यो प्रक्रियामा, परमेश्वरले लेखकहरूका स्वतन्त्रता तथा अभिव्यक्तिलाई रद्द गर्नुहुन्न् तर ती कुराहरूद्वारा नै उहाँले काम गर्नुहुन्छ र उहाँले आफ्ना मानिसलाई चाहानुभएको वचनको प्रेरणा दिनुहुन्छ । उहाँको वचन लेखनमा परमेश्वरले लेखकहरूलाई निर्देशन दिनुहुन्छ, ठीक त्यही वचनहरू जुन उहाँले लेखिएको चाहानुहुन्छ, तर मानिसहरूका लेखनशैली, अनुभवहरू, धारणाहरू तथा व्यक्तित्वलाई सुरक्षितसाथ राख्नुहुन्छ ।

ख. अचूकता[६]

- अचूकता भन्नाले बाइबलमा यसको शुरूआत्को पाण्डुलिपिसँग कुनै विपरीतार्थ वा गल्तिहरू छैन भनिएको हो ।
- शास्त्रको यो धारणा दुइ कारणहरूले गर्दा रहेको छः
    - शास्त्र भनेको परमेश्वरको प्रेरणायुक्त वचनहरू हुन् र उहाँका मानिसहरूका निम्ति ती आधिकारीक पथप्रर्दशक होऊन भन्ने उहाँले चाहानुहुन्छ । परमेश्वरमा कुनै गल्ति वा असत्य कुरा छैन, अनि उहाँले उहाँका मानिसहरूलाई पतनतर्फ लानुहुने छैन ।
    - परमेश्वरको प्रत्येक वचन शुद्ध छ; उहाँमा भरोसा राख्नेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ *(हितोपदेश ३०:५)* । तपाईको वचन सत्य छ *(यूहन्ना १७:१७)* ।
- शास्त्रले शास्त्रको प्रयोग गर्दछ, मानौं कि तिनमा कुनै गल्तिहरू छैनन् र ती साँचो छन् ।

*जब फरिसीहरू भेला भएका थिए, तब येशूले तिनीहरूलाई एउटा प्रश्न गर्नुभयो, "ख्रीष्टको विषयमा तिमीहरू के ठान्छौं ? ऊ कसको पुत्र हो ?" तिनीहरूले उहाँलाई भने, "दाऊदका पुत्र ।" उहाँले तिनीहरूलाई भन्नुभयो, "त्यसो भए दाऊदले आत्मामा प्रेरणा पाएर उसलाई प्रभु भनी कसरी पुकार्न सक्छन् ? उनी भन्छन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिनँ यदि दाऊदले उसलाई प्रभु भन्दछन् भने, ऊ कसरी तिनका पुत्र हुन्छ र? अनि कसैले पनि जवाफमा एक वचन बोल्न सकेन । त्यस दिनदेखि कसैलाई उहाँसँग प्रश्न सोध्ने आँट भएन (मत्ती २२:४१-४६; भजन ११०:१; यूहन्ना १०:३४-३६, भजन ८२:६; मत्ती २२:२९-३२; व्यवस्था ६:५) ।"*

ग. अख्तियार

- शास्त्रको अख्तियार भन्नाले सबै शास्त्र परमेश्वरको वचन हो भनिएको हो । त्यसैकारणले हामी ती प्रति आज्ञाकारी हुनुपर्दछ र ती प्रति अनाज्ञाकारी हुनु भनेको परमेश्वरप्रति अनाज्ञाकारी हुनु भनिएको हो । शास्त्रको वचन भनेको परमेश्वरको वचन हुन् र ती परमेश्वरका वचन भएका हुनाले, ती सत्य छन् ।
- प्रेरणाको सिद्धान्तले परमेश्वरले आफैलाई प्रकट गर्नुहुन्छ भन्ने कुरा निश्चित गर्दछ । अचूकताको सिद्धान्तले शास्त्रमा कुनै पनि गल्तिहरू छैनन् भन्ने निश्चित गराउँछ ।
- अख्तियारको विषय, शास्त्र परमेश्वरको वचन भएका हुनाले ती सत्य छन् भन्ने यथार्थतसँग सम्बन्धित छ । त्यसैकारणले अख्तियार भन्नाले इसाईको जीवन र सेवकाइमा शास्त्रले कस्तो भूमिका खेल्नुपर्दछ र त्यसप्रति उनीहरूका उचित प्रतिउत्तर कस्तो हुनुपर्दछ भन्ने कुरासँग सम्बन्धित छ । शास्त्र भनेको परमेश्वरकै वचन भएको हुनाले, तिनीहरूले परमेश्वरको योजना, उद्देश्य तथा इच्छा हामीलाई सिकाउँछन् । यी कुराहरूलाई उचित प्रकारले बुझेमा, हाम्रो जीवन र सेवकाइको सही रूप हुनेछ भन्ने मान्यता छ ।
- येशूले शास्त्रको अख्तियारलाई समर्थन गर्नेको उदाहरणलाई देखाउनुहुन्छ।

*उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ ? असल त एउटै मात्र हुनुहुन्छ । तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर ।" तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू । आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू (मत्ती १९:१७-१९) ।"*

**४. शास्त्रको स्वभावहरू**

क. शास्त्र भनेको जीवित र क्रियाशील छ ।

*किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरावारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ (हिब्रू ४:१४; र प्रेरित ७:३८; १ पत्रुस १:२३ पनि हेर्नुहोला।)*

ख. शास्त्रहरू भनेका अनन्त र सदासर्वदा रहने हुन्छ ।

*अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर । परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ (१ पत्रुस १:२२-२३; र भजन ११९:८९, १५२, १६०; यशैया ४०:६-८; मत्ती ५:१७-१८; २४:३५) ।*

ग. शास्त्र पवित्र छ ।

*व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ (रोमी ७:१२; र रोमी १:२; २ तिमोथी ३:१५ पनि हेर्नुहोला) ।*

घ. शास्त्र प्राबोधक छन् । सत्यता भनेको के हो र त्यसअनुसार कसरी जिउने हो भन्ने कुरा बुझाउनको निम्ति शास्त्र हामीलाई दिइएको छ ।

तपाईको वचन मेरो खुट्टाको निम्ति दियो र बाटोको निम्ति ज्योति हो *(भजन ११९:१०५; र भजन ११९:१३०, १३३; २ पत्रुस १:१९) ।*

ङ. शास्त्र बहुमूल्यका छन् ।

*परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने । परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन् । सुनभन्दा पनि ती बढी चाहना गर्ने योग्य छन् र निखुर सुनभन्दा पनि ज्यादै बढी, चाकाबाट टप्कने महभन्दा बढी गुलियो (भजन १९:९-१०) ।*

च. शास्त्र भरोसा गर्न सकिने छ ।

*हे परमप्रभु परमेश्वर, तपाईं परमेश्वर हुनुहुन्छ । तपाईंका वचन विश्वासयोग्य छन्, अनि तपाईंले आफ्नो दाससँग यी उत्तम प्रतिज्ञाहरू गर्नुभएको छ (२ शामूएल ७:२८; र भजन १९:७; १११:७; ११९:४२, ८६, १३८; प्रकाश २२:६) ।*

### ५. शास्त्रको उद्देश्यहरू

क. शास्त्र भनेको मुक्तिको निम्ति हो *(एफिसी १:१३; २ तिमोथी ३:१४-१५, याकूब १:१८) ।*

ख. शास्त्र भनेको सच्याउनको निम्ति हो *(भजन १७:४; १९:७-११)* ।

ग. शास्त्र भनेको निश्चियता, उत्साह तथा आशाको निम्ति हो *(भजन ११९:४९; रोमी १५:४, १ यूहन्ना ५:१३) ।*

घ. शास्त्र भनेको सान्त्वनाको निम्ति हो *(भजन ११९:५०, ७६) ।*

ङ. शास्त्र भनेको शुद्धिकरण तथा सुधारको निम्ति हो *(भजन ११९:२८; यूहन्ना १७:१७; प्रेरित २०:३२; १ थेस्सालोनिकी २:१३; १ पत्रुस २:२) ।*

### ६. शास्त्रको विषय

क. प्रख्यात सुसमाचारीय ईश्वरशास्त्र भनेको प्रतिज्ञाको विषयमा पुरानो नियमको एकतालाई देख्नू हो ।[७]

ख. यो तरिकाले *उत्पत्ति १२:१-३*मा भएको अब्राहामको करारको प्रतिज्ञामा, उहाँले आफ्नै निम्ति विशेष मानिसहरूलाई अलग गर्नुभएको कुरा देखाउँछ । यसलाई हामी *म तिमीहरूका परमेश्वर जसले तिमीहरूलाई मिश्रको भूमिबाट निकालेर ल्याउनुभयो* भन्ने वाक्याँशमा देख्न सक्छौं । पुरानो नियममा यो वाक्याँशलाई पूरै वा यसको अंशलाई मात्र १२५ पटकसम्म प्रयोग भएको पाइन्छ ।[८]

ग. मोशाको समयमा इस्राएललाई परमेश्वरका मानिस, दाऊदको समयमा प्रतिज्ञा गरिएको मसीह तथा अगमवक्ताको समयमा प्रतिज्ञा गरिएको भविष्यको राज्य आदिलाई स्थापित गर्दै यो विषयलाई विकास गरिएको छ।

घ. यो प्रतिज्ञा, प्रतिज्ञा गरिएको मसीह येशू ख्रीष्टद्वारा अन्त्यमा नयाँ नियममा पूरा हुन्छ ।

### ७. शास्त्रबारे प्रश्नहरू

क. के म बाइबलमा भरोसा गर्न सक्छु ?

- बाइबलले जे सिकाउँछ त्यो सत्य छ भनेर हामी विश्वास गर्छौं । परिणामस्वरूप, हामी परमेश्वरको सत्यतालाई पाउनको निम्ति प्रतिबद्धतासाथ बाइबलमा आउँछौं ।[९]

- बाइबलको विपरीत, हामी जो यसलाई पढ्छौं र अध्ययन गर्छौं, हाम्रा बुझाईमा हामी अचूक हुन सक्दैनौं । बाइबलले हामीलाई यसको अध्ययनको निम्ति नम्रता दिन्छ ।[१०]
  - परमेश्‍वरको विचारहरू भनेको हाम्रा भन्दा उच्च छन् *(यशैया ५५:९)* ।
  - परमेश्‍वरको गोप्यता रहेको छ जुन कसैलाई प्रकट गरिएको छैन *(व्यवस्था २९:२९)* ।
  - कहिलेकाहीँ हामी त्यो सत्यतालाई फोहोर तथा धमिलो झ्यालबाट देखे जस्तै देख्छौं *(१ कोरिन्थी १३:१२)* ।
  - हामी परमेश्‍वरको सत्यतालाई इन्कार गर्ने खतरामा छौं किनकि यसले हामीलाई पश्‍चाताप गर्ने बाध्यतामा पार्दछ र कहिलेकाहीँ हामी केवल कठोर हृदयका हुन्छौं *(रोमी १:१८-१९)* ।
  - हामीले केवल अंशमा मात्र जानेका छौं *(१ कोरिन्थी १३:९)* ।
  - बाइबलको कतिपय खण्डहरू बुझ्न कठिन हुन्छ *(२ पत्रुस ३:१५-१६)* ।
- त्यसैकारणले, यदि बाइबलमा भएका खण्डहरू बाझिएको जस्तो देखिएमा, ती खण्डहरू साँच्चिकै वास्तवमा बाझिएका छन् कि छैनन् भनेर जाँच्नको निम्ति पहिले गहन अध्ययनको खाँचो पर्दछ ।[११]
- के म मेरो बाइबलमा भरोसा गर्न सक्छु ? निश्‍चय नै । शताब्दीऔंदेखि आलोचकहरूका आक्रमणहरूमा पनि यो स्थिर रहँदै आएको छ । यसको सत्यता मानिसहरूका जीवन र मण्डलीको बृद्धिमा प्रमाणित हुँदै आएको छ ।

ख. के शास्त्र आज पनि लेखिन सक्छ ?

- कदापि पनि सकिँदैन । शास्त्रलाई केवल प्रेरितहरू र अगमवक्ताहरूले मात्र लेख्न सक्दथे । यी मानिस येशू ख्रीष्टमा भएको परमेश्‍वरको प्रकाशका गवाहीहरू थिए । लूकाले आफ्नो सुसमाचारलाई आँखाले देखेका गवाहीहरूमा आधारित पारेका थिए *(लूका १:१-४)* अनि आँखाले देखेका गवाहीहरू भएका प्रेरितहरूका प्रतिवेदनमा पनि *(प्रेरित १:१-३,९)* ।
- दुइ प्राथमिक कारणहरूले गर्दा बाइबलका पुस्तकहरूलाई आज लेखिन सम्भव छैन ।[१२]
  - पुरानो नियम अगमवक्ता मलाकीसँगै समाप्त हुन्छ । उनले मुक्तिको महान इतिहासको प्रमुख घटनामा; येशूको निम्ति मार्ग तयार पार्न आउने बप्तिस्मा दिने यूहन्ना हुनेछन् भन्ने प्रतिज्ञा गर्छन् *(मलाकी ३:१; ४:५-६)* ।
  - त्यसपछि त्यहाँ चार सय वर्षको शुन्यता भयो र प्रतिज्ञा गरिएको यूहन्ना नआएसम्म कुनै पनि बाइबलको पुस्तकलाई लेखिएन *(लूका १:११-१७)* । यसको अतिरिक्त, नयाँ नियमको पुस्तक, प्रकाशित पुस्तकसँगै समाप्त हुन्छ र त्यसपछि अन्य कुनै पनि पुस्तकहरू लेखिने छैन भनेर पनि त्यसमा बताइएको छ *(प्रकाश २२:१८-१९)*, अनि त्यसपछि पुनः शुन्यता हुनेछ, त्यतिबेलासम्म जबसम्म ख्रीष्ट दोस्रो पटक फर्केर आउनुहुन्न *(प्रकाश २२:२०-२१)* ।
  - येशू परमेश्‍वरबाट हामीलाई दिइएको अन्तिम वचन हो भनेर बाइबलले बताउँछ *(हिब्रू १:१-२)* अनि बाइबलमा कुनै पनि कुरा थप्नु वा झिक्नु हुँदैन भनेर पनि बताइएको छ *(प्रकाश २२:२०-२१)*।

ग. शास्त्रले हाम्रो जीवनलाई कसरी असर गर्दछ ?

- परमेश्‍वरले एउटा सिद्ध प्रकारले प्रेम गर्ने पिताले झैं शास्त्रद्वारा बोल्नुहुन्छ । त्यसैकारणले यसले भनेको कुरालाई हामीले सुन्नुपर्दछ, यसले सिकाएको कुराबाट सिक्नुपर्दछ र पवित्र आत्माको अनुग्रही सामर्थ्यको प्रयासद्वारा हाम्रा पापहरूबाट पश्‍चाताप, हाम्रा विचारहरूको नवीकरण तथा हाम्रो जीवनमा छुटकाराको कोशिश गर्नुपर्दछ ।[१३]
- इसाईहरूले परमेश्‍वरको आराधना गर्दछन् तर बाइबलको होइन । तर बाइबलले परमेश्‍वर को हुनुहुन्छ र उहाँलाई कसरी आराधना गरिनुपर्दछ भन्ने कुरा जानकारी दिन्छ । त्यसैकारणले यो हाम्रो आराधनाको निम्ति महत्वपूर्ण छ । परिणामस्वरूप, हामी परिवर्तनको निम्ति बाइबलमा आउँछौं, तर जानकारीको लागि मात्र होइन ।
- मण्डली इतिहासको एक महान अगुवा, मार्टिन लुथरले यसरी भने, "जब शास्त्र बोल्दछ, परमेश्‍वर बोल्नुहुन्छ ।" शास्त्र भनेको परमेश्‍वरले हामीसँग बोल्नुभएको उहाँको कुराकानी भएको हुनाले, हामी त्यसलाई स्मरण गर्छौं, मनन् गर्छौं, अध्ययन गर्छौं, सिकाउँछौं र त्यसको सत्यतालाई सुन्ने कसैलाई पनि त्यो बाँड्छौं ।
- स्मरण रहोस्, प्रत्येक पटक बाइबल पढ्दा, हामी परमेश्‍वरले हामीसँग बोल्नुभएको कुरालाई सुन्छौं । पहिलो शताब्दीको बेरियाका मानिसहरूले उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्रमा छानबिन गर्थे *(प्रेरित १७:११)* । त्यस्तै हुनुहोस् ।

**प्रतिबिम्बका निम्ति प्रश्‍नहरू:**

**१. बाइबल परमेश्‍वरको वचन भएको कसरी हामी जान्दछौं ?**

**२. प्रेरणा, अचूकता तथा अख्तियारबीच के भिन्नता रहेको छ ?**

३. शास्त्रको निम्ति केही उद्देश्यहरू नामाकरण गर्नुहोस् ।

**शास्त्रको सिद्धान्तबारे प्रचार गर्ने केही अवधारणाहरू**

*१. २ तिमोथी ३:१६-१७*

क. शास्त्रको स्वभाव ।
ख. शास्त्रको कार्यपक्षहरू ।
ग. शास्त्रको लक्ष्य ।

*२. १ पत्रुस २:१-३*

क. एक-अर्काप्रतिको दुष्ट तथा अप्रेमिलो मार्गहरू हटाउनुहोस् (पद *१*)।
ख. वचन तथा त्यसको आत्मिक पोषणको तृष्णा गर्नुहोस् (पद *२*) ।

- तपाई बाँच्नुहँदा पनि यही नै वचन प्रचार गरिएको थियो *(१ पत्रुस १:२१-२५) ।*
- यही नै वचन सदासर्वदा रहिरहनछ *(१ पत्रुस १:२१-२५) ।*

ग. यो वचन अनुग्रही र असल परमेश्वरबाट आउँछ (पद *३*) ।

## अध्याय ३: येशू खीष्टबारेको सिद्धान्त

*तिमीहरूमा यस्तो मन होस्, जो खीष्ट येशूमा पनि थियो । परमेश्वरको स्वरूमा भएर पनि उहाले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर आफैलाई रित्याइकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्चछ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू खीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ*

*(फिलिप्पी २:५-११)* ।

### १. परिचय

चार सुसमाचारहरू (मत्ती, मर्कूस, लूका र यूहन्ना) का एउटा प्रमुख उद्देश्य भनेको हामीलाई येशू खीष्टको परिचय दिनु हो । जब येशूले चेलाहरूसँग यसरी सोध्नुभयो: म को हो भनी तिमीहरू भन्छौं *(मत्ती १६:१५; मर्कूस ८:२९; लूका ९:२०)* ? यो खण्ड नै सुसमाचारहरूमा भएका सबैभन्दा महत्वपूर्ण खण्ड भएको छ । अनि येशूलाई बाह्र चेलाहरूमध्येका एउटा चेला पत्रुसले यसरी जवाफ दिन्छन्: तपाई खीष्ट जीवित परमेश्वरका पुत्र हुनुहुन्छ *(मत्ती १६:१६)*।

पत्रुसले यो प्रश्नको सही उत्तर दिए तापनि र शास्त्रमा यो सत्यताको अभिलेख राखिए तापनि, येशूको यो प्रश्न समाप्त भएको छैन । चाल्सीडोनको सार नआईपुगुन्जेलसम्म येशू को हुनुहुन्छ भन्ने प्रश्नसँग प्रारम्भिक मण्डलीले ४५० वर्षसम्म सङ्घर्ष गरेको थियो । यो सारले यस प्रश्नको सबै उत्तर त दिएन् तर येशू खीष्ट व्यक्तिको सम्बन्धमा, मण्डलीको एउटा दह्रो शास्त्रप्रमाणिक स्थानचाहिँ अवश्य नै भयो ।

चाल्सीडोन सार:[1]

*हामी, त्यसपछि, पवित्र अग्रजहरूलाई पछ्याउँदै, सबै एकसाथ सहमत भएर, मानिसहरूलाई उही र एउटै मात्र पुत्र हाम्रो प्रभु येशू खीष्टलाई स्वीकार गर्नुपर्ने कुरा सिकाउँछौं । उहाँ त्रित्व परमेश्वरको शिरत्वमा पनि सिद्ध हुनुहुन्छ र मनुस्यत्वमा पनि; साँचो परमेश्वर साँचो मान्छे, तार्किक रूपमा आत्मा र प्राण भएको; परमेश्वरको शिरत्वअनुसार पितासँग उत्तिकै मात्रामा एकसमान तथा हामीसँग मनुष्यत्वअनुसार एकसमान; सबै कुराहरूमा हामीजस्तै, पापरहित; परमेश्वरको शिरत्वअनुसार पिताको सबै युगहरूभन्दा अघि नै जन्मनूभएको, अनि यी दिनहरूमा चाहिँ हाम्रो तथा हाम्रो मुक्तिको निम्ति कन्या मरियमबाट जन्मनुभएको र मनुष्यत्वअनुसार परमेश्वरको आमा; एक मात्र तथा उही खीष्ट, पुत्र, प्रभु र एक मात्र जन्मनुभएको, दुइ ओटा स्वभावहरूमा स्वीकार गरिएको, विना कुनै भ्रम वा परिवर्तन वा विभाजन वा अलग गर्न सकिने; अनि स्वभावको भिन्नतालाई एकताको कुनै पनि कुराले नहराउने तर प्रत्येक स्वभावको गुणलाई सुरक्षितसाथ राख्न एउटैमा अस्तित्व रहेको, दुइ व्यक्तिमा भए तापनि नता विभाजित वा टुक्रिएको, तर एक मात्र र उही पुत्र, अनि एक मात्र जन्मिएको, परमेश्वर वचन, येशू प्रभ; अनि उहाँको सम्बन्धमा अगमवक्ताहरूले शुरूआत्देखि नै घोषणा गरेको अनि येशू प्रभु आफैले नै हामीलाई सिकाउनुभएको अनि पवित्र अग्रजहरूका सारले हामीलाई सुम्पिदिएको ।*

देहधारिताबारे चाल्सीडोन सारको साराँशलाई कट्टरवादी, क्याथोलिक तथा प्रोटेष्टेन्ट लगायत सबै इसाईहरूले स्वीकार गरेका छन् । यसको शिक्षालाई सिकाउनको निम्ति चाल्सीडोन सारले हामीलाई यसरी बताउँछ:[2]

- खीष्टका दुइ पृथक स्वभावहरू: मानिसको र ईश्वरको रहेका छन् ।
- यी दुइ स्वभावहरू समिश्रित वा एक-आपसमा मिलेका छैनन् ।
- खीष्टको दुइ स्वभावहरू भए तापनि, खीष्ट एउटै व्यक्ति हुनुहुन्छ ।

येशू खीष्टको स्वभाव भनेको अति नै महत्वपूर्ण छ । उहाँले पापी मानवीयताको छुटकारालाई पूरा गर्नुभयो भनेर बाइबलले बताएको छ । उहाँ पूर्ण रूपले मानिस तथा ईश्वर हुनुहुन्थ्यो, तसर्थ मुक्तिदाता हुनको निम्ति योग्य हुनुहुन्थ्यो । उहाँको मानवीयतामा, उहाँ सिद्ध तथा पापरहित जीवन जिउनुभयो र सबै मानवीयतासँग परिचित हुँदै पापको दण्डलाई आफैमा लिन सक्षम हुनुभयो *(हिब्रू २:१०-१२)* । उहाँको ईश्वरत्वमा, उहाँले परमेश्वरको अनन्त पवित्रतालाई सन्तुष्ट पार्नु तथा प्रतिनिधित्व गर्नुहुन्छ *(हिब्रू २:१७)*। उहाँ पापको निम्ति मर्नुभयो, तर आफ्नै पापको निम्ति होइन *(हिब्रू ७:२६-२७)*। परमेश्वर हुनुभएको हुनाले, उहाँ जीवन हुनुहुन्छ र उहाँबाट उहाँको जीवनलाई लैजान सकिँदैन *(हिब्रू ७:१६)*।

## २. येशू खीष्टको व्यक्तित्व

येशू पूर्ण रूपले मान्छे र परमेश्वर हुनुहुन्छ भन्ने कुरा बाइबलले सिकाउँछ ।[३] उहाँ परमेश्वर-मान्छे हुनुहुन्छ । पवित्र आत्माको सामर्थ्यमा परमेश्वर येशू खीष्टमा देहधारी हुनुभयो र कन्या मरियमबाट जन्मिनुभयो *(लूका १:२६-३८) ।*[४]

*आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो (यूहन्ना १:१) ।*

येशू बेथलेहममा जन्मनुभन्दा अघि नै हुनुहुन्थ्यो ।[५] उहाँ पूर्ण रूपले परमेश्वर हुनुहुन्छ र अनन्ततादेखि नै अस्तित्वमा हुनुहुन्थ्यो *( यूहन्ना ८:५८; कलस्सी १:१६) ।*

*अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो (यूहन्ना १:१४) ।*

क. येशूको ईश्वरत्व[६]

- येशूको ईश्वरीय स्वभावलाई विभिन्न तरिकाले प्रदर्शन गरिएको हामी बाइबलमा देख्छौं । जब यी सबै प्रमाणलाई ध्यान दिइन्छ, हामीसँग येशूको ईश्वरीय स्वभावको निम्ति प्रभावकारी विषय रहेको हुन्छ ।
- परमेश्वर पिताले पवित्र आत्माको सामर्थ्यद्वारा येशू उहाँको पुत्र भएको घोषणा गर्नुहुन्छ ।

*येशू खीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरको पुत्र ठहरिनुभयो (रोमी १:४; मर्कूस १:१०-११) ।*

- येशूलाई परमेश्वरसँग परिचित गराईन्छ ।
    - येशू र परमेश्वर पिता एक हुनुहुन्छ: "म र मेरा पिता एक हौं *(यूहन्ना १०:३०; मत्ती १०:४०; ११:२७; यूहन्ना ३:३५; १४:१-११; १६:२८; १७:१०, २१-२३) ।"*
    - येशूले परमेश्वर पिता प्रकट गर्नुहुन्छ: *"परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ (यूहन्ना १:१८; र साथै २ कोरिन्थी ४:६; यूहन्ना ७:१६-१८; १२:४९-५०; १७:२५-२६) ।"*
    - येशू परमेश्वरको सठीक स्वरूप हुनुहुन्छ: *"किनकि खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ ( कलस्सी २:९ र हिब्रू १:१-३; २ कोरिन्थी ४:४ पनि हेर्नुहोला) ।"*
    - येशूले आफैलाई पृथ्वीमा परमेश्वरको प्रतिरुप हुनुहुन्छ भनेर दाबी गर्नुभयो । जस्तैः *"धार्मिक पिता, संसारले तपाईलाई चिन्दैन, तर म तपाईलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन् । मैले तपाईको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ (यूहन्ना १७:२५-२६ र मत्ती ११:२५-२७; यूहन्ना ३:१६; ८:१९, ३८ पनि हेर्नुहोला) ।"*
    - आत्माचाहिँ परमेश्वर र खीष्टबाट आउनुहुन्छ । जस्तैः *"यदि साँच्चै परमेश्वरको आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पाप-स्वषखभम होइन, तर पवित्र आत्मामा हुन्छौ (रोमी ८:९ र फिलिप्पी १:१९; १ थेस्सालोनिकी ४:८; १ पत्रुस १:११-१२ पनि हेर्नुहोला) ।"*
    - येशू परमेश्वरको बुद्धि र सामर्थ्य हुनुहुन्छ । जस्तैः *"यहूदीहरू आश्चर्यजनक चिन्हहरू माग्छन् अनि ग्रीकहरू बुद्धि खोज्छन्, तर हामी त क्रूसमा टाँगिनुभएको खीष्टको प्रचार गर्छौं: जो यहूदीहरूको निम्ति ठक्करका कारण र गैर-यहूदीहरूको निम्ति मूर्खता हुनुहुन्छ, तर परमेश्वरद्वारा बोलाइएकाहरू निम्ति त जो यहूदी अनि ग्रीक हुन्, खीष्ट परमेश्वरको शक्ति अनि परमेश्वरको बुद्धि हुनुहुन्छ (१ कोरिन्थी १:२२-२४) ।"*
- येशूसँग ईश्वरीय गुणहरू छन् ।[७]
    - येशू अनन्त हुनुहुन्छ: *"अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ (प्रकाश १:८; अनि यूहन्ना १:१; प्रेरित ३:१५; कलस्सी १:१७ पनि हेर्नुहोला) ।*
    - येशू सर्वशक्तिमान हुनुहुन्छ: *"तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, 'स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ'" (मत्ती २८:१८; अनि एफिसी १:१९-२१; कलस्सी २:१०; हिब्रू १:३; १ पत्रुस ३:२२ पनि हेर्नुहोला) ।*
    - येशू सर्वव्यापी हुनुहुन्छ: *"किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु; कलस्सी २:१०; हिब्रू १:३; १ पत्रुस ३:२२) ।"*
    - येशू सर्वज्ञानी हुनुहुन्छ: *"यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख । उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ । तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ" (१ कोरिन्थी ४:५; अनि प्रेरित १:२४; कलस्सी २:२-३; प्रकाश २:१९, २३ पनि हेर्नुहोला) ।*
    - येशूसँग जीवन छ र उहाँले जीवन दिनुहुन्छ: *"किनकि जसरी पिता आफैमा जीवन छ, त्यसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवन हुने अधिकार दिनुभएको छ" (यूहन्ना ५:२६; अनि कलस्सी ३:३-४; यूहन्ना १०:१७-१८; हिब्रू ७:१६; १ यूहन्ना ४:९; १ यूहन्ना ५:१२ पनि हेर्नुहोला) ।*

- येशूले ईश्वरीय कार्यलाई प्रदर्शन गर्नुहुन्छ ।
    - येशूले ब्रह्माण्डलाई सृष्टि गर्नुभयो र सञ्चालनमा राख्नुहुन्छ: "आदिमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । आदिमा उहाँ परमेश्वरसँग हुनुहुन्थ्यो । सबै कुराहरू उहाँद्वारा बनिए; बनाइएका कुराहरूमध्ये केही पनि उहाँविना बनिएन" *(यूहन्ना १:१-३; अनि कलस्सी १:१६; हिब्रू १:३* पनि हेर्नुहोला) ।
    - येशू प्राकृतिक नीतिभन्दा उच्च हुनुहुन्छ ।
        - उहाँले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो *(यूहन्ना १:१-११)।*
        - उहाँले पाँच हजारलाई खुवाउनुभयो *(मत्ती १४:१४-२०; मर्कूस ६:३४-४४; लूका ९:११-१८) ।*
        - उहाँ पानीमाथि हिँड्नुभयो *(मत्ती ६:४७-५५)* ।
    - येशूले पाप क्षमा दिनुभयो: *"यो करारको मेरो रगत हो, जो धेरैको पाप क्षमाको लागि बगाइनेछ" (मत्ती २६:२८; अनि मर्कूस २:१-१२; १०:४५; लूका ७:४८-४९) ।*
    - येशूले मृत्तकलाई बौरिउठाउनुभयो: येशूले तिनलाई भन्नुभयो, "जीवित पार्ने र जीवन दिने म नै हुँ । ममाथि विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ" *(यूहन्ना ११:२५; अनि मर्कूस ५:४१-४२; लूका २३:४२-४३; यूहन्ना ५:२१-२९) ।*
- पुरानो नियममा परमेश्वरलाई दिइएको नाउँहरू र शीर्षकहरू येशूलाई दिइएको छ । *(मत्ती १:२३; यशैया ७:१४); (मत्ती ३:३; यशैया ४०:३); (यूहन्ना १२:३८-४१; यशैया ५३:१, ६:१०); (रोमी १०:९-१३; यशैया २८:१६, योएल २:३२); (एफिसी ४:७-८; भजन ६८:१८); (तीतस २:१३; होशे १:७) ।*
- येशूले ईश्वरीय प्रतिष्ठा दावी गर्नुहुन्छ ।
    - येशूले परमेश्वरको अख्तियारको दावी गर्नुहुन्छ: तब येशू तिनीहरूकहाँ आउनुभयो अनि भन्नुभयो, *"स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८; अनि यूहन्ना ३:३१; ५:१९-२५; १७:२; मत्ती ५:४३) ।*
    - येशूले प्रार्थना, प्रशंसा र आराधनालाई स्वीकार गर्नुभयो: *"तब त्यसले टाढैबाट येशूलाई देख्यो, त्यो दगुरेर उहाँको सामुन्ने गई उहाँलाई दण्डवत् गऱ्यो । त्यो चर्को सोरमा यसरी करायो, 'हे सर्वोच्च परमेश्वरका पुत्र, येशू, तपाई मसित के चाहनुहुन्छ ? मलाई सताउँदिन भनी परमेश्वरको नाउँमा शपथ खानुहोस्'" (मर्कूस ५:६-७; अनि यूहन्ना ५:२३; १४:१४ पनि हेर्नुहोला) ।*

ख. येशूको मानवीयता[८]

प्रेरित यूहन्नाले उनको पहिलो पत्रमा येशूको मानवीयताबारे गवाही दिएका छन् *(१ यूहन्ना)* । शुरूआत्कै पदहरूमा, उनले तिनीहरूले येशू भन्ने मान्छेलाई छुएको, सुनेको, देखेको तथा सङ्गति गरेको कुरा बताएका छन् । आफ्नो अनुभवमा आधारित हुँदै, यूहन्नाले उहाँ पूर्णरुपमा मान्छे भएको कुरा घोषणा गर्छन् । सबै जीवनलाई अस्तित्वमा ल्याउनुहुने आफै नै मानवीय रुपमा आउनुभयो भनेर उनले दावी गर्छन्। उनले अझ घोषणा गर्छन्:

*तर हरेक आत्मा जसले येशूलाई शरीरमा आउनुभएको हो भनी स्वीकार गर्दैन त्यो परमेश्वरबाटको होइन । अनि यही नै ख्रीष्ट विरोधीको आत्मा हो, जो आउँछ भन्ने तिमीहरूले सुनेका छौ र अहिले नै पनि त्यो यस संसारमा आइसकेको छ ( ४:३) ।*

एउटा महान बाइबल शिक्षकले देहधारिता भनेको सुसमाचारसँग *सम्बन्धित सर्वोच्च रहस्य भएको कुरा बताएका छन् ।*[९]

<u>कन्याबाट जन्म:</u>

- मानवीय पिताविना पवित्र आत्माको अच्चमलाग्दो कामद्वारा येशू मरियमको कोखमा आउनुभयो भनेर बाइबलले सिकाउँछ । कन्याबाट जन्मिएको कुराले येशू मानिस नै हुनुपर्दछ भन्ने प्रमाणित हुन्छ भन्ने जरुरी छैन । तर कन्याबाट जन्मिएको हुनाले, व्यक्ति येशूमा मानवीयता र ईश्वरीयता एकीकरण हुन् सम्भव भयो ।[१०]
- येशू कन्याबाट जन्मिनुभएको कुरा चुनौतीपूर्ण छ । कतिपय मानिसहरूले बाइबलले कहिल्यै पनि कन्याबाट जन्मिएको कुरा नसिकाएको भनेर बताउने कोशिश गरे । उनीहरूका यो धारणालाई प्रदर्शन गर्न कठिन छ ।
- जब स्वर्गदूत गाब्रिएल मरियमकहाँ तिनको एउटा शिशू जन्मिने छ भनेर बताउन देखा परे, तिनले जवाफ दिए, यो कसरी हुन् सक्छ, किनकि म त कन्या नै हुँ *? (लूका १:३४)* । उनको जवाफबाट यो स्पष्ट हुन्छ कि कन्याबाट कुनै बच्चाको जन्म हुनु भनेको त्यो भौतिक रुपमा असम्भव हुन्छ भनेर मरियमले भनिरहेकी थिइन ।
- कन्याबाट जन्मने कुरालाई पुरानो नियममा यशैयाले अगमवाणी गरेका थिए, जब उनले यसरी लेखे, *"किनकि हाम्रो निम्ति एउटा बालकको जन्म भएको छ, हाम्रो निम्ति एउटा छोरा दिइएको छ, अनि शासन उहाँको काँधमा हुनेछ अनि उहाँलाई उदेकको सल्लाहकार सर्वशक्तिमान् परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार भनिनेछ" (९:६) ।* इममानूएलको अर्थ भनेको परमेश्वर हामीसँग हुन्छ। जसरी देहधारिता (परमेश्वर मान्छे हुने कुरा) अच्चमको छ, त्यो कुरा कन्याबाट एउटा छोरो जन्मिएको भौतिक अच्चमको कार्यद्वारा नै थालनी भयो ।
- येशूको मानवीयताको निम्ति कन्या जन्मको एउटा महत्वपूर्ण आशयलाई हामी गलाती ४:४ मा पाउँछौं । *तर जब तोकिएको समय आयो, परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो, उहाँ व्यवस्थाको अधीनमा रही एक स्त्रीबाट जन्मनुभयो ।*
    - यो खण्डमा, सामान्यतया मान्छेबाट भन्नुको सट्टामा येशू स्त्रीबाट जन्मिनुभएको कुरा हामीलाई बताइएको छ । बाइबलमा सामान्यतया उसको वा उनको पिताबाट कोही जन्मिएको छ तर उनको आमाबाट होइन भन्ने ढाँचालाई

नै झल्काएको हामी देख्छौं। यसले कन्या जन्मबारे प्रत्यक्ष नसिकाए तापनि, यो कथन येशू कन्याबाट जन्मनहुनेछ भन्ने अघिल्लो खण्डको शिक्षासँग बाझिएको छैन । यो खण्डमा के कुरा स्पष्ट छ भने, येशू स्त्रीद्वारा जन्मिनुभयो, तसर्थ उहाँ मान्छे हुनुहुन्छ । तसर्थ मानिसका सन्तानहरू मात्र महिलाहरूबाट जन्मिन्छन् ।

- येशू मान्छे भएर जन्मनुभयो भन्ने कथनको ईश्वरशास्त्रीय आशयलाई त्यसपछि पावलले वर्णन गर्छन् । उहाँ स्त्रीबाट मान्छे भएर जन्मनुभएको कारण, सबै मानिसहरूले पालना गर्नुपर्ने परमेश्वरको व्यवस्थाप्रति आज्ञाकारी हुनुपर्ने नैतिक जिम्मेवारी उहाँको थियो ।
- तसर्थ पापी मानिसले जे गर्न सकेनन्, त्यो परमेश्वरले गर्नुभयो । परमेश्वरले उहाँको पुत्रलाई मानवीय शरीरमा उहाँको व्यवस्थालाई पूरा गर्न पठाउनुभयो ।

*पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं (रोमी ८:३-४) ।*

उहाँसँग मानवीय स्वभाव रहेको छ ।[११]

- येशूको मानवीयतालाई समर्थन गर्ने कन्या जन्मको एउटा ईश्वरशास्त्रीय आशयको अतिरिक्त, शास्त्र येशू ख्रीष्टको मानवीय स्वभावलाई प्रदर्शन गर्ने प्रमाणहरूले भरिएको छ । येशूले मानिसको शारीरिक, भावनात्मक, बौद्धिक तथा नैतिक स्वभावलाई व्यक्त गर्नुभयो भनेर बाइबलले सिकाउँदछ ।
    - उहाँको शारीरिक स्वभाव– येशू उहाँको मानवीय शरीरमा उहाँलाई खाना खानु र विश्राम लिनुपर्दथ्यो *(मर्कूस ६:३१; मत्ती ४:२-३; लूका २:७, ५२; ९:५८; २३:२६; यूहन्ना ४:६; १९:२८) ।*
    - उहाँको भावनात्मक स्वभाव– येशूले उहाँको मानवीयतामा भावनाहरूलाई अनुभव गर्नुभयो र अभिव्यक्त गर्नुभयो *( मत्ती ८:१०; १७:१७; २६:३८; मर्कूस ८:१२; १०:२१; यूहन्ना ११:३३-३५; १२:२७; १३:२१) ।*
    - उहाँको बौद्धिक स्वभाव– येशूले उहाँको मानवीयतामा मानिससँग उहाँको बौद्धिक स्वभावलाई बाँड्नुभयो । उहाँ छिट्टै नै थाहा गर्ने हुनुहुन्थ्यो । उहाँले पढ्नुभयो । उहाँले सिक्नुभयो *(मत्ती १९:३-६; मर्कूस ६:३०-३२; १३:३२; लूका २:५२; ४:१६; यूहन्ना २:२३-२५; ६:१५) ।*
    - उहाँको नैतिक स्वभाव– येशूले उहाँको आत्मिक विवेकद्वारा मानिसहरूका नैतिक स्वभावलाई बाँड्नुभयो । उहाँले परमेश्वरको इच्छाको खोजी गर्नुभयो, नैतिक सामर्थ्यको प्रदर्शन तथा अरुको भलाईको निम्ति प्रतिबद्ध हुनुभयो *( मर्कूस १:३२-३४; लूका ४:१-१०; यूहन्ना १८:३-८; मत्ती १४:१४) ।*
- उहाँलाई मान्छे भनियो र मान्छे जस्तै व्यवहार गरियो ।
    - बप्तिस्मा दिने यूहन्नाले उनलाई मान्छे भनेर भने *(यूहन्ना १:३०) ।*
    - येशूले आफैलाई मान्छे भन्नुभयो *(यूहन्ना ८:४०)*।
    - उहाँको परिवारले उहाँलाई मान्छे जस्तै व्यवहार गर्नुभयो *(मर्कूस ३:३१-३५) ।*
    - धार्मिक अगुवाहरूले उहाँलाई मान्छेजस्तै व्यवहार गरे *(यूहन्ना ७:२७) ।*
    - भीडले उहाँलाई मान्छे भने (*मर्कूस ६:२-३)*।
    - पत्रुसले उनलाई मान्छे भने *(प्रेरित २:२२)*।

किन येशू पूर्ण रूपले परमेश्वर मान्छे हुनु आवश्यक थियो ?[१२]

- यो प्रश्नको सरल उत्तर यो छः *उहाँ हामी जस्तै हुनुभयो ताकि हामी उहाँ जस्तै हुन् सकौं ।* यो उत्तरको साथसाथै, किन येशू हामी जस्तै हुनु आवश्यक पर्दथ्यो भनेर वर्णन गर्ने चार कथनहरूलाई हामी प्रस्तुत गर्नेछौं ।
    - उहाँको मानवीयतामा, येशूले हाम्रो आज्ञाकारीतालाई प्रतिनिधित्व गर्नुभयो । उहाँमा कुनै पाप थिएन, अनि हाम्रो निम्ति आज्ञाकारी हुनुभयो जबकि आदममा सबै मानिसहरू असफल भएका थिए । अदनको बगैंचामा आदमलाई परीक्षामा परे *(उत्पत्ति ३:१-३:७),* अनि पाप गरे । येशूलाई मरूभूमिमा परीक्षा गरियो, तर उहाँले पाप गर्नुभएन *( लूका ४:१-१३)*।
    - उहाँको मानवीयतामो, येशू पापी मानिसहरूका ठाउँमा मर्नुभयो । येशू मान्छे हुनुपर्दथ्यो, नत्रता उहाँले पापी मानिसका पापहरूको दण्डलाई तिर्न सक्नुहुँदैन थियो *(हेर्नुहोस् २ कोरिन्थी ५:२१; हिब्रू २:१६-१७) ।*
    - उहाँको ईश्वरीयतामा, उहाँमाथि विश्वास राख्ने कसैको पनि पापलाई बोक्न सक्नुहुन्थ्यो । उहाँमाथि विश्वास गर्ने कसैको पनि पापहरूलाई बोक्नको निम्ति उहाँले तब मात्र सक्नुहुन्थ्यो जब उहाँ असीमित परमेश्वर हुनुहुन्छ *( यूहन्ना १:३-५; कलस्सी १:१३-२०) ।*
    - उहाँको मानवीयता र ईश्वरीयतामा, येशू परमेश्वर र मान्छेबीच मध्यस्थकर्ता हुनुहुन्छ । हाम्रा पापको कारण हामी परमेश्वरबाट टाढा भएको हुनाले, हामीबीच परमेश्वरलाई हामीसँग हामीलाई परमेश्वरसँग प्रतिनिधित्व गर्ने मध्यस्थकर्ताको आवश्यकता पर्‍यो । मध्यस्थकर्ता हुनको निम्ति, येशू पूर्ण रूपले मान्छे र परमेश्वर हुन् आवश्यक थियो *(१ तिमोथी २:५)*।
- येशू पूर्णरूपले परमेश्वर र मानिस हुनुभएको वर्णन[१३]
    - येशू ख्रीष्टको व्यक्तित्वमा ऐतिहासिक गल्तिहरू ।
        - येशूसँग मानिसको शरीर थियो तर मानिसका विवेक वा आत्मा होइन । ख्रीष्टको आत्मा र विवेकचाहिँ परमेश्वरको पुत्रको ईश्वरीय स्वभावबाट आउँथ्यो ।

- येशूमा दुइ अलग व्यक्तिहरू थिए, मानवीय व्यक्ति र ईश्वरीय व्यक्ति । तसर्थ येशू एउटै देहमा हुनुभएको दुइ व्यक्तिहरू हुनुहुन्छ ।
- येशूसँग मानवीय र ईश्वरीय स्वभावद्वारा बनेको एउटा नयाँ, विशेष स्वभाव थियो । दुवै मानवीय तथा ईश्वरीय स्वभाव परिवर्तन भएर तेस्रो पृथक मानवीय तथा ईश्वरीय स्वभाव भएको थियो ।

- ऐतिहासिक कट्टरवादी सारद्वारा येशू खीष्टबारे बताइएको कथन ।
  - नाइसिएन सार (सन ३२५)[१४] र कन्सटानटिनोपोल (सन ३८१)[१५]
    - सारांशः खीष्ट पितासँग उही तत्व र उहाँबाटै आउनुभएको भए तापनि, फरक व्यक्ति हुनुहुन्छ । कन्सटानटिनोपल परिषद् (सन ३८१) ले नाइसिएन सारको कथनलाई पुर्नसमर्थन गऱ्यो (सन ३२५) ।
    - नाइसिएन सारबाट निकालिएको खण्ड (सन ३२५): *हामी एउटै परमेश्वरमा विश्वास गर्छौं । पिता, सर्वशक्तिमान जसले स्वर्ग र पृथ्वी बनाउनुभयो, जसमा देखिएका र नदेखिएका सबै कुराहरू पनि पर्दछन् । हामी एउटा प्रभु येशू खीष्टमा विश्वास गर्दछौं, केवल परमेश्वरको एउटै मात्र पुत्र, पिताको अनन्त पुत्र, परमेश्वरबाटको परमेश्वर, ज्योतिबाटको ज्योति, साँचो परमेश्वरबाटको साँचो परमेश्वर, बनाइएको होइन तर पितासँग एउटै । उहाँद्वारा नै सबै कुराहरू बनिए । पवित्र आत्माको सामर्थ्यमा उहाँ कन्या मरियमबाट मान्छे भएर जन्मनुभयो र स्वर्गबाट मानिसहरूका निम्ति तिनीहरूका मुक्तिको निम्ति पृथ्वीमा आउनुभयो ।*
  - एफिसीको परिषद् *(सन ४३१)* ।[१६]
    - सारांशः यो परिषद्ले खीष्टको पूरा मानवीयता र ईश्वरीय स्वभावलाई एउटा व्यक्तिमा एकतामा रहेको घोषणा गऱ्यो ।
    - एफिसीको परिषद्बाट निकालिएको प्रमुख कथन (सन ४३१): परमेश्वरको वचन देहधारी हुनुभयो र मान्छे हुनुभयो ।
  - चाल्सीडोन सार (सन ४५१) ।[१७]
    - सारांशः यो सारले येशू एउटै व्यक्तिमा अलग गर्न नसिकने गरी एकतामा रहनुभएको पूर्ण परमेश्वर मान्छे हुनुहुन्छ भन्ने कुराको घोषणा गर्दछ । यसले ईश्वरीय र मानवीय स्वभाव एक-आपसमा मिश्रित छैन भन्ने कुरा स्पष्ट पार्दछ ।
    - *येशू खीष्ट यी सबै युगहरूभन्दा अघि त्रित्व परमेश्वरबाट जन्मनुभएको छ, अनि यी अन्तिम दिनहरूमा, हामी तथा हाम्रो मुक्तिको निम्ति कन्या मरियमबाट जन्मिनुभएको छ । उहाँको मानवीयताअनुसार तिनी परमेश्वरको आमा भएकी छिन् । एउटै र उही खीष्ट, पुत्र, प्रभु र एक मात्र जन्मिनुभएको, दुइ स्वभावहरू जुन मिश्रित छैन, परिवर्तन हुँदैन, विभाजन हुँदैन, अलग गर्न सकिँदैन। यसरी उक्त एकताले स्वभावको पृथकतालाई कदापि पनि हरण नगर्ने, तर प्रत्येक स्वभावको तत्व सुरक्षित रहने, अनि एउटै व्यक्ति र एउटै तत्वमा देखा पर्ने, दुइ व्यक्तिहरूमा विभाजन वा अलग नहुने, तर एउटै र उही पुत्र, एक मात्र जन्मिनुभएको, परमेश्वर वचन, प्रभु येशू खीष्ट...*

### ३. येशू खीष्टको सेवकाइ

क. उहाँको देहधारी पूर्वको सेवकाइ[१८]

- पूर्व-देहधारिता भन्नाले येशूले खीष्ट मान्छे भएर पृथ्वीमा आउनुभन्दा अघिको समय भन्ने बुझिन्छ । पुरानो नियममा, अन्य थुप्रै कुराहरूका साथसाथ, उहाँ संसारको सृष्टिमा सङ्लग्न हुनुहुन्थ्यो *(यूहन्ना १:१-३; कलस्सी १:१६-१७) ।*

ख. देहधारिताको सेवकाइ[१९]

- येशू खीष्टले आउँदै गर्नुभएको खीष्टको पुरानो नियमको अगमवाणीलाई पूरा गर्दछ ।

| **अगमवाणी** | **पूरा हुवाई** |
|---|---|
| महिलाबाट जन्मिएको सन्तानले सर्पलाई पराजित गर्नेछः *उत्पत्ति ३:१५* | *गलाती ४:४* |
| खीष्ट देहधारी हुनुपर्दथ्यो *मीका ५:२* | *रोमी ९:५* |
| खीष्ट अब्राहामको सन्तान हुनुहुन्छः *उत्पत्ति १२:३* | *प्रेरित ३:२५* |
| खीष्ट दाऊदको सन्तान हुनुहुन्छः *२ शामूएल ७:१२-१६* | *प्रेरित १२:२२-२३* |

- उहाँको जीवन
  - उहाँको बप्तिस्माः येशूलाई बप्तिस्मा लिनु आवश्यक थिएन । उहाँ पापविनाको परमेश्वरको एक मात्र पवित्र पुत्र हुनुहुन्छ । जेहोस्, उहाँले दुइओटा कारणहरूका निम्ति बप्तिस्मा लिनुभयोः
    - इस्राएलीहरू पश्चातापी हुनु आवश्यक थियो भन्ने सम्बन्धमा, बप्तिस्मा दिने यूहन्नाको सन्देशसँग आफैलाई परिचित गराउन येशूले बप्तिस्मा लिनुभयो।
    - परमेश्वरको कार्यलक्ष्यलाई पूरा गर्नको लागि येशूले पृथ्वीमा सेवकाइ थालनी गर्नुपर्ने थियो । तसर्थ उहाँले बप्तिस्मा लिनुभयो । यो दुइ प्रकारले भयोः पहिलो, जब परमेश्वर पिताले स्वर्गबाट घोषणा गर्नुभयो, *यो मेरो छोरा हो जोसँग म एकदमै खुशी छु* र दोस्रोचाहिँ जब पवित्र आत्मा उहाँको सेवकाइलाई सामर्थ्यवान तुल्याउन उहाँमाथि आउनुभयो । *मत्ती ३:१-१७ ।*

- उहाँले सिद्ध पापरहित जीवन विताउनुभयोः उहाँको जीवनकालभरि नै पापको परीक्षामाथि येशूले विजय हाशिल गर्नुभयो । तर उहाँले इन्कार गर्नुभएका केही महत्वपूर्ण समयहरू रहेका थिए । जस्तैः
  - पहिलो, येशू मरूभूमिमा चालीस दिनसम्म परीक्षामा पर्नुभयो । ती दिनहरूमा, उहाँले दुष्टको परीक्षामाथि विजय हाशिल गर्नुभयो *(लूका ४:१-१३)*। दुष्टलाई पराजित गर्ने क्रममा, येशूले थुप्रै महत्वपूर्ण कुराहरू गर्नुभयो ।
    - उहाँले परमेश्वरको कार्यलक्ष्यप्रति प्रतिबद्धता र आज्ञाकारिता देखाउनुभयो, अनि पापरहित हुनुभयो र मुक्तिदाताको योग्यतालाई पूरा गर्नुभयो *(२ कोरिन्थी ५:२१; १ पत्रुस २:२२) ।*
    - परीक्षामाथि विजय कसरी हुने हो भनेर उहाँले देखाउनुभयो *(१ पत्रुस २:२३; १ कोरिन्थी १०:३१) ।*
    - उहाँले हाम्रा कमजोरीहरूसँग सहानुभूति प्रदर्शन गर्न सक्नुहुन्छ *(हिब्रू २:१८; ४:१५) ।*
  - दोस्रो, जब येशूले रोमी सेनाहरूका कठोर कुटाईहरूलाई सहनुभयो अनि उहाँको मृत्युमाथि गेत्समनीमा दुःख व्यक्त गर्नुभयो, तब उहाँले परीक्षामाथि विजय हुनु भन्ने कुरालाई बाइबलले प्रदर्शन गर्दछ *(मत्ती २६:३९; हिब्रू ५:८; १ पत्रुस २:२२-२३) ।*
- उहाँको जीवनमा, येशूले अगमवक्ताको तीन भूमिकालाई ओगेड्नु हुन्छ र अभ्यास गर्नुहुन्छ *(मत्ती १३:५७), पूजाहरी (हिब्रू ५:१-१०),* अनि राजा (यशैया ९:६-७ *को अगमवाणी; लूका १:३१-३३* मा पूरा हुन्छ) ।

*ख्रीष्टको तीन भूमिका, अगमवक्ता, पूजाहरी तथा राजा; उहाँको देहधारिताको प्रमुख उद्देश्य हुन् । उहाँको अगमवक्ताको भूमिकाले परमेश्वरको सत्यताको प्रकाश; पूजाहरीको भूमिकाले उहाँको मुक्तिदाता तथा मध्यस्थकर्ताको कार्य तथा उहाँको राजाको भूमिकाले इस्राएल तथा सम्पूर्ण पृथ्वीमाथि शासन गर्ने उहाँको अधिकारलाई देखाउँछन् । ख्रीष्टमा यी कार्यालयहरूका सर्वोच्च प्रतिष्ठा पूरा हुन्छ ।*[२०]

- उहाँको शिक्षा ।
  - येशूको शिक्षा दिने सेवकाइ दुइ विषयहरूमा केन्द्रीत छन्ः
    - येशूले मानिसलाई पश्चाताप गर्दै विश्वास गर्ने बोलाहट दिनुहुन्छ किनकि परमेश्वरको राज्य नजीकै थियो । परमेश्वरको राज्यले उहाँको शासन र नीतिलाई सङ्केत गर्दछ । अनि परमेश्वरको राज्यमा शान्तिपूर्वक मानिसहरू बस्न सक्नको निम्ति उनीहरू आफ्ना पापहरूबाट फर्कंदै उहाँमा पूर्णरूपले भरोसा गर्दै बस्न सक्नुपर्दछ *(मत्ती ६:३३; १९:२४; मर्कूस १:१५; ९:४७; लूका १३:१८-२९) ।*
    - परमेश्वरको राज्यमा हामी कसरी बस्नुपर्दछ भनेर येशूले सिकाउनुभयो । उदाहरणको लागि *मत्ती ५-७* मा अभिलिखित डाँडाको उपदेशलाई हेर्नुहोस् ।
- उहाँको अच्चमका कामहरू
  - येशूले थुप्रै अच्चमका कामहरू देखाउनुभयो । उहाँले धेरैबाट भूतत्माहरू निकाल्नुभयो, बिमारीलाई चङ्गाई गर्नुभयो, अन्धोलाई आँखा दिनुभयो अनि मानिसलाई मृत्युबाट जीवित पार्नुभयो । यी अच्चमका कामहरूले येशूमाथि परमेश्वरको सामर्थ्य रहेको र उहाँ आफ्नो सेवकाइको निम्ति आधिकारिक रहनुभएको कुरालाई प्रदर्शन गर्दथ्यो । तर अझ स्पष्टसँग भन्नुपर्दा, उहाँको अच्चमका कामहरूले उहाँ लामो-समयदेखि प्रतिक्षा गरिनुभएको ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा निश्चित गर्दथ्यो । परमेश्वरले उहाँका मानिसहरूलाई येशू आउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको थियो *( लूका ४:१६-१९; यशैया ६१:१-३) ।*
- उहाँको सेवकाइः
  - येशूको सेवकाइ अति गम्भीर थियो । यसमा परीक्षालाई इन्कार गर्ने मात्रा होइन, प्रचार गर्ने, शिक्षा दिने र अच्चमका कामहरू प्रदर्शन गर्ने जस्ता क्रियाकलापहरू पनि समावेश थिए ।
    - मानिसहरूलाई येशूले दया देखाउनुभयो भनेर कम्तीमा १४ पटकसम्म बाइबलले बताएको छ । जब मानिसहरूका आवश्यकतालाई उहाँले वास्ता गर्नुभयो, यो दया प्रदर्शन भयो *(मत्ती ९:३६; मर्कूस ५:१९; लूका ७:१३) ।*
    - येशूले सेवकको नेतृत्वलाई पनि प्रदर्शन गर्नुभयो *(मर्कूस १०:४५, यूहन्ना १३:१-१७) ।*
    - परमेश्वरको कार्यलक्ष्यको लागि येशूले भविष्यका अगुवाहरूलाई तालीम दिनुभयो *(मर्कूस ४:३३-३४; ६:७-१२; ८:३४-३८)* ।

ग. मृत्यु

- येशू पृथ्वीमा एउटै उद्देश्यको लागि आउनुभयो अनि त्योचाहिँ उहाँको जीवनलाई धेरैका निम्ति छुटकाराको मोलस्वरूप दिनको निम्ति थियो *(मर्कूस १०:४५; साथै मत्ती २०:१७-१९; लूका ९:२०-२२; १९:८-१०; यूहन्ना १०:१४-१८) ।*
- येशूको मृत्यु भनेको स्वेच्छित बलिदान थियो र मुक्तिको निम्ति उहाँको नाउँमाथि पुकारा गर्ने कसैले पनि त्यो पाउँदथे *( यूहन्ना १०:१५-१८) ।*
  - *रगत नबगाईकन कुनै क्षमादान छैन भनेर बाइबलले सिकाउँछ (हिब्रू ९:२२) ।* एक प्रतिष्ठित बाइबलका शिक्षकले उहाँको *मृत्यु मृत्युको पनि मृत्यु* थियो किनकि संसारको पापहरूका निम्ति त्यो विशेष किसिमको छुटकारा तथा बलिदान थियो भनेर भनेका छन् ।
- उहाँको मृत्युमा, येशूले निम्न कुराहरू सहनुभयोः
  - शारीरिक पीडा *(यूहन्ना १९:३१-३३)*।
  - पापलाई बोकेको पीडा *(गलाती ३:१३; १ पत्रुस २:२४)*।
  - पिताद्वारा त्यागिनुभएको *(मत्ती २६:५६; २७:४६)*।
  - पापप्रति परमेश्वरको क्रोध *(रोमी ३:२५-२६)*।

- उहाँको मृत्युमा येशूले निम्न कुराहरू पूरा गर्नुभयो:
    - उहाँमाथि विश्वास राख्नेहरूका पापको दण्डलाई तिर्नुभयो *(हिब्रू ९:२६) ।*
    - उहाँमाथि विश्वास गर्नेहरूका पापप्रति परमेश्वरको क्रोधलाई सन्तुष्ट पार्नुभयो *(१ यूहन्ना ४:१०)*।
    - उहाँमाथि विश्वास राख्नेहरूलाई परमेश्वरसित पुर्नमिलन गराउनू *(रोमी ५:१०) ।*
    - पापको सामर्थ्य र दोषबाट विश्वास गर्नेहरूलाई छुटकारा दिनू *(१ यूहन्ना ५:१९; हिब्रू २:१५) ।*
- उहाँमाथि विश्वास राख्नेहरू सबैका पापको समस्यामाथि येशूले आफ्नो मृत्युमा स्थायी विजय हाशिल गर्नुभयो ।
    - उहाँ एकै पटक सदाको निम्ति मर्नुभयो *(रोमी ६:१०; १ पत्रुस ३:१८) ।*
    - ख्रीष्टमा रहनेहरूका निम्ति कुनै दण्ड छैन (रोमी ८:१) ।

घ. पुर्नउत्थान[२१]

- येशू शरीरमै मृत्युबाट जीवित भई उठ्नुभयो भनेर बाइबलले सिकाउँछ। यो शरीरमा, उहाँलाई मानिसहरूले देखे, सुने र छोए *(मत्ती २८:६-१०; यूहन्ना २०:२६-२८) ।*
- येशू ख्रीष्टको बौरिउठाईले पापीहरूका निम्ति क्रूसमा येशूको मर्ने कार्य पूरा भएको र उहाँले वास्तवमै अनन्त जीवनको कार्यलाई पूरा गर्नुभएको घोषणा हुन्छ *(रोमी १:३-४; १ पत्रुस १:३-५) ।*[२२]
- उहाँको बौरिउठाईमा, मृत्यु र पापको सामर्थ्य विफल भएको प्रदर्शन हुन्छ *(१ कोरिन्थी १५:५५-५८)*।

ङ. येशूको स्वर्गारोहण[२३]

- उनीहरूका सेवकाइ तिनीहरूलाई सामर्थ्यवान बनाउनको निम्ति येशूले आफ्ना चेलाहरूमा उहाँको आत्मालाई पठाउनुअघि, उहाँ स्वर्गारोहण हुनुभयो *(प्रेरित १:९)*।
- अब, देहधारी हुनुभएको परमेश्वरको पुत्र सबै कुराहरूमाथि शासन गर्नुहुन्छ *(मत्ती २८:१८)*। उहाँ परमेश्वरको महिमित पुत्रको रूपमा यो कार्य गर्नुहुन्छ *(एफिसी १:१९-२२; कलस्सी ३:१; १ पत्रुस ३:२२)*। उहाँले निरन्तर आफ्ना मानिसहरूका निम्ति अर्न्तविन्ती गर्नुहुन्छ *(१ यूहन्ना २:१; रोमी ८:३४),* मण्डलीलाई सुधार गर्नको निम्ति उहाँले वरदानहरू दिनुहुन्छ *( एफिसी ४:१०-१४),* अनि सान्त्वना दिन, मार्गदर्शन दिन र उनीहरूलाई सामर्थ्यवान बनाउन उहाँले पवित्र आत्मा पठाउनुहुन्छ *(यूहन्ना १६:६-११; प्रेरित १:८) ।*

च. येशूको वर्तमान सेवकाइ[२४]

- येशू आफ्ना मानिसहरूका निम्ति प्रार्थना गरिरहनुहुन्छ *(हिब्रू ७:२५; १ यूहन्ना २:१; यूहन्ना १७:१५) ।*
- उहाँले हाम्रो निम्ति स्थान तयार पारिरहनुभएको छ *(यूहन्ना १४:३)*।
- उहाँले अहिले मण्डली निर्माण गरिरहनुभएको छ, जुन उहाँको देह हो *(मत्ती १६:१८) ।*
- उहाँले मानिसहरूलाई वरदानहरू दिनुहुन्छ *(एफिसी ४:११)*।
- उहाँले सबै विश्वासीहरूमा रहनुहुन्छ *(गलाती २:२०)*।
- उहाँले हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ *(यूहन्ना १४:१२,१४)*।
- उहाँले निश्चित आवश्यकतालाई सहायता गर्न विशेष मद्दत दिनुहुन्छ *(हिब्रू ४:१६),* विशेष गरी परीक्षाको समयहरूमा *( हिब्रू २:१८) ।*
- उहाँ आफ्ना अनुयायीहरूका फलोत्पादनसँग चिन्तित हुनुहुन्छ *(यूहन्ना १५:१-१६) ।*
- महान आज्ञालाई पूरा गर्नको निम्ति उहाँ हामीसँगै कार्यलक्ष्यमा हुनुहुन्छ *(मर्कूस १६:१९-२०)*।

छ. येशूको भविष्यको सेवकाइ[२५]

- येशूको भविष्यको सेवकाइको अधिकाँश छलफललाई हामी भविष्यका कुराहरू भन्ने अध्यायमा सम्बोधन गर्नेछौं । उनीहरूका मुक्तिलाई पूरा गर्नको निम्ति मण्डलीले निरन्तर रूपमा मुक्तिदाताको प्रतिक्षा गरिरहेको छ भन्ने कुरालाई टिपोट गर्नु महत्वपूर्ण छ । क्रूसमा उहाँले पूरा गर्नुभएको कार्यले तिनीहरूका मुक्तिलाई पूरा गरेको छ, तर जब येशू उहाँका मानिसहरूका लागि फर्कनुहुनेछ, उहाँले सधैंको निम्ति त्यो पूरा गर्नुहुनेछ र त्यहाँ कुनै पापको उपस्थिति वा पीडा हुनेछैन *(१ पत्रुस १:६-९) ।*
- जब उहाँ फर्कनुहुनेछ, तब येशूको सेवकाइ समाप्त हुनेछ भनेर हामीले प्रतिक्षा गर्दै रहनुपर्दछ ।
    - उहाँले शैतानलाई पराजित गर्नुहुनेछ र आगोको समुद्रमा त्यसलाई खसाल्नुहुनेछ *(प्रकाश २०:७-१०)*।
    - उहाँले पापको विरुद्धमा उहाँको न्यायलाई पूरा गर्नुहुनेछ *(प्रकाश ५:१-१०) ।*
    - उहाँले अनन्तसम्म आफ्ना मानिसहरूसँग रहनुहुनेछ *(प्रकाश २१-२२) ।*

**प्रतिबिम्बका निम्ति प्रश्नहरू:**

१. **के संसारको निम्ति मुक्तिदाता हुनुको निम्ति येशूलाई पूर्णरूपले मान्छे र परमेश्वर हुनुपर्दछ ? किन ?**

**२. येशूको ईश्वरत्वको निम्ति हामीसँग कस्तो प्रमाण छ ? येशूको मानवीयताको निम्ति हामीसँग कस्तो प्रमाण छ ?**

**३. येशूको सेवकाइमा, उहाँको बौरिउठाई र पुर्नउत्थानको कस्तो महत्व छ ?**

**४. मण्डली स्थापना गर्ने तपाईको कार्यलक्ष्य र उद्देश्यमा येशू ख्रीष्टबारेको सिद्धान्तलाई जान्नाले कस्तो प्रभाव पार्दछ ?**

**येशू ख्रीष्टको सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

***फिलिप्पी २:५-११***

क. येशूको मानवीयता

- येशूले आफैलाई परमेश्वरको बराबरी भएर पनि त्यसैमा आधारित हुनुभएन ।
- उहाँ सेवा लिनलाई होइन, सेवा गर्न आउनुभयो ।

ख. येशूको आज्ञाकारिता

- आज्ञाकारिताले पछ्याउनुपर्ने कुनै कुरा भएको सङ्केत गर्दछ ।
- येशू परमेश्वर पिताको आज्ञाकारी हुनुहुन्छ ।
- परमेश्वर पिताले पठाउनुभयो *(यूहन्ना ३:१६)* ।
- मुक्ति भनेको अन्तिममा परमेश्वर पिताको योजना हो *(एफिसी १:९-१०)।*

ग. येशू उच्च पारिनुभएको

- येशू नै प्रभु हुनुहुन्छ भनेर प्रत्येक जिब्रोले स्वीकार गर्ने र प्रत्येक घुँडा टेकिनेछ ।
- परमेश्वर पिताले उहाँलाई एउटा नाउँ दिनुहुनेछ जो सबै नाउँहरूभन्दा उच्च हुनेछ ।

*किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लागउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लागउँछन् । किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो । किनभने पापमय शरीरतिर लागेका मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ । पापमय स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्। यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ । तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदै होइन । यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमहिरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन् । तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमहिरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ । यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं । किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौं, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्*
*(रोमी ८:५-१४) ।*

## १. परिचय

यो अध्यायले पवित्र आत्माको सिद्धान्तबारे अन्वेषण गर्दछ । हामीले अघिबाटै अघिल्ला अध्यायहरूमा पवित्र आत्माबारे विभिन्न ठाउँहरूमा छलफल गरिसकेका छौं । तरैपनि, यो अध्यायको उद्देश्य भनेको पवित्र आत्माको काम तथा स्वभावलाई विशेष प्रकारले जोड दिनु हो । हामी पवित्र आत्मालाई दिइएको विशेष क्रियाकलापहरूमा विशेष प्रकारले ध्यान दिनेछौं ।

पवित्र आत्माचाहिँ त्रित्वको तेस्रो व्यक्ति हुनुहुन्छ अनि उहाँको काम भनेको यस संसार र मण्डलीमा परमेश्वरको उपस्थितिलाई प्रदर्शन गर्नु हो । यो अध्यायमा, किन येशूले यसरी भन्नुभयो, *"तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ । किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु (यूहन्ना १६:७)।"*

## २. पवित्र आत्माको व्यक्तित्व[१]

प्रायः पवित्र आत्मालाई पृथक व्यक्ति भन्नुको सट्टामा एउटा शक्ति *(परमेश्वरको सामर्थ्य)* को रूपमा हेर्ने गरिन्छ । योचाहिँ बाइबलमा पवित्र आत्मालाई दिइएको नाउँहरू तथा सङ्केतहरूले गर्दा यस्तो देखिएको हो (उदाहरणको लागि, यो अध्यायको ४ र ५ खण्डलाई हेर्नुहोस्) ।

जेहोस्, पवित्र आत्मा एउटा व्यक्ति भएको कुरा बाइबलले सिकाउँछ । पवित्र आत्मालाई यसरी हेर्नू दुइ ओटा कारणहरूले गर्दा महत्वपूर्ण छन् । जस्तै उहाँ जो हुनुहुन्छ त्यही अनुसार पवित्र आत्मालाई सम्मान दिनू तथा त्रित्वको सिद्धान्त (तीन व्यक्तिहरूका एक परमेश्वर) लाई कायम राख्नू हो ।

क. व्यक्तिगत सर्वनामको पुलिङ्ग प्रयोगले पवित्र आत्माको व्यक्तित्वबारे सिकाउन मद्दत गर्छ ।

- *यूहन्ना १६:७-१३* मा, पुलिङ्ग व्यक्तिगत सर्वनाम (ऊ वा उनी) को प्रयोग <u>बाह्र पटकसम्म</u> भएको छ । यो महत्वपूर्ण निरीक्षण हो किनकि यदि पवित्र आत्मा व्यक्ति हुनुहुन्छ भने, पुलिङ्ग प्रयोग आवश्यक हुन्छ ।

ख. येशूले दिनुभएको सहयोगी नामक नाउँद्वारा पवित्र आत्माको व्यक्तित्वबारे सिकाइन्छ ।

- येशूले पवित्र आत्मालाई दिनुभएको सहयोगी नामक नाउँले उहाँलाई एक व्यक्तिगत प्रभावकारी व्यक्तिको रूपमा प्रस्तुत गर्दछ *(यूहन्ना १६:७; १४:१६) ।*
  - उहाँले संसारलाई पाप, धार्मिकता तथा न्यायबारेमा दोषी ठहराउनुहुन्छ *(यूहन्ना १६:८)* ।
  - एहाले सबै सत्यतामा डोर्‍याउनुहुनछ *(१६:१३)* ।
  - उहाँले जे सुन्नुहुन्छ त्यही बोल्नुहुन्छ *(यूहन्ना १६:१३)* ।
- पवित्र आत्मा सहयोगी हुनुभएको कुरा बुझाउन *यूहन्ना १४ र १६* मा प्रयोग भएको शब्दलाई *१ यूहन्ना २:१* मा भएको येशूको सेवकाइलाई सङ्केत गर्न पनि प्रयोग गरिएको छ ।

*मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु । तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट (१ यूहन्ना २:१) ।*

ग. पवित्र आत्माको व्यक्तित्वलाई देखिन्छ किनकि उहाँबारे वर्णन गर्न बाइबलले व्यक्तिगत गुणहरूलाई प्रयोग गरेको छ । जस्तैः

- <u>उहाँसँग विवेक छ:</u> *मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ (रोमी ८:२७) ।*
- <u>उहाँसँग इच्छा छ:</u> *तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन् उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ (१ कोरिन्थी १२:११) ।*
- *उहाँसँग भावना छ: अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ (एफिसी ४:३०) ।*

घ. व्यक्तिगत कार्यको श्रेय उहाँलाई दिएर पवित्र आत्माको व्यक्तित्वलाई सिकाइन्छ । जस्तैः

- <u>उहाँले बोल्नुहुन्छ:</u> *तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग (प्रेरित ८:२९; अनि प्रेरित १०:१९; १३:२, २०:२८ पनि हेर्नुहोला) ।"*
- <u>उहाँले डोऱ्याउनुहुन्छ:</u> *तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका हौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ ( गलाती ५:१८; अनि रोमी ८:१४ पनि हेर्नुहोला) ।*
- <u>उहाँले सिकाउनुहुन्छ:</u> *तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ (यूहन्ना १४:२६; र यूहन्ना १६:१३-१५ पनि हेर्नुहोला) ।*
- <u>उहाँले न्याय गर्नुहुन्छ:</u> *अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ (यूहन्ना १६:८)।*
- <u>उहाँले प्रेम गर्नुहुन्छ:</u> *भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु (रोमी १५:३०) ।*

ङ. मानिसहरूले उहाँप्रति देखाउने प्रतिउत्तरहरू तथा विचारहरूद्वारा पवित्र आत्माको व्यक्तित्वबारे सिकाइन्छ ।

- <u>उहाँको असम्मान गर्न सकिन्छ:</u> *तिमीहरू आफै विचार गर: परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन् कतिको बढी कडा दण्डको योग्य ठहरिनेछ (हिब्रू १०:२९) ।*
- <u>उहाँलाई ढाँट्न सकिन्छ:</u> *तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो (प्रेरित ५:३) ?"*
- <u>उहाँलाई इन्कार गर्न सकिन्छ:</u> *आत्मालाई ननिभाओ (१ थेस्सालोनिकी ५:१९) ।*

## ३. पवित्र आत्माको ईश्वरत्व[२]

क. पवित्र आत्मा ईश्वरीय हुनुहुन्छ ।

- <u>पवित्र आत्मालाई परमेश्वर भनिन्छ:</u> *तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो ? त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन ? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र ? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो ? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ (प्रेरित ५:३-४) ।"*
- <u>आत्मालाई चाहिँ यहोवासँग परिचित गराइन्छ:</u> *पवित्र आत्माले पनि हामीलाई गवाही दिनुहुन्छ । पहिला उहाँ भन्नुहुन्छ, "ती दिनपछि तिनीहरूसँग बाँध्ने मेरो करार यही हो, परमप्रभु भन्नुहुन्छ, तिनीहरूका हृदयमा म मेरा व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु । तब उहाँ भन्नुहुन्छ: तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू म फेरि सम्झनेछैनँ (हिब्रू १०:१५-१७; अनि इजकिएल ३७:१; मीका ३:८ पनि हेर्नुहोला ) ।"*
- <u>पवित्र आत्मालाई ईश्वरीय भनेर भनिन्छ:</u> *तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ (मर्कूस ३:२९) ।*

ख. उहाँ परमेश्वर पिता र पुत्र परमेश्वरसँग बराबर हुनुहुन्छ ।

- पवित्र आत्मा परमेश्वर पिता र पुत्र परमेश्वरसँग बराबर हुनुभउको कुरालार्य शास्त्रमा स्पष्ट पारिएको छ ।
  - येशूले त्यो घोषणा गर्नुहुन्छ *(मत्ती २८:१८-२०, यूहन्ना १४:१६)*।
  - प्रेरित पावलले त्यो घोषणा गर्छन् *(२ कोरिन्थी १३:१४)* ।
  - प्रेरित पत्रुसले त्यो घोषणा गर्छन् *(१ पत्रुस १:२)*।
- पवित्र आत्माको परमेश्वर पिता र पुत्रसँगको सम्बन्धले उहाँ दुवैसँग बरार हुनुभएको कुरालाई निश्चित पार्दछ ।
  - परमेश्वर पितासँग उहाँको सम्बन्ध
    - परमेश्वर पिताको आत्मा भनेर घोषणा गरियो *(एफिसी ३:१६)*।
    - यहोवा परमेश्वरको आत्मा भनेर घोषणा गरियो ।
    - परमेश्वर पिताले उहाँको आत्मा भनेर घोषणा गर्नुभयो *(मत्ती १२:१८)* ।
  - पुत्र परमेश्वरसँग उहाँको सम्बन्ध

- येशू ख्रीष्टको आत्मा भनेर घोषणा गरियो *(गलाती ४:६, फिलिप्पी १:१९) ।*

- ईश्वरीय क्रियाकलापमा पवित्र आत्माको सहभागिताले उहाँ परमेश्वर पिता र पुत्रसँग बराबरी हुनुभएको निश्चित पार्दछ ।
  - येशूको बप्तिस्मामा, येशू उहाँको प्रिय पुत्र भएको तथा उहाँलाई सेवकाइमा सामर्थ्यवान तुल्याउनको निम्ति उहाँ पठाइनुभएको घोषणा गर्न पवित्र आत्मालाई पिताले पठाउनुभयो *(मत्ती ३:१६-१७)।*
  - जब येशूलाई मरूभूमिमा परीक्षा गरियो, उहाँ पवित्र आत्माद्वारा डोऱ्याइनुभयो *(मत्ती ४:१-७)*।
  - परमेश्वरले पवित्र आत्मालाई येशूलाई मृत्युबाट बौरिउठाउन पठाउनुभयो *(रोमी ८:११)*।
  - येशूले पवित्र आत्मालाई उहाँको मण्डली तथा उहाँको कार्यलक्ष्यलाई सामर्थ्यवान तुल्याउन पठाउनुभयो *(प्रेरित १:८)* ।

ग. उहाँसँग परमेश्वरको गुणहरू छन् । जस्तैः

- <u>उहाँ सर्वव्यापी हुनुहुन्छः</u> *तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु? अथवा तपाईंको उपस्थितिबाट म कहाँ भाग्न सक्छु ? म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ ( भजन १३९:७-८) ।*
- <u>उहाँ सर्वज्ञानी हुनुहुन्छः</u> *परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ । मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन (१ कोरिन्थी २:१०-११) ।*
- <u>उहाँ सर्वशक्तिमान हुनुहुन्छः</u> पृ*थ्वी आकारविनाको र शून्य थियो । अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो (उत्पत्ति १:२) ।*
- <u>उहाँ अनन्त हुनुहुन्छः</u> *ख्रीष्टको रगतले त झन् कति बढी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक । किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो (हिब्रू ९:१४) ।*

## ४. पवित्र आत्माको नाउँहरू र शीर्षकहरू[३]

क. *परमेश्वरको आत्मा (१ कोरिन्थी २:११; ३:१६) ।* यसले पवित्र आत्माको परमेश्वरसँगको ईश्वरीय सम्बन्ध तथा परमेश्वरको उद्देश्यहरूमा उहाँहरूको एकतालाई प्रदर्शन गर्दछ ।

ख. *ख्रीष्टको आत्मा (रोमी ८:९) ।* यसले पवित्र आत्माको पुत्र परमेश्वर तथा येशू ख्रीष्टद्वारा दिइएको मुक्तिको परमेश्वरको योजनामा उहाँहरूका एकतालाई प्रदर्शन गर्दछ ।

ग. *अनन्त आत्मा (हिब्रू ९:१४) ।* उहाँ अनन्त भएको हुनाले पवित्र आत्माद्वारा परमेश्वरले गर्नुहुने कामलाई यसले समर्थन गर्दछ ।

घ. *सत्यको आत्मा (यूहन्ना १६:१३,२) ।* पवित्र आत्माले परमेश्वरको विचार तथा सबै सत्यतालाई जान्नुहुन्छ र यसरी उहाँले सत्यतालाई प्रकट गर्न सक्नुहुन्छ *(१ कोरिन्थी २:१०)*।

ङ. *अनुग्रहको आत्मा (हिब्रू १०:२९) ।* मुक्तिको अनुग्रह त्रित्वको सबै व्यक्तिहरूबाट आउँछ अनि यसरी विश्वासीहरूमा पवित्र आत्माको प्रमुख स्वभाव भनेको अनुग्रह नै हो ।

च. *महिमाको आत्मा (१ पत्रुस ४:१४) ।* उहाँको सामर्थ्यद्वारा जिउनेहरूमा आत्माको महिमा तथा सम्मान हुन्छ ।

छ. *जीवनको आत्मा (रोमी ८:२) ।* पवित्र आत्मा आत्मिक तथा अनन्त जीवनको दाता हुनुहुन्छ ।

ज. *प्रकाश तथा बुद्धिको आत्मा (एफिसी १:१७) ।* पवित्र आत्माले साँचो, जीवन परिवर्तन हुने र आत्मिक बुझाइलाई प्रकट गर्नुहुन्छ ।

झ. *सान्त्वना दिने (यूहन्ना १४:२६) ।* पवित्र आत्माले परमेश्वरका मानिसहरूलाई परमेश्वरको सत्यतामा डोऱ्याउनुहुन्छ ।

ञ. *प्रतिज्ञाको आत्मा (प्रेरित १:४-५) ।* परमेश्वरले उहाँको मानिसहरूसँग गर्नुभएको उहाँको प्रतिज्ञालाई पूरा गर्नुहुन्छ भन्ने गवाही आत्माले दिनुहुन्छ।

ट. *धर्मपुत्रको आत्मा (रोमी ८:१५) ।* पवित्र आत्मा पाउनेहरू परमेश्वरको परिवारमा धर्मपुत्र बनाइएका छन् ।
ठ. *पवित्रताको आत्मा (रोमी १:४) ।* उहाँ पवित्र हुनुहुन्छ । पवित्र आत्माले जे पनि गर्नुहुन्छ, त्यो धर्मी र न्यायिक हुन्छ ।

## ५. पवित्र आत्माको चिन्ह[४]

क. *ढुकुर (यूहन्ना १:३२) ।*

- येशूको बप्तिस्मामा मात्र एकै पटक पवित्र आत्मालाई ढुकुरको रूपमा सङ्केत गरिएको छ । यो परमेश्वरको आत्मा परमेश्वरको खीष्टमाथि आउनुहुनेछ भन्ने पुरानो नियमको अगमवाणी पूरा हुनलाई घटेको हो *(यशैया ६१:१) ।*

ख. *पानी (यूहन्ना ७:३७-३९) ।*

- पानीको रूपमा देखिएको पवित्र आत्माले, येशू खीष्टमा विश्वास गर्नेहरूका जीवनमा हुने पवित्र आत्माको सामर्थ्य र नवीकरणको कार्यलाई देखाउँछ (तीतस ३:५) ।

ग. *तेल (लूका ४:१८) ।*

- तेलको रूपमा देखिएको पवित्र आत्माले परमेश्वरको कार्यको निम्ति उहाँका मानिसहरूलाई अभिषेक गर्ने आत्माको कार्यलाई प्रमाण गर्दछ।

घ. *छाप (एफिसी १:१३; ४:३०; २ कोरिन्थी १:२२) ।*

- पवित्र आत्मालाई जब छापको रूपमा सङ्केत गरिन्छ, तब परमेश्वरले पवित्र आत्मालाई येशू खीष्टमा भएको मुक्तिको निश्चयता स्वरूप दिनुभएको हो भन्ने दर्शाउँछ ।

ङ. *बतास (यूहन्ना ३:८; प्रेरित २:१-२) ।*

- जब पवित्र आत्मालाई बतासको रूपमा सङ्केत गरिन्छ, तब उहाँको कार्यलक्ष्यलाई पूरा गर्नमा उहाँको सामर्थ्य तथा सार्वभौमता रहेको प्रमाणित हुन्छ ।

च. *आगो (प्रेरित २:३) ।*

- पवित्र आत्मालाई आगोको रूपमा सङ्केत गर्दा, उहाँको परिवर्तनशील सामर्थ्यको प्रमाण हुन्छ । जब पवित्र आत्मा आगोको रूपमा आउनुभयो र येशूका अनुयायीहरूमा रहनुभयो, उनीहरू तुरुन्तै परिवर्तन भए *(प्रेरित २:३-४) ।*

### ६. पवित्र आत्माको कामहरू

क. सृष्टिको सम्बन्धमा:

*हे परमप्रभु, तपाईंका कार्यहरू अनेक छन्, आफ्नो बुद्धिमा तपाईंले ती सबै रच्नुभयो । तपाईंले सृष्टि गर्नुभएका यावत् थोकले पृथ्वी परिपूर्ण छ । त्यहाँ विशाल र फराकिलो समुद्र छ, जसमा अनगिन्ती जलचरहरू छन्, ठूला-साना दुवै थरीका जीवित प्राणीहरू त्यहाँ छन् । त्यहाँ जहाजहरू यताउता जान्छन् । त्यहाँ लिव्यातन् जन्तु पनि छ , जसलाई तपाईंले त्यहाँ खेल्नलाई रच्नुभयो । तपाईंबाट आफ्ना आहारा ठीक-ठीक समयमा पाउनका निम्ति ती सबैले तपाईंतिरै हेरेर आशा राख्छन् । तपाईंले तिनीहरूलाई दिनुहुँदा, तिनीहरूले बटुल्छन् । तपाईंले आफ्नो मुट्ठी फुकाउनुहँदा उत्तम पदार्थले तिनीहरू तृप्त हुन्छन् । तपाईंले आफ्नो मुहार छोप्नुहुँदा तिनीहरू भयभीत हुन्छन् । तपाईंले तिनीहरूको सास लिनुहुँदा, ती मारिहाल्दछन्, र फेरि धूलोमा नै फर्कन्छन् । तपाईंले आफ्ना आत्मा पठाउनुहुँदा, तिनीहरूको सृष्टि हुन्छ, र तपाईंले पृथ्वीको रूपलाई नयाँ तुल्याउनुहुन्छ (भजन १०४:२४-३०; अनि उत्पत्ति १:२; अय्यूब २६:१३; ३३:४) ।*

ख. बाइबलको सम्बन्धमा:

- प्रकाश– पवित्र आत्माले मानवीय लेखकहरूलाई उहाँले दिन चाहानुभएको सन्देशलाई दिनुभयो *(१ कोरिन्थी २:१३)*।
- प्रेरणा– उचित प्रकारले सन्देश लेखियोस् भनेर पवित्र आत्माले लेखकहरूका कलमलाई निर्देशन दिनुभयो *(२ पत्रुस १:१९-२१; अनि २ तिमोथी ३:१५-१७ पनि हेर्नुहोला) ।*
- प्राबोधन– जब वचनलाई प्रचार गरिन्छ र पढिन्छ, तब पवित्र आत्माले त्यसलाई लिनेहरूका विवेकलाई प्राबोधित पार्नुहुन्छ *(१ कोरिन्थी २:७-१२; अनि एफिसी १:१५-१९; यूहन्ना १४:२५-२६ पनि हेर्नुहोला)*।

ग. येशूको सम्बन्धमा[५]

- येशू कन्याबाट जन्मिनुभयो *(मत्ती १:१८-२०; लूका १:३५) ।*
- येशू पवित्र आत्माद्वारा अभिषिक्त हुनुभयो *(मत्ती ३:१६; लूका १०:३८)*।
- येशू पवित्र आत्माद्वारा डोरिनुभयो र सामर्थ्यवान बनाइनुभयो *(मत्ती ४:१) ।*
- येशूले आफैलाई पवित्र आत्माद्वारा मृत्युसम्मै समर्पित गराउनुभयो *(हिब्रू ९:१४) ।*
- येशू पवित्र आत्माद्वारा मृत्युबाट बौरिउठाईनुभयो *(रोमी १:४; १ पत्रुस ३:१८) ।*
- येशूले चेलाहरूलाई पवित्र आत्माद्वारा आज्ञा दिनुभयो *(प्रेरित १:२)*।
- पवित्र आत्माद्वारा येशू फर्कनुहुनेछ र उहाँमा सुतेकाहरूलाई जीवित पार्नुहुनेछ *(रोमी ८:११)*।

घ. विश्वास नगर्ने पापीहरूका सम्बन्धमा:

- उहाँले पाप, धार्मिकता तथा भविष्यको न्यायबारे सचेत गराउनुहुन्छ *(यूहन्ना १६:७-११)* ।
- सुसमाचारलाई बुझ्न सकियोस् भनेर उहाँले तिनीहरूका विचारलाई प्राबोधित पार्नुहुन्छ *(१ कोरिन्थी २:७-१२)* ।

ङ. मण्डलीको सम्बन्धमा:

- पवित्र आत्माको नयाँ सेवकाइ पेन्तेकोसको दिनमा थालनी हुन्छ *(प्रेरित १:४-२:४७)* ।
    - उहाँको नाउँलाई पुकारा गर्नेहरू कसैले पनि मुक्ति पाउन सकून् भनेर पेन्तेकोसको दिनमा दिइएको अन्य भाषाको वरदान भनेको उहाँले प्रतिज्ञा गर्नुभएको आत्मा पठाउने प्रतिज्ञाको पूरा हुवाई थियो ।
    - त्यस दिन परमेश्वरले दिनुभएको पवित्र आत्माको परिणामले ३००० मानिसहरू बचाइए तथा मण्डली निर्माण भयो *(प्रेरित २:४४-४७)* ।
    - अगमवक्ता योएललाई उद्दृत गर्दै, यस दिन दिइएको अन्य भाषालाई पत्रुसले वर्णन गर्छन् ।

*उनले यसरी भन्छन्: तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी हुनेछन् । हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन् । माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो र धूवाँको मुस्लो । परपमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन् । अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ ।' "इस्राएलका मानिस हो , यी कुरा सुन्नुहोस्, नासरतका येशू जस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो । तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो (प्रेरित २:१६-२२) ।"*

- पवित्र आत्माले विश्वव्यापी मण्डली निर्माण गर्नुहुन्छ *(एफिसी २:१९-२२)*।
- स्थानीय मण्डलीको सम्बन्धमा:
    - पवित्र आत्माले यसको आराधनालाई प्रेरणा दिनुहुन्छ *(फिलिप्पी ३:३)* ।
    - पवित्र आत्माले यसको कार्यलक्ष्यलाई निर्देशन तथा सामर्थ्यवान तुल्याउनुहुन्छ *(प्रेरित १:८; १३:२-४; १६:६-१०)* ।
    - पवित्र आत्माले यसको गायनमा मद्दत गर्नुहुन्छ *(एफिसी ५:१८-१९)* ।
    - पवित्र आत्माले यसका पाष्टरहरूलाई नियुक्त तथा अभिषेक गर्नुहुन्छ *(प्रेरित २०:२८; १ कोरिन्थी २:४)*।
    - पवित्र आत्माले यसका सदस्यहरूलाई सावधान गर्नुहुन्छ *(१ तिमोथी ४:१)* ।
    - पवित्र आत्माले यसको निर्णयहरूलाई निर्देशन दिनुहुन्छ *(प्रेरित १५:२८)* ।
    - पवित्र आत्माले आशिषित पार्ने र हप्काउने गर्नुहुन्छ *(प्रकाश २:७, ११, १७, २९)* ।

**छलफलका निम्ति प्रश्न: के यसले तपाईको मण्डली तथा सङ्गतिमा पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भनेर वर्णन गर्दछ ? छलफल गर्नुहोस् ।**

- उहाँले मण्डलीको कार्यलक्ष्यलाई पूरा गर्न तथा एकसाथ नयाँ जीवन जिउनलाई सामर्थ्यवान बनाउनुहुन्छ *(प्रेरित १:८; गलाती ५:२२-२३)*।
- पेन्तेकोसको दिनमा, पवित्र आत्मा आउनुहुन्छ र परमेश्वरका जनहरूलाई भर्नुहुन्छ । तसर्थ उनीहरूका कार्यलक्ष्यलाई पूरा गर्न तथा विश्वासका समुदायमा एकसाथ नयाँ जीवन जिउन सामर्थ्यवान बनाउनुहुन्छ । अनि मण्डली युगको थालनी यहाँबाटै हुन्छ ।
- यतिबेला प्रदर्शन भएको अन्य भाषाहरू भनेको परमेश्वरका जनहरूमा आउनुभएको उहाँको आत्माको चिन्ह हो ।

च. इसाईहरूका बारेमा:[६]

- विश्वास गर्ने पापीहरूलाई पवित्र आत्माले नवीकरण गर्नुहुन्छ *(तीतस ३:५; यूहन्ना ३:३-७)* । नवीकरण गर्नू भनेको नयाँ गरी जन्माउनू हो ।
- पवित्र आत्माले विश्वास गर्ने पापीलाई बप्तिस्मा दिनुहुन्छ *(रोमी ६:३-४; १ कोरिन्थी १२:१३; गलाती ३:२७)* ।[७]
    - आत्माको बप्तिस्मा तथा मुक्ति विश्वास गर्ने पापकिो जविनमा एकपछि अर्को गरी देखिनछ । आत्माको बप्तिस्मा भनेको मुक्तिबाट अलग हुने घटना होइन; यो इसाईहरूलाई पछ्याउनको निम्ति बोलाइएको अनुग्रहको दोस्रो कार्य होइन, अनि यो विशिष्ट इसाईहरूका बीचमा मात्र देखिने कुरा होइन ।
    - नयाँ नियममा तीमध्ये कतिपयचाहिँ आत्मिक रुपमा साधारण भनेर चिनिनेहरूमा समेत गरी कोरिन्थीहरूका जीवनमा अघिबाटै आत्माको बप्तिस्मा भईसकेको कुरा हामी १ कोन्रिन्थी १२:१३ मा पावलले वर्णन गरेको पाउँछौं । आत्माको बप्तिस्मा भनेको, आत्माले हामीलाई खीष्टको देहमा राख्नू हो (१ कोरिन्थी १२:१३) ।
    - प्रत्येक नयाँ विश्वासी यसरी नै विश्वव्यापी मण्डली (खीष्टको देह) सँग परिचित हुन्छन् र त्यसको शिरचाहिँ खीष्ट आफै हुनुहुन्छ (कलस्सी १:१८) । आत्माको बप्तिस्मा भनेको मुक्तिको समयमा एकै पटक सदाको निम्ति प्रत्येक विश्वासीले पाउने परमेश्वरको उपहार हो ।
    - आत्माको बप्तिस्मा भनेको पानीको बप्तिस्मा होइन । विवाहमा विवाहको औंठी जस्तै मुक्तिको निम्ति पानीको बप्तिस्मा रहेको छ । दुवै नै गहन सत्यताको बाहिरी, दृश्य चिन्ह हुन् ।

- नयाँ विश्वासीको परमेश्वरतर्फ आज्ञाकारिताको पहिलो कदमजस्तै नै, मुक्तिपछि तुरुन्तै पानीको बप्तिस्मा देखापर्दछ *(प्रेरित २:४१; ८:३७-३८)* । जबकि मुक्तिको समयमा विश्वासीको जीवनमा आत्माको बप्तिस्मा अघिबाटै देखा परिसकेको हुनेछ ।

- पवित्र आत्माले इसाईहरूका निम्ति र उनीहरूमा भएर काम गर्नुहुन्छ। यहाँ केही उदाहरणहरू छन्:
  - पवित्र आत्मा विश्वास गर्ने पापीहरूमा रहनुहुन्छ *(यूहन्ना १४:१६, २०; रोमी ८:९; १ कोरिन्थी २:१२; ३:१६)* ।
  - पवित्र आत्माले विश्वास गर्ने पापीहरूलाई छाप लगाउनुहुन्छ *(२ कोरिन्थी १:२२; एफिसी १:१३; ४:३०)* ।
  - पवित्र आत्माले विश्वास गर्ने पापीहरूलाई भर्नुहुन्छ *(प्रेरित २:४; ४:८; ६:३; ९:१७; ११:२४; एफिसी ५:१८)* ।
  - पवित्र आत्माले इसाईलाई मुक्तिको निश्चियता दिलाउनुहुन्छ *(रोमी ८:१६; १ यूहन्ना ३:२४)* ।
  - पवित्र आत्माले इसाईलाई सिकाउनुहुन्छ *(१ कोरिन्थी २:१०; १ यूहन्ना २:२७)* ।
  - पवित्र आत्माले इसाईलाई गवाही बन्नमा सामर्थ्यवान बनाउनुहुन्छ *(प्रेरित १:८, मत्ती १३:११)* ।
  - पवित्र आत्माले ख्रीष्टको प्रेम इसाईहरूमा खन्याउनुहुन्छ *(रोमी ५:५)* ।
  - पवित्र आत्माले इसाईलाई ख्रीष्टको रूपमा परिपक्व पार्दै लानुहुन्छ *(२ कोरिन्थी ३:१८)* ।
  - पवित्र आत्माले इसाईको भित्री मनुष्यत्वलाई प्रवल पार्नुहुन्छ (एफिसी ३:१) ।
  - पवित्र आत्माले इसाईलाई स्वतन्त्रता दिनुहुन्छ *(२ कोरिन्थी ३:१७)*।
  - पवित्र आत्माले इसाईलाई नेतृत्व दिनुहुन्छ *(यूहन्ना १६:१३)*।
  - पवित्र आत्माले इसाईहरूलाई परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्नमा मद्दत गर्नुहुन्छ *(रोमी ८:२६-२७)*।

- परमेश्वरको महिमा तथा इसाईहरूका लाभको निम्ति, पवित्र आत्माले अरूका सेवाको निम्ति इसाईहरूलाई सुसज्जित पार्नुहुन्छ *(रोमी १२:६-८; १ कोरिन्थी १२:४-७; एफिसी ४:११)* ।
  - आत्मिक वरदानको परिभाषा: आत्मिक वरदानहरू भनेका सेवा गर्नको निम्ति परमेश्वरले दिनुभएको क्षमताहरू हुन् । आत्मिक वरदानको निम्ति ग्रीक शब्द (क्यारिस्मा) भनेको अनुग्रह शब्दको एउटा रुप हो । यी आत्मिक वरदानहरूका वरदान भनेको परमेश्वरको अनुग्रहको एउटा चिन्ह हो र यी वरदानहरूका फलहरू भनेका पनि परमेश्वरको अनुग्रहको चिन्ह हो । अरूप्रति अनुग्रही भएर अशिषको पात्र हुनको निम्ति परमेश्वरले सबै विश्वासीहरू आत्मिक सेवकाइमा सक्रिय हौऊन भनेर उनीहरूलाई सक्षम पार्नुहुन्छ ।
    - आत्मिक वरदानहरू भनेका मण्डलीमा हुने निश्चित ओहोदा वा कार्यालयहरू होइनन् (जस्तैः पाष्टर, एल्डर, डिकन इत्यादि) । वरदानहरू यी ओहोदाहरूमा प्रयोग हुन्छन्, तर यी ओहोदाहरू भनेका आत्मिक वरदानहरू होइनन् । जेहोस्, अगुवाको आत्मिक वरदानलाई पहिचान गर्नुपर्दछ किनकि यदि कसैसँग कुनै वरदान छ भने, ऊ त्यस निश्चित ओहोदाको निम्ति उचित व्यक्ति हुन सक्छ।
    - आत्मिक वरदानहरू भनेका स्वभाविक दक्षता (जस्तै साङ्गेतिक क्षमता) होइन । जेहोस्, स्वभाविक क्षमताहरूलाई बृद्धि गर्न परमेश्वरले आत्मिक वरदानलाई दिन सक्नुहुन्छ । एउटा सङ्गतिकारसँग उत्साहको वरदान हुन् सक्छ अनि उनीहरूका सङ्गतिले अरूलाई उत्साह तथा प्रेरणा दिन सक्छ । अनुभवी स्कूलको शिक्षकसँग शिक्षा दिने वरदान हुन् सक्छ, आदि ।
  - आत्मिक वरदानहरूको उद्देश्य: आत्मिक वरदानहरू भनेको विश्वासीहरूलाई निर्माण गर्दै र उनीहरूलाई सामर्थ्यवान बनाउँदै अन्तिममा परमेश्वरलाई महिमा दिनू हो ।
  - आत्मिक वरदानहरूको दुरुपयोग तथा हेलचेक्राईं: *(१ तिमोथी ४:१४; २ तिमोथी १:६)* । कयौं पटक, प्रेरित पावलले आत्मिक वरदानहरूको गलत प्रयोग, दुरुपयोग तथा हेलचेक्राईंबारे चेतावनी दिन्छन् । हामीसँग भएको वरदानहरूलाई जब हामी पहिचान गर्छौं, तब हामीले ती कसरी प्रयोग तथा विकास गर्छौं त्यसमा होशियार हुनुपर्दछ ।

- सुसमाचारमा विश्वास राखेर आत्मिक जीवन जिउनेहरूका जीवनमा पवित्र आत्माले फल फलाउनुहुन्छ ।[८]
  - बाहिरी फल भनेको सुसमाचार तथा तपाईंको विश्वास अरूलाई बाँड्नू आदि हुन् *(यूहन्ना ४:३५)*।
  - भित्री फल भनेको हाम्रा जीवनमा ख्रीष्टको-जस्तै चरित्रको विकास गर्नू हो *(गलाती ५:२२-२३)*।
    - पावलले आत्माको नौं ओटा फलहरू सूचिकृत गर्छन्। यी फलहरू भनेका पवित्र आत्माको कामद्वारा सुसमाचारको जीवन परिवर्तन गर्ने सामर्थ्यको चिन्हहरू हुन् ।
    - *प्रेम:* परमेश्वरको निम्ति आत्माले दिनुहुने माया हो र यसमा हामीले सबै कुरामा उहाँको महिमालाई खोज्छौं । अरूका निम्ति आत्माले दिनुहुने मायामा, हामीले आफूलाई जतिको राम्रो गर्न चाहान्छौं, त्यति नै स्तरमा अरूका पनि भलाई खोज्छौं ।
    - *आनन्द:* यो येशूको मुक्तिमा आत्माले दिनुहुने आनन्द हो र यसलाई विशेष गरी कठिनाइको समयमा शक्तिशाली प्रकारले अभिव्यक्ति गरिन्छ ।
    - *शान्ति:* यो जस्तोसुकै परिस्थितिमा पनि शान्तिमा हुन सक्ने आत्माले दिनुहुने परमेश्वरमा राखिने भरोसा हो।
    - *धैर्यता:* यो कठिनाईको समयमा पनि स्थिर रहन सक्ने आत्माले दिनुहुने क्षमता तथा इच्छुकता हो ।
    - *दया:* आत्माले दिनुहुने अरुप्रति देखाइने उद्धारचित्त तथा अनुग्रह हो ।
    - असलपना: सबै मानिसहरूका समक्ष सही र न्यायिक काम गर्न सक्ने आत्माले दिनुहुने गुण हो ।
    - *विश्वासनीयता:* यो तपाईंको जीवनको निम्ति, परमेश्वरको उद्देश्य तथा इच्छामा आत्माले दिनुहुने प्रतिबद्धता हो ।
    - *भद्रता:* सबै परिस्थितिमा भद्र रहन सक्ने आत्माले दिनुहुने एकरुपीय संयमता हो ।

- *स्वःनियन्त्रण:* शारीरिक चाहनाहरू जस्तै रीस, डाहा, लोभ, कामुकता आदिमा रोक लगाउन सक्ने आत्माले दिनुहुने क्षमता हो ।

- *यूहन्ना १४:१६ मा पवित्र आत्मालाई हाम्रो सहयोगीको*[९] *रुपमा चित्रण गरिएको छ । जस्तै: म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ ।*
- यो खण्डमा चार महत्वपूर्ण सत्यताहरू रहेका छन् ।[१०]
  - *अर्को*– येशूले प्रयोग गर्नुभएको अर्को भन्ने शब्दले उहाँ जस्तै भन्ने अर्थ दिन्छ । उनीहरूसँगबाट येशू शारीरिक रुपमा अनुपस्थित भए तापनि, तिनीहरूसँग पवित्र आत्माको उपस्थिति हुनेछ ।
  - *सहयोगी*– उहाँ तिनीहरूका मद्दत तथा सेवाको निम्ति आउनुहुनेछ ।
  - *तपाईसँग*– येशूले भन्नुभयो कि आत्मा तिनीहरूसँग हुनुहुनेछ तर जब परमेश्वरले प्रत्येक विश्वासीको जीवनमा पवित्र आत्माद्वारा भर्नू हुनेछ, तब तुरुन्तै तिनीहरूमा स्थायी प्रकारले रहनुहुनेछ *(पद १७)* ।
  - *सदासर्वदा*– यो स्थायी सम्बन्ध हो ।

**प्रतिबिम्बका निम्ति प्रश्नहरू:**

**१. के पवित्र आत्मा व्यक्ति हुनुहुन्छ ? तपाईले कसरी थाहा गर्नुहुन्छ ?**

**२. पवित्र आत्माले कसले पठाउनुभयो ? किन ?**

**३. के तपाईहरूका विचारमा: 'तिमीहरूका लाभको निम्ति म गएर पवित्र आत्मालाई पठाउनेछु' भनेर येशूले भन्नुभएको हो ? *(यूहन्ना १६:७) ।***

**४. आत्मिक वरदानहरू के के हुन् ? आत्मिक वरदानहरूका उद्देश्यहरू के के हुन् ?**

**५. पेन्तेकोसको दिनमा पवित्र आत्माको भूमिका के थियो ?**

**पवित्र आत्माको सिद्धान्तबारे प्रचार गर्ने अवधारणहरू**

**१. *रोमी ८:५-१४***

क. आत्माअनुसार जिउनुहोस् (पद *५*) ।

- शरीर र आत्माबीच भिन्नता ।
- शरीरको निम्ति जिउनू भन्ने तस्विर भनेको तपाई आफ्नै तथा आफ्नो स्वार्थको निम्ति जिउनू हो ।
  - यो पापको तस्विर हो ।
  - स्वःपर्याप्ति भनेको प्रत्येक आत्माको फलको विपरीत रहेको छ (*गलाती ५:२२-२३) ।*
- आत्माको निम्ति जिउने तस्विर भनेको आत्माले तपाईको जीवनमा के काम गर्नुभयो र अरुका जीवनमा पनि के गर्ने कोशिश गर्दै हुनुहुन्छ सोअनुसार जिउनू हो ।
  - आत्माअनुसार जिउनू भनेको आत्मामा भर पर्दै जिउनू हो ।
  - तपाई आत्माको कुराहरूमा आफ्ना विचारहरूलाई लगाएर आत्माअनुसार जिउन सक्नुहुन्छ (पद *५*) ।
  - पवित्र आत्माका कुराहरू के के हुन् ?
  - पवित्र आत्माका सेवकाइहरू के के हुन् ?
  - *यूहन्ना १६* मा, पवित्र आत्माले के गर्नुहुनेछ भनेर येशूले भन्नुहुन्छ?

ख. पवित्र आत्मा भनेको जीवनको प्रतिज्ञा हुनुहुन्छ (पद *११*) ।

- येशूलाई चिहानबाट बौरिउठाउनुहुने त्यही आत्माले नै विश्वास गर्ने सबैलाई जीवन दिनुहुन्छ ।
- यो जीवन भनेको आत्मिक जीवन हो ।
    - आत्मिक जीवनले फल फलाउँछन् ।
    - आत्मिक जीवनले परमेश्वरलाई चिन्दछ र उहाँको आज्ञाकारी हुने चाहाना गर्दछ ।
    - आत्मिक जीवन अनन्त छ ।

ग. पवित्र आत्माले तपाईको आत्मालाई तपाई परमेश्वरका पुत्र भएको घोषणा गर्दछ (पद *१४*) ।
धर्मपुत्रको आत्मा भनेको शारीरिक आत्माभन्दा भिन्दै छ ।

- शारीरिक आत्मा भनेको डरको आत्मा हो *(हिब्रू २:१५)* ।
- पवित्र आत्माको आत्मा भनेको भरोसाको निश्चयताको आत्मा हो– तपाईं परमेश्वरका पुत्रहरू हुनुहुन्छ ।

## २. *यूहन्ना १६:७-१५* पवित्र आत्माको सेवकाइ

क. उहाँले पाप, धार्मिकता तथा न्यायको संसारलाई देखाउनुहुन्छ (पद ८) ।
ख. उहाँले येशूका चेलाहरूलाई सत्यतामा डोर्‍याउनुहुन्छ (पद १३) ।
ग. पवित्र आत्माले येशू ख्रीष्टको महिमा गर्नुहुन्छ (पद १४) ।
घ. पवित्र आत्माले आफैलाई महिमित पार्न आउनुहुन्छ तर येशूलाई पनि ।

**अध्याय ५: स्वर्गदूतहरूका सिद्धान्त**

*तर कुनै स्वर्गदूतलाई उहाँले कहिले यसो भन्नुभयो: "तिमी मेरो दाहिने हातपट्टि बस जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ ? के ती सबै स्वर्गदूतहरू मुक्ति पाउनेहरूका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरू होइनन् (हिब्रू १:१३-१४) ?"*

## १. परिचय

क. जब मानिसहरूले स्वर्गदूतबारे सोच्छन्, उनीहरू परमेश्वरका इच्छालाई पृथ्वीमा पूरा गर्ने अलौकिक प्राणीहरू भएको ठान्दछन् । यो धारणा भनेको उचित विचार हो । जेहोस्, सृष्टि गरिएका ती अलौकिक प्राणीहरूमा परमेश्वरका शत्रुहरू पनि रहेका छन् । यी पतित स्वर्गदूतहरू हुन् र तिनीहरूलाई दुष्ट र शैतान भनेर चिनिन्छन् ।

ख. यी अलौकिक प्राणीहरूका केही समान चरित्रहरू छन् । जस्तैः

- ती परमेश्वरद्वारा सृष्टि भए र उहाँको उद्देश्यको निम्ति रहन्छन् *(कलस्सी १:१५-१६) ।*
- तिनीहरूका महत्वपूर्ण ईश्वरीय गुणहरू जस्तै अनन्तता, सर्वव्यापिता, सर्वज्ञान तथा सर्वशक्ति हुँदैनन् *(मत्ती २४:३६; भजन १४८:३-५) ।*
- स्वर्गदूतहरू तथा दुष्टहरू सबै नै परमेश्वरको अख्तियारको सार्वभौमतामा रहेका छन् *(अयूब १:६-१२; लूका १:२६; प्रकाश ९:१-५)।*

ग. यो खण्डमा, हामी यी सृष्टि गरिएका अलौकिक प्राणीहरूलाई दुईओटा शीर्षकमा हेर्नेछौं । जस्तैः स्वर्गदूतहरू र पतित भएका स्वर्गदूतहरू ।

घ. सबै स्वर्गदूतहरू जाँच नगरिएको पवित्रतामा सृष्टि भएका थिए (यहूदा ६) । कतिपय स्वर्गदूतहरू विद्रोही थिए र तिनीहरू स्वर्गबाट पृथ्वीमा फ्याँकिए *(प्रकाश १२:७-१३)* । अन्य स्वर्गदूतहरू परमेश्वरप्रति आज्ञाकारी भए । बाइबलले यी स्वर्गदूतहरूलाई चुनिएका स्वर्गदूतहरू भनेर सङ्केत गरेको छ *(मत्ती १८:१०; १ तिमोथी ५:२१)*।

ङ. शास्त्रअनुसार एकतिहाई स्वर्गदूतहरू पतन भएका तथा दुई तिहाईचाहिँ चुनिएकाहरू हुन् ।

च. यी प्राणीहरूबारे हामी जे विश्वास गर्छौं, त्यो शास्त्रआधारित हुनुपर्दछ । बाइबलले हामीलाई पुरानो र नयाँ नियम दुवैमा स्वर्गदूतहरू र दुष्टहरूबारे सिकाएको छ ।

## २. स्वर्गदूतहरू[१]

क. स्वर्गदूतहरूका निम्ति नाउँहरू तथा वर्णात्मक शीर्षकहरू (स्वर्गदूतहरू भनेका परमेश्वरका सेवकहरू हुन् । स्वर्गदूतको अर्थ सन्देशवहाक हो *(दानिएल ४:१३, १७, २३) ।*

- परमेश्वरको स्वर्गदूत *(उत्पत्ति २८:१२; प्रेरित १०:३; गलाती ४:१४) ।*
- प्रभुको स्वर्गदूत *(१ इतिहास २१:१६-१८; लूका २:९; प्रेरित ८:२६)*।
- स्वर्गीय सेना *(२ इतिहास १८:१८; भजन ८९:६; लूका २:१३) ।*
- पवित्र जन *(अयूब ५:१, भजन ८९:७; लूका २:१३) ।*
- जीवित प्राणीहरू (*इजकिएल १:२-२४; प्रकाश ४:६-९; प्रकाश ६:१-८)।*
- शक्तिशाली जन *(भजन २९:१-२) ।*
- स्वर्गका असङ्खीय समुदाय *(नहेम्याह ९:६) ।*
- सेवा गर्ने आत्माहरू *(१ तिमोथी ५:२१; हिब्रू १:१४) ।*
- सेवकहरू *(अयूब ४:१८) ।*

ख. स्वर्गदूतहरू भनेका सृष्टि गरिएका प्राणीहरू हुन् *(कलस्सी १:१५-१६; नहेम्याह ९:६) ।*

- स्वर्गदूतहरू परमेश्वरद्वारा सृष्टि गरिएका हुनाले, उनीहरू उहाँको आराधनाको निम्ति बोलाइएका छन् *(अयूब ३८:४-७; हिब्रू १:६; यहूदा ६-९; भजन १४८:३-५) ।*
- तिनीहरू सृष्टि गरिएका भए तापनि, स्वर्गदूतहरू मानिसहरूभन्दा फरक छन् *(हिब्रू १:७, १४) ।*

*मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ ? तपाईले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ ( भजन ८:४-५) ।*

ग. स्वर्गदूतहरूका स्वभाव ।

- स्वर्गदूतहरू भनेका व्यक्तिहरू हुन् । तिनीहरूका बौद्धिकता, भावनाहरू तथा इच्छा हुन्छन् ।
    - *बौद्धिकता (एफिसी ३:८-११; २ शामूएल १४:१७, २०; मत्ती २४:३६; १ पत्रुस १:१२) ।*
    - *भावनाहरू (प्रकाश ५:११-१२; अयूब ३८:७; लूका २:१३-१४; १५:७-१०; हिब्रू १२:२२) ।*
    - *इच्छाः यी कुरा सुन्ने र देख्ने म यूहन्ना हुँ । जब मैले यी कुरा सुनें र देखें, तब मलाई यी कुरा देखाउने स्वर्गदूतको पाउनमा दण्डवत् गर्न म घोप्टो परें । तर तिनले मलाई भने, "हेर, तिमीले यसो गर्नुहुँदैन । म त तिम्रो र अगमवाणी बोल्ने तिम्रा भाइहरू र यस पुस्तकका वचन पालन गर्नेहरूका सङ्गी-दास मात्र हुँ । परमेश्वरलाई दण्डवत् गर (प्रकाश २२:८-९; साथै १ पत्रुस १:१२ पनि हेर्नुहोला) ।"*
- स्वर्गदूतहरूका स्वभावहरू:
    - <u>स्वर्गदूतहरू पवित्र छन्</u> *(अयूब ५:१, दानिएल ४:१३-१४, प्रकाश १४:१०)* । अनि यस व्यभिचारी र पापी पुस्तामा जो मदेखि र मेरो वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्ना पिताको महिमामा पवित्र दूतहरूसँग आउँदा त्यसदेखि शर्माउनेछ *(मर्कूस ८:३८) ।*
    - <u>स्वर्गदूतहरू सिद्ध छैनन् तसर्थ कमजोर हुन् सक्छन्</u> *(अयूब १५:१५-१६) । यदि परमेश्वरले आफ्नै सेवकहरूमाथि भरोसा गर्नुभएन भने, र आफ्नै दूतहरूलाई भूल गरेको दोष लगाउनुभयो भनेता, माटोका घरमा बस्नेमाथि झन् बढी दोष किन भेट्टयाउनुहुन्न र ? जसको आधार ता धूलो नै हो, जो सानो पुतलीझैं कुल्चीमिल्ची पारिन सकिन्छ ( अयूब ४:१८-१९) ।*
    - <u>स्वर्गदूतहरू नम्र हुन्छन्</u> *(२ पत्रुस २:११)* । *तर प्रधान दूत मिखाएलले पनि मोशाका लाशको विषयमा दियाबलससँग विवाद गर्दा त्यसलाई निन्दापूर्ण दोष लाउन साहस नगरी "प्रभुले तँलाई हप्काऊन्" भनेथे (यहूदा १:९) ।*
    - <u>स्वर्गदूतहरू सामर्थ्यवान हुन्छन्</u> *(भजन १०३:२०, मत्ती २४:३१, प्रेरित ५:१९, प्रकाश ७:१): अनि स्वर्गमा लडाइँ भयो । मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे । अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहने (प्रकाश १२:७-८) ।*
    - <u>स्वर्गदूतहरू आज्ञाकारी हुन्छन्</u> (मत्ती ६:१०): *हे उहाँका स्वर्गदूतहरू हो, उहाँको वचन पालन गर्ने शक्तिशाली जन हो, परमप्रभुको प्रशंसा गर (भजन १०३:२०) ।*
    - <u>स्वर्गदूतहरू बुद्धिमान हुन्छन्:</u> *अहिलेको स्थितिलाई अर्कोतिर ढल्काउनलाई हजूरका दास योआबले यो गरेका हुन् । हजूर परमेश्वरका दूतझैं बुद्धिमान् हुनुहुन्छ, अनि देशमा के भयरहेछ सबै जाननुहुनछ (२ शामूएल १४:२०) ।*

घ. स्वर्गदूतहरूका सङ्गठन

- बाइबलले ठूलो सङ्ख्यामा स्वर्गदूतहरू रहेका बताउँछ । तिनीहरू गनिन् सकिँदैन । *हिब्रू १२:२२ ले ती असङ्ख्यीय रहेका तथा प्रकाश ५:११ले दश हजार गुणा दश हजार रहेको बताउँछन् ।*
- शास्त्रले स्वर्गदूतहरूको *सभा वा परिषद्* भएको कुरा पनि बताउँछ । तिनीहरू सायद युद्धको निम्ति, दुष्टहरूका विरुद्ध युद्ध गर्न लडाई गर्नको निम्ति सङ्गठित हुन्छन् *(प्रकाश १२:७)* । स्वर्गदूतहरू ब्रह्माण्डको सुरक्षा तथा शासन गर्न एकसाथ भेला हुने कुरा पावलले बताउँछन् *(एफिसी ३:१०) ।*[२]
- स्वर्गदूतहरूका जमातमा, स्वर्गदूतहरूका विभिन्न ओहोदा तथा वर्गीकरणहरू रहेका छन् ।
- <u>प्रधान स्वर्गदूत:</u>
    - केवल थोरै स्वर्गदूतहरूका नाउँ मात्र बाइबलमा उल्लेख गरिएका छन् । अनि प्रधान स्वर्गदूत तीमध्ये एउटा हो । तिनको नाउँ मिखाएल हो । प्रधान स्वर्गदूत भनेको इस्राएलको अभिभावक हुन् । उनले समस्याको समयमा तिनीहरूलाई मद्दत गर्छन् *(दानिएल १०:२१, १२:१) ।*
    - प्रधान स्वर्गदूतले स्वर्गीय सेनाहरूलाई शैतान तथा उसका दूतहरूका विरुद्ध डोऱ्याउँछन् *(प्रकाश १२:७)* ।
    - प्रधान स्वर्गदूतको आवाज येशू ख्रीष्टको दोस्रो आगमनमा सुनिनेछ, त्यतिबेला ख्रीष्टमा मरेकाहरू बिऊँतनेछन् *(१ थेस्सालोनिकी ४:१६)।*
- <u>प्रमुख राजकुमारहरू:</u>
    - योचाहिँ उच्च ओहोदा भएको स्वर्गदूतहरू हुन् जसलाई राष्ट्रहरूका राजनैतिक सामर्थ्यको अख्तियार दिइएको छ । मिखाएल प्रधान स्वर्गदूत यो समूहमा रहेको छ *(दानिएल १०:१३) ।*
- <u>करूब:</u>
    - यो अदनको बगैंचा, पवित्र वासस्थान, करारको सन्दुक तथा परमेश्वरको सिँहासनको सुरक्षाको जिम्मेवारी पाएको विशेष स्वर्गदूतहरूका समूह हुन् । शैतान पतन हुनुभन्दा अघि यसै समूहमा थियो *(इजकिएल २८:१४-१६; अनि उत्पत्ति ३:२२-२४; प्रस्थान ३७:१-९; इजकिएल १:४-१४; प्रकाश ४:६-९ पनि हेर्नुहोला)।*
- <u>सराफहरू:</u>
    - यी विशेष समूहका स्वर्गदूतहरू आराधना तथा परमेश्वरको पवित्रतासँग सम्बन्धित छन् । केवल बाइबलको एउटै खण्डबाट हामी यी स्वर्गदूतहरूबारे थाहा गर्दछौं *(यशैया ६:१-६)* ।
- <u>विशेष स्वर्गदूत: गाब्रिएल</u>
  गाब्रिएल मात्र अर्का स्वर्गदूत हुन् जसका नाउँ बाइबलमा उल्लेख भएको छ । उनी परमेश्वरको विशेष सन्देशवहाक हुन् । उनले निम्नलिखित व्यक्तिहरूलाई सन्देश दिन्छन्:
    - दानिएल– *दानिएल ८:१६; ९:२१* ।
    - जकरिया– *लूका १:१९ ।*
    - मरियम– *लूका १:२१ ।*

ङ. स्वर्गदूतहरूका सेवकाइ

- स्वर्गदूतहरू भनेका परमेश्वरद्वारा उहाँको सेवाको निम्ति सृष्टि गरिएका थिए। तिनीहरू परमेश्वरका सन्देशवहाकहरू हुन् जसले परमेश्वरका मानिसहरूका सेवा गर्दछन्।
- परमेश्वरको सेवा:
  - स्वर्गदूतहरू परमेश्वरको सिँहासन वरिपरि भेला हुन्छन् *(२ इतिहास १८:१८)*।
  - स्वर्गदूतहरूले परमेश्वरसँग भेट गर्दछन् *(अयूब १:६; २:१)*।
  - स्वर्गदूतहरूले परमेश्वरको सेवा गर्दछन् *(भजन १०३:२१)*।
  - स्वर्गदूतहरूले परमेश्वरको आराधना गर्दछन् र यसमा उनीहरूले आनन्द मनाउँछन् *(अयूब ३८:६-७; भजन २९:१; यशैया ६:१-६; इजकिएल १०:१-१९; प्रकाश ४:६-९)*।
  - स्वर्गदूतहरूले परमेश्वरको आज्ञाहरूलाई बोकेर उहाँको सन्देशको संचार गर्दछन् (*भजन १०३:२०-२२; लूका १:११-१३)*।
- ख्रीष्टको सेवकाइ:
  - स्वर्गदूतहरूले येशू ख्रीष्टको जन्मबारे घोषणा गरे *(मत्ती १:२०-२५)*।
  - स्वर्गदूतहरूले योसेफ र मरियमलाई येशूको सुरक्षाको निम्ति मिश्रतिर जाने निर्देशन दिए *(मत्ती २:१३,१९)*।
  - उहाँको पृथ्वीको सेवकाइमा, स्वर्गदूतहरूले येशूको सेवा गरे (*मत्ती ४:११)*।
  - उहाँको मृत्यु, बौरिउठाई तथा स्वर्गारोहणको समयमा, स्वर्गदूतहरूले येशूको सेवा गरे *(मत्ती २६:५३; २८:१-७; मर्कूस १६:२-७; यूहन्ना २०:१०-१२; प्रेरित १:१०-११)*।
  - स्वर्गदूतहरूले उच्च पारिनुभएको येशू ख्रीष्टको आराधना एवम् प्रशंसा गरे *(हिब्रू १:४-६; प्रकाश ५:११-१४)*।
  - येशू ख्रीष्टको सुसमाचारमा स्वर्गदूतहरू उत्सव मनाउँछन् *(१ पत्रुस १:१२; प्रकाश १४:६)*।
  - येशूको दोस्रो आगमनमा पनि स्वर्गदूतहरू सक्रिय हुनेछन्।
    - तिनीहरू ख्रीष्टको फर्काइमा उहाँसँगै रहनेछन् *(२ थेस्सालोनिकी १:७)*।
    - तिनीहरूले न्याय कार्यान्वयन गर्नेछन् *(प्रकाश ८:५-१३)*।
    - तिनीहरूले परमेश्वरका मानिसहरूलाई भेला गर्नेछन् (*मत्ती २४:३१)*।
    - तिनीहरूले दुष्टतालाई हटाउनेछन् *(मत्ती १३:३७-४९)*।
- परमेश्वरको मानिसहरूका सेवा गर्नेछन्:
  - स्वर्गदूतहरूले परमेश्वरका मानिसहरूका विश्वासको गवाही बोकेका हुन्छन् *(लूका १२:८; १ कोरिन्थी ४:८; १ तिमोथी ५:२१)*।
  - स्वर्गदूतहरूले परमेश्वरका मानिसहरूलाई छुटकारा दिने, मार्गदर्शन दिने तथा सुरक्षा दिने गर्दछन् *(मत्ती २४:३१; प्रेरित ५:१९; १२:५-११; भजन ३४:७; ९१:९-११; प्रेरित ८:२५)*।
  - स्वर्गदूतहरूले परमेश्वरको मानिसहरूका सेवा गर्दछन् *(हिब्रू १:१४)*।
  - स्वर्गदूतहरूले परमेश्वरका मानिसहरूलाई ईश्वरीय सन्देशहरू दिन्छन् *(लूका १; प्रेरित १०:३-३२; २७:२३-२४)*।
- राष्ट्रहरू तथा अविश्वासीहरूका निम्ति सेवकाइ
  - स्वर्गदूतहरूले राष्ट्रहरूबीच काम गर्दै बाइबलको परमेश्वर संसारको सबै राष्ट्रहरूमाथि सार्वभौम हुनुहुन्छ भन्ने घोषणा गर्दछन् *(दानिएल ४:१७; १०:१३; १०:२०-११:१; १२:१)*।
  - स्वर्गदूतहरूले अविश्वासीहरूमाथि न्याय ल्याउँछन् *(उत्पत्ति १९:१२-१३; प्रेरित १२:२३; प्रकाश १६:१; १९:१७-१८)*।
  - स्वर्गदूतहरूले दुष्टलाई नियन्त्रणमा राख्छन् *(भजन ३५:५; मत्ती १३:३७-४२)*।

च. स्वर्गदूतहरूबारे सावधानीको वचन

- स्वर्गदूतहरूलाई आराधना गरिनू, प्रार्थना गरिनू वा पछ्याईनू हुँदैन (*कलस्सी २:१८; प्रकाश १९:१०)*।
  - हामीले केवल परमेश्वरको मात्र आराधना, प्रार्थना र खोजी गर्नुपर्दछ।
  - स्वर्गदूतहरूले परमेश्वरको मानिसहरूलाई सुरक्षा तथा मार्गदर्शन दिन्छन्। यसरी उनीहरूले परमेश्वरको आराधना गर्दै परमेश्वरको मुक्तिमा आनन्दित हुनेछन् *(१ तिमोथी २:५; हिब्रू १:१४)*।
- स्वर्गदूतहरूबाट आउने झूटो शिक्षाबाट सावधानी हुनुहोस्। परमेश्वरको सेवकहरूले परमेश्वरका मानिसहरूलाई झूटो शिक्षा दिनेछैनन्। तर शैतान र दुष्टले आफैलाई स्वर्गदूतहरूका भेषमा बदल्न सक्छन्। तिनीहरूले परमेश्वरका मानिसहरूलाई भ्रमित पार्न सक्छन् *(१ राजाहरू १३:१८; गलाती १:८; २ कोरिन्थी ११:१४; १ यूहन्ना ४:३-४)*।

### ३. पतित स्वर्गदूतहरू[३]

क. पतित स्वर्गदूतहरूको शुरूआत्।

- शैतान तथा भूतहरू भनेका परमेश्वरको विरुद्ध पाप गर्ने र संसारमा निरन्तर दुष्ट कार्य गर्ने दुष्टहरू हुन्। परमेश्वरले सृष्टि गर्नुभएको सबै कुराहरू असल थिए *(उत्पत्ति १:३१)*। पतित भएका स्वर्गदूतहरू पनि असल नै सृष्टि गरिएका थिए *(इजकिएल २८:१२-१७)*, तर उनीहरू परमेश्वरका विरोधी भए र उहाँको विद्रोह गरे। तिनीहरूले उत्पत्ति ३ मा अभिलिखित घटनाहरूभन्दा केही अघि विद्रोह गरेका थिए। *उत्पत्ति ३* मा आदम र हब्बालाई परीक्षा पार्ने सर्प शैतान थियो *(२ पत्रुस २:४, यहूदा ६)*।
- स्वर्गबाट शैतानको पतन भएको कुरालाई *यशैया १४:१२-१५* मा वर्णन गरिएको छ।

*ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस् ! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस् । तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु । परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिँहासनलाई उच्च पार्नेछु । पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु (यशैया १४:१२-१३) ।"*

- जब शैतान र उसका दूतहरूले विद्रोह गरे, तिनीहरू पृथ्वीमा फ्याँकिए *(प्रकाश १२:४) ।*
- तिनीहरूलाई अन्तिममा आगोको समुद्रमा फ्याँकिनेछ *(मत्ती २५:४१; प्रकाश २०:१-१०) ।*

ख. पतित भएका स्वर्गदूतहरूका नाउँ तथा शीर्षकहरूको वर्णन

- जसरी हामीले अघि नै टिपोट गर्‍यौं, झण्डै एक-तिहाई स्वर्गदूतहरू पतन भएका छन् । यी पतित स्वर्गदूतहरूका अगुवा शैतान हो र उसलाई दियाबलस भनेर भनिन्छ ।
- शैतान: दुष्टका सेनाहरूका शिरचाहिँ शैतान हो । ऊ सृष्टि गरिएको एक प्राणी हो । उसको अस्तित्व भएको कुरा शास्त्रले सिकाउँछ *(अयूब १:६; १ इतिहास २१:१; जकरिया ३:१; मत्ती ४:१०) ।*
    - शैतानलाई स्वर्गबाट खसालिँदै गरेको उहाँले देख्नुभयो भनेर येशूले भन्नुहुन्छ *(लूका १०:१८)* ।
    - शैतानको निम्ति बाइबलले विभिन्न वर्णात्मक शीर्षकहरू तथा नाउँहरू प्रयोग गरेको छ ।
        - हाम्रा भाइहरूलाई दोष लगाउने *(प्रकाश १२:१०)* ।
        - पातालको दूत *(प्रकाश ९:११)* ।
        - दुष्ट र दियाबलस *(मत्ती ४:१-११; एफिसी ६:१६) ।*
        - अजिङ्गर *(प्रकाश २०:२) ।*
        - हाम्रा शत्रु *(१ पत्रुस ५:८) ।*
        - हत्यारा र झूटो बोल्ने *(यूहन्ना ८:४४) ।*
        - यो संसारको राजकुमार *(यूहन्ना १२:३१) ।*
        - अहिले अनाज्ञाकारिताको पुत्रहरूमा काम गर्ने आत्मा *(एफिसी २:२) ।*
- भूतहरू: शास्त्रमा भूतहरूका दुष्ट सेनाको वास्तविकताबारे सिकाएको छ *(व्यवस्था ३२:१७; १ कोरिन्थी १०:२०-२१; रोमी ८:३८; मर्कूस ५:१-१६; प्रकाश ९:२०) ।*
    - भूतहरूका निम्ति बाइबलले विभिन्न वर्णात्मक शीर्षकहरू तथा नाउँहरू प्रयोग गरेको छ ।
        - भ्रमको आत्माहरू *(१ कोरिन्थी ११:१३)* ।
        - दुष्ट आत्माहरू *(मर्कूस १:२३-२७) ।*

ग. शैतान र भूतहरूका स्वभाव

- शैतान तथा उसका दूतहरू भनेका पतित स्वर्गदूतहरू हुन् । त्यसैकारणले उनीहरूका महत्वपूर्ण स्वभाव भनेका सम्पूर्ण स्वर्गदूतहरूजस्तै नै छ ।
- शैतान तथा स्वर्गदूतहरू दुवै नै सृष्टि गरिएका प्राणीहरू हुन् *(इजकिएल २८:१३) ।*
- तिनीहरू व्यक्तिका जस्तै बौद्धिकता, भावनाहरू तथा इच्छा भएका प्राणीहरू हुन् *(मर्कूस १:३४; याकूब २:१९; अनि लूका १०:१७)* । तिनीहरू सामर्थ्यवान छन् *(मत्ती ८:२८) ।*
    - माथि हामीले स्वर्गदूतहरूका त्यही स्वभावहरूलाई टिपोट गर्‍यौं । यी दुष्ट प्राणीहरूबाट स्वर्गदूतलाई अलग गर्ने कुरा भनेको उनीहरूका नैतिक चरित्र मात्र हुन् । दुष्टहरू असल सृष्टि गरिए, तर दुष्ट हुन् सक्दथे किनकि उनीहरू सिद्ध थिएनन् । चुनिएका स्वर्गदूतहरू उनीहरूका असल अवस्थामा नै रहन्छन् ।
    - पतित भएका स्वर्गदूतहरू (शैतान तथा उसका दूतहरूका दल) ले जब परमेश्वरको विद्रोह गरे, उनीहरूका असलपनालाई तिनीहरूले गुमाए । परमेश्वरले यसरी भन्नुहुन्छ, "हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर, र त्यसलाई भन: 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ: तँ सिद्धताको एक नमूना थिइस्, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर'" *(इजकिएल २८:१२)* । तिनीहरू सबै नै अहिले नैतिकरुपमा पतन भएका छन् *(लूका ११:२४-२६; २ कोरिन्थी ११:१३; प्रकाश १८:२) ।*
    - तिनीहरूका सामर्थ्यको सम्बन्धमा, तिनीहरू अबदेखि उसो असल नभए तापनि, शैतान तथा उसका दूतहरू अझै पनि सामर्थ्यवान छन् *(मर्कूस ९:२०-२९; प्रेरित १९:१६) ।*
        - उनीहरूका मानिसहरूसँग संचार गर्ने क्षमता रहेको छ *(प्रेरित १६:१६) ।*
        - तिनीहरूले मानिसहरूलाई चोट पुर्‍याउन सक्छन् *(मत्ती १२:२२)*।
        - तिनीहरूसँग मानिसहरूलाई दुष्टतातर्फ डोर्‍याउन सक्ने सामर्थ्य रहेको छ *(१ शामूएल १८:१०-११; १ तिमोथी ४:१-२; याकूब ३:१४-१५) ।*
        - तिनीहरूसँग अच्चमको काम गर्ने क्षमता रहेको छ *(प्रकाश १६:१३-१४) ।*
    - तिनीहरूका सामर्थ्यलाई परमेश्वरको सार्वभौम सामर्थ्यद्वारा रोक्दछ।
        - अयूबमाथि शैतानको सामर्थ्य भनेको सीमित थियो *(अयूब १:६-११) ।*
        - दुष्टहरू येशू खीष्टसँग डराउँछन् र उहाँको अख्तियारमा समर्पित हुन्छन् *(मर्कूस ५:७)* ।
        - दुष्टहरू येशू खीष्टको आज्ञाकारी हुन्छन् *(मर्कूस १:२३-२७) ।*
        - दुष्टहरूले येशू खीष्टको अख्तियारको गवाही दिन्छन् *(मत्ती ८:२९; मर्कूस ३:११) ।*

घ. शैतान तथा उसका दूतहरूका काम

- शैतानले परमेश्वरको विरोध गर्दछ *(यूहन्ना १४:३०; प्रेरित १३:१०; प्रकाश १२:१३ लाई उत्पत्ति ३:१५* सँग तुलना गर्नुहोस्) ।
    - किन शैतानले परमेश्वरको विरोध गर्दछ ?
        - शैतानले विश्वासीहरूलाई नाश गर्ने चाहना गर्दछ *(लूका २२:३१-३२; १ तिमोथी ५:१५) ।*
        - शैतानले साँचो विश्वासलाई बाधा दिने चाहना गर्दछ *(प्रेरित ५:३; प्रकाश १२:९) ।*
        - शैतानले उसको राज्य स्थापना गर्ने चाहना गर्दछ *(कलस्सी १:१३) ।*
    - परमेश्वरको विरोध गर्ने तरिकाहरू:
        - विश्वासीहरूलाई दोष लगाउँछ *(जकरिया ३:१; प्रकाश १२:१०)।*
        - मानिसहरूलाई सताउँछ *(लूका १३:१६; प्रकाश २:१०)*।
        - विश्वासीहरूलाई पासोमा पार्दछ र उनीहरूमाथि हस्तक्षेप गर्दछ *(२ तिमोथी २:२६)*।
        - इसाईहरूलाई भ्रममा पार्दछ *(उत्पत्ति ३:१-१३; १ कोरिन्थी ११:१३-१५) ।*
        - मानिसहरूलाई हत्या गर्दछ *(यूहन्ना ८:४४) ।*
        - सत्यतालाई बङ्ग्याउँछ *(प्रेरित १३:१०; २ थेस्सालोनिकी २:९-१०) ।*
        - पापलाई देखाउँछ *(१ इतिहास २१:१; यूहन्ना १३:२, २७) ।*
        - परमेश्वरको विरुद्धमा योजना रच्दछ *(२ कोरिन्थी २:११) ।*
        - विश्वासीहरूलाई शिकार गर्दै पासोमा पार्दछ *(१ पत्रुस ५:८) ।*
        - सुसमाचारको वचनको बिऊहरू चोरी गर्दछ *(मत्ती १३:१९ र लूका ८:१२) ।*
        - विश्वासीहरूलाई परीक्षामा पर्दछ *(१ थेस्सालोनिकी ३:५) ।*
        - विश्वासीहरूलाई त्रसित पार्दछ *(हिब्रू २:१४-१५) ।*
- दुष्ट आत्माले भरिएर मानिसलाई नियन्त्रणमा लिन्छन् *(१ शामूएल १६:१४-२३; मर्कूस ७:२५-२६; ९:१७-२९; लूका ४:३३-३४) ।*
- दुष्ट आत्माले भरिएका परिणामहरू:
    - पतनकारी कार्यहरू *(मर्कूस ५:५; ९:१७-२६; लूका ४:३५) ।*
    - बलियो हुने *(मर्कूस ५:२-४; प्रेरित १९:१६) ।*
    - मानसिक बाधा *(१ शामूएल १६:१४; लूका ८:२७-२९) ।*
    - शारीरिक चोट *(मत्ती ९:३२-३३; १७:१५-१८; लूका ११:१४) ।*
    - हिँसा *(मर्कूस ८:२८) ।*

ङ. परमेश्वरले शैतान र उसका दूतहरूलाई पराजित गर्नुभयो ।

- तिनीहरूका परीक्षालाई इन्कार गरेर येशूले शैतान तथा त्यसका दूतहरूमाथि उहाँको सामर्थ्य प्रदर्शन गर्नुभयो *(लूका ४:१३)*।
- दुष्ट आत्मा लागेका मानिसबाट ती आत्माहरूलाई निकाल्दै येशूले शैतान तथा त्यसका दूतमाथि उहाँको सामर्थ्य प्रदर्शन गर्नुहुन्छ *(मत्ती ८:१६, लूका ४:३३-३५) ।*
- येशूले दुष्टलाई निकाल्नुभएको परिणाम भनेको पूर्ण चङ्गाई, दुष्टबाट छुटकारा तथा आत्मिक सचेतना हो । तिनीहरूले येशूका नाउँमा दुष्टहरूलाई निकाल्दछन् *(मर्कूस ३:१४-१५; मत्ती ७:२२; प्रेरित ५:१५-१६)।*
- येशूको मृत्यु र पुर्नउत्थानले शैतान तथा त्यसका दूतहरूका सामर्थ्य तथा शासनलाई पराजित गऱ्यो *(हिब्रू २:१४) ।*
- येशूले तुरुन्तै सर्प जसलाई शैतान पनि भनेर चिनिन्छ, त्यसको टाउको कुल्चनुहुनेछ *(रोमी १६:२०)*।

च. शैतान तथा दुष्टको भविष्य

- शैतान तथा उसका दूतहरू दोषी ठहराइने, पराजित गरिने तथा अनन्तको आगोको समुद्रमा फ्याँनिकनेछन् *(उत्पत्ति ३:१४-१५; यूहन्ना १६:११; मत्ती २५:४१) ।*

*तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए । त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन् (प्रकाश २०:१०) ।*

छ. शैतान तथा उसको दूतहरूबारे इसाईहरूले कसरी सोच्नू तथा कार्य गर्नुपर्दछ?

- हामीले शैतान तथा त्यसका दूतहरूका सामर्थ्य सीमित मात्रामा छ भन्ने स्मरण गर्दै परमेश्वरलाई प्रथम स्थान दिन सक्नुपर्दछ *(१ कोरिन्थी १०:२०-२१; जकरिया ३:१-२) ।*
- हामी येशू खीष्टमा भर पर्नुपर्दछ र उहाँको उद्देश्यअनुसार क्रूसमा भएको खीष्टको कार्यले हामीलाई सुरक्षा प्रदान गर्दछ भनेर थाहा गर्नुपर्दछ *(रोमी ८:३७-३९; प्रकाश १२:११) ।*
- हामी आत्मिक सुरक्षाद्वारा ढाकिनुपर्दछ *(एफिसी ६:१०-१८) ।*
- दुष्टलाई इन्कार गर्नुपर्ने तयारी[४]
    - शैतानलाई कमजोर नठान्नुहोस् *(यहूदा ८-१०) ।*
    - परमेश्वरमा समर्पित हुनुहोस् *(याकूब ४:७) ।*

    - विश्वासमा दह्रो हुनुहोस् *(एफिसी ६:१३-१६; १ पत्रुस ५:८)* ।
    - पवित्र आत्माको सामर्थ्यमा भर पर्नुहोस् *(१ यूहन्ना ४:४)* ।
    - येशूको नाउँमा शैतानलाई हप्काउनुहोस् *(यहूदा ९)* ।
    - शैतानको परीक्षामा परमेश्वरको सत्यतालाई प्रयोग गर्नुहोस् *(मत्ती ४:४)* ।
- परमेश्वरले कहिलेकाहीँ शैतानलाई उहाँको उद्देश्यको निम्ति प्रयोग गर्नुहुन्छ भन्ने कुरा स्मरण रहोस् *(लूका २२:३१-३२; २ कोरिन्थी १२:७; १ तिमोथी १:२०)* ।
- शैतानको न्याय भइसकेको तथा ऊ पराजित भएको शत्रु हो भन्ने कुरा हामीले स्मरण गर्नुपर्दछ *(मत्ती ५:४१, यूहन्ना १२:३१, कलस्सी २:१५)* ।
- के एउटा इसाई दुष्ट आत्माले भरिनँ सक्छ ?
    - सक्दैन, किनकि पवित्र आत्माले प्रत्येक विश्वासीलाई अनन्तसम्म भर्नुहुन्छ *(यूहन्ना १६:७)* अनि मुक्तिको समयदेखि नै प्रत्येक विश्वासीलाई छाप लगाईदिनुहुन्छ *(एफिसी १:१३-१४)*। यसको अतिरिक्त पवित्र आत्मा शैतानभन्दा महान हुनुहुन्छ
      *(१ यूहन्ना ४:४)* । पवित्र आत्माले विश्वासीहरूलाई दुष्टको भरिपूरी हुनबाट जोगाउनुहुन्छ। जेहोस्, यदि विश्वासीले दुष्टलाई इन्कार गर्दैनन् भने, दुष्टले सताउने, बाधा दिने तथा बन्धनमा पार्ने गर्दछ।

**प्रतिबिम्बका निम्ति प्रश्नहरू:**

**१. दुष्टहरू भनेका को हुन् ?**

**२. दुष्टहरू तथा स्वर्गदूहरूबीच के भिन्नता छन् ?**

**३. स्वर्गदूतहरूका सेवकाइहरू के के हुन् ?**

**४. स्वर्गदूतहरू तथा दुष्टहरूबारे चर्चा गर्ने क्रममा, हामी के कुरामा सावधानी हुनुपर्दछ ?**

**स्वर्गदूतहरूका सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

***१. हिब्रू १:१४***

क. स्वर्गदूतहरूले बचाइएकाहरूका सेवा गर्दछन् ।

ख. स्वर्गदूतहरूका प्राथमिक कार्य भनेको येशूको महिमा गर्नू हो । तसर्थ यसरी उनीहरूले येशूलाई महिमा दिनको निम्ति इसाईहरूलाई सुरक्षा दिन्छन् ।

**२. २ राजाहरू ६:१५-१७ अनि दानिएल १०:१०-२१**

क. परमेश्वरको सन्तानहरू शिकार हुनुको सट्टामा; विजय जीवन जिउनू आवश्यक तथा आत्मिक युद्धको यथार्थता

ख. परमेश्वरले एलिशाको सेवकले तिनले देखेको कुरा देख्ने अनुमति दिए। परिणामस्वरुप, मृत्यु तथा खतराको समयमा एलिशाको सेवकले उनको सहासलाई देख्न सके ।

ग. परमेश्वरले दिनुहुने सुरक्षालाई जब दानिएलले बुझे, उनी डरबाट विश्वासतर्फ फर्के ।

घ. यदि परमेश्वर हामीसँग हुनुहुन्छ भने, को हाम्रो विरुद्ध खडा हुन सक्छ ? *(रोमी ८:३१)* ।

# अध्याय ६ मान्छेको सिद्धान्त

*हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ ! तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ । शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ, तपाईंका शत्रुहरूका कारणले अनि शत्रु र प्रतिपक्षीलाई चूप गराउनलाई, तपाईले यसो गर्नुभएको छ । जब म तपाईंको हातले बनाएको आकाशलाई र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, मानिस के हो, र तपाई त्यसको वास्ता राख्नुहुन्छ ? मानिसको छोरो के हो, र तपाई त्यसको फिक्री गर्नुहुन्छ ? तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ । आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ । सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ– सबै भेडाबाखा र गाई-गोरु र वनका सबै पशुहरू, आकाशका पक्षीहरू र समुद्रका माछाहरू र समुद्रभित्र पौडने सबै जन्तुहरू । हे हाम्रा सर्वमान्य परमप्रभु, सारा*

*पृथ्वीभरि तपाईंको नाउँ कति गौरवमय छ (भजन ८:१-९) ।*

## १. परिचय

क. अहिलेसम्म हामीले परमेश्वर पिताको, येशू ख्रीष्टको, पवित्र आत्माको, स्वर्गदूतको र दुष्टको स्वभावलाई जाँच गऱ्यौं । यो खण्डमा, हामीले मानिसको स्वभावलाई हेर्नेछौं । हामीले तीनओटा दृष्टिकोणहरूबाट मानवीयताको अन्वेषण गर्नेछौं ।

- सृष्टि गरिएको मान्छेको स्वभाव ।
- पतन भएको मान्छेको स्वभाव ।
- छुटकारा पाएको मान्छेको स्वभाव ।

ख. यी तीन दृष्टिकोणहरूबाट, हामीले मान्छेको महानता, मानवीयताको महिमा; मानवीयताको समस्या; मानवीयताको समाधानको जाँच गर्नेछौं । अधिकाँश हाम्रा ध्यान भनेको सृष्टि गरिएको मानवीयतालाई दिइन्छ । पतित भएको तथा छुटकारा पाएको मानवीय स्वभावहरू अघिल्ला अध्यायमा (अध्याय ७ मा भएको पापमा मान्छेको पतित स्वभाव तथा अध्याय ८ मा भएको मुक्तिमा मान्छेको छुटकाराको स्वभाव) छलफल गर्नेछौं ।

ग. प्रत्येक सँस्कृतिमा मानवीयताबारे धारणाहरू रहेका छन् । विशेष गरी यी विभिन्न स्तरहरूले मानवीयतालाई दुई फरक तरिकाहरूमध्ये एक तरिकामा हेर्ने गर्दछ ।

- <u>झूटो धारणा १</u>: मानवीयता असल छ र सामान्यतया असल नै रहन्छ । संसारमा समस्या भनेको मानवीयतासँग होइन । समस्या भनेको दुष्टत्मा, समृद्धिको आवश्यकता, भ्रष्ट समाजिक संरचना वा शिक्षाको कमी हुन् सक्छ । सामाजिक संरचनाको परिवर्तन वा विश्वभरि नै शिक्षाको पहुँच हुनुपर्ने आवश्यकता भएको कुरालाई हामी इन्कार गर्दैनौं। तर यस्ता कुनै पनि विषयहरूले मानिसहरूका हृदयलाई छुन सक्दैन ।
- <u>झूटो धारणा २</u>: मानवीयता भनेको असल वा खराब छैन, तर हामी बाँच्नको निम्ति हामीलाई चाहिने कुरा नै हामी गर्दछौं । कुनै पनि कुरा असल वा खराब भनेर निर्धारण गर्ने मापदण्ड भनेको कुन कुराले समाजलाई संरक्षण गर्दछ त्यसैबाट आउँछ । जेहोस्, नैतिकता भनेको बहुसङ्खीय शासनद्वारा निर्धारण हुँदैन । बहुसङ्खीयता प्राय गलत हुन् सक्छन् । हामी आफैलाई जाँच गर्नको निम्ति हामीभन्दा बाहिरको मापदण्डको आवश्यकता पर्दछ । केवल साँचो परमेश्वर र उहाँको प्रकाशित वचन बाइबलले मात्र उचित मापदण्ड प्रदान गर्दछ।

घ. मानवीयता वास्तवमै कस्तो छ भन्ने विषयमा यदि सँस्कृतिले गलत धारणा दिन्छ भने, बाइबलले के सिकाउँछ ? मानिसलाई शुरुआत्मा असल सृष्टि गरिएको थियो, तर हाम्रा पहिलो अभिभावक आदम र हव्वाले गरेका निर्णयहरूका कारण, सबै मानिसमा पापले प्रवेश पायो । हामी परमेश्वरले हामीलाई कुन उद्देश्य राखेर सृष्टि गर्नुभयो, त्यसअनुसार जिइरहेका हुँदैनौं, तर हामी आफ्नै स्वार्थको लागि बाँचिरहेका हुन्छौं ।

## २. सृष्टि गरिएको मानवीयताको स्वभाव[1]

सृष्टिमा मानिसलाई परमेश्वरको विशेष कामको लागि सृष्टि गरियो । मानिसको आत्मामा परमेश्वर स्वयमले विशेष जीवनको सास फुकिदिनुभयो । परमेश्वरले मानिसलाई सृष्टि गरिसकेपछि, उहाँले यसरी घोषणा गर्नुभयो, "यो असल छ ।" सबै सृष्टिमा परमेश्वरको प्रतिनिधित्व गर्ने उद्देश्यले मानिसलाई नर र नारी हुने गरी परमेश्वरको स्वरूपमा निर्माण गरियो ।

*यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो । परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि आधिकार गर । तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु । ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन् । र पृथ्वीको हरेक पशु, आकाशको*

*हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु-हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु ।" तब त्यस्तै भयो । आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो र त्यो साह्रै राम्रो थियो । साँझ पर्‍यो र बिहान भयो– छैठौं दिन (उत्पत्ति १:२७-३१) ।*

क. मानिसलाई परमेश्वरको आफ्नै स्वरूपमा सृष्टि गरियो ।

- केवल मानिसलाई मात्र परमेश्वरको स्वरूपमा सृष्टि गरियो । यो प्रतिष्ठाले परमेश्वरको सृष्टिमा उनीहरूलाई विशेष भूमिका दिन्छ । परमेश्वरको स्वरूपमा सृष्टि गरिएको भन्नाले के बुझाउँछ भन्ने कुरालाई हामी आउने खण्डमा थुप्रै पक्षहरूबाट हेर्नेछौं ।
- हामी जिउनको लागि सृष्टि गरिएका थियौं । परमेश्वर अनन्त, जीवित प्राणी हुनुहुन्छ । उहाँ आफैसँग जीवन छ, तर यो जीवनचाहिँ मानिसहरूसँग बाँड्नुभएको छ । परमेश्वरले मानिसहरूका नाकमा जीवनको सास फुकिदिनुभयो *(उत्पत्ति २:७) ।*
- जेहोस्, परमेश्वरको अनाज्ञाकारीताको परिणामस्वरूप मृत्युले सृष्टिमा प्रवेश गर्‍यो *(उत्पत्ति २:१६-१७) ।*
- पापको परिणामस्वरूप, शारीरिक रूपमा जन्मने प्रत्येक व्यक्ति आत्मिक रूपमा मरेको हुन्छ ।
- हामी नैतिक प्राणीहरूका रूपमा जन्मेका थियौं ।
    - हामी नैतिक रूपमा परमेश्वरको अघि उत्तरदायी छौं । उहाँले हामीलाई पछ्याउनको निम्ति आज्ञा दिनुभयो, अनि आदम र हब्बाले परीक्षालाई सामना गर्दा उनीहरूमा नैतिक निर्णयहरू बनाउन सक्ने क्षमता थियो भन्ने कुरा प्रदर्शन गरे। उनीहरूले तिनीहरूका विकल्पहरूलाई ध्यान दिँदै परमेश्वरको अनाज्ञाकारी हुने छनोट गरे र उहाँको विरुद्ध पाप गरे *(उत्पत्ति ३:१-६) ।*
    - पापले संसारमा प्रवेश गरिसकेपछि पनि हाम्रो नैतिक क्षमता निरन्तर रूपमा प्रदर्शन भइरहन्छ । हाम्रा नैतिक क्षमतामा हामीले अनुभव गर्ने दोषी भावना रहेको हुन्छ ।
        - आदम र हब्बाले अनाज्ञाकारीताको परिणामलाई अनुभव गरे । तिनीहरू अब उसो निर्दोष भएनन् र अनि उनीहरूका निर्णयको निम्ति अरुलाई दोष दिँदै आफ्ना दोषलाई ढाक्ने कोशिश गरे *(उत्पत्ति ३:७-१३)।*
        - उनीहरूका पहिलो दुइ सन्तानहरू, कैयिन र हाबिलले पापको दुर्घटनात्मक परिणामलाई देखे जब कैयिनले हाबिललाई मारे । डाहा र अनादरको कारण यस्तो भएको थियो *(उत्पत्ति ४:१-१५) ।*
        - योसेफका भाइहरूले तिनीहरूका पापहरूका परिणामलाई अनुभव गरे *(उत्पत्ति ४२:२१) ।*
        - येशूलाई धोका दिएको परिणामस्वरुप यहूदाले दोषी भावनालाई अनुभव गरे *(मत्ती २७:१-५) ।*
    - नैतिक प्रतिबन्धलाई देखाउनू पनि हाम्रो नैतिक क्षमतालाई प्रदर्शन गर्न सक्ने क्षमता हो ।
        - व्यवस्थालाई नपाएका गैरयहूदीहरूले प्रकृतिद्वारा माग गरिएको व्यवस्थालाई पालन गर्नुपर्ने हुन्छ *(रोमी २:१४-१५) ।*
        - पावलले इसाईहरूलाई अईश्वरीय कुराहरूलाई इन्कार गर्ने चुनौती दिन्छन् *(१ तिमोथी ४:७-८) ।*
- सबै मानिसहरूका स्वभाव धार्मिक छन् । हाम्रा धार्मिक स्वभावहरूलाई विभिन्न तरिकाले प्रदर्शन गर्न सकिन्छ होला । हामी हाम्रा धार्मिक स्वभावलाई परमेश्वरसँगको हाम्रा सम्बन्ध तथा त्यो सम्बन्धलाई कायम राख्ने हाम्रा क्षमतामा देख्छौं ।
    - हामी परमेश्वरद्वारा र उहाँको लागि सृष्टि भएका छौं ।

    *किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् । उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् (कलस्सी १:१६-१७) ।*

        - हामी परमेश्वरप्रति उत्तरदायी छौं र हाम्रा कार्यहरूका निम्ति एक दिन हामीले उत्तर दिनुपर्दछ *(मत्ती १२:३६) ।*
        - हामी परमेश्वरमा आश्रित छौं *(भजन १०४:१४-३०) ।*
        - हामी परमेश्वरको अघि नीच छौं *(अयूब ३८:१-१२) ।*
        - हाम्रो महत्वलाई हामी परमेश्वरबाट पाउँछौ *(मत्ती ६:२६-३०) ।*
        - हामीले परमेश्वरलाई हाम्रो आराधना दिनुपर्दछ *(प्रकाश ४:११)।*
    - हामी परमेश्वरलाई चिन्न सक्ने, उहाँसँग सम्बन्धित हुने र उहाँको निम्ति बाँच्ने क्षमतासाथ सृष्टि भएका छौं ।
        - हामीसँग केवल भौतिक देह मात्र छैन । हामीसँग आत्मा र प्राण जस्ता अभौतिक कुराहरू पनि छन् । त्यसैकारण हामी आत्मिक क्षेत्रमा महत्वपूर्ण हुने कार्य गर्न सक्छौं । यसले हामीलाई परमेश्वरका मानिस जस्तै भएर सम्बन्धित हुन सक्षम पार्दछ । हामी उहाँसँग प्रार्थना गर्न, उहाँको प्रशंसा गर्न तथा हामीसँग उहाँको वचन बोलिएको सुन्न सक्छौं *(भजन १०३:१-२; यशैया २६:९; रोमी ८:१६; १ कोरिन्थी ५:३-५) ।*
    - उनीहरूका भौतिक शरीरमा, मानिसले परमेश्वरको सम्मान गर्ने स्वभावहरूलाई अभिव्यक्त गर्न सक्छन् ।
        - हामीले निःस्वार्थलाई व्यक्त गर्न सक्छौं *(१ कोरिन्थी १०:२४)।*
        - हामीले दयालाई व्यक्त गर्न सक्छौं *(एफिसी ४:३२) ।*
        - हामीले क्षमादानलाई व्यक्त गर्न सक्छौं *(कलस्सी ३:१३) ।*
        - हामीले असलपनालाई व्यक्त गर्न सक्छौं *(मीका ६:८) ।*
        - हामीले प्रेमलाई व्यक्त गर्न सक्छौं *(मत्ती २२:३७-४०) ।*

- हामी दुष्टताप्रति रिसाउन सक्छौं *(हितोपदेश २९:२७)* ।
  - परमेश्वरलाई चिन्न सक्ने, उहाँसँग सम्बन्धित हुने तथा उहाँको लागि बाँच्ने हाम्रा छलफलले प्रश्न खडा गर्दछ । मान्छेमा के के हुन्छन् ? बाइबलले तीन प्रमुख कुराहरूलाई उल्लेख गरेको छ: शरीर, प्राण र आत्मा ।[२]
    - शरीरचाहिँ मान्छेको भौतिक पक्ष हो *(उत्पत्ति २:७; १ कोरिन्थी १५:४०-५४)* ।
    - आत्मा र प्राण भनेको चाहिँ मान्छेका अभौतिक पक्षहरू हुन् ।
      - *प्राण: (भजन १९:७; हिब्रू ६:१९; १ पत्रुस १:९)* ।
      - *आत्मा: (यशैया २६:९; प्रेरित ७:५९; याकूब २:३६)* ।
    - टिपोट: प्राण र आत्माका दुइ पक्षहरूबीच भिन्नता देखाउन कठिन हुन्छ । ती भौतिक नभएका हुनाले, ती देखाउन कठिन हुन्छ । अनि बाइबलले यसलाई प्राय: एकअर्काको सट्टामा प्रयोग गर्ने भएको हुनाले पनि यो कठिन छ । आत्मा भनेको व्यक्तिको अमरत्व जीवन र प्राण भनेको चाहिँ विचार र भावनाहरू भनेर भन्न सकिएला ।
    - मानिसका स्वभावलाई बुझ्नको निम्ति सहायता पुऱ्याउन बाइबलले यी शब्दहरूलाई प्रयोग गरे तापनि, हामी भाग-भाग भएर विभाजित हुन सक्दैनौं । हामी परमेश्वरद्वारा सृष्टि गरिएका पूर्ण प्राणी हौं । हाम्रो सम्पूर्ण जीवनलाई पापले असर गर्दछ अनि यसको छुटकारा हुनु आवश्यक छ ।
- मानिससँग बौद्धिक स्वभाव रहेको छ ।
  - हाम्रा बौद्धिक क्षमतालाई बाइबलमा दुइ तरिकाले समर्थन गरेको छ। जस्तै:
    - फल फलाउँदै र बृद्धि हुँदै जान तथा सम्पूर्ण संसारमाथि प्रभुत्व जमाउन, व्यवस्थापन क्षमता, सृजनशीलता तथा नेतृत्वको आवश्यकता पर्दछ र त्यसको निम्ति बौद्धिक क्षमताको आश्यकता पर्दछ *(उत्पत्ति १:२८)* ।
    - बाइबलमा मानिसहरूले प्रदर्शन गरेका दक्षता तथा योग्यताले बौद्धिक क्षमतालाई प्रदर्शन गर्दछ ।
    - नूहले जहाज बनाए *(उत्पत्ति ६:१४-१६)* ।
    - अनिकालको समयमा योसेफले मिश्रमा अन्नको स्रोतहरूको व्यवस्थापन तथा सम्पत्तिको बृद्धि गरे *(उत्पत्ति ४७:१३-२६)* ।
    - मानिसहरूलाई नेतृत्व दिने मोशाको जिम्मेवारीमा उनलाई मद्दत गर्न तिनको ससुरा यित्रोले इस्राएलका मानिसहरूलाई दल-दलमा विभाज गरे *(व्यवस्था १८)* ।
    - पवित्रवासस्थानको निम्ति परमेश्वरको योजनालाई बाँड्नुभन्दा अघि, परमेश्वरले मान्छेलाई पवित्रवासस्थान निर्माण गर्ने दक्षता तथा बुद्धिद्वारा सुसज्जित पार्नुभएको कुरा मोशाले घोषणा गरे *(प्रस्थान ३५:३०-३५)* ।
- मानिसको सम्बन्धात्मक स्वभाव रहेको छ । बाइबलको प्रत्येक कथामा, मानिसका सम्बन्धात्मक क्षमता तथा आवश्यकतालाई देख्न सकिन्छ ।
  - हब्बालाई सृष्टि गर्नुभन्दा पहिले, आदमले बगैंचा र पशुहरूबीच आफ्नो निम्ति सुहाउदो साथी पाएका थिएनन् *(उत्पत्ति २:२०)* ।
  - आदम र हब्बा अनाज्ञाकारी हुने क्रममा, तिनीहरूले उनीहरूका समुदायमा आफू दोषी भएको महशुश गरे । तिनीहरूले आफैलाई परमेश्वरबाट लुकाउने कोशिश गरे । त्यसपछि आदमले उनका पापको दोष हब्बालाई लगाए *(उत्पत्ति ३:७-१२)* ।
  - पेन्तेकोसको दिनमा सुसमाचार प्रचार गर्ने क्रममा, ३,००० मानिसहरू बचाइएका थिए अनि तुरुन्तै उनीहरूले मण्डली समुदाय बनाए । अनि मण्डलीले त्यसका सदस्यहरूको वास्ता गर्दथ्यो र त्यसभन्दा बाहिर रहेकाहरूलाई बलिदानपूर्ण तरिकाले दिने गर्दथ्यो *(प्रेरित २:४३-४७)* ।
  - यो युगको अन्त्यमा, जब प्रभु येशू ख्रीष्टले उहाँको अनन्तको राज्य स्थापित गर्नुहुनेछ, तब उहाँले आफ्ना मानिसलाई अनन्तको समुदायमा निर्माण गर्नको निम्ति एउटा शहर बनाउनुहुनेछ *(प्रकाश २१:२-३; २२-२७)* ।
- पृथ्वीमाथि अधिकार गर्नको निम्ति मानिसहरूसँग कार्यात्मक स्वभाव रहेको छ ।
  - जब परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो, उहाँले त्यो उद्देश्य राखेर गर्नुभयो । उहाँले हामीलाई उहाँको महिमाको निम्ति सृष्टि गर्नुभयो *(यशैया ४३:७)* । मानिसहरूले यो कुरालाई पूरा गर्ने एउटा प्रमुख तरिका भनेको परमेश्वरले तिनीहरूलाई दिनुभएको आज्ञापत्रलाई पूरा गर्नु हो । परमेश्वरले हामीलाई फलदायी हुने र बृद्धि हुने निर्देशन दिनुभयो र यसरी सम्पूर्ण संसारलाई भर्दै सम्पूर्ण सृष्टिमाथि अधिकार जमाउन सक्नेछन् *(उत्पत्ति १:२८)* । यो कार्यसँगै मानिसले परमेश्वरको शासन तथा पृथ्वीमाथि अधिकार प्रतिनिधित्व गर्दछन् ।
  - यो कार्यमा आधारित मानिसका स्वभावको सम्बन्धमा दुइओटा प्रस्तावनाहरू रहेका छन् ।
    - हामी पशुहरूभन्दा श्रेष्ठ छौं ।
    - आदमले सबै पशुहरूलाई नाउँहरू दिए *(उत्पत्ति २:१९-२०)* ।
    - परमेश्वरले पशुलाई भोजनस्वरूप खाने अनुमति दिनुभयो *(उत्पत्ति ९:१-३)* ।
    - परमेश्वरले सबै कुरालाई मानिसहरूका नियन्त्रणमा राखिदिनुभयो *(भजन ८:६-८)* ।
    - मानिसहरू भनेका पशुहरूभन्दा महत्वपूर्ण हुन्छन् भनेर बाइबलले सिकाउँछ *(मत्ती ६:२६; १२:१२)* ।
    - परमेश्वरको अघि सबै नै मानिसहरू समान छन् *(हितोपदेश २२:२; प्रेरित १७:२६)* ।

**३. मानिसहरूका पतित स्वभाव**[३]

क. मानिसलाई असल सृष्टि गरिएको थियो । परमेश्वरले हामीलाई उहाँसँग

उचित सम्बन्धमा, उहाँलाई भरोसा गर्ने, आराधना गर्ने तथा उहाँले दिनुभएको उद्देश्यलाई पछ्याउने गरी सृष्टि गर्नुभयो । हामी पूर्ण सिद्धतामा सृष्टि भएका थिएनौं भन्ने कुरालाई टिपोट गर्नु महत्वपूर्ण हुन्छ । हामी नैतिक छनोट गर्न सक्ने क्षमता ( स्वतन्त्र इच्छा) साथ निर्दोषताको कुनै जाँच नै नगरी नै सृष्टि गरिएका थियौं । परमेश्वरले आदम र हब्बालाई सही र गलतबीच छनोट गर्ने क्षमता दिनुभएको थियो । यो क्षमताचाहिँ आदम र हब्बालाई असल र खराब ज्ञानको रूखबाट नखाने परमेश्वरको आज्ञाले सङ्केत गर्दछ *(उत्पत्ति २:१६-१७) ।*

ख. आदम र हब्बा परमेश्वरसँग उचित सम्बन्धमा रहेनन् ।

*तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तँ कहाँ छस् ?" उनले भने, "मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें (लूका ३:९-१०) ।"*

- के भयो ? आदम र हब्बा उनीहरूका निर्दोषताबाट पतन भए ।
- आदम र हब्बा शैतानद्वारा सर्पको भेषमा परीक्षित भए *(उत्पत्ति ३:१-५) ।*
  - सर्पले परमेश्वर र उहाँको वचनको असलपनाबारे शंका गराउँछ ।
  - सर्पले झूटो कुरा बोल्दछ ।
- आदम र हब्बा परीक्षामा परे र परमेश्वरले नखानू भन्नुभएको रूखबाट खान पुगे *(उत्पत्ति ३:६)* ।
  - हब्बा छलमा परिनँ ।
  - परमेश्वरले निषेधित गर्नुभएको कुरामा हब्बा खुशी भईन ।
  - आदमलाई जस्तो बुलाहट दिइएको थियो, त्यसअनुसारको आत्मिक अगुवा भएनन् । त्यसको सट्टामा, उनले हब्बालाई पछ्याउँदै तिनको अनाज्ञाकारितामा सहभागी भए ।
- मानवीयताको पतनले उनीहरूमा कस्ता परिणामहरू ल्याए ?
  - आदमको पतनले मानवीयताको स्वभावलाई असर गर्दछ । मानिसमा भएको परमेश्वरको स्वरूप नष्ट भएको वा हराएको थिएन । त्यो भ्रष्ट मात्र भएको थियो ।

*एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो (रोमी ५:१२) ।*

- मृत्युले परमेश्वरको सृष्टिमा प्रवेश गर्‍यो ।[४]
  - मृत्युको यथार्थतालाई उत्पत्तिको पुस्तकमा थुप्रै महत्वपूर्ण तरिकाले देखाइएको छ ।
    - कैयिनले हाबिललाई मारे *(उत्पत्ति ४:८)* ।
    - हनोक बाहेक सबै मरे भन्ने कुरा बाइबलमा भएको पहिलो पुस्ताले अभिलेखमा राख्दछ *(उत्पत्ति ५)* ।
    - परमेश्वरले सम्पूर्ण पृथ्वीलाई नष्ट गर्नुभयो तर नूहको परिवार तथा प्रत्येक पशुका एक-एक जोडीलाई मात्र रहन दिनुभयो *(उत्पत्ति ६) ।*
    - योसेफ *११०* वर्षको समयमा मरेको घटनासँगै उत्पत्तिको पुस्तक समाप्त हुन्छ *(उत्पत्ति ५०:२२)* ।
  - मृत्युले सबै मानिसलाई असर गर्दछ भनेर बाइबलले सिकाउँछ *(अयूब १४:१-२; भजन ९०:९-१०; रोमी ८:१०; १ कोरिन्थी १५:२२)।*
- मानिसले नैतिकता र नियन्त्रणलाई गुमाउँछन् *(यहूदा १७:६)* ।

*तिनीहरूको न ज्ञान छ, न समझ, तिनीहरू अन्धकारमा यताउता डुल्छन् र पृथ्वीका सारा जग नै हल्लिएका छन् (भजन ८२:५; रोमी ७:१३-१७; अय्यूब २१:१४; इजकिएल १२:२; यूहन्ना १:५) ।*

- मानिसले उनीहरूका धार्मिक स्वभावलाई मूर्तिहरूका पूजामा प्रयोग गर्छन् ।
  - मानिसले उनीहरूका धार्मिक स्वभावलाई उनीहरूका अनाज्ञाकारितामा देखाउँछन् । परमेश्वरको आराधना गर्नुको सट्टामा, हामीले आराधना गर्ने आकृतिहरू बनाउँछौं । हाम्रो धार्मिक स्वभावलाई महानता वा महिमाको चाहनालाई पहिचान गर्ने हाम्रो क्षमतामा प्रदर्शन गरिएको छ भन्ने हामीले माथि हेर्‍यौं ।
  - पाप भनेको उच्च महिमालाई नीच महिमित कुराको रूपसँग साट्नु हो भनेर पावलले बताउँछन् ।

*उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ । यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन । किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो । बुद्धिमान छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे ( रोमी १:२०-२३) ।*

- प्रेरितको पुस्तकमा, पावलले अरियोपागसको बीचमा खडा भएर भने, *"एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, किनकि घुमफिर गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखे । मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ जसमा 'अज्ञात देवताको निम्ति' भन्ने खोपिएको रहेछ । यसैले जसलाई तपाईंहरू नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु" (प्रेरित १७:२२-२३) ।*
- कलस्सीको पुस्तकमा, पावलले पापी कार्यहरूका सूचिहरूलाई दिँदै ती मूर्तिहरू भएको बताउँछन्, *यसकारण तिमीहरूमा जो संसारीरिक स्वभावका कुराहरू छन् तिनलाई मार: व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो (कलस्सी ३:५) ।*

- पतनले बौद्धिक क्षमतालाई बङ्ग्याउँछ ।

*अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ । तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ । तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन् (एफिसी ४:१७-१९; तीतस १:१५-१६) ।*

- पतनले परमेश्वर तथा मानिसहरूसँगको सम्बन्धात्मक एकरुपतालाई तोडेको छ ।
  - परमेश्वरसँग *(भजन ५:४-६; रोमी ५:१०; उत्पत्ति ३:२२-२४; रोमी ८:७) ।*
  - अन्य मानिसहरूसँग (*तीतस ३:३)* ।
  - बाइबलीय उदाहरणहरू:
    - आदमले हब्बालाई दोष लगाए *(उत्पत्ति ३:१२) ।*
    - कैयिनले हाबिललाई मारे (उत्पत्ति ४:८) ।
    - योसेफका भाइहरूले तिनलाई दासत्वमा बेचे *(उत्पत्ति ३७:१२-३६) ।*
    - याकूब र यूहन्ना (येशूका दुइ चेलाहरू) ले परमेश्वरको राज्यमा विशेष ओहोदाको खोजी गरे अनि अन्य चेलाहरू चाहिँ तिनीहरूका अनुरोधमा रिसाए *(मर्कूस १०:३५-४५) ।*
- पतनले मानिसलाई पृथ्वीको शासनबाट बञ्चित गर्दछ *(उत्पत्ति ३:१६-१९; रोमी ८:१९-२४) ।*

### ४. मानिसहरूका छुटकारा पाएको स्वभाव[५]

क. खीष्टमा हुने छुटकाराले मानिसको सृष्टि गरिएको स्वभाव र सिद्धतालाई पुर्नस्थापित गर्दछ ।

ख. हामीसँग अनन्त जीवन छ *(यूहन्ना १०:१०; १७:३; कलस्सी ३:३-४) ।*

ग. हामी परमेश्वरको निम्ति नयाँ जीवन जिउनको लागि सामर्थ्यवान बनाइएका छौं *(रोमी ६:४-७; एफिसी ४:२०-३२) ।*

घ. परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्ने हाम्रो क्षमता पुर्नस्थापित हुन्छ *(१ थेस्सालोनिकी १:१०; रोमी १२:१-२; यूहन्ना ४:२३-२४) ।*

ङ. येशू खीष्टमा भएको हाम्रो छुटकाराले परेमश्वरको अघि सही प्रकारले सोच्न सक्ने हाम्रो बौद्धिक क्षमतालाई नवीकरण गर्दछ *( रोमी १२:१-२; कलस्सी २:१-८) ।*

च. परमेश्वर तथा अन्य मानिसहरूसँग हाम्रो सम्बन्ध पुर्नस्थापित हुन्छ *(रोमी ५:१; २ कोरिन्थी ५:१८-१९; एफिसी २:११-२२) ।*

छ. महान आज्ञाद्वारा पृथ्वी पुर्नस्थापित हुनेछ र इसाईहरू संसारको निम्ति आशिषको कारण बन्नेछन् *(मत्ती २८:१८-२१; १ पत्रुस २:९-१८) ।*

**प्रतिबिम्बको निम्ति प्रश्नहरू:**

**१. मानिसलाई बाँकी रहेका सृष्टिबाट कुन कुराले अलग गराउँछ ?**

**२. के मानवीयतालाई सृष्टि गरिएको स्वभावमा पाप गर्नुपर्ने थियो ?**

**३. के पतनपछि मानिसले "परमेश्वरको स्वरूप" लाई गुमायो ?**

**मान्छेको सिद्धान्तबारे प्रचार गर्ने अवधारणहरू**

***भजन ८***

क. सृष्टिमा परमेश्वरको महान योजनालाई घोषणा गरिएको (पद *१-२*) ।

ख. परमेश्वरको महिमालाई मानवीयतासँग तुलना गरिएको (पद *३-४*) ।
- मान्छे के हो र तपाईले त्यसको वास्ता गर्नुहुन्छ ?

ग. मानिसको महिमाले सृष्टिमा कस्तो जिम्मेवारीहरू बहन गर्दछन् (पद *५-८*)?
- टिपोटः मानिसको पापी स्वभावको विवरणलाई समावेश गरिएको छैन । तर यो विषय अमहत्वपूर्ण भएको हुनाले हो भन्ने अर्थमा चाहिँ कदापि पनि लिनुहुँदैन । यसको सट्टामा मानिस पापी भएको कुरालाई मानिलिनुपर्दछ ।
- *हिब्रू* २:६ ले यो भजनलाई पहिचान गर्दछ र येशूमा लागु गर्दछ । येशूमा मान्छेको महिमा पुर्नस्थापित हुन्छ ।

घ. पृथ्वीमा मानिसको गौरब तथा उनीहरूका असफलताका बावजुद पनि, सम्पूर्ण पृथ्वीभरि नै प्रभु अझै पनि महिमित र गौरबशाली हुनुहुन्छ (पद ९) ।

## अध्याय ७: पापको सिद्धान्त

*किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ । तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु , र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु । यसैकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ, र त्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ । साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ । निश्चय नै हृदयको सत्यतामा तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ -*

*भजन ५१:३-६) ।*

### १. परिचय

क. शास्त्रअनुसार मानिसहरूका इतिहास भनेको परमेश्वरको विरुद्धमा मानिसहरूले गरेका पापमय कार्यहरू तथा उहाँको विद्रोहको इतिहास हो। अनि परमेश्वरले मानिसहरूलाई कसरी उनीहरूका पापहरूबाट छुटकारा दिनुभयो भन्ने उहाँको प्रतिउत्तर पनि हो । एकजना बाइबल शिक्षकले यसरी भने, "मानिसको इतिहास भनेको मान्छेले आफूलाई खुशी पार्न गरेको डढसाँचो परमेश्वरको सट्टामा अन्य कुराहरूको खोजी गर्ने दुःखद लामो कथा हो ।"[१] यो अध्यायमा हामी बाइबलले पापबारे के सिकाउँछ सो अन्वेषण गर्नेछौं ।

ख. जसरी हामी पापबारे अध्ययन गर्नेछौं, यहाँ छोटो परिभाषा रहेको छः *पाप भनेको परमेश्वरको सिद्ध पवित्रतालाई तोड्ने कुनै पनि कुरा हो ।*[२]

- लामो परिभाषाचाहिँ यो हुनेछः पाप भनेको परमेश्वरको व्यवस्थालाई पूरा गर्नमा, उहाँको इच्छाप्रति आज्ञाकारी रहनमा तथा हाम्रा कार्यहरू, विचारहरू तथा चाहनाहरूद्वारा सिद्ध प्रकारले उहाँको आराधना गर्नमा असफल हुनु हो ।[३]
- पापबारे थुप्रै गलत बुझाईहरू रहेका छन् । निम्नलिखित प्रत्येक परिभाषाहरू कि त गलत छन् वा अपूर्ण छन् ।[४] जस्तैः
  - पहिलो गलत बुझाइः *पाप भनेको काल्पनिक हो ।* कतिपयले यो अस्तित्वमै छैन भनेर भन्छन् ।
  - दोस्रो गलत बुझाइः *पाप भनेको परमेश्वरबाट बाहिर र उहाँबाट स्वतन्त्र रहेको दुष्टताको अनन्त सिद्धान्त हो ।* योचाहिँ उत्कृष्ट द्वैतवादी हो जुनचाहिँ योरोष्तरसँग कुनै एउटा वा अर्को रूपमा सम्बन्धित छ । चिनिँयालीहरूका विचारमा यिङ्ग र याङ्ग तथा पहिलो शताब्दीमा रहेको प्रारम्भिक ज्ञानवादी हो ।
  - तेस्रो गलत बुझाइः *पाप भनेको स्वार्थीपना हो ।* स्वार्थीपना भनेको पाप भएको कुरा सत्य भए तापनि, सबै पापलाई वर्णन गर्नको निम्ति यो परिभाषा पर्याप्त छैन ।
- बाइबलले पापलाई व्यवस्थाविहिन भनेर परिभाषित गरेको छ *(१ यूहन्ना ३:४) ।*
- पावलले १ कोरिन्थीको पुस्तकमा 'सबै कुराहरू परमेश्वरको महिमाको निम्ति गर' *(१०:३१)* भनेर विश्वासीहरूलाई बताउँछन् । परमेश्वरको व्यवस्थाबाट मोडिनू तथा कुनै पनि विचार वा कार्य जसले परमेश्वरको महिमा गर्दैन, त्यो नै पाप हो भनेर भन्न सकिन्छ ।
- *रोमी ३:२३* मा यसरी भनिएको छः सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।

ग. यो परिभाषालाई शुरुआत्मै टिपोट गर्नुपर्ने कारण भनेको बाइबलीय अर्थमा हामीले परमेश्वरसँग कसरी सम्बन्ध स्थापित गर्छौं भन्ने कुरालाई पापले देखाउने हुनाले नै हो । हामीले पाप भनेको संसारमा सबैभन्दा ठूलो समस्या भएको र यसको असर सबै कुरामा कसरी रहेको छ भनी हेर्नेछौं ।

घ. संसारमा कुनै न कुनै कुरा गलत छ भनी स्वीकार नगर्ने कुनै पनि व्यक्तिलाई हामी भेट्टयाउँदैनौं । साँचो परमेश्वरको आराधना नगर्नू, उहाँलाई प्रेम नगर्नू तथा उहाँको आज्ञाकारी नरहनू नै मानिसको समस्या हो भन्ने कुरालाई अधिकाँश मानिसहरूले बुझ्दैनन् । हामीले परमेश्वरको विरुद्धमा विद्रोह गर्‍यौं अनि त्यसको असर हाम्रो जीवन तथा संसारमा नराम्रो तरिकाले परेको छ । राजा दाऊद सही थिए जब उनले यसरी घोषणा गरे, *'तपाई र तपाईको विरुद्धमा मात्र मैले पाप गरेँ' (भजन ५१:४)।*

ङ. समस्या भनेको शिक्षाको कमी, राजनैतिक भ्रष्टता, आर्थिक सङ्कष्ट वा स्वास्थ्यसम्बन्धी विषयहरू होइनन् । यी सबैचाहिँ यीभन्दा ठूलो कुनै कुराको परिणाम मात्र हुन । हामीले हाम्रो सृष्टिकर्ता परमेश्वरको विरुद्धमा पाप गरेका छौं र समस्याचाहिँ यही नै हो ।

### २. पापको स्वभाव[५]

क. पाप भनेको परमेश्वरको चरित्र र उहाँका कार्यहरू विपरीत छ ।

- परमेश्वर पवित्र हुनुहुन्छ र उहाँका सबै मार्गहरूमा धर्मी र सही हुनुहुन्छ। सृष्टि तथा त्यसमा भएका जीवनलाई आवश्यक पर्ने सबै कुराहरू उपलब्ध गराउने उहाँ असल हुनुहुन्छ । उहाँले आफ्ना मानिसलाई दिनुभएको वचन पूरा गर्नुहुन्छ *(दानिएल ४:३७; व्यवस्था ३२:४) ।*
- मानिसका पापमय कार्यहरूले यो सत्य हो कि होइन भन्ने चुनौती दिन्छ। परमेश्वरको चरित्र र कार्यहरूलाई चुनौती दिनू भनेको प्रत्येक पापको केन्द्रीय कुरा हो । यो पहिलो परीक्षासँगै थालनी हुन्छ जहाँ शैतानले हब्बालाई यसरी भन्दछः

*सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन् र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ (उत्पत्ति ३:४-५) ।"*

- कुन कुरा असल वा खराब छन् भनी छुट्टयाउनको निम्ति; मानिसलाई धार्मिक तथा विश्वासनीय प्रकारले मार्गदर्शन दिने उहाँको न्याय तथा उहाँको वचनको असलपनालाई यो परीक्षाले चुनौती दिन्छ ।
- प्रेरित पावलले पापबारेमा पनि यसरी नै बताएका छन्:

*बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, र तिनीहरूले विनाशी मानिस, चराचुरुङगी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे । यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून् । किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे (रोमी १:२२-२५) ।*

- पावलले यो खण्डमा मनोरक प्रकारले बोल्दछन् । उनले यसरी भन्दछन्:
  - तिमीहरू बुद्धिमानी भएको दाबी गर्छौ ।
  - तर तिमीहरूले अविनाशी सदासर्वदा परमधन्य सृष्टिकर्ता परमेश्वरको महिमालाई झूटमाथि विश्वास गर्दै सृष्टिको आराधनासँग साट्यौं ।
  - त्यसैकारण तिमीहरूले आफैलाई अधार्मिकतामा, कामवासनामा तथा असम्मानमा जिउने अनुमति दिँदै मूर्ख बनायौं ।

- पावलको निम्ति पाप भनेको अतार्किक कुरो हो । उनले यो विषय स्पष्ट भएको हुनुपर्दछ भनी भने । परमेश्वरमा भरोसा राख्दै उहाँको निम्ति जिउनू भनेको निश्चय नै उत्तम कुरो हो, तर हामीले उचित जीवन यापन गर्नुको सट्टामा, हामी हाम्रा चाहनाहरूका निम्ति बाँच्ने गर्दछौं । यर्मियाले पनि यस्तै किसिमको विवाद गरेका थिए *(यर्मिया २:५-८)*।

ख. पाप भनेको परमेश्वरको व्यवस्थालाई सक्रिय प्रकारले तोड्नू हो ।

- परमेश्वरको व्यवस्थालाई तोड्ने कुरा विभिन्न तरिकाले अभिव्यक्त गरिएको छ । जस्तैः
  - परमेश्वरको मापदण्डको तारोलाई गुमाउनू *(मर्कूस १:२१) ।*
  - परमेश्वरको व्यवस्थालाई तोड्नू *(रोमी २:२३) ।*
  - परमेश्वरको महिमासम्म पुग्न चुक्नू *(रोमी ३:२३) ।*
  - परमेश्वरको अनाज्ञाकारी रहनू *(१ शामूएल २८:१८) ।*
  - व्यवस्थाविहिन बन्नू *(१ यूहन्ना ३:४) ।*
  - परमेश्वरविहिन बन्नू *(रोमी १:१८) ।*
  - पतन हुनू *(यशैया ५३:६) ।*
- हामीले जानीजानी वा अन्जानमा परमेश्वरको व्यवस्थालाई तोड्न सक्छौं।
  - व्यवस्थाप्रति अन्जान भएर *(इजकिएल ४५:२०; लेवी ४:१३; प्रेरित ३:१७; १ तिमोथी १:१३; १ पत्रुस १:१४) ।*
  - व्यवस्थालाई इन्कार गरेर *(भजन ५१:२-३; यर्मिया २:२९; इजकिएल २:३; मत्ती १८:१७) ।*

ग. पाप भनेको दुष्टताप्रति नैतिक आकर्षण हो ।

- पाप भनेको अनाज्ञाकारिता मात्र होइन । तर यो जीवनको शैली वा हृदयको प्रवृत्ति पनि हो ।

*पृथ्वीमा मानिसहरूको दुष्टता बढी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो (उत्पत्ति ६:५; अनि भजन ९४:११; यशैया १:५-६; यर्मिया १७:९; एफिसी २:१-३) ।*

### ३. पापको विश्वव्यापकता[६]

क. भ्रष्टता विश्वव्यापीरूपमा रहेको छ ।

- सबै नै स्वभावैले भ्रष्ट छन् । मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ र त्यसलाई निको पार्न सकिँदैन । त्यसलाई कसले जान्न सक्छ र ? *(यर्मिया १७:९; अनि रोमी ७:२४ पनि हेर्नुहोला) ।*
- चाहनामा सबै नै दुष्ट छन् । *अनि पृथ्वीमा मानिसहरूको दुष्टता बढी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो (उत्पत्ति ६:५ अनि यूहन्ना ३:१९-२० पनि हेर्नुहोला) ।*
- कार्यमा पनि सबै नै दुष्ट छन् । किनकि कुनै यस्तो मान्छे छैन जसले असल गर्छ र पाप गर्दैन *(उपदेशक ७:२०)*।
- पूर्ण भ्रष्टता भनेको के हो ?[७]
  - मानवीय भ्रष्टता भनेको इन्कार गर्न नसकिने यथार्थता हो । हामी पापी भएको तथ्यताको बाबजुद, बाइबलले घरिघरि पतनपछि पनि हामीसँग परमेश्वरको स्वरूप रहेको छ भनी बताउँछ *(उत्पत्ति ५:१-३; ९:६; १ कोरिन्थी ११:७; याकूब ३:९) ।*

- मानिसहरू सम्पूर्ण रूपले भ्रष्ट भईसकेका छैनन् र उनीहरू जतिसक्दो पनि दुष्ट हुन् सक्ने भए तापनि, उनीहरूका हरेक विचार, वचन, काम तथा प्रवृत्ति सबै नै पापद्वारा असर पारिएको र दाग लागेको हुनाले पूर्ण भ्रष्टतामा रहेका हुन्छन्। पापको यो विपत्तिद्वारा हाम्रो जीवनको हरेक अंश असर पारिएको छ । जस्तैः
    - हाम्रा विचार *(एफिसी ४:१८)* ।
    - हाम्रा इच्छा *(रोमी ६:१६-१७)* ।
    - हाम्रा भावनाहरू *(तीतस ३:३)* ।
    - हाम्रा हृदय *(यर्मिया १७:९)* ।
    - हाम्रा विवेक *(तीतस १:१५)* ।
    - हाम्रा देह *(रोमी ८:१०)* ।
- सम्पूर्ण व्यक्तिलाई पापद्वारा नकरात्मक असर पारिएको छ, अनि उनीहरूका जीवनको कुनै पनि पक्षलाई पापद्वारा नकरात्मक असर नपारिएको ठाउँ नै छैन ।

ख. विश्वव्यापी दोष रहेको छ ।

- उनीहरूका पापको कारण हरेक व्यक्ति परमेश्वरको अघि दोषी भएको छ *(लेवी ५:१७)* ।

ग. अनि पापको विश्वव्यापी दण्ड रहेको छ ।

*जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन (यूहन्ना ३:१८) ।*

*जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ (यूहन्ना ३:३६) ।*

घ. विश्वव्यापी पापको पश्चातापको आवश्यकता छ ।

*यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ (प्रेरित १७:३०; यूहन्ना ३:३-५)।*

### ४. पापको शुरूआत्[८]

क. पाप स्वर्गमा शैतान तथा उसका दूतहरूसाथ थालनी भयो ।

*तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस् । तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस् । यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ । तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलियो, तैंले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट पारिस् । यसैले मैले तँलाई जमिनमा फालिदिएँ । राजाहरूका अगि मैले तँलार्य तमाशा बनाइदिए ( इजकिएल २८:१५-१७) ।*

ख. पाप आदम र हब्बाको कारण पृथ्वीमा शुरूआत् भयो ।

- आदम र हब्बा परमेश्वरको अनाज्ञाकारी भए *(उत्पत्ति ३:६)* ।
- आदम र हब्बाको अनाज्ञाकारिता भनेको ऐतिहासिक घटना थियो । यसले बाँकी रहेको सम्पूर्ण मानिसको इतिहासलाई असर गऱ्यो ।
- नयाँ नियमको लेखकहरूले आदम र हब्बाको पापलाई फर्केर हेर्छन् र एउटै मान्छेबाट पापले संसारमा प्रवेश गरेको कुरा समर्थन गर्दछन् *(रोमी ५:१२; ५:१६; २ कोरिन्थी ११:३)* ।
- प्रश्न यथावतै रहन्छ । कसरी आदम र हब्बाको पाप बाँकी रहेका सम्पूर्ण मानिसमा सऱ्यो वा खन्याइयो ?
    - आदमको पापसँगै उक्त पापको परिणामहरू (दोषी भावना, दोषी ठहराइ, मानिसको भ्रष्ट स्वभाव आदि) ले संसारमा प्रवेश गऱ्यो भन्ने कुरालाई हामी शास्त्रमा निरीक्षण गर्दछौं ।
        - आदमको दोषलाई सम्पूर्ण मानिसहरूले पनि बोक्नु पऱ्यो *(रोमी ५:१२-२१)* ।
        - एउटै मान्छेको पापले दण्ड तथा मृत्युलाई सबै मानिसहरूका निम्ति संसारमा प्रवेश गरायो ।
        - हामी सबैले यो दण्डलाई मृत्युको यथार्थतद्वारा अनुभव गर्छौं र यो नै पापको सामर्थ्य हो *(हिब्रू २:१४-१५)* ।
        - तसर्थ आदमले सम्पूर्ण मानवीय जातिका प्रत्येकलाई प्रतिनिधित्व गर्दछ, अनि जब उसले पाप गऱ्यो र दोषी भयो, सम्पूर्ण मानिसहरू पनि दोषी भए ।
        - आदमको भ्रष्टता (पापी स्वभाव) लाई सबै मानिसहरूले पनि लिन पुगे ।

*तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं (एफिसी २:३) ।*

- यो जन्मदै पाइने पापी स्वभाव भनेको हामीसँग पापप्रति भ्रष्ट स्वभाव रहेको छ भनिएको हो । यो रूप भनेको परमेश्वरबाट अलग भएको परिणाम हो । अब हामी परमेश्वरमा आश्रित भएर बाँच्दैनौं । हामी शरीरमा जिउँछौं र आफैमा भरपर्ने हुन्छौं ।

*तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समक्ष अन्धकारले भरिएको छ (एफिसी ४:१८; अनि रोमी ८:६-८ पनि हेर्नुहोला) ।*

- यसर्थ, सबै मानिसहरू आदममै प्रतिनिधित्व हुन्छन् अनि जब उसले पाप गऱ्यो र उसको स्वभाव भ्रष्ट भयो (परमेश्वरको अघि अब उसो असल नभएको वा परमेश्वरको अघि कुनै असल गर्न नसक्ने भएको), सबै मानिसका स्वभाव पनि उसँगै भ्रष्ट भयो ।
    - अन्तिममा, सबैले पाप गर्दछन् भन्ने कुरालाई हामी शास्त्रमा निरीक्षण गर्दछौं *(१ यूहन्ना १:८ अनि १ राजाहरू ८:४६; भजन १४३:२; रोमी ३:९-१०, २३) ।*

**५. पापको परिणामहरू**

क. पापको परिणामहरू भनेका के हुन् ?

- परमेश्वरको जीवनबाट अलग हुनू (रोमी ८:६; एफिसी ४:१८; ५:५) ।
- धार्मिकताप्रति घृणा *(यूहन्ना ३:२१-२२; रोमी २:४-५) ।*
- नैतिक रूपमा दोषी (रोमी ६:२३) ।
- पापको दासत्वमा *(यूहन्ना ८:३४-३६; रोमी ७:१४-२०) ।*
- परमेश्वरबो क्रोध तथा परमेश्वरबाट अनन्तसम्म अलग हुने गरी नरकमा फ्याँकिने *(२ थेस्सालोनिकी १:८) ।*
- नैतिक तथा आत्मिक अन्धोपना *(तीतस १:१५) ।*
- प्रकृतिक प्रकोपहरू *(रोमी ८:१९-२२) ।*
- व्यक्तिगत दुःख वा कष्ट *(अयूब ४:८; भजन ३८:३; १४१:१०; रोमी २:८-९) ।*

**६. के हामी परमेश्वरको विरुद्ध पाप गर्छौं ?**

क. पाप परमेश्वरको विरुद्ध छ ।

- असम्मानका पापहरू
    - मूर्तिको आराधना गर्नू *(यशैया ४५:२०; हबाकूक २:१८-२०; रोमी १:२५) ।*
    - प्रभुको नाउँलाई व्यर्थमा लिनू *(प्रस्थान २०:७)*।
    - प्रभुको नाउँलाई दुरुपयोग गर्नू *(प्रस्थान २०:७)*।
        - प्रभुको नाउँद्वारा झूटो शपथ खानू *(लेवी १९:१२)*।
        - अन्य मानिसहरूका नाउँद्वारा शपथ खानू *(यर्मिया ५:७)*।
        - परमेश्वरको नाउँको निन्दा गर्नू वा ठट्टा गर्नू *(लेवी २४:१६)*।
    - पवित्र आत्माको निन्दा गर्नू *(मर्कूस ३:२८-२९)* । पवित्र आत्माको निन्दाको परिणाम ठूलो रहेको छ । तसर्थ पवित्र आत्माको निन्दा गर्नाले के हुन्छ भन्ने कुरामा स्पष्ट हुनू महत्वपूर्ण छ । यो खण्डको थुप्रै अनुवादहरू रहेका छन् अनि हामी ती विस्तारित रूपले यहाँ छलफल गर्न सक्दैनौं । यहाँ *मर्कूस ३:२८-२९* को सम्बन्धमा केही सरल निरीक्षणहरू रहेका छन् ।
        - येशूका कार्यहरू दुष्ट आत्माका कार्यहरू हुन् भनेर विश्वास गर्ने केही धार्मिक अगुवाहरूसँग येशू बोलिरहनुभएको छ ।
        - येशूले भन्नुहुन्छ, दुष्ट आत्माले दुष्ट आत्माको विरुद्ध काम गर्दैन ।
        - त्यसपछि येशूले भन्नुहुन्छ कि कोही परमेश्वरको भएर उसले परमेश्वरको आत्माको कार्यहरूलाई गलत तरिकाले बुझ्न सक्दैन ।
        - परमेश्वरको आत्माको कामलाई वेवास्ता गर्नू भनेको क्षमा नहुने पाप हो भनेर येशूले निर्क्यौल निकाल्नुहुन्छ ।
    - तसर्थ, येशूले सङ्केत गरिरहनुभएको कुराको सरल उत्तर भनेको यदि हाम्रा पापहरूका दोष देखाई दिने पवित्र आत्माको कामप्रति हामी प्रतिउत्तर दिनमा असफल हुन्छौं भने, हामीले कहिल्यै पनि क्षमा पाउन सक्दैनौं किनकि पापले दोषी भएको तथा त्यसको पश्चातापविना क्षमादान सम्भव छैन ।
- अनादरको पापहरू:
    - परमेश्वरप्रति अधन्यवादी हुनू *(रोमी १:२१)*।

    - व्यक्तिगत अहंकारमा घमण्ड गर्नू *(याकूब ४:१३-१७)*।
    - परमेश्वरको महिमा तथा सम्मान गर्न इन्कार गर्नू *(गन्ती २०:१२)।*
- इन्कारका पापहरू
    - परमेश्वरबाट टाढिनू *(हिब्रू १०:२८-२९; २ पत्रुस ३:१७; यर्मिया २:१९) ।*
    - परमेश्वरको विरुद्ध विद्रोह गर्नू *(यशैया ३०:९)*।
- अविश्वासका पापहरू:
    - परमेश्वर तथा उहाँको सामर्थ्यलाई इन्कार गर्नू *(यर्मिया ९:३)*।
    - परमेश्वरलाई बिर्सनू *(होशे १३:६)*।
    - परमेश्वरको भय राख्न असफल हुनू *(भजन ३६:१)*।
    - परमेश्वरमा विश्वास राख्न असफल हुनू *(हिब्रू ११:६)*।

ख. हाम्रा छिमेकीको विरुद्ध पाप गर्नू

- अरुलाई घृणा गर्ने पापहरू:
    - रीस *(भजन ३७:८)*।
    - कुरा काट्नू *(१ तिमोथी ५:१३)*।
    - निन्दा तथा डाहा (*एफिसी ४:३१-३२)*।
    - वास्ता नगर्ने *(इजकिएल १६:४९)*।
    - गिल्ला गर्नू *(२ पत्रुस ३:३)*।
    - झै-झगडा *(गलाती ५:१५)*।
    - प्रतिशोध *(१ थेस्सालोनिकी ५:१५)*।
- शारीरिक हानिका पापहरू:
    - हत्या *(उत्पत्ति ९:५-६)*।
    - हिँसा *(भजन ७:९)*।
- अरूलाई छल गरेको पापहरू:
    - चापलूसी *(यहूदा १६)*।
    - झूट बोल्नू *(एफिसी ४:२५)*।
    - पाखण्डीपना *(१ तिमोथी ४:२)*।
- चाहनाका पापहरू:
    - शत्रुता *(गलाती ५:२६)*।
    - डाहा *(१ कोरिन्थी ३:३)*।
    - लालसा *(फिलिप्पी २:४)*।
    - लोभ *(१ तिमोथी ६:९)*।
- शरीरका पापहरू:
    - व्यभिचार तथा यौनजन्य अनैतिकता *(१ थेस्सालोनिकी ४:३-६) ।*
    - कामुकता *(मत्ती ५:२८)*।

**प्रतिबिम्बका निम्ति प्रश्नहरू:**

**१. प्रत्येक पापको हृदयमा के हुन्छ ?**

**२. पाप विवेकरहित छ भन्नाले के बुझिन्छ ?**

**३. पाप कसरी विश्वव्यापी रहेको छ ?**

**४. कसरी आदमको पापले सम्पूर्ण मानिसलाई असर गऱ्यो ?**

**पापको सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

**१. पापको विनाश**

क. सबै मानिसहरू दोषी छन् *(रोमी ५:१२)*।
ख. सबै मानिसहरू स्वभावैले पापी छन् *(एफिसी २:१-३)*।
ग. पाप स्वभावको कारणले सबै मानिसहरू घृणामा बाँचिरहेका छन् *(तीतस ३:३)।*

**२. पापको आराधना *(रोमी १:२०-२५)*।**

क. परमेश्वरबारेको ज्ञानबाट बञ्चित हुन सकिँदैन (पद *२०)*।
ख. मानिस स्वभावैले परमेश्वरको आराधना गर्न चाहाँदैन (पद *२१*)।
ग. मानिस स्वभावैले परमेश्वरको सृष्टिको आराधना गर्ने हुन्छ (पद *२३*)।
घ. पाप भनेको सत्यतालाई झूटद्वारा बदल्नू हो (पद *२५*)।

**अध्याय ८: मुक्तिको सिद्धान्त**

*किनभने हामी पनि एक पल्ट मूर्ख, अटेरी, बरालिएका, किसिम-किसिमका कामवासना र सुख-विलापसमा फसेका, द्वेषर डाहमा दिन बिताउने, मानिसबाट घृणित भएका, एउटाले अर्कालाई घृणा गर्ने थियौं । तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाइ र प्रेम प्रकट भयो, तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो, जो उहाँले हाम्रा मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो, ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं ( तीतस ३:३-७) ।*

## १. परिचय

क. यो पुस्तकको प्रत्येक अध्यायले मुक्तिको आवश्यकतालाई कुनै न कुनै तरिकाले छलफल गरेको छ ।

- हामीले अध्याय १ मा भएको परमेश्वरबारेको सिद्धान्तमा, येशू ख्रीष्टको मृत्युको कारण भनेको परमेश्वरको सिद्ध पवित्रता तथा उहाँले गर्नुहुने हरेक कार्यमा उहाँ धार्मिक तथा न्यायिक हुनुभएको हुनाले नै हो भनी छलफल गरिसकेका छौं ।
- अनि *अध्याय २* मा हामीले शास्त्रको सिद्धान्तमा शास्त्रको प्रमुख उद्देश्य भनेको मुक्तिको निम्ति हामीलाई बुद्धिमानी बनाउनू हो भनी पनि हेर्‍यौं *(२ तिमोथी ३:१५)*।
- अनि अध्याय ३ मा हामीले पापी मान्छेको मुक्तिको निम्ति येशू ख्रीष्टको व्यक्तित्वबारे किन उहाँ पूर्ण रूपले मान्छे र परमेश्वर हुन आवश्यक थियो भनी पनि हेर्‍यौं ।
- *अध्याय ४* मा हामीले पवित्र आत्माबारे कसरी आत्माले परमेश्वरको मुक्तिको कार्यमा थुप्रै तरिकाले योगदान दिनुहुन्छ भनेर पनि हेर्‍यौं । मानिसहरूका जीवनमा आत्माले काम गर्नुहुने दुइ तरिकाहरू:
    - उहाँले पापीहरूलाई सत्यताद्वारा विश्वस्त पार्नुहुने;
    - तथा उहाँले मण्डलीलाई तिनको सुसमाचारिय कार्यलक्ष्यलाई पूरा गर्न सामर्थ्यवान तुल्याउने पार्नुहुन्छ ।
- हामीले अध्याय ५ मा भएको स्वर्गदूतहरूका सम्बन्धमा, कसरी चुनिएका स्वर्गदूतहरूले परमेश्वरको मुक्तिको कार्यमा सहायकहरूका भूमिका निभाउँछन् भनेर छलफलग गर्‍यौं । अनि पतन भएका स्वर्गदूतहरूले चाहिँ परमेश्वरको असल सृष्टिमा मुक्तिको आवश्यकता पर्ने गरी उहाँको विद्रोह गर्दै कोलाहललाई उत्पन्न गराए भनेर पनि हेर्‍यौं ।
- परमेश्वरले मानिसलाई उहाँको सम्मान गर्ने गरी असल सृष्टि गर्नुभएको थियो, तर पाप र विद्रोहले तिनीहरूका हृदयलाई असर गर्‍यो र पापी पूर्खालाई उत्पन्न गरायो भन्ने कुरालाई हामीले अध्याय ६ मान्छेबारेको सिद्धान्त र अध्याय ७ पापबारेको सिद्धान्तमा छलफल गर्‍यौं ।

ख. मुक्तिको आवश्यकतालाई प्रस्तुत गरियो र कसरी येशू ख्रीष्टको जीवन र मृत्युद्वारा मुक्तिको कार्यलाई पूरा गरियो भनेर पनि देखाई सक्यौं । यो अध्यायमा हामी, मुक्तिसम्बन्धी सिद्धान्तका सत्यताहरूलाई अझ विस्तृत गरी अन्वेषण गर्नको निम्ति यसलाई अझ नजीकबाट हेर्नेछौं । हामीले निम्नलिखित कुराहरू हेर्नेछौं । जस्तैः

- मुक्ति परमेश्वरबाट आउँछ ।
- मुक्तिको कार्यचाहिँ येशूको मृत्युले पूरा गर्‍यो ।
- मुक्ति हाम्रो जीवनमा विश्वासद्वारा आउँछ ।
- मुक्ति अनन्त छ ।
- मुक्ति भनेको विश्वास गर्नेहरूका जीवनमा प्रस्तुत हुन्छ ।

## २. मुक्तिको निम्ति परमेश्वरको प्रबन्धः मुक्ति भनेको परमेश्वरबाट आउँछ[1]

क. पुरानो नियममा मुक्तिको प्रबन्ध

- प्रत्येक युगमा परमेश्वरले मुक्ति प्रदान गर्नुभयो । मानिसका पापका निम्ति येशू ख्रीष्ट मर्नुहुनेछ भनेर क्रूसभन्दा अघि उनीहरूलाई थाहा थिएन । जुन काम उहाँले अन्तिममा सबै मानिसहरूका पापका निम्ति गर्नुहुन्छ *(रोमी ३:२६; १ यूहन्ना २:२)*।
- मुक्तिले सधैं नै परमेश्वरले पापको निम्ति दिनुभएको बलिदानमा भरोसा गर्नुपर्ने कुराको माग गर्दछ । कहिलेकाहीँ त्यो प्रबन्धलाई थाहा गर्न नसिकने तर बलिदान प्रणालीमा तस्विरको रूपमा देखिने मात्रै देखिने पनि हुन सक्छ ।
- विश्वासद्वारा पाइने परमेश्वरको मुक्तिलाई, पुरानो नियममा थुप्रै ठाउँमा देखाइएको छ ।[2]
    - परमेश्वरले आदम र हब्बालाई पशुका वस्त्र बनाईदिनुभयो *(उत्पत्ति ३) ।*
    - परमेश्वर हाबिलले चढाएको पशुको बलिदानमा प्रसन्न हुनुभयो *(उत्पत्ति ४) ।*
    - हनोक मरेनन् र त्यसैमा परमेश्वरले उहाँको अनुग्रहलाई प्रदर्शन गर्नुभयो *(उत्पत्ति ५:२२)*।
    - परमेश्वरले नूह अनि उनको परिवारलाई उहाँको न्यायबाट छुटकारा प्रदान गर्नुभयो *(उत्पत्ति ६)*।
    - अब्राहामले थुमा बलिदान चढाए *(उत्पत्ति २२)*।
    - मिश्रबाट प्रस्थान गर्ने क्रममा, बलिदानको माग गरियो *(प्रस्थान १२) ।*

- मोशालाई प्रकट गरिएको लेवी प्रणालीमा पापको निम्ति पशु बलिदान चढाउने कुरामा केन्द्रीत थियो *(लेवी १७:११)* ।

- विश्वासद्वारा पाइने परमेश्वरले प्रबन्ध गरिदिनुभएको मुक्तिलाई पुरानो नियममा थुप्रै ठाउँमा प्रतिज्ञा गरिएको थियो ।
  - स्त्रीबाट जन्मेको सन्तानले सर्पको शिरलाई कुल्चिनेछ *(उत्पत्ति ३:१५) ।*
  - परमेश्वरले उहाँका मानिसहरूका निम्ति उहाँको मुक्तिदाता मारिनुहुने कुरा प्रतिज्ञा गर्नुभयो *(यशैया ५३:५-१२)* ।
- पुरानो नियमको समयमा मानिसहरूका पापलाई सदाको निम्ति लानुहुने मसीहमाथि राखिने विश्वासद्वारा अनुग्रहबाट मानिसहरू बचाइन्थे भने, येशूको आगमनपछि उनीहरूका सबै पापलाई सदाको निम्ति लैजानुभएको मसीहमाथि विश्वास राखेर अनुग्रहद्वारा मानिसहरू बचाईन्छन् ।

ख. येशू ख्रीष्टमा भएको मुक्तिको प्रतिज्ञाको पूरा हुवाई

- पुरानो नियममा देखाइएको तथा प्रतिज्ञा गरिएको मुक्ति येशू ख्रीष्टको व्यक्तित्व र कार्यमा पूरा हुन्छ *(हिब्रू ९:२-१४)* ।

ग. परमेश्वरले प्रदान गर्नुभएका मुक्तिका कारणहरू[३]

- किनकि उहाँले संसारलाई प्रेम गर्नुहुन्छ *(यूहन्ना ३:१६; एफिसी २:४-५)* ।
- उहाँको अनुग्रह र दयालाई प्रदर्शन गर्नको निम्ति *(एफिसी १:७; २:८-९; १ तिमोथी १:१५-१६; तीतस ३:५) ।*
- उहाँको महिमाको निम्ति *(रोमी ३:२६; ९:२२-२३;*
  *२ कोरिन्थी ४:६; १ पत्रुस २:९) ।*
- मानिसको भलाईको निम्ति *(यूहन्ना १:१२; कलस्सी १:२७; एफिसी २:१३-१९) ।*

घ. मुक्ति भनेको त्रित्व कार्य हो[४]

- मुक्तिको त्रित्व स्वभावको महिमित तस्विरलाई *एफिसी १:३-१२* मा पढ्नुहोस् । परमेश्वरको मुक्तिको महान योजनामा त्रित्वको प्रत्येक सदस्यले एकसाथ काम गर्नुहुन्छ ।
- पद *३-६* मा हामी परमेश्वर पिताले मुक्तिको निम्ति हामीलाई छनोट गर्नुभएको उहाँको कार्यलाई देख्छौं । पद *७-१२* मा, पुत्र परमेश्वरले हाम्रो मुक्तिको निम्ति आफैलाई बलिदान दिनुभएको कुरालाई देख्छौं । पद *१३-१४* मा हामी आत्माले मुक्तिको निम्ति हामीलाई छाप लगाउनुभएको कुरालाई देख्छौं ।
- यो खण्डमा हामी त्रित्वको प्रत्येक सदस्यको सबै क्रियाकलापहरूलाई समेटेको पाउँदैनौं । तर मुक्तिको महान कार्यमा कसरी त्रित्वको प्रत्येक व्यक्तिले मिलेर एकसाथ काम गर्दछन् भन्ने महान तस्विरलाई देख्न सक्छौं । अन्य खण्डहरूका लागि *हिब्रू २:३-४; तीतस ३:४-७; १ पत्रुस १:२; ३:१८ हेर्नुहोला ।*
- परमेश्वर पिता:
  - परमेश्वरले सृष्टिभन्दा अघि नै मुक्तिको उहाँको योजनालाई नियुक्ति गर्नुभयो *(एफिसी १:४) ।*
  - परमेश्वरले ख्रीष्टमा विश्वास गर्नेहरूलाई छानेर मुक्तिको कार्यलाई अघि बढाउनुहुन्छ *(एफिसी १:४-५) ।*
  - परमेश्वरले छुटकारा पाएकाहरूमाथि उहाँको अनुग्रह वर्षाउनुहुन्छ *(एफिसी ३:८) ।*
  - परमेश्वरले येशू ख्रीष्टमा भएकाहरूलाई उहाँको परिवारमा अप्नाउनुहुन्छ *(एफिसी १:५) ।*
- पुत्र परमेश्वर:
  - उहाँको रगतद्वारा पापको क्षमादान र मुक्ति दिइन्छ *(एफिसी १:७)*[५]
  - उहाँको शासन र राज्यमा येशूले सबैलाई एकसाथ एकतामा ल्याउनुहुन्छ *(एफिसी १:९-१०)* ।
  - येशूमा, उहाँमा विश्वास गर्नेहरूले आत्मिक आशिषहरू तथा सम्पत्तिहरूलाई प्राप्त गर्छन् *(एफिसी १:३,११) ।*
- पवित्र आत्मा परमेश्वर:
  - विश्वास गर्नेहरूलाई पवित्र आत्माले उत्तराधिकारको सम्पत्ति पाउने निश्चयताको छाप लगाउनुहुन्छ *(एफिसी १:१४)* ।
  - बाइबलीय समयमा, छाप भनेको स्वामित्व, परिचय तथा सुरक्षाको चिन्ह हुने गर्दथ्यो । जब पवित्र आत्माले हामीलाई छाप लगाउनुहुन्छ, यसले हाम्रो जीवनमा परमेश्वरको स्वामित्व रहेको, हामी उहाँसँग परिचित भएको तथा हामीलाई सबै कुरामा सुरक्षित दिनुहुने अनि हामीसँग गर्नुभएको सबै प्रतिज्ञाहरूलाई पूरा गर्नुहुने चिन्ह देखाउँछ ।

ङ. मुक्तिका दुइ पक्षहरू: लागु भएको तथा पूरा भएको [६]

- यो अध्यायको आगमी थुप्रै खण्डहरूले मुक्तिका यी दुइ पक्षहरूलाई वर्णन तथा केन्द्रीत गरेको छ ।
- हाम्रो मुक्तिको पूरा हुवाई
  - पूरा भएको मुक्तिले क्रूसमा येशू ख्रीष्टले गर्नुभएको प्रायश्चितको कार्यसँग व्यवहार गर्दछ । हामी एउटा आधारभूत प्रश्नको उत्तर दिने कोशिश गर्छौं: येशूले क्रूसमा के पूरा गर्नुभयो ?

- हाम्रो मुक्तिको प्रयोग
  - प्रयोग भइसकेको मुक्तिले अर्को आधारभूत प्रश्नको जवाफ दिने कोशिश गर्दछ: येशू ख्रीष्टले क्रूसमा गर्नुभएको कार्य कसरी विश्वासीहरूको मुक्तिमा प्रयोग हुन्छ ? अर्को शब्दमा भन्नुपर्दा हामी कसरी बचाइयौं ? भनिएको हो ।

## ३. मुक्तिसँग सम्बन्धित शब्दहरूका परिभाषा

निम्न लिखित खण्डहरूले मुक्तिको सिद्धान्तसँग सम्बन्धित शब्दहरूलाई प्रयोग गरेको छ । यो खण्डमा हामीले ती शब्दहरूका परिभाषाहरूलाई सूचिकृत गरेका छौं जसले आगमी सामाग्रीमा हामीलाई मद्दत गर्नेछ ।

क. प्रभावकारी बुलाहट[७] भनेको परमेश्वरको त्यो कार्य हो जसमा उहाँले आफ्ना मानिसहरूलाई उहाँको वचनको घोषणाद्वारा बोलाउनुहुन्छ र मानिसहरूले बचाइने विश्वासद्वारा त्यसको प्रतिउत्तर दिन्छन् ।

ख. पुर्नजन्म[८] (कहिलेकाहीँ यसलाई नयाँ गरी जन्मनू पनि भनिन्छ) भनेको परमेश्वरको त्यो कार्य हो जसमा उहाँको आत्मिक जीवनले पतित मानिसहरूका हृदयमा जन्म लिन्छ ।

ग. परिवर्तन भनेको पवित्र आत्माको पुर्नजन्म गराउने सामर्थ्यप्रति प्रतिउत्तर दिँदै हृदयको परिवर्तन गर्नू हो र यसमा पापबाट पश्चाताप तथा विश्वासलाई अभिव्यक्ति गरिन्छ ।

घ. धर्मीकरण[९] भनेको परमेश्वरको त्यो वैद्यानिक कार्य हो जसमा उहाँले खन्याउनुहुने उहाँको धार्मिकतामा हामीलाई धर्मी ठहराउनुहुन्छ र हाम्रा पापहरू क्षमा दिनुहुन्छ ।

ङ. धर्मपुत्र बनाइनू[१०] भनेको परमेश्वरको त्यो कार्य हो जसमा उहाँले छुटकारा पाएका मानिसहरूलाई उहाँको परिवारको अंश बनाउनुहुन्छ ।

च. पुर्नमिलन भनेको येशू ख्रीष्टमा भएको बचाइने विश्वासको सम्बन्धात्मक परिणाम हो र एक पटक परमेश्वरबाट विराना भएका तथा उहाँको शत्रु भएकाहरू अब उसो परमेश्वरसँगको सम्बन्धमा घनिष्ट हुने गरी पुर्नमिलन भएको हुन्छ ।

छ. शुद्धिकरण भनेको परमेश्वरको प्रगतिशील कार्य हो जसमा उहाँले छुटकारा पाएका मानिसहरूलाई अझ येशू ख्रीष्ट जस्तै बनाउँदै लैजानुहुन्छ ।

ज. महिमिकरण भनेको मुक्तिको अन्तिम कदम हो जसमा हामी येशू ख्रीष्टको स्वरूपमा बदलिएका हुन्छौं र सिद्ध रूपमा बौरिउठेको शरीरलाई हामीले प्राप्त गर्नेछौं ।

**अर्को खण्डमा जानुभन्दा अघि, मुक्तिसम्बन्धी यी सबै शब्दहरूबारे कक्षामा छलफल गर्नुहोस् । प्रत्येक शब्दलाई सबैले उचित प्रकारले पूर्ण रूपले बुझेका हौऊन भन्ने पक्का गराउनुहोस् ।**

---

## ४. मुक्तिः पूरा भएको[११]

*किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो । उहाँ शरीरमा मारिनुभयो–धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो (१ पत्रुस ३:१८) ।*

*किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो २ कोरिन्थी ५:२१ ।*

मृत्यु र पापको सामर्थ्यबाट हामीलाई छुटकारा दिनको निम्ति उहाँले सित्तैंमा आफ्नो जीवन हाम्रो निम्ति बलिदान दिनुभयो । उहाँको मृत्युद्वारा मानिसहरूका पापहरू क्षमा हुन सक्छन् । हामी हाम्रो सृष्टिकर्ता परमेश्वरसँग पुर्नमिलनमा आउन सक्छौं । मुक्तिका यी सबै फाइदाहरूलाई क्रूसमा भएको येशू ख्रीष्टको मृत्युद्वारा पूरा गरिएको छ । तर कसरी येशूको मृत्युले यो कार्यलाई पूरा गऱ्यो त?

क. येशू ख्रीष्टको क्रूसमा भएको मृत्युबारे बाइबलीय कथनहरू

- हाम्रो निम्ति येशूले रगत बगाउनुभयो[१२] *(प्रेरित २०:२८; रोमी ३:२४; ५:९; कलस्सी १:२०) । हिब्रू ९:२२* मा यसरी भनिएको छः *रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन ।*
- येशू हाम्रा पापहरूका लागि मर्नुभयो *(यूहन्ना १:२९; १ कोरिन्थी १५:३; रोमी ६:९-१०) ।*
- येशूको मृत्यु भनेको बलिदान थियो *(एफिसी ५:२; हिब्रू ८:१; १३:११)* । येशू ख्रीष्ट परमेश्वरको सम्मानको कार्यस्वरूप मर्नुभयो ।

- येशूको मृत्यु भनेको निस्तारको बलिदान हो[१३] *(१ कोरिन्थी ५:७)*। परमेश्वरले इस्राएलीहरूलाई छुटकारा दिनुहुनेछ भनेर गर्नुभएको प्रतिज्ञामा विश्वास गरेको चिन्हस्वरूप तिनीहरूले उहाँको निर्देशनमा आ-आफ्ना ढोकाका चौकसहरूमा रगत देलेका थिए र यसैलाई नै निस्तार भनेर प्रस्थान १३ मा वर्णन गरिएको छ । जब उक्त रात मृत्युको दूत आउनेछ र तिनीहरूका घरमा भएका उक्त रगतलाई देख्नेछ, ती घरलाई छोडिदिने र उनीहरूका पहिलो जन्मेका छोराछोरीहरूलाई बाँच्नेछन् भनेर इस्राएलीहरूलाई बताइएको थियो । निस्तारको रगत भनेको मारिएको थुमाबाट आउने गर्दथ्यो र यसरी इस्राएलीहरूका जेठोहरू मारिने थिएनन् । निस्तारको थुमा प्रतिस्थापनको रूपमा देखियो।[१४]
- येशूको मृत्युचाहिँ तिरिएको वा खरिद गरिएको मूल्य थियो[१५] *(प्रेरित २०:२८; १ कोरिन्थी ६:२३; प्रकाश ५:९)।* येशूको मृत्युले पापको मूल्य तिरिदियो ।
- येशूको मृत्यु *प्रायश्चित*[१६] थियो *(रोमी ३:२५; रोमी ५:१; हिब्रू २:१७)। प्रायश्चित* भन्ने शब्दले सन्तुष्ट भन्ने अर्थ दिन्छ । येशूको मृत्युले परमेश्वर पिताको पापप्रतिको क्रोधलाई सन्तुष्ट पाऱ्यो ।
- येशूको मृत्यु भनेको *छुटकाराको मोल* थियो *(मर्कूस १०:४५; हिब्रू ९:१५)।* येशूको मृत्युले पापको बन्धनमा रहेकाहरूलाई छुटकारा दिन्छ।[१७]
- येशूको मृत्यु भनेको *बलिदान* थियो *(१ यूहन्ना ४:१०; हिब्रू १०:५-१४)* । उहाँले आफ्नो जीवनलाई पिताको आज्ञाकारीतामा बलिदान गर्नुभयो।
- येशूको मृत्यु भनेको प्रतिस्थापन थियो[१८] *(२ कोरिन्थी ५:१४-१५; १ थेस्सालोनिकी ५:९)।* उहाँले उहाँको आफ्नो मृत्युमा पापीको स्थानलाई लिनुभयो र यसरी हाम्रो सट्टामा मर्नुभएर हाम्रो लागि प्रतिस्थापन हुनुभयो । योचाहिँ एकजनाको निम्ति एकजनाको प्रतिस्थापन थियो ।
- *२ कोरिन्थी ५:२१ मा यसरी भनिएको छ: किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।*
  - त्यसबारे सोच्नुहोस् ! उहाँले हाम्रो प्रतिस्थापनको निम्ति आफैमा हाम्रो पापलाई लिनुभयो । धर्मी जन अधर्मीको लागि मारिनुभयो । अनि हाम्रो अधार्मिकताको स्थानमा उहाँले उहाँको धार्मिकता दिनुहुन्छ । त्योचाहिँ प्रतिस्थापना हो ।

<u>साराँश: येशूको मृत्युको स्वभाव ।</u>

- *बलिदानपूर्ण:* उहाँको जीवन दिइयो ।
- *प्रतिस्थापनात्मक:* उहाँ पापीहरूका स्थानमा मर्नुभयो ।
- *प्रायश्चित:* पापको विरुद्धमा परमेश्वरको क्रोधलाई शान्त पारियो ।
- *पर्याप्त:* पापको निम्ति मूल्य चुकाइयो अनि पापीहरूका विरुद्धमा परमेश्वरको न्यायलाई लिइयो ।
- *स्थायी:* पाप र मृत्यबाट छुटकारा पाउने मोल चुकाउने काम पूरा भयो ।

ख. येशूको मृत्युको प्रकृतिबारे सिद्धान्तहरू[१९]

- येशूको मृत्यु वर्णन गर्ने अपूरो सिद्धान्तहरू:
  - अपूरो सिद्धान्त १: शैतानलाई मूल्य चुकाएको सिद्धान्त– खीष्ट मान्छेमाथि शैतानको दाबीलाई रद्द गर्न मर्नुभयो ।
    - समस्या– खीष्टको मृत्यु भनेको शैतानलाई चुकाइएको मूल्य होइन । परमेश्वरले शैतानलाई कुनै पनि कुरा तिर्नुपर्दैन । परमेश्वरले उसँग सम्झौता गर्नलाई मुक्ति प्रदान गर्नुभएको होइन ।
  - अपूरो सिद्धान्त २: नैतिक प्रभाव सिद्धान्त– खीष्ट मानिसहरूलाई पश्चातापसाथ परमेश्वरमा ल्याउने प्रभाव पार्न मर्नुभयो ।
    - समस्या– अझ असल जीवन जिउने अभिप्रेरणाको हामीलाई खाँचो पर्दैन । हामी पाप र मृत्युमा मर्नुपर्ने गरी दोषी भएका छौं र पापद्वारा भ्रष्ट पारिएका छौं । पश्चातापको निम्ति हामीलाई हाम्रा पापको मूल्य चुकाउनुपर्दछ तर अझ असल गर्ने उत्साह होइन ।
  - अपूरो सिद्धान्त ३: उदाहरण सिद्धान्त– खीष्ट हामीलाई प्रेम, विश्वास तथा आज्ञाकारिताको प्रेरणा दिन मर्नुभयो ।
    - समस्या– यो धारणाको समस्या भनेको नैतिक प्रभाव सिद्धान्तसँग मिल्दो रहेको छ । यी सिद्धान्तहरूले उचित प्रकारको अभिप्रेरणाद्वारा हामीले आफैलाई बचाउन सक्छौं भन्ने सुझाव दिन्छ । हामी सक्दैनौं । केवल परमेश्वरले मात्र उहाँको अनुग्रहद्वारा बचाउन सक्नुहुन्छ ।
  - अपूरो सिद्धान्त ४: शासन सिद्धान्त– परमेश्वरले खीष्टको मृत्युलाई एउटा बलिदानको चिन्हस्वरूप स्वीकार गर्नको लागि उहाँले न्यायलाई एकातिर राख्नुभयो ।
    - समस्या– परमेश्वरको न्यायलाई पूर्णरूपले सन्तुष्ट पार्नुपर्दछ । यसलाई केवल एकातिर मात्र राख्न सकिँदैन । परमेश्वरले गर्नुहुने हरेक कुरामा उहाँ धर्मी र न्यायिक हुनुहुन्छ । उहाँको पवित्रताको कारण, उहाँले व्यवस्थाप्रतिको हाम्रो अनाज्ञकारितालाई केवल एकातिर मात्र राख्न सक्नुहुन्न ।
- येशूको मृत्युलाई वर्णन गर्ने एउटा पूरो सिद्धान्त: प्रतिस्थापन रहेको छ।
- <u>परिभाषा:</u> हाम्रो स्थानमा खीष्टको मृत्युले परमेश्वरको पापप्रतिको क्रोधलाई सन्तुष्ट पारेको छ ।
  - मुख्य बाइबलीय शब्द– प्रायश्चित (सन्तुष्ट पार्नु वा शान्त पार्नु)।[२०]
    - पापप्रति परमेश्वरको क्रोध भनेको न्यायिक र अनिवार्य छ *(रोमी १:१८, २८-३२; २:२)।*
    - केवल मृत्युले मात्र पापप्रति परमेश्वरको क्रोधलाई शान्त गर्न सक्छ ।
    - केवल मृत्युले मात्र पापप्रति परमेश्वरको क्रोधलाई सन्तुष्ट पार्न सक्छ ।

- परमेश्वरले प्रतिस्थापनको मृत्युद्वारा उहाँको क्रोधलाई शान्त पार्ने मार्ग उहाँले प्रदान गर्नुभयो । उहाँको क्रोध हामी पापी भएको हुनाले एकपटक हामीमाथि निर्देशित थियो भने, अहिले येशूमाथि खन्याइएको थियो र यसरी अब परमेश्वरले उहाँको प्रेम र क्षमादानद्वारा सजिलै हामीसमक्ष आउन सक्नुहुने भयो ।
- पुरानो नियममा भएको बलिदानहरू भनेको परमेश्वरले नियुक्त गर्नुभएको अस्थायी प्रतिस्थापनहरू थिए । खीष्टचाहिँ पूर्ण र अन्तिम प्रतिस्थापन हुनुहुन्छ ।

- येशूले परमेश्वरको क्रोधलाई सन्तुष्ट पार्नुभयो भन्ने बाइबलीय प्रमाणहरू:


*प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो (१ यूहन्ना ४:१०) ।*

*उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि (१ यूहन्ना २:२) ।*

*परमेश्वरले खीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन (रोमी ३:२५) ।*

- अन्य मुख्य शब्दहरू तथा सिद्धान्तहरू
  - *प्रतिस्थापन–* खीष्टले आफ्नो मृत्युमा बोक्नुभएको पाप भनेको उहाँको आफ्नै थिएन तर हाम्रो थियो *(रोमी ५:६-८; मर्कूस १०:४५) ।*
  - *छुटकारा–* खीष्टले पापको निम्ति तिर्नुभएको मूल्यद्वारा पापको दण्ड र सामर्थ्यबाट पापीहरूले छुटकारा पाएका छन् *(मर्कूस १०:४५; रोमी ३:२४; एफिसी १:७; १ पत्रुस १:१८-१९) ।*
    - बाइबलीय समयहरूमा, *बजारमा दासहरूलाई* किन्ने र बेच्ने चलन थियो अनि यसको निम्ति विशेष बजार नै हुने गर्दथ्यो । तसर्थ बाइबलीय शब्द *छुटकाराले* पापको दास भएको बजारबाट येशूको रगतको मूल्यद्वारा किनेर हामीलाई सदासर्वदा छुटकारा दिने तथा हामी फेरि उसो कहिल्यै पनि त्यहाँ नफर्कने अर्थ दिन्छ ।
  - *पुर्नमिलन–* खीष्टको मृत्युको परिणामहरूमध्ये एउटाचाहिँ मान्छे र परमेश्वरबीचको शत्रुतालाई हटाइनू पनि हो *(१ कोरिन्थी ५:१८-१९; रोमी ५:१०) ।*
  - *धर्मीकरण–* खीष्टको मृत्युले तिनीहरूका दण्डलाई पूर्णरूपले बोकेको हुनाले, विश्वासीहरू बैधानिक प्रकारले आफ्ना पापहरूबाट छुटकारा पाएका छन् *(रोमी ३:२४,२६) ।*
    - तर धर्मीकरण गरिनू भनेको पापबाट छुटकारा पाउनुभन्दा पनि ठूलो कुरो हो । यो उहाँको धार्मिकताको सकरात्मक भागबण्डा हो जसद्वारा अब हामी येशू खीष्ट जस्तै धार्मिक हुन्छौं । परमेश्वरले हामीलाई येशू खीष्टजस्तै धर्मी ठानेर हेर्नुहुन्छ । धर्मीकरणले हामी उहाँद्वारा स्वतन्त्र प्रकारले स्वीकार गरिएका छौं भन्ने बताउँछ ।

ग. प्रायश्चित तथा अन्य सम्बन्धित शब्दहरूबीचको सम्बन्धको रेखा चित्र:[२१]



येशू खीष्टको मृत्युले निश्चय नै पापप्रति परमेश्वरको क्रोधलाई सन्तुष्ट पा-यो भन्ने यथार्थतासँग पुर्नमिलन, प्रतिस्थापन, प्रायश्चित, छुटकारा तथा धर्मीकरण; यी सबै शब्दहरू अर्न्तसम्बन्धित छन् भन्ने कुरा माथिको रेखा चित्रले प्रस्तुत गर्दछ । यो चित्रको प्रमुख बुँदा भनेको प्रायश्चितबिना धर्मीकरण, छुटकारा, पुर्नमिलन तथा प्रतिस्थापन हुँदैन भनेर देखाउनु हो ।

धर्मीकरण, छुटकारा, प्रतिस्थापन तथा पुर्नमिलन एक-अर्कामा आश्रित छन् भनेर टिपोट गर्नु पनि उत्तिकै महत्वपूर्ण छ । प्रायश्चित भनेको परमेश्वर र येशू खीष्टबीच क्रूसमा के घट्यो र येशूमा विश्वास राख्ने पापी मानिसहरूका निम्ति के परिणाम निस्क्यो भन्ने कुरालाई वर्णन गर्ने प्रमुख शब्द हो ।

**५. मुक्तिः लागू**

यो खण्डले सम्बोधन गर्न कोशिश गरेको प्रश्न भनेकोः *खीष्टको प्रतिस्थापन कसरी हामीमा लागू गरिन्छ ?* भन्ने रहेको छ ।

येशू खीष्टको मृत्यु संसारको पापहरू *(१ यूहन्ना २:२)* तथा कसैलाई पनि मुक्ति प्रदान गर्नको निम्ति *(रोमी १०:१३) पर्याप्त* छ । तर सबैजना बचाइने छैनन् *(मत्ती ७:१३) । तसर्थ, कसरी येशू खीष्टको मृत्यु बचाइएका ती मानिसहरूका निम्ति प्रभावकारी हुन्छ त ?*

यस प्रश्नको जवाफ दिनू भनेको यो खण्डको प्रमुख बुँदा हो । यसलाई हामी दुइ प्रकारले जवाफ दिनेछौं । जस्तै परमेश्वरको कदम र हाम्रो प्रतिउत्तर ।

क. परमेश्वरको कदमः चुनावको सिद्धान्त (परमेश्वरले हामीलाई छान्नुभयो)[२२]

- परिभाषाः उहाँको मुक्तिमा भरोसा राख्नेहरूलाई परमेश्वरले अनन्ततादेखि नै चुन्नुभयो ।
- यसै अवधारणालाई कब्जा गर्ने अन्य बाइबलीय शब्दहरूः
  - *बुलाहटः* यो शब्दले पवित्र आत्माद्वारा मानिसहरूलाई विश्वास गर्नको निम्ति दिनुहुने बोलाहटरूपी परमेश्वरको कार्यलाई सङ्केत गर्दछ । बोलाहटको यस कार्यद्वारा परमेश्वरले हाम्रा इच्छालाई हस्तक्षेत गर्नुहुन्न, तर हामीलाई हाम्रा विचार तथा प्रेममा प्रभावकारी तरिकाले परिवर्तन गर्दै उहाँको सामर्थ्यद्वारा आफैतिर खिँच्नुहुन्छ *(यूहन्ना ६:४४) ।*
  - *पूर्वनिर्धारणः* यो शब्दले परमेश्वरले अघिबाटै हाम्रो गन्तव्यलाई निर्धारण गरिसक्नुभएको कुरालाई यसले सङ्केत गर्दछ *(रोमी ८:२८-३०) ।*
  - *पूर्वज्ञानः* यो शब्दले येशू खीष्टमा विश्वास गर्नेहरूप्रति देखाइने परमेश्वरको कराररूपी प्रेमलाई सङ्केत गर्दछ । उनीहरूले विश्वास गर्नुभन्दा नै अघि नै यो प्रेमलाई तिनीहरूले पाउँछन् । कतिपयले यसलाई भविष्य दर्शन भनेर पनि अनुवाद गर्दछन् । यसले परमेश्वरको सार्वभौम योजना र उद्देश्यहरूमा उनीहरूले मानिसहरूलाई अघिबाटै चिन्नुहुन्छ भन्नाले उनीहरूका भविष्यका स्वतन्त्र निर्णयहरूबारेको यथार्थतालाई पनि तोक्नुभएको छ भनिएको होइन । तसर्थ बाइबलले पूर्वज्ञानलाई यो अर्थमा प्रयोग गरेको छैन *(१ पत्रुस १:१-२; यूहन्ना १०:१४-१६) ।*
- परमेश्वरले निश्चयनै उहाँमा विश्वास गर्नेहरूलाई चुन्नुहुन्छ र यो सिद्धान्तलाई शास्त्रले समर्थन गर्दछ ।[२३]
- यो सिद्धान्तले कहिलकाहीँ केही भ्रम उत्पन्न गराउँछ । हामीले अर्को बुँदामा यसलाई वर्णन गर्ने चेष्टा गर्नेछौं, तर हामीले वर्णन गर्नुभन्दा पहिले, यसलाई शास्त्रमा सिकाइएको छ भन्ने कुरालाई हामीले स्वीकार गर्नुपर्दछ ।

*हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू खीष्टबाट अनुग्रह र शान्ति । हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले खीष्टमा आशीर्वाद दिनुभएको छ । उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको इच्छाको लक्ष्यअनुसार खीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् (एफिसी १:२-६) ।*

*येशू खीष्टको प्रेरित पत्रुसबाट पोन्टस्, गलातिया, कापोडोकिया, एशिया र बिथिनियाभरि निर्वासित भई छरपष्ट भएकाहरूलाई येशू खीष्टको आज्ञापालन र उहाँको रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरूलाई अनुग्रह र शान्ति प्रशस्त हुँदैजाओस् (१ पत्रुस १:१-२) ।*

*जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो । जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो (रोमी ८:२९-३०) ।*

*प्रभुले प्रेम गर्नुभएका भाइहरू, तिमीहरूका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चयाउन बाध्य छौं, किनकि सुरुदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्वारा र सत्यतामाथिको विश्वासद्वारा बाँच्नलाई परमेश्वरले तिमीहरूलाई चुन्नुभयो (२ थेस्सालोनिकी २:१३) ।*

*उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो (२ तिमोथी १:९) ।*

ख. चुनाव सिद्धान्तको वर्णन ।

- चुनाव सिद्धान्तको वर्णन गर्न, दुइ ओटा महत्वपूर्ण बाइबलीय सत्यताहरूलाई बुझ्नू आवश्यक छ । जस्तैः
    - परमेश्वर (जो सार्वभौम हुनुहुन्छ)ले मानिसलाई मुक्तिको निम्ति चुन्नुहुन्छ ।
    - मानिसले विश्वाससाथ मुक्तिको निम्ति येशूको नाउँलाई पुकारा गर्दै प्रतितिउत्तर दिनुपर्दछ *(रोमी १०:१३)*।
    - बाइबलको चुनाव सिद्धान्तले यी दुइ सत्यताहरूलाई एकसाथ बाँधेर राख्दछ । यी सत्यताहरूले एकसाथ कसरी काम गर्दछन भनी हामीले पूर्ण रूपले थाहा नपाउने भए तापनि, हामी तिनीहरूको समर्थन गर्दछौं र ती एकआपसमा बाझिँदैनन् भनी विश्वास गर्दछौं।
- परमेश्वरको चुनाव र हाम्रो प्रतिउत्तरबीचको सम्बन्धलाई निम्नलिखित पाँच कथनहरूले स्पष्ट पार्दछन् ।
    - चुनाव भनेको सार्वभौम परमेश्वरको अधिकार हो ।
    - परमेश्वर तथा उहाँको बचाइने ज्ञानप्रति मानिसहरू उनीहरूका पतित अवस्थामा, आत्मिक रूपमा मरेका हुन्छन् *( रोमी १:२०-२१; एफिसी १-३)* । त्यसैकारणले, पापी मानिसहरूका निम्ति परमेश्वरमा विश्वास राख्नू भनेको असम्भव कुरो हो । त्यसैकारणले हामीले विश्वास गर्नुभन्दा पनि पहिले परमेश्वरले हाम्रो हृदयमा काम गरेको हुनुपर्दछ ।
    - मुक्ति भनेको विश्वासद्वारा अनुग्रहबाट पाइन्छ । तसर्थ कोही पनि आत्मिक रूपमा परिवर्तन नभई, नयाँ गरी नजन्मिई वा नयाँ नभई विश्वास गर्न सक्दैन *(यूहन्ना ३:६)*।
    - पतन मानिसहरूका हृदयमा परमेश्वरको आत्माको कार्य भएपछि मात्र उनीहरू परमेश्वर तथा येशूको सुसमाचारको सत्यताप्रति जीवित हुनु सक्छन् *(यूहन्ना ३:८; एफिसी २:४-५; तीतस ३:३-६) ।*
    - पवित्र आत्माको सामर्थ्यवान तथा जीवन दिने कार्यद्वारा, विश्वासद्वारा पाइने सित्तैंको वरदानप्रति मानिसहरूले प्रतिउत्तर दिन सक्छन् *(एफिसी २:८-९) ।*

ग. विश्वास– हामी ख्रीष्टमा भरोसा गर्ने कुरालाई छान्छौं ।[२४]

- बचाइनको लागि येशू ख्रीष्टमा विश्वास राखेर सुसमाचारप्रति प्रतिउत्तर दिनुपर्दछ भन्ने कुरालाई हामीले अघिबाटै छलफल गरिसक्यौं । यो खण्डमा, बचाइने बाइबलीय विश्वास भनेको वास्तवमै कस्तो हुन्छ त ? भन्ने कुरालाई हामी नजीकबाट हेर्नेछौं ।
- बाइबलीय विश्वासको परिभाषाः विश्वास भनेकोः
    - परमेश्वरबाट अलग हुँदै आफैलाई बचाउने जस्ता कोशिशलाई समर्पण गर्नू हो ।
    - तपाईका पापहरूका दण्डको मूल्य चुकाउन येशू ख्रीष्टको मृत्यु आवश्यक तथा पर्याप्त छ भनी परमेश्वरमा भरोसा गर्नू हो ।
    - येशू ख्रीष्टद्वारा दिइने अनन्तताको प्रतिज्ञालाई लिनू हो ।

- बाइबलीय विश्वासको वर्णनः
    - बचाइने विश्वास भनेको भावनात्मक प्रतिबद्धता वा बौद्धिक स्वीकार होइन *(याकूब २:१९; मत्ती १३:२०-२१) ।*
    - बचाइने विश्वासको कर्म भनेको मुक्ति वा परमेश्वरको लागि हुने जोश होइन तर परमेश्वर स्वयम् नै हुनुहुन्छ ।
    - पापीहरूलाई उनीहरूका पापहरूबाट बचाउनको लागि येशू ख्रीष्टले क्रूसमा गर्नुभएको उद्देश्यपूर्ण कार्य नै बचाइने विश्वासको विषयवस्तु हो *(यूहन्ना ३:१६) ।*

*म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो । परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो ( गलाती २:२०-२१)*

- 
    - बचाइने विश्वासको आवश्यक अंशहरू भनेका *स्वीकार र पश्चाताप हुन्।*
        - स्वीकार भनेको तपाईको पापहरूका सम्बन्धमा परमेश्वरसँग सहमत हुनू हो *(१ यूहन्ना १:८-१०) ।*
        - पश्चाताप भनेको पापप्रति व्यक्तिको विचार तथा कार्यमा परिवर्तन हुँदै परमेश्वरतर्फ फर्किनू हो *(प्रेरित ३:१९-२१) ।*
- विश्वास र कार्यबारे सावधानीको एक शब्दः
    - मुक्तिको निम्ति आवश्यक कुरामा काम थप्ने परीक्षाचाहिँ समस्या हो । सुसमाचारको सन्देशचाहिँ तपाईका पापहरूका मूल्य तिर्नको निम्ति केवल येशूमा मात्र विश्वास गर्नुहोस् भन्ने रहेको छ । उक्त आवश्यकतामा यसभन्दा बाहेक अन्य कुनै कुरा थपिन्छ भने, त्यसले सुसमाचारलाई झूटा तुल्याउँछ *(गलाती १:६-९) ।*
- यो खतराका यहाँ केही उदाहरणहरू छन्:

- भूटा शिक्षा १: बचाइनको निम्ति असल काम गर्नुहोस् र खीष्टमा भरोसा गर्नुहोस् । योचाहिँ कामद्वारा हुने मुक्ति हो *(एफिसी २:८-९)।* यदि हामी असल कामहरूले मुक्तिलाई सुरक्षित पार्दछ भनी सोच्छौं भने, हामीले केवल खीष्टमा मात्र भरोसा गरेका हुँदैनौं ।
- भूटा शिक्षा २: खीष्टमा भरोसा गर्नुहोस् र बप्तिस्मा लिनुहोस् । पानीको बप्तिस्मा भनेको हामी बचाइसकेपछि, येशू खीष्टसँगै उहाँको मृत्यु र बौरिउठाईमा एकीकरण भयौं भन्ने आत्मिक सत्यताको बाहिरी चिन्ह हो *(प्रेरित २:४१; रोमी ६:१-६) ।*

## ६. मुक्तिका फाइदाहरू[२५]

मुक्तिको फाइदा भनेको कुनै व्यक्तिले येशू खीष्टमाथि विश्वास राख्ने बित्तिकै पाउँछ र अनन्ततासम्म निरन्तर रहिरहन्छ भनेर बाइबलले सिकाउँछ । यस्तो प्रकारले यसको अवधारणालाई समात्दछ कि यसले मुक्तिका तीन आयामहरूलाई सिकाउँछन् । जस्तै विगत, वर्तमान र भविष्य । यी आयामहरूले अघिल्लो पछिल्लोभन्दा कमसल भएको र भविष्यमा अझ राम्रो हुने कुरा सुझावित गर्दैनन्। यी आयामहरूले येशू खीष्टमा विश्वास राख्नेहरूका जीवनमा परमेश्वरको प्रगतिशील कार्यहरू रहेको तथा उनीहरूका मुक्तिको यथार्थता तथा फलचाहिँ अनुभव गरिने तथा उनीहरूका वास्तविक जीवनमा अझ यथार्थता हुने कुरालाई सिकाउँछन् ।

जब बाइबलले विगतको मुक्तिबारे सिकाउँछ, तब यसले येशू खीष्टमा विश्वास गर्नेहरूका जीवनमा तथा जीवनका लागि के घटेको थियो भन्ने कुरालाई सङ्केत गर्दछ । अनि योचाहिँ विश्वासीहरूका जीवनमा परमेश्वरको सुरक्षित, पूर्ण तथा अन्तिम कार्य हो *(रोमी १०:९; एफिसी २:८-९) ।*

जब बाइबलले वर्तमान मुक्तिबारे चर्चा गर्दछ, तब यसले विश्वासीहरूका जीवनमा हुने परमेश्वरको निरन्तर परिवर्तनशील कार्यलाई सङ्केत गर्दछ । यस्तो अवस्थामा हामीले हाम्रो मुक्तिको यथार्थता तथा फललाई अनुभव गरिरहेका हुन्छौं *(२ तिमोथी ३:१५; फिलिप्पी २:१२-१३) ।*

जब बाइबलले भविष्यको मुक्तिबारे चर्चा गर्दछ, तब यसले विश्वास गर्नेहरूले तिनीहरूका मुक्तिलाई पूर्णरूपले अनुभव गर्ने दिनलाई सङ्केत गर्दछ । मानिसलाई बचाउने परमेश्वरको अन्तिम कार्य समाप्त भएको हुन्छ र पतित संसारमा छँदा हुने दुःख, कष्ट तथा त्रास पनि समाप्त हुन्छ *(१ थेस्सालोनिकी ५:८; २ तिमोथी २:१०; रोमी ५:९-१०) ।*

### क. विगत

- *धर्मीकरण:* परमेश्वरले येशू खीष्टको धार्मिकतामा आधारित हुँदै विश्वासीहरूका पापको दोषी उनीहरूलाई नमानेर धर्मी भएको वैधानिक घोषणा गर्नुहुन्छ । धर्मीकरणको सिद्धान्तमा आधारित हुँदै विश्वासीहरूका पापहरू क्षमा दिइन्छ *(रोमी ३:२०, २४, २८; ५:१)*।

*जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनेहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ । परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्" (रोमी ४:५-७) ।*

- *पुर्नमिलन:* परमेश्वरको शत्रु तथा उहाँप्रति शत्रुता हुनुको सट्टामा, अब विश्वासी परमेश्वरको मित्र भएको र सम्बन्ध पूर्ण रूपले पूर्वावस्थामा पुगेको छ *(एफिसी २:१६; कलस्सी १:२०) ।*

*किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढी अब उहाँसँगै मिलाप भएका हुनाले खीष्टको जीवनद्वारा हामी बचाइनेछौं (रोमी ५:१०) ।*

- धर्मपुत्र: प्रत्येक विश्वासी परमेश्वरको परिवारको एउटा सदस्य बनाइएको छ *(गलाती ४:४-६; एफिसी १:५) ।*

*किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन् । किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ । यसैले हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकार्छौं (रोमी ८:१४-१५) ।*

- अनन्त जीवन प्राप्त गऱ्यौं: विश्वासीहरूले येशू खीष्टको अनन्त जीवनलाई पाएका छन् *(यूहन्ना १७:३)*।

*तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, खीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई जीवन दिनुहुनेछ (रोमी ८:११) ।*

ख. वर्तमान

- शुद्धिकरण: परमेश्वरसँगको विश्वासीहरूका सम्बन्ध निरन्तर रूपले बृद्धि हुँदै जानेछ र उनीहरू झन्-झन् खीष्ट जस्तै हुँदै जानेछन् *(फिलिप्पी २:१२-१३) ।*

*हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ (२ कोरिन्थी ३:१८) ।*

- *पापको बन्धनबाट छुटकारा:* पाप भनेको विश्वास नगर्ने हृदयको मालिक हो, अनि विश्वासीहरू यो मालिकबाट स्वतन्त्र छन् *(रोमी ६:१८-२२)* ।

*पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं (रोमी ८:३-४) ।*

- *अनन्त सुरक्षा:* विश्वासीहरूका मुक्ति त्यसको प्रतिज्ञा गर्नुहुनेको स्वभावअनुसार सधैं नै सुरक्षित रहेको छ भन्ने कुरामा उनीहरू निश्चित हुन सक्छन् (किनकि उहाँले ढाँट्न सक्नुहुन्न), अनि येशू खीष्ट हाम्रो मुक्तिदाता यसको निम्ति पर्याप्त हुनुहुन्छ *(तीतस १:२, २:१३, १ पत्रुस १:५)* ।

*मलाई यो दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू खीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ (फिलिप्पी १:६) ।*

ग. भविष्य

- *महिमिकरण:* जब खीष्ट मण्डलीको निम्ति फर्कनुहुनेछ तब विश्वासीको जीवनमा परमेश्वरको कार्य सिद्ध हुनेछ र उनीहरूका महिमित शरीरहरू हुनेछन् *(१ यूहन्ना ३:२, १ पत्रुस १:५, यूहन्ना १७:२४)* ।

*तर हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू खीष्टको प्रतीक्षा हामी गर्दछौं । उहाँले, जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ (फिलिप्पी ३:२०-२१) ।*

घ. साराँश:

- परमेश्वरले हामीलाई विगतमा हाम्रा पापहरूका दण्डबाट बचाउनुभयो ।
- परमेश्वरले हामीलाई वर्तमानमा पापको सामर्थ्यबाट बचाउनुहुन्छ ।
- परमेश्वरले भविष्यमा हामीलाई पापको उपस्थितिबाट बचाउनुहुन्छ ।

**प्रतिबिम्बका निम्ति प्रश्नहरू:**

**१. किन परमेश्वरले मुक्ति प्रदान गर्नुहुन्छ भन्ने चार कारणहरू के के हुन् ?**

**२. "पूरा गरिएको" र "लागू गरिएको" मुक्ति भन्नाले के बुझिन्छ ?**

**३. परमेश्वरको मुक्तिको कार्यमा "प्रायश्चित" किन केन्द्रीय भएको छ ?**

**४. मुक्तिका तीन आयामहरू के के हुन् ?**

**मुक्तिको सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

***१. एफिसी १:३-१२***

क. संसारको जग बसाल्नुभन्दा अघिदेखि नै मुक्ति परमेश्वरको योजना रहेको छ (पद ४) ।
ख. हामी दोषरहित तथा पवित्र हुन सकौं भन्ने परमेश्वरको योजना रहेको छ (पद ४) ।
ग. परमेश्वरले उहाँको योजना यसरी पूरा गर्नुहुन्छ:

- प्रेममा पूर्वनिर्धारित हुँदै परमेश्वरको सन्तान जस्तै मानिसहरूलाई धर्मपुत्र बनाइएको छ (पद ५) ।

- उहाँको अनुग्रहद्वारा पापहरूको क्षमा दिँदै छुटकारा दिनुभएको छ (पद ७)।
- खीष्टमा सबै कुरा एकीकृत गरिएको (पद ९-१०) ।

घ. खीष्टमा विश्वासीहरूसँग निम्नलिखित कुराहरू हुन्छन्:

- प्रत्येक आत्मिक आशिषहरू (पद ३) ।
- पवित्र आत्माद्वारा छाप लगाइएको उत्तराधिकार (पद ११, १३) ।

ङ. यो मुक्तिको उद्देश्य भनेको उहाँको अनुग्रहको प्रशंसा गर्नू हो (पद ३, ६, १२) ।

## *२. एफिसी २:१-१०*

क. तपाईका पाप तथा अधर्महरूमा मर्नू (पद १-३) ।
ख. तर परमेश्वरले हामीलाई खीष्टमा जीवित पार्नुहुन्छ (पद ४) ।
ग. अनुग्रहद्वारा हामी बचाइएका छौं (पद ६, ८) ।
घ. हामी विश्वासद्वारा अनुग्रह प्राप्त गर्दछौं (पद ६, ८) ।
ङ. उनीहरूका मुक्तिबारे कसैले पनि घमण्ड गर्न सक्दैनन् (पद ९) ।
च. हामी परमेश्वरका हातका शीपहरू हुने गरी सृजिएका छौं (पद १०) ।

## अध्याय ९: इसाई जीवनको सिद्धान्त

*अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन्, त्यसरी तिमीहरू अबदेखि उसो नजिओ । तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समक्ष अन्धकारले भरिएको छ । तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन् । तर खीष्टलाई त तिनीहरूले यसरी जानेका छैनौ । येशूमा भएका सत्यताअनुसार उहाको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु । छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग  र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएका नयाँ स्वभावलाई धारण गर । यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं । क्रोध गर, तर पाप नगर । घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, र दियाबलसलाई मौका नदेओ । चोर्नेले अब उसो नचोरोस् । बरु उसले परिश्रम गरोस् । उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस् । तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस् । अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ । सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ । जसरी परमेश्वरले खीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ (एफिसी ४:१७-३२) ।*

### १. परिचय

क. अधिकाँश ईश्वरशास्त्रीय पुस्तकहरूमा इसाई जीवनको सिद्धान्तलाई समावेश गरिएको छैन भन्ने कुरा टिपोट गर्नू रुचीकारक छ । जेहोस् हामीले यहाँ समावेश गरेका छौं किनकि जसरी हामी जिउनू पर्दछ, त्यो सैद्धान्ति दृष्टिकोणबाट आएको हुनुपर्दछ भन्ने हामी विश्वास गर्दछौं । हाम्रो इसाई जीवन, खीष्टले हाम्रो निम्ति के गर्नुभयो, हाम्रो जीवनमा के गरिरहनुभएको छ र भविष्यमा उहाँसँग स्वर्गमा भेट्ने क्रममा उहाँले के गर्नुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको छ, यिनै कुराहरूद्वारा परिभाषित गरिएको हुनुपर्दछ ।

ख. मुक्तिबारे अघिल्लो अध्यायमा, मुक्तिका तीन पक्षहरू (विगत, वर्तमान र भविष्य) रहेका छन् भनेर हामीले छलफल गऱ्यौं । यो अध्यायमा, मुक्तिको वर्तमान पक्षलाई हामी ध्यान दिनेछौं । यो पक्षलाई प्रायः शुद्धिकरण भनेर भनिन्छ ।[1]

ग. शुद्धिकरण भनेको परमेश्वरको कार्य हो जसमा विश्वासीहरू मुक्तिमा एकसाथ बढ्नको निम्ति सक्रिय प्रकारले सहभागी हुन्छन् र उनीहरू निम्नलिखित कुराहरूमा अझ भक्त हुन्छन् । जस्तैः

- परमेश्वरको निर्देशनलाई अझ आनन्दित हुँदै पछ्याउने ।
- परमेश्वरको इच्छालाई अझ सामर्थ्यवान भएर पछ्याउने ।
- अझ उत्तम प्रकारले परमेश्वरको आराधना गर्ने ।
- पूर्णरूपले परमेश्वरलाई प्रेम गर्ने ।
- परमेश्वर तथा अरुको सेवा अझ विश्वासनीय भएर गर्ने ।

घ. यस किसिमको जीवन स्वतः देखा पर्दैन । पावलले तिमोथीलाई भक्तिमा आफैलाई तालीम देऊ भनेर बताउँछन् *(१ तिमोथी ४:७)* । जब पावलले तिमोथीलाई भक्तिमा आफैलाई तालीम देऊ भनेर आज्ञा दिए, यसमा अनुशासन, धैर्यता, प्रतिबद्धता, समर्पण तथा समय जस्ता कुराहरू समावेश हुन्छन् भन्ने तिनलाई थाहा थियो ।

### २. शुद्धिकरण[2]

क. प्रत्येक दिन येशू जस्तै भएका हौऊ भन्ने परमेश्वरको इच्छा भएको हुनाले, हामी पवित्र पारिएका छौं वा क्रमिक रूपमा परिवर्तन भएका छौ *(१ थेस्सालोनिकी ४:३)* ।

ख. हाम्रो मुक्तिको लक्ष्य भनेको येशू खीष्टको स्वरूपमा परिवर्तन भएको हुनू हो।

*यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ । तर कुनै मानिसमा खीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन (रोमी ८:९) ।*

*मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरूलाई पक्रनको निम्ति म अघि बढिरहेको छु जुन कुराको निम्ति खीष्टले मलाई पक्रनुभयो । भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानतिर म जोडसँग अघि बढ्दछु । हामी परिपक्व हुनेहरूचाहिँ सबै यस्तै मनमा*

*होऔं, र तिमीहरू कुनै कुरामा अरू विचारका छौ भने परमेश्वरले तिमीहरूलाई त्यो पनि प्रकट गरिदिनुहुनेछ । केवल हामीले जे प्राप्त गरिसकेका छौं, त्यसमा दह्रिला भइबसौं । भाइ हो, तिमीहरू मेरो अनुकरण गर्नेहरू होओ , हामीमा तिमीहरूले देखेको नमूनाअनुसार जिउनेहरूलाई हेर । मैले धेरै पल्ट बताएका मानिसहरूका बारेमा फेरि पनि म तिमीहरूलाई रुँदै भन्दछु कि तिनीहरू ख्रीष्टका क्रूसका शत्रुहरूजस्तै जीवन बिताउँछन् । विनाश तिनीहरूको अन्त्य हो, पेट तिनीहरूको ईश्वर हो, र तिनीहरू आफ्ना शर्ममा गौरव गर्दछन्, र तिनीहरूको मन साँसारीक कुरामा लागिरहन्छ । तर हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं । उहाँले, जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ (फिलिप्पी ३:१२-२१) ।*

ग. शुद्धिकरण भनेको परमेश्वर तथा विश्वासीहरू दुवैको काम हो ।[३]

- धर्मीकरण (मुक्ति) चाहिँ पूर्णरूपले परमेश्वरको काम हो । मान्छेको एक मात्र प्रतिउत्तरचाहिँ विश्वास गर्नु हो । जेहोस्, जब शुद्धिकरणको विषय आउँछ, योचाहिँ परमेश्वर र विश्वासी दुवैको काम हो । शुद्धिकरणमा परमेश्वर र विश्वासीहरू दुवै एकसाथ मिलेर काम गर्छन् । मुक्ति केवल परमेश्वरको मात्र काम हो र शुद्धिकरण भनेको मुक्तिको कार्यको अंश हो भनी कतिपयले विरोध गर्छन् । यस्तो विरोध समभ्रूदारी छ । जेहोस्, जब दुवैको भूमिका वर्णन गरिन्छ, मानिसले परमेश्वरसँगै शुद्धिकरणमा एकसाथ काम गर्छन भन्नाले के भनिएको हो, सो सिद्ध हुन्छ ।
- परमेश्वरले विश्वासीहरूसँग सहकार्य गर्नुहुन्छ भनी बाइबलको फिलिप्पीको पुस्तकमा भनिएको छ । *यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर । किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ (फिलिप्पी २:१२-१३)।*
  - यो खण्डमा, पावलले फिलिप्पीमा भएका इसाईहरूलाई आफ्ना 'मुक्तिको कार्यलाई पूरा गर' भनेर बताउँछन् अनि यो निर्देशनको निम्ति तिनीहरूलाई उनले कारण दिन्छन् । उनले बताउँछन् कि उनीहरूमा हुनुभएको परमेश्वरले नै त्यो कार्य गर्नुहुन्छ । शुद्धिकरणको कार्यमा परमेश्वर र विश्वासीबीचको सम्बन्धको सम्पूर्ण आधार नै उहाँले गर्नुहुने कार्यको सामर्थ्यमा भर पर्दछ ।
- हाम्रो जीवनमा परमेश्वरको कार्य प्रथम आउने अवधारणालाई हामी *एफिसी २:८-१०* मा पनि पाउँछौं । मुक्ति भनेको अनुग्रहद्वारा विश्वासबाट केवल ख्रीष्टमा मात्र पाइन्छ *(पद ८,९)* । तर साँचो बचाइने विश्वास कहिल्यै पनि एकल हुँदैन; यो जहिले पनि असल कार्यहरूसँगै देखा परेको हुन्छ (पद १०) ।

यो तालिकाले हाम्रो मुक्तिको विगत, वर्तमान र भविष्य तीनै पक्षहरूबीचको सम्बन्धलाई वर्णन गर्दछ ।

| **हाम्रो मुक्तिः विगत** | **हाम्रो मुक्तिः वर्तमान** | **हाम्रो मुक्तिः भविष्य** |
|---|---|---|
| धर्मीकरण | शुद्धिकरण | महिमिकरण |
| हामीमा ख्रीष्टको धार्मिकता बाँडिएको छ | हामीमा ख्रीष्टको धार्मिकता विकास गरिएको छ | हामीमा ख्रीष्टको धार्मिकतालाई पूरा गरिएको छ । |

- मुक्तिमा परमेश्वरको कार्य ।
  - हामीमा परमेश्वरको धर्मीकरण गर्ने काम अघिबाटै पूरा गरिएको छ।
  - विश्वासीको निम्ति धर्मीकरण भनेको पूरा गरिएको यथार्थता हो। जब विश्वासीले मुक्तिको निम्ति येशू ख्रीष्टमा आफ्नो विश्वास राख्छन्, परमेश्वरले तिनीहरूलाई येशूलाई जस्तै धर्मी ठान्नुहुन्छ ।
    - पावलले कोरिन्थीमा भएका विश्वासीहरूलाई सन्तहरू *(१ कोरिन्थी १:२)* भनेर भन्छन् । मण्डलीमा विभाजन तथा उनीहरूका जीवनमा पापमय कार्यहरू भए तापनि, तिनीहरूले येशू ख्रीष्टलाई उनीहरूका मुक्तिदाता हुनुभएको कुरालाई थाहा गरेका थिए पावलले जानेका थिए । तसर्थ उनीहरूसँग नयाँ परिचय रहेको थियो ।
    - उनीहरूलाई धर्मी भनेर घोषणा गरिएको हुनाले, कोरिन्थीको मण्डलीले पाप गर्न छोड्नुपर्दछ भनी पावलले तर्क गर्दछन् *(१ कोरिन्थी ६:९-११) ।*
    - ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो र तिनलाई शुद्ध पार्नको निम्ति आफैलाई बलिदान दिनुभयो *(एफिसी ५:२५-२६)* ।
    - हिब्रूको पुस्तकले विश्वासीहरूलाई येशू ख्रीष्टको रगतद्वारा शुद्ध तथा पवित्र बनाइएको कुरा उल्लेख गरेको छ *( २:१०; १०:२९; १३:१२) ।*
  - हाम्रो महिमित शरीरमा हामीले येशूलाई स्वर्गमा नभेटेसम्म परिवर्तनको समयमा थालनी भएको हाम्रो मुक्तिको पक्ष पूरा हुँदैन। परमेश्वरले विश्वासीहरूलाई शुद्ध पार्नको निम्ति क्रमिक रूपमा काम गर्नुहुन्छ । शुद्धिकरण भनेको विश्वासीको जीवनकालभरि नै निरन्तर रूपमा देखा परिरहने प्रक्रिया हो ।
    - अब हामी पापविहिन भएका छौं भन्ने बिन्दुसम्म यो जीवनकालभरि हामी कहिल्यै पनि आईपुग्दैनौं भनेर *१ यूहन्ना १:५-१०* मा बताइएको छ ।
    - परमेश्वरले मानिसलाई असल कार्यहरूका निम्ति सुसज्जित पार्नुहुन्छ *(एफिसी २:१०; तीतस २:११-१३)* ।
    - परमेश्वरले उहाँका मानिसहरूलाई पवित्र पार्नको निम्ति सुरक्षित राख्नुहुन्छ *(यूहन्ना १७:११-१९)* ।
    - परमेश्वरले विश्वासीहरूलाई येशूको अघि नउभिउन्जेलसम्म निष्खोट राख्नुहुन्छ *(१ कोरिन्थी १:८)* ।

- येशू खीष्टको सुसमाचारसँगै परमेश्वरले हामीलाई नवीकरण गर्नुहुन्छ *(फिलिप्पी २०)*।
- हामी येशू खीष्टद्वारा पापको सामर्थ्यबाट स्वतन्त्र पारिएका छौं *(रोमी ६:५-६; ८:१-३)*।

  - *महिमिकरण* भनेको हाम्रो मुक्तिको अन्तिम पक्ष हो । येशू खीष्ट नआउनुभएसम्म वा हामी स्वर्गमा नपुगेसम्म यो हुने छैन । त्यतिबेला हामी परिवर्तन हुनेछौं र स्थायी रूपमा येशू जस्तै हुनेछौं।
  - *१ यूहन्ना ३:२* अनुसार हामी परमेश्वरका सन्तान भए तापनि, हामी के हुनेछौं भनेर अहिलेसम्म पनि देखाइएको छैन । जब उहाँ देखा पर्नुहुनेछ हामी उहाँजस्तै हुनेछौं भनेर हामीलाई थाहा छ किनकि उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै हामी देख्नेछौं ।
  - शुद्धिकरण भनेको त्रित्वका तीनै सदस्यहरूका काम हो ।
    - परमेश्वर पिताले शुद्धिकरणको निम्ति अनुग्रह दिनुहुन्छ *(१ पत्रुस ४:१०; २ कोरिन्थी ८:१; प्रेरित ४:३३)।*
    - पाप र मृत्युमाथि परमेश्वर पुत्रले विजय दिनुहुन्छ (१ कोरिन्थी *१५:५६-५७),* अनि नयाँ परिचय पनि दिनुहुन्छ ( *कलस्सी ३:९)*।
    - परमेश्वर आत्माले जीवन दिनुहुन्छ *(रोमी ८:१०),* फल फलाउनुहुन्छ *-गलाती ५:२२-२३)* अनि पवित्र पनि पार्नुहुन्छ *(१ थेस्सालोनिकी ४:७-८)*।

- शुद्धिकरणमा विश्वासीहरूले पनि खेल्ने भूमिका रहेको छ । विश्वासीहरूले शुद्धिकरणमा खेल्नुपर्ने भूमिकालाई *भरोसा र आज्ञाकारी* भन्ने वाक्याँशमा साराँशित पार्न सकिन्छ ।[४]
  - बाइबलले विश्वासीहरूलाई शुद्ध रहने निर्देशन दिन्छ ।
    - पावलले विश्वासीहरूलाई नयाँ हुने बारेमा बताउँछन *(२ कोरिन्थी ३:१८)।*
    - विश्वासीहरू परिपक्वतातर्फ अघि बढ्नु आवश्यक छ भनेर पावलले बताउँछन् *(एफिसी ४:१२-१५)*।
    - पावलले फल फलाउने तथा विश्वासीहरूको जीवनलाई बृद्धि गर्ने सुसमाचारबारे बताउँछन् *(कलस्सी १:६)*।
    - मण्डली पूर्ण प्रकारले पवित्र भएको होस् भनी पावलले प्रार्थना गर्छन् *(१ थेस्सालोनिकी ५:२३)।*
    - हिब्रूको पुस्तकले इसाईहरूलाई पवित्र हुने कोशिश हरदम गर भनेर बताएको छ *(हिब्रू १२:१४)।*
  - विश्वासीहरूले शुद्धिकरणलाई पछ्याउने क्रममा उनीहरूका हृदय, विचार तथा बानी सङ्लग्न भएको हुन्छ ।
    - हृदय: *(२ कोरिन्थी ३:१८; १ पत्रुस ३:१४-१५; भजन ६३:१-४; एफिसी ३:१७-१९)।*
    - विचार: *(१ पत्रुस २:२)*। पत्रुसले यहाँ विश्वासीहरूलाई परमेश्वरको मौखिक वचनको अपेक्षा गर भनेर निर्देशन दिन्छन्। यसरी उनीहरू तिनीहरूका मुक्तिमा बृद्धि हुन् सकून्‌ ।
    - हाम्रा बानी: *(कलस्सी ३:५-१०)*। कलस्सीहरूका लागि लेखिएको पत्रमा (अनि *एफिसी ४:१७-३२* पनि हेर्नुहोला), विश्वासीहरूले गर्ने कोशिशको सम्बन्धमा पावलले लगाउने र फुकाउने भन्ने तस्विर रुपी शब्दको प्रयोग गर्दै सुसमाचारको सत्यतालाई तिनीहरूका जीवनको बानीद्वारा प्रस्तुत गर्नुपर्ने बताउँछन् ।

- शुद्धिकरणमा विश्वासीहरूको तथा परमेश्वरको कार्यबीचको सम्बन्ध के रहेको छ ? ती कसरी सम्बन्धित छन् ?[५]
  - उत्तर यो रहेको छ: शुद्धिकरण भनेको अनुग्रहको कार्य हो । अझ पवित्रतातर्फ डोऱ्याउने विश्वासीहरूले गर्ने प्रत्येक कार्य भनेको अनुग्रहको सुसमाचारप्रतिको उनीहरूका प्रतिउत्तर हो । यो कुरालाई शास्त्रमा विभिन्न प्रकारले प्रस्तुत गरिएको छ, तर यो कुरालाई पावलले मण्डलीलाई लेखेका उनका केही पत्रहरूमा कसरी प्रस्तुत गरेका छन् भनेर हेर्नुचाहिँ अझ स्पष्ट हुनू हो । उदाहरणको लागि:
    - परमेश्वरले विश्वासीहरूलाई येशू खीष्टमा के गर्नुभयो भन्नेबारेमा *एफिसी १-३* बताइएको छ । अनि *एफिसी ४-६* ले चाहिँ परमेश्वरले गर्नुभएको कुराप्रति विश्वासीहरूले कसरी प्रतिउत्तर दिनुपर्दछ भनी बताइएको छ । यी खण्डहरूबीच रहेको सम्पर्क गराउने शब्द भनेको "त्यसैकारण" *(४:१)* भन्ने रहेको छ । पावलले वास्तवमै यसरी भनिरहेका थिए, *"येशूमा भएको हाम्रो मुक्तिको कारण; हामीले यस्तो जीवन जिउनू पर्छ कि उहाँको सम्मान भएको होस् ।"*
    - यही ढाँचालाई हामी कलस्सी *१-२* अनि *३-४* र यसका साथै *रोमी १-११ र १२-१६* मा पनि पाउन सक्छौं ।
    - पावलले *रोमी १२:१* मा यसरी भनेका छन्: *"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर ।"*
    - पावलले रोमी इसाईहरूलाई परमेश्वरको निम्ति जिउने उत्साह दिन्छन् । परमेश्वरले अघिबाटै उनीहरूका लागि प्रदर्शन गरिसक्नुभएको दयामा आधारित भएर उनले उत्साह दिन्छन् ।
  - साराँशित बुँदाहरू:
    - <u>शुद्धिकरण भनेको परमेश्वरबाट अझ समर्थन पाउनलाई गरिने कार्य होइन</u> । हामी अघिबाटै पूर्ण रूपले उहाँद्वारा स्वीकार भइसकेका छौं र उहाँसँग उचित प्रकारले खडा छौं ।
    - शुद्धिकरण भनेको येशू खीष्टको सुसमाचारद्वारा परमेश्वरबाट हामीले अघिबाटै जे प्राप्त गरिसकेका छौं, त्यसैलाई पछ्याउने कार्य हो ।

## **३. परमेश्वरप्रति इसाईको जिम्मेवारीहरू**

शुद्धिकरण भनेको निरन्तर बृद्धि हुने इसाई जीवन हो जुन जीवनले परमेश्वरलाई महान प्रकारले सम्मान दिँदै उहाँको उद्देश्यलाई दैनिक जीवनमा जिउँदै जान्छ। परमेश्वरको अघि विश्वासीहरूका जिम्मेवारीहरू के के हुन् ?

क. एउटा विश्वासीलाई परमेश्वरमा विश्वास राख्ने बुलाहट दिइएको छ।

- बृद्धि हुने विश्वास भनेको आत्मिक बृद्धिको चिन्ह हो *(२ थेस्सालोनिकी १:३)* ।
- आत्मिक फाइदाहरू विश्वासद्वारा आउँछन् *(रोमी १४:१३; प्रेरित १५:९; एफिसी १:१३-१४)* ।

ख. एउटा विश्वासीलाई परमेश्वरलाई चिन्ने बुलाहट दिइएको छ।

- परमेश्वरलाई झन्-झन् राम्रो गरी चिन्नू भनेको आत्मिक बृद्धिको चिन्ह हो *(२ पत्रुस १:५-८)* ।
- जब कसैले येशूलाई प्रथम पटक मुक्तिदाता भनेर विश्वास गर्छन्, उनीहरूले परमेश्वरलाई चिन्छन् भनेर भन्न सकिन्छ। तरैपनि, अन्य सम्बन्धहरूमा जस्तै तपाईले उहाँलाई झन्-झन् राम्रोसँग चिन्न सक्नुहुन्छ। साँचो आत्मिक बृद्धिले परमेश्वरलाई झन्-झन् राम्रोसँग चिन्ने परिणाम ल्याउँछ।
- आत्मिक फाइदाहरू परमेश्वरको ज्ञानद्वारा आउँछ।
    - उहाँको उद्देश्यहरूमा हामीले हाम्रो निश्चयता पाउन सक्छौं *(रोमी ८:२८)* ।

ग. एउटा विश्वासीलाई परमेश्वरको सम्झना गर्ने बोलाहट दिएको छ।

- परमेश्वरको सम्झना गर्दै उहाँका कुनै पनि उपकाराहरूलाई नभूल्ने बोलाहट हामीलाई दिइएको छ *(भजन १०३:२)*। परमेश्वरको सम्झना गर्नू भनेको आत्मिक बृद्धिको चिन्ह हो *(जकरिया १०:९)*।
- परमेश्वरको सम्झनाद्वारा आत्मिक फाइदाहरू आउँछन् *(भजन ६३:६-८)*।

घ. एउटा विश्वासीलाई परमेश्वरको आराधना गर्ने बोलाहट दिइएको छ।

- परमेश्वरको आराधना गर्नू भनेको आत्मिक बृद्धिको एउटा चिन्ह हो *(भजन ३३:१-४)* ।
- परमेश्वरको आराधनामा आत्मिक फाइदाहरू रहेका छन् *(कलस्सी ३:१६)*।

ङ. एउटा विश्वासीलाई परमेश्वरलाई प्रेम गर्ने बोलाहट दिइएको छ।

- परमेश्वरलाई प्रेम गर्नू भनेको आत्मिक बृद्धिको एउटा चिन्ह हो *(फिलिप्पी १:९-११)* ।
- परमेश्वरलाई प्रेम गर्नूमा आत्मिक फाइदाहरू छन् *(१ यूहन्ना ४:१७-१८)*।

च. एउटा विश्वासीलाई परमेश्वरको आज्ञाकारी रहने बुलाहट दिइएको छ।

- परमेश्वरको आज्ञाकारी रहनू भनेको आत्मिक बृद्धिको एउटा चिन्ह हो *(यूहन्ना १५:१०)* ।
- परमेश्वरको आज्ञाकारी रहनमा आत्मिक फाइदाहरू छन् *(१ यूहन्ना २:५)* ।

छ. एउटा विश्वासीलाई परमेश्वरलाई पछ्याउने बोलाहट दिइएको छ।

- परमेश्वरलाई पछ्याउनू भनेको आत्मिक बृद्धिको एउटा चिन्ह हो *(भजन ६३:१-२)* ।
- परमेश्वरलाई पछ्याउनुमा आत्मिक फाइदाहरू छन् *(हिब्रू ११:६)* ।

ज. एउटा विश्वासीलाई परमेश्वरमा आनन्द मनाउने बुलाहट दिइएको छ।

- परमेश्वरमा आनन्दित हुनू भनेको आत्मिक बृद्धिको एउटा चिन्ह हो *(१ यूहन्ना ३:१९-२०; भजन ८५:६-७)* ।
- परमेश्वरमा आनन्दित हुनुमा आत्मिक फाइदाहरू छन् *(भजन ४:३-७)*।

**४. अरुप्रति विश्वासीहरूका जिम्मेवारी के रहेको छ ?**

क. अरुसँग शान्तिमा बस्नुहोस् *(रोमी १२:१८)*।

ख. अरुप्रति दयालु हुनुहोस् *(एफिसी ४:३२)*।

ग. अरुप्रति उद्धारचित्तको हुनुहोस् *(२ कोरिन्थी ८:६-२४)*।

घ. अरुप्रति उदाहरण हुनुहोस् *(१ थेस्सालोनिकी ४:११-१२)*।

ङ. अरुलाई भलाई गर्नुहोस् *(१ थेस्सालोनिकी ५:१५)*।

च. अरुसँग धैर्य हुनुहोस् *(कलस्सी ३:१३)*।

छ. अरुलाई क्षमा दिनुहोस् *(लूका ६:३७)*।

ज. अरुलाई प्रेम गर्नुहोस् *(१ पत्रुस १:२२)*।

**५. शुद्धिकरणका निम्ति केही बाधाहरू के के हुन् ?**

क. कामुक हृदयले शुद्धिकरणलाई रोक्दछ *(१ पत्रुस २:११)*।

ख. स्वार्थी विचारले शुद्धिकरणलाई रोक्दछ *(एफिसी ४:१९, ५:१८)*।

ग. पापले शुद्धिकरणलाई रोक्दछ *(रोमी ६:१२)*।

घ. अविश्वासले शुद्धिकरणलाई रोक्दछ *(हिब्रू ३:१२-१३)*।

**६. अनुग्रहका माध्यमहरू के के हुन् ?**[६]

हाम्रो जीवनमा परमेश्वरको अनुग्रहलाई अझ राम्रोसँग अनुभव गर्नको लागि, हामी सङ्लग्न हुनुपर्ने क्रियाकलापहरू तथा कार्यहरूलाई वर्णन गर्न, ईश्वरशास्त्रीहरूले प्रयोग गर्ने शब्दलाई नै *अनुग्रहको माध्यम* भनेर भनिन्छ।

क. बाइबल पठन

*यसकारण सबै दुष्टता, सबै छल-कपट र ईर्ष्या, र सबै निन्दाहरूलाई त्याग। नयाँ जन्मेका बालकहरू जस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ। किनकि प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरूले पाएका छौ (१ पत्रुस २:१-३; २ तिमोथी ३:१६-१७)।*

ख. प्रार्थना

*कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउने नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ (फिलिप्पी ४:६-७)।*

ग. अरुलाई प्रेम गर्नू र सेवा गर्नू

*यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ। न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं (१ यूहन्ना ४:१६-१७)।*

घ. सुसमाचारको गवाही
*तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। तिमीहरूका विवेक शुद्ध राख, ताकि तिमीहरूको विरोधमा बोल्ने र ख्रीष्टमा तिमीहरूका चालचलनको निन्दा गर्नेहरू लज्जित होऊन् (१ पत्रुस ३:१५-१६)।*

ङ. आराधना
*हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ (२ कोरिन्थी ३:१८)।*

च. विश्वास
*यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ। तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ। सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टयाऊँ र खाइहालूँ भनी गर्जन सिँहझैं खोजिहिँड्छ। विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ (१ पत्रुस ५:६-९; १ थेस्सालोनिकी ५:८)।*

छ. पवित्र आत्माद्वारा भरिनू

*दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ (एफिसी ५:१८)।*

- आत्माद्वारा भरिनू भन्नाले उहाँद्वारा निर्देशित हुनू तथा उहाँद्वारा सामर्थ्यवाना हुनू हो। विश्वासद्वारा हामीले परमेश्वर पवित्र आत्मालाई हाम्रो जीवनमा उहाँको सेवाको निम्ति सार्मथ्यवान तुल्याउने तथा निर्देशन दिने अनुमति दिनुपर्दछ।

ज. मण्डलीका विधिहरूलाई पालन गर्नू

- विश्वासीको बप्तिस्माः *स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ (मत्ती २८:१९) ।*
- प्रभुभोजः *किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर। त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर । किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ (१ कोरिन्थी ११:२३-२६) ।"*

**प्रतिबिम्बका निम्ति प्रश्नहरू:**

**१. तपाईको शुद्धिकरणमा के सङ्लग्न छन् ?**

**२. के शुद्धिकरण अघिबाटै पूरा भईसकेको छ भन्ने कुनै तर्क रहेको छ ?**

**३. शुद्धिकरणका केही बाधाहरू के के हुन् ?**

**इसाई जीवनको सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

***१. २ कोरिन्थी ३:१८; २ कोरिन्थी ४:६***

क. खीष्टको अनुहारमा परमेश्वरको महिमा हेर्नुहोस् *(२ कोरिन्थी ४:६) ।*

- सुसमाचारमा प्रकट भएको परमेश्वरको महिमा भनेको के हो ?
- यो महिमालाई देख्नको लागि के गर्नुपर्दछ ?
  - पापको स्वीकार
  - येशूको पर्याप्ततामा विश्वास
  - पश्चाताप

ख. हामी परिवर्तन भएका छौं ।

- पहिले हृदयमा परिवर्तन ।
- विचारमा परिवर्तन ।
- बानीमा परिवर्तन ।

***२. कलस्सी ३:३-१०***

क. के तपाई खीष्टमा हुनुहुन्छ *(कलस्सी ३:३-४) ।*

- तपाई खीष्टसँगै मर्नुभयो ।
- तपाईको जीवन खीष्टमा लुकेको छ ।
- जब खीष्ट फर्कनुहुनेछ तपाई उहाँसँग हुनुहुनेछ ।

ख. पुरानो स्वभावलाई फुकालेर त्यसलाई मार

- संसारीक कुराहरूलाई मार (शारीरिकः पापी सिद्धान्त जसले हाम्रा पापी स्वभावलाई नियन्त्रणमा राख्दै त्यसैद्वारा हाम्रा जीवनका स्वार्थ कुराहरूमा हामीलाई डोऱ्याउँछन् ।)
- यी कुरालाई मारः यौनजन्य अनैतिकता, अशुद्धता, कामुकता तथा दुष्ट विचारहरू इत्यादि ।
- रीस, क्रोध, डाहा र निन्दालाई हटाऊ ।
- यी कुराहरू मूर्तिपूजाहरू हुन् ।
- परमेश्वरको क्रोध तिनीहरूका विरुद्धमा आउँछ ।

ग. तपाईले नयाँ कुरा धारणा गर्नुहोस् ।

- नयाँ कुरा भनेको सत्यताको ज्ञानमा नवीकरण हुनू हो ।
- नयाँ कुरा भनेको सृष्टिकर्ताको आकृतिमा नयाँ हुँदै जानू हो ।

घ. तपाईको नयाँपनअनुसार जिउनुहोस् ।

## अध्याय १०: मण्डलीको सिद्धान्त

*तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक । एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ । एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ (१ पत्रुस २:९-१०) ।*

### १. परिचय

क. येशूले पत्रुससँग गर्नुभएको वार्तालापमा मण्डलीबारेको सबैभन्दा पहिलो सन्दर्भ रहेको छ *(मत्ती १६:१७-१८)* । यो खण्डमा येशूले सोध्नुहुन्छ, म को हो भनी तिमी भन्छौं ? पत्रुसले जवाफ दिन्छन्: तपाई खीष्ट जीवित परमेश्वरको पुत्र हुनुहुन्छ । अनि त्यसपछि येशूले स्पष्ट पार्नुहुन्छ, शरीर र देहले त्यो तिमीलाई प्रकट गरिएको होइन, तर स्वर्गमा हुनुहुने मेरो पिताले नै हो । तिमी पत्रुस हौं र यो चट्टामा म मेरो मण्डलीलाई स्थापित गर्नेछु ।

ख. येशूले उहाँको मण्डलीलाई निरन्तर निर्माण गरिरहनुहुन्छ । तर मण्डली के हो, यसको लक्ष्य के हो र यो कसरी सञ्चालित हुनुपर्दछ भन्नेबारेमा थुप्रै भ्रम रहेका छन् । यो अध्यायको प्रमुख कुरा भनेको मण्डलीका यी क्षेत्रहरूमा परमेश्वरको योजना के रहेको छ, सो अन्वेषण गर्नू हो ।

### २. मण्डली कहिले थालनी भयो ?[१]

क. मण्डली पेन्तेकोसको दिनमा थालनी भयो जब पत्रुसले येशू खीष्टको सुसमाचारलाई घोषणा गरे र ३,००० मानिसहरूले पश्चाताप गर्दै विश्वास गरेका थिए । तिनीहरू तुरुन्तै येशू खीष्टको विश्वासीहरूका समुदायको रूपमा एकसाथ भेला हुन थाले र एकसाथ जीवन जिउन थाले *(प्रेरित २:४४-४७) ।*

ख. यतिबेलादेखि नै मण्डली बृद्धि हुन थाल्यो, अनि जसरी यो बृद्धि भयो, परमेश्वरले प्रेरितहरूद्वारा उहाँका मानिसहरूलाई मण्डलीको स्वभावबारे सिकाउनुभयो । मण्डलीको उद्देश्यहरू, मण्डली कसरी सङ्गठित हुनुपर्दछ र कसले मण्डलीलाई डोऱ्याउनुपर्दछ आदि सबै कुरा सिकाउनुभयो ।

### ३. मण्डलीको स्वभाव कस्तो हुनुपर्दछ ?[२]

क. आउनुहोस् हामी परिभाषासाथ थालनी गरौं ।

- मण्डली भनेको के हो ? मण्डली भनेर अनुवाद गरिएको शब्दको ग्रीक अर्थ भनेको दुइ ओटा शब्दहरू मिलेर बनेका हुन्छन् । जस्तैः बुलाहट दिइएकाहरू हुन् । तसर्थ यसले भेला वा जमघट भन्ने अर्थ दिन्छ । तर थुप्रै महत्वपूर्ण शब्दहरू जस्तै, यसले कसको भेला ? भन्ने भन्ने प्रश्न खडा गराउँछ ।
  - कहिलेकाहीँ यसले (नयाँ नियममा पनि) शहरका मानिसहरूका भेला, राजनैतिक विषयको निम्ति बोलाइएका मानिसहरू *(प्रेरित १९:३२, ३९, ४१) भन्ने अर्थ दिन्छ ।*
  - कम्तीमा एक पटक मरुभूमिमा भेला भएका यहूदी मानिसहरूलाई यसले सङ्केत गरेको छ *(प्रेरित ७:३८)*।
  - प्रायः यो शब्दले एउटा निश्चित स्थानमा भेला हुने स्थानीय इसाईहरूका समूहलाई यसले सङ्केत गर्दछ *(१ कोरिन्थी १:२; १ थेस्सलोनिकी १:१; प्रकाश १:११) ।*
  - नयाँ नियमले यो शब्दलाई प्रावधिक अर्थ दिएको छ जहाँ यसले सबै विश्वासीहरू सङ्लग्न हुने विश्वव्यापी मण्डलीलाई सङ्केत गरेको छ । यही शब्दले खीष्टको देहलाई पनि सङ्केत गर्दछ *(मत्ती १६:१८; एफिसी १:२२-२३; ३:१०, २१; ५:२३, २५, २७, २९, ३२; कलस्सी १:१८; हिब्रू १२:२३) ।*
- तसर्थ मण्डली भन्ने शब्दलाई दुइ प्रकारले नयाँ नियममा प्रयोग भएको हामी देख्छौं । जस्तैः
  - स्थानीय मण्डली ।
    - विश्वासीहरूका एक समूह जो एकसाथ भेला हुन्छन् र परमेश्वरको इच्छालाई बाइबलीय अर्थमा पूरा गर्न सङ्गठित हुन्छन् *(रोमी १६:१, ३-५, १४-१६) ।*
    - बाइबलले कम्तीमा २६ ओटा स्थानीय मण्डलीहरूबारे सङ्केत गरेको छ । उदाहरणको लागिः
      - एन्टिओखियाको मण्डली *(प्रेरित १३:१) ।*
      - एसियाको मण्डली *(१ कोरिन्थी १६:१९) ।*
      - कलस्सीको मण्डली *(कलस्सी १:२) ।*
      - एफिसीको मण्डली *(प्रेरित २०:१७) ।*
      - कोरिन्थीको मण्डली *(२ कोरिन्थी १:१)*।
  - विश्वव्यापी मण्डली ।[३]

- संसारैभरि, शताब्दीऔंदेखि देखा पर्दै आएको र उनीहरू स्थानीय रूपमा जोसुकैसँग आबद्ध भए तापनि, विश्वव्यापी मण्डली भनेको येशू खीष्ट हाम्रो प्रभुमा भएका साँचो विश्वासीहरू मिलेर बनेको देह हो ।
- पेन्तेकोसको दिनदेखि *(प्रेरित २)* स्थानन्तरण *(१ थेस्सालोनिकी ४:१३-१८)* सम्मको सबै विश्वासीहरू विश्वव्यापी मण्डलीका अंश हुन् ।
- जब येशूले मण्डली निर्माण गर्ने प्रतिज्ञा गर्नुभयो, उहाँले संसारैभरि भएका विश्वासीहरूका उहाँको देह *(मत्ती १६:१८)* लाई सङ्केत गरिरहनुभएको थियो ।
- पवित्र आत्माले मानिसहरूलाई बप्तिस्मा दिने वा खीष्टको देह अर्थात् विश्वव्यापी मण्डलीमा समावेश गर्ने काम गर्नुहुन्छ *(१ कोरिन्थी १२:१२-१४, २७)* । पवित्र आत्माको यो कार्य पेन्तेकोसको दिनमा थालनी भएको थियो *( प्रेरित १:५, २:१-४; ११:१५-१८)* ।
- येशू खीष्टमा भएका सबै विश्वासीहरू भनेका मण्डली हुन् भनी बाइबलले स्वीकार गर्दछ *(१ कोरिन्थी १५:९)* ।
- विश्वव्यापी मण्डली भनेको खीष्टको देह हो र निम्नलिखित चरित्रहरूद्वारा प्रकट हुन्छन्:
  - सबै राष्ट्रहरूमा भएका छुटकारा पाएका मानिसहरू।
  - अन्धकारबाट परमेश्वर तथा उहाँको उद्देश्यहरूमा जिउनको लागि बोलाइएकाहरू ।
  - परमेश्वरको आराधना गर्न र उहाँको वचन सुन्न भेला भएको देखिने देह ।
  - संसारलाई उहाँको महिमित अनुग्रहबारे घोषणा गर्न पठाइएकाहरू ।

ख. मण्डली भनेको परमेश्वरको काम हो ।[४]

- मण्डलीको सृजना, स्थापना तथा निर्माण कार्यमा त्रित्वका तीनै सदस्यहरू सक्रिय रहेको हामी देख्छौं ।
- परमेश्वर पिताको काम:
  - मण्डली परमेश्वरको हो *(१ कोरिन्थी ३:९; १५:९)* ।
  - परमेश्वरले उहाँको आफ्नै रगतद्वारा मण्डलीलाई खरिद गर्नुभयो *(प्रेरित २०:२८)* ।
  - मण्डली परमेश्वरको नाउँद्वारा बोलाइएको छ, परमेश्वरको उपस्थितिमा जिउँछन् र उहाँलाई तिनीहरूका परमेश्वरस्वरूप आराधना गर्छन् *(१ कोरिन्थी ६:१६)* ।
  - परमेश्वरको हातद्वारा मण्डली बृद्धि हुन्छ *(प्रेरित २:४७)* ।
  - परमेश्वरले मण्डलीलाई वरदान पाएका सेवकहरूद्वारा सुसज्जित पार्नुहुन्छ *(१ कोरिन्थी १२:२८)* ।
  - परमेश्वरले उहाँको बुद्धिलाई मण्डलीद्वारा प्रकट गर्नुहुन्छ *(एफिसी ३:९)* ।
- येशू खीष्टको काम र व्यक्तित्वद्वारा मण्डली स्थापित भएको थियो ।

*यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ । त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र खीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ । उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै मन्दिर हुनलाई बढ्दैजान्छ ( एफिसी २:१९-२१; मत्ती १६:१८; १ कोरिन्थी ३:१०; एफिसी ५:२३; कलस्सी १:१८)* ।

- मण्डली पवित्र आत्माद्वारा सामर्थ्यवान तुल्याइएको र भरिएको हुन्छ *(१ कोरिन्थी ३:१६; १२:१३; प्रेरित १:८)* ।

*अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ (एफिसी २:२२)* ।

## ४. मण्डलीको निम्ति बाइबलीय तस्विरहरू तथा दृष्टान्तहरू[५]

क. खीष्टको देह *(रोमी १२:४-५; १ कोरिन्थी ६:१५; एफिसी १:२२-२३)* ।
ख. खीष्टको दुलही (*प्रकाश १९:७-८; २१:२, ९; २२:१७*) ।
ग. छानिएका जाति *(कलस्सी ३:१२; १ पत्रुस २:९)* ।
घ. परमेश्वरको चुनिएका जाति *(तीतस १:१)* ।
ङ. जीवित परमेश्वरको मण्डली *(१ तिमोथी ३:१५)* ।
च. सन्तहरूका झूण्ड *(१ कोरिन्थी १४:३३)* ।
छ. परमेश्वरको मन्दिर *(१ कोरिन्थी ३:१६-१७)*, परमेश्वरको वासस्थान *(एफिसी २:२२)* ।
ज. परमेश्वरको परिवार *(१ पत्रुस ४:१७)*, परमेश्वरको घराना *(एफिसी २:१९)*, परमेश्वरका पुत्रहरू *(गलाती ३:२६-२९)*।
झ. परमेश्वरको बगाल *(१ पत्रुस ५:२-३)*।
ञ. जीवित पत्थरहरू *(१ पत्रुस २:५)*।
ट. पवित्र शहर *(प्रकाश २२:१९)*, पवित्र राष्ट्र *(१ पत्रुस २:९)*, पवित्र जनहरू *(१ थेस्सालोनिकी ३:१३)*, अनि पवित्र मानिसहरू *( एफिसी ५:३)* ।

## ५. मण्डलीको उद्देश्य तथा सेवकाइहरू

मण्डली के  गर्नुपर्दछ ? नयाँ नियममा स्थानीय मण्डलीको उद्देश्यहरूलाई दिइएको छ । यिनै उद्देश्यहरूका लागि हामी नयाँ नियमबाट तीनओटा खण्डहरूलाई हेर्नेछौं । पहिलो मत्तीको सुसमाचारबाट आएको छ जहाँ चेलाहरूलाई मण्डलीको उद्देश्यबारे निर्देशित गरिएको छ । अनि मण्डलीको लक्ष्यलाई के हो भनेर पावलले घोषणा गरेका एफिसीमा भएका दुइ ओटा खण्डहरूलाई पनि हेर्नेछौं । अनि प्रेरितको पुस्तकमा भएको एउटा खण्ड जहाँ मण्डलीको तस्विरलाई एकसाथ जिउने जीवनस्वरूप देखाइएको छ ।

क. येशूले मण्डलीको उद्देश्यहरूलाई निर्देशन दिनुहुन्छ ।

<u>महान आज्ञा *(मत्ती २२:३६-३९)*</u>

*"गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो ? उहाँले तिनलाई भन्नुभयो, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू । महान् र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू । सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुइ आज्ञाहरू हुन् ।'" (मत्ती २२:३६-३९)।*

- मण्डली पूरा भक्तिसाथ परमेश्वरको आराधना गर्नुपर्दछ ।
- मण्डलीले अरुलाई आफैलाई झैं उही प्रतिबद्धतासाथ सेवा गर्नुपर्दछ ।

<u>महान आज्ञा *(मत्ती २८:१९-२०)*</u>

*तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे । तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैंले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु  (मत्ती २८:१७-२०) ।"*

- *मत्ती २८:१९-२०* मा मण्डलीको शिर येशूले उहाँका चेलाहरूलाई दिनुभएको आज्ञा रहेको छ । उनीहरू मण्डलीका प्रथम अगुवाहरू थिए र मण्डली बृद्धिका निम्ति जगका ढुङ्गाहरू थिए *(एफिसी २:२०) ।*
- जब हामी *मत्ती २८:१९-२०* लाई जाँच गर्दछौं, येशूले मण्डलीलाई के गर्न पठाउनुभयो भन्ने कुरा थाहा गर्दछौं । <u>यो शास्त्रमा भएको सबैभन्दा व्याख्यात्मक कथन हो जसले मण्डली कार्यलक्ष्यलाई निर्देशन दिन्छ ।</u>
    - *येशूले मण्डलीलाई गएर चेला बनाओ भनेर आज्ञा दिनुभयो । गएर चेला बनाओ* भन्ने कथनले मण्डलीलाई अविश्वासीहरूका बीचमा सुसमाचार बाँड्ने कुरामा सक्रिय कदमलाई चाल्नुपर्ने निर्देशन दिन्छ र यसरी मुक्तिको लागि सुसमाचारको सन्देशलाई मानिसहरूले बुझ्नमा मद्दत मिल्नेछ । साथै उनीहरूलाई येशू ख्रीष्टको विश्वासनीय अनुयायी बन्नमा पनि मद्दत मिल्नेछ । येशू भन्नुहुन्छ: *शान्ति तिमीहरूलाई मिलोस् ! जसरी पिताले मलाई पठाउनुभएको छ, म पनि तिमीहरूलाई पठाउँछु (यूहन्ना २०:२१) ।*
    - येशूले मण्डलीलाई चेलाहरू कसरी बनाइन्छ भन्ने निर्देशन दिनुभयो । *त्यो चाहिँ बप्तिस्मा दिएर तथा सिकाएर हो ।* यी दुइ शब्दहरूले इसाईहरूले चेलाहरू बनाउने तरिकालाई वर्णन गर्छन् ।
    - *<u>बप्तिस्मा</u> दिएर:* यो चाहिँ येशूसँग सार्वजनिक रूपमा परिचित भएको पहिचान हो । येशूले सङ्केत गर्नुभएको बप्तिस्मा भनेको पानीको बप्तिस्मा हो तर आत्माको बप्तिस्मा होइन । चेलाहरूलाई बप्तिस्मा देऊ भनेर भनेर येशू आफैले निर्देशन दिनुभएको कुराबाट हामी यो थाहा गर्न सक्छौं । नयाँ नियममा भएको पानीको बप्तिस्माले मुक्तिलाई पछ्याउँछ अनि सार्वजनिक रूपमा ख्रीष्टसँग हाम्रो परिचित गराउँछ । मण्डलीका विधिहरूबारे छलफल गर्ने क्रममा हामी बप्तिस्मा बारे अझै छलफल गर्नेछौं ।
    - *<u>सिकाउनु:</u>* मानिसहरूले उनीहरूका जीवनमा लागू गर्न सकूनँ भन्नाको लागि यहाँ येशू हामीले शास्त्र सिकाएको चाहानुहुन्छ  । येशूले चेलाहरूलाई सिकाउनुभएको सबै कुराहरू अरुलाई पनि सिकाउने तथा त्यसमा आज्ञाकारी बनाउने निर्देशन येशूले दिनुहुन्छ। जब प्रेरित याकूबले विश्वासीहरूका लागि यसरी लेखे: *तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ, तब उनको पनि लक्ष्य यही रहेको थियो ।*

ख. पावलले मण्डलीको लक्ष्य भनेको भनेको परमेश्वरको योजना हो भनेर वर्णन गर्छन् ।

- येशूको सेवकाईलाई पूरा गर्नको निम्ति ।

*परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, र उहाँको पूर्णता हो र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ (एफिसी १:२२-२३) ।*

- ख्रीष्टको देह मण्डलीलाई संसारमा येशूको सेवकाइलाई पूरा गर्न बोलाइएको छ । पावलले थाहा गरेका येशूको सेवकाइलाई *एफिसी १:९-१०* मा पाउँछौं, जहाँ पावलले यसरी लेख्छन्: *किनकि सम्पूर्ण बृद्धि र आन्तरिक समक्षमा*

*खीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू खीष्टको अधीनमा आऊन् ।*

- येशूको सेवकाइ भनेको उहाँको अख्तियार तथा शासनमुनि रहेका सबै कुराहरूलाई एकतामा ल्याउनु हो । यो कुरालाई उहाँले मृत्यु र बौरिउठाईद्वारा, मृत्यु र पापमाथि विजयी भएर तथा परमेश्वरको महिमाको निम्ति मानिसहरूलाई छुटकारा दिएर पूरा गर्नुहुन्छ । मण्डलीलाई त्यो सन्देश नसुन्नेहरूका बीच घोषणा गर्न बोलाइएको छ । यो कार्य गर्ने क्रममा, पावलले मण्डलीलाई *उहाँको पूर्णता* भनेर बोलाउँछन् ।
- परमेश्वरको महिमा घोषणा गर्न *(एफिसी ३:८-१०) ।*
    - मण्डली भनेको संसारमा परमेश्वरको महानतालाई घोषणा गर्नको निम्ति रहेको छ ।
    - साराँशमा भन्नुपर्दा, मण्डली भनेको भवन होइन; यो रूखमुनि पनि भेला हुन सक्नेछ । यसमा एकदमै कमजोरहरू तथा गरिबहरू हुन सक्नेछन्; र यसले पश्चिमी शैलीको आराधनाबारे केही पनि थाहा नगरेका हुन् सक्छ । तर यदि यो येशू खीष्टको गवाही बोकेको समुदाय भएर चिनिन्छ भने, यो सम्पूर्ण रूपले मूल्यवान रहेको छ ।

*तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक (१ पत्रुस २:९) ।*

ग. प्रारम्भिक मण्डलीबारे लूकाको तस्विर

- आफ्नो उद्देश्यहरूलाई पूरा गर्नमा सङ्लग्न मण्डलीको महान तस्विरलाई प्रेरित लूकाले हामीले दिन्छन् *(प्रेरित २:४१-४७) ।*

घ. मण्डलीको उद्देश्यहरू तथा सेवकाइहरू[६]

- परमेश्वरलाई महिमा दिन *(१ कोरिन्थी १०:३१; एफिसी ३:१०; १ पत्रुस २:९) ।*
- आराधनाको निम्ति भेला हुन् *(एफिसी ५:१९-२०; १ पत्रुस २:५; हिब्रू १०:२५; १२:१८) ।*
- सार्वजनिक आराधनामा कस्ता कार्यहरू समावेश गरिनुपर्दछ ?
    - सार्वजनिक रूपमा शास्त्रको पढाई *(१ तिमोथी ४:१३) ।*
    - गीत गाउनू *(एफिसी ५:१९-२०) ।*
    - बाइबलबाट प्रचार गर्नू तथा शिक्षा दिनू *(१ तिमोथी २:४) ।*
    - प्रार्थना *(प्रेरित १:१४; ४:३१; १ तिमोथी २:८) ।*
- चेलाहरू निर्माण गर्न *(मत्ती २८:१९-२०; प्रेरित १४:२१-२२)।*
- सुसमाचारसाथ संसारैभरि प्रचारकहरू पठाउन *(प्रेरित १३:२) ।*
- एकसाथ समुदायमा रहन तथा सङ्गतिलाई अनुभव गर्न *(गलाती ६:२; रोमी १२:१५; हिब्रू १३:१) ।*
- अरुको सेवा गर्न *(१ पत्रुस ४:१०-११) ।*

**अघि बढ्नुभन्दा पहिले, मण्डलीको कार्यालयहरू तथा उद्देश्यहरूलाई एकसाथ समूहमा पुनरावलोकन गर्नुहोस् । तपाईको नयाँ मण्डली/सङ्गतिले यी बुँदाहरूलाई कसरी अभ्यास गर्छन् ? तपाईको परिणामलाई कक्षामा बाँड्नुहोस् । छलफल गर्नुहोस् ।**

## ६. मण्डलीका विधिहरू[७]

क. प्रभुभोज र बप्तिस्मा

- सुसमाचारमा भएको मुक्तिको आत्मिक यथार्थतालाई देखाउनको लागि येशूले मण्डलीलाई भौतिक कार्यहरू तथा विधिहरू दिनुभयो । मण्डलीले तिनीहरूलाई विधिहरू भनेका छन् ।
- कतिपय मण्डलीहरूले कम्तीमा दुइ र बढीमा सातसम्म विधिहरू भएको कुरा विश्वास गर्छन् । अधिकाँश प्रोटेष्टेन्टहरूले केवल दुइ ओटा (प्रभुभोज र बप्तिस्मा) मात्र भएको विश्वास गर्छन् । यी विधिहरूलाई विशेष गरी खीष्टले दिनुभयो र प्रारम्भिक मण्डलीले स्पष्टसँग ती अभ्यास गर्दथे । यी दुइले क्रूसमा खीष्टले गर्नुभएको बचाइने कार्यलाई पनि स्पष्टसँग देखाउँथ्यो ।
- यी विधिहरूलाई अभ्यास गर्नाले बचाइने कार्यमा तपाईलाई कदापि पनि मद्दत गर्दैनन् नता मुक्तिको निम्ति आवश्यक नै छन् । यी विधिहरू ती मानिसहरूका लागि मात्र अर्थपूर्ण छन् जसले अघिबाटै मुक्तिको निम्ति खीष्टमा भरोसा राखिसकेका छन् ।

पानीको बप्तिस्मा:

- परिभाषा: बप्तिस्मा भनेको जब हामी खीष्टलाई हाम्रो मुक्तिदाता भनेर भरोसा गर्दछौं तथा आत्मिक रूपमा भित्र जे कुरा अघिबाटै भईसकेको हुन्छ, त्यसैलाई सार्वजनिक रूपमा सङ्केत गर्न पानीमा डुबाइने प्रक्रिया हो ।
- यसले नयाँ जीवन दिने पवित्र आत्माको कामलाई सङ्केत गर्दछ (हामीलाई आत्मिक रूपमा नयाँ बनाउँछ) ।
    - जब हामी खीष्टलाई हाम्रो मुक्तिदाता भनेर भरोसा गर्दछौं, पवित्र आत्माले भित्रीरूपमा आत्माको बप्तिस्मा दिनुहुन्छ *(१ कोरिन्थी १२:१३) ।*

- आत्माको बप्तिस्मामा, इसाईहरूः
    - पवित्र आत्माको नयाँ गरी जन्माउने सामर्थ्यद्वारा धोइएका हुन्छन् ।
    - सेवकाइकोलाई सामर्थ्यवान बनाइन्छन् ।
    - जसरी येशू खीष्टको रगतद्वारा बचाइने वित्तिकै उहाँको परिवारमा परमेश्वरले धर्मपुत्र बनाउनुहुन्छ।
- पानीको बप्तिस्मा भनेको मण्डलीको अगुवाहरूद्वारा दिइन्छ अनि मुक्तिपछि बाहिरी रूपमा चेलापनमा हुर्काइन्छ । यसरी विश्वासको समर्थनलाई देखाइन्छ *(प्रेरित ८:३)* । योचाहिँ हाम्रो मुक्ति भित्री यथार्थताको बाहिरी चिन्ह हो । यसले हाम्रो नयाँ जीवन र खीष्टसँगको एकतालाई सङ्केत गर्दछ *(रोमी ६:३-११)* ।
- पानीको बप्तिस्माको तरिकाः बप्तिस्मा लिने व्यक्तिलाई पानीमा डुबाइन्छ जसले खीष्टको मृत्यु र गडाईसँगै पापको निम्ति मरेको सङ्केत गर्दछ । अनि जसरी उक्त व्यक्तिलाई पानीबाट बाहिर निकालिन्छ, त्यसले मृत्युबाट बौरिउठेको देखाउँछ ।
- पानीमा पूर्णरूपले डुबाउने कुरा बप्तिस्माको महत्वसँग मिल्दो रहेको छ *(रोमी ६:४)* अनि शुरूआत्को बप्तिस्माको उदाहरणहरूसँग मिल्दो रहेको छ *(प्रेरित ८:३८-३९)* ।
- नयाँ नियममा भएको बप्तिस्माका उदाहरणहरूले आजको मण्डलीलाई नमूना प्रस्तुत गर्दछन् । एउटा व्यक्तिले मुक्ति पाउने वित्तिकै उसलाई बप्तिस्मा दिइन्छ *(प्रेरित २:४१; १६:१४-१५; १८:८)* । तसर्थ जब पनि कुनै व्यक्ति बचाइन्छ र आवश्यकतालाई महशुश गर्दछ, तब बप्तिस्माको महत्व देखिन्छ र त्यो नै उचित समय भएको थाहा हुन्छ ।

<u>प्रभुभोज</u>

- परिभाषाः खीष्टले क्रूसमा गर्नुभएको बचाइने कार्यलाई अन्य विश्वासीहरूसँगै एकसाथ सम्झना गर्नू तथा निरन्तर रोटी र कचौराको उत्सव मनाउनू ।
- यो विधिको नमूना भनेको अन्तिम भोजमा खीष्टले चेलाहरूसँगै थालनी गर्नुभएको भोज हो ।
    - खीष्टले निस्तार चाडको दुइ अन्तिम तत्वहरूका लागि नयाँ महत्वलाई स्थापना गर्नुभयो । उहाँको मृत्युपछि उहाँका चेलाहरूले यी कुराहरू अभ्यास गर्नुपर्ने निर्देशन उहाँले दिनुभयो *(लूका २२:७-२०)* ।
    - यसो गर *(१ कोरिन्थी ११:२४-२५)* भनेर प्रभुभोजको प्रथालाई अभ्यास गर्नुपर्ने आज्ञा येशूले दिनुभएको कुरालाई पावलले अभिलेखमा राख्छन् । यो विधिलाई निरन्तर गर्नुपर्ने हुन्छ । येशूले भन्नुहुन्छः किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउन्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ *(१ कोरिन्थी ११:२६)*।
- अर्थचाहिँः प्रभुभोज भनेको क्रूसमा खीष्टले गर्नुभएको बचाइने कार्य तथा उनीहरूकहाँ उहाँले फर्कनुहुनेछ भनेर गर्नुभएको प्रतिज्ञाको सम्झना उत्सव हो ।
    - रोटीले हाम्रो स्थानमा खीष्टको प्रतिस्थापन मृत्युलाई प्रतिनिधित्व गर्दछ *(लूका २२:१९; १ कोरिन्थी ११:२४)* । हाम्रा पापहरू येशूको देहमा राखिएको कुरा पत्रुसले बताउँछन् *(१ पत्रुस २:२४)* ।
    - कचौराले पुरानो नियममा भएको कराररूपी बलिदान प्रणालीलाई खीष्टले पूरा गर्नुभएको जसलेचाहिँ परमेश्वर र उहाँका मानिसबीचको कराररूपी सम्बन्धलाई प्रतिनिधित्व गर्दछ (मेरो रगतमा भएको नयाँ करार– *लूका २२:२०; १ कोरिन्थी ११:२५)* ।
    - प्रभुभोजलाई खीष्ट नफर्कनुजेलसम्म अभ्यास गर्नुपर्ने भएको हुनाले, यो विधि र यसको उत्सवले इसाईहरूलाई खीष्टको फर्काइको निम्ति प्रतिक्षा गर्दै रहेको कुरा स्मरण गराउँछ ।
- पद्दतिः प्रारम्भिक मण्डलीले यो हप्तेनी अभ्यास गर्दथे भन्ने प्रमाण भए तापनि, *(१ कोरिन्थी ११:२०-२५; प्रेरित २०:७-११)*, हामीले कसरी प्रभुभोज लिनुपर्दछ भन्नेबारेमा कुनै प्रत्यक्ष आज्ञा भने रहेको छैन । तरैपनि यसलाई मण्डलीहरूले खीष्टले दिनुभएको तरिकाअनुसार निरन्तर अभ्यास गर्नेछन् भन्ने अपेक्षा गरिन्छ ।

## ७. मण्डलीको संरचना[८]

क. मण्डली संरचनाको प्रमुख अवधारणहरू

- मण्डली भनेको जीवित आत्मिक एकाई, अर्थात खीष्टको देह हो । स्थानीय तौरमा, मण्डली परमेश्वरको इच्छाअनुसार सङ्गठित हुनुपर्दछ । यो खण्डमा हामी पहिले मण्डली संरचनाका विभिन्न धारणाहरूलाई छोटो गरी सर्वेक्षण गर्नेछौं । त्यसपछि, हामी मण्डलीमा हुने झूण्डिए नीतिको लागि एउटा परिस्थिति बनाउने छौं ।

<u>प्रधानता धारणाः</u>

- यो स्थानले स्थानीय मण्डलीहरूको अधिकार भनेको थुप्रै स्थानीय मण्डलीहरूका देखभाल गर्ने जिम्मेवारी पाएका विशापहरूमा रहेको छ भन्ने सिकाउँछ । तसर्थ स्थानीय मण्डलीहरूमा उनीहरूले कसलाई नियुक्ति गर्ने वा अभिषेक गर्ने हो भन्नेबारेमा विशापहरूसँग अधिकार हुन्छ । अनि ती सेवकहरूले झूण्डमाथि कसरी अधिकार गर्नुपर्दछ भन्ने कुरा पनि उनीहरूले नै तय गर्छन् । यो धारणा भनेको रोमन क्याथोलिक र एङ्लिलिकनबीच समान रहेको छ ।

<u>सङ्घीय धारणाः</u>

- यो धारणालाई *एल्डर शासन* भनेर पनि भनिन्छ किनकि मण्डलीको अधिकार उनीहरूमै निहित हुन्छ । एल्डरहरू कि त उनीहरूका झूण्डबाट चुनिएका हुन्छन् वा सह-एल्डरहरूद्वारा चुनिन्छन् । यस किसिमको अभ्यासलाई प्रिष्बिटिरियनहरूले

अप्नाउँछन् । यो सिद्धान्तलाई शास्त्रीय समर्थन हामी *(१ तिमोथी ३:१-७; ५:१७; तीतस १:५-९; १ पत्रुस ५:१-५)* मा पाउँछौं र यी खण्डहरूमा एल्डरहरूमाथि खन्याइएको सम्पूर्ण अख्तियारलाई देख्न सक्छौं ।

भ्रूण्डिय धारणाः

- यो धारणाले सबै किसिमका विषयहरू तथा निर्णयहरूमा भ्रूण्डसँग अन्तिम अख्तियार भएको विश्वास गर्दछ । मण्डलीलाई डोऱ्याउन तथा सिकाउनको लागि भ्रूण्डले नै पाष्टरहरू तथा अन्य अगुवाहरूलाई चुन्ने गर्दछ । तर उनीहरूमाथि भ्रूण्डको अख्तियार हुन्छ । धेरैजसो प्रोटेष्टेन्ट मण्डलीहरू भ्रूण्डिय पद्दतिद्वारा सञ्चालित हुन्छन् । यस्तो पद्दतिप्रति उनीहरूका प्रतिबद्धताको निम्ति ब्याप्टिष्टहरू प्रख्यात छन् ।
- यो धारणालाई अप्नाउनेहरूसँग तीन किसिमका बाइबलीय समर्थनका प्रमाणहरू रहेका छन्:
  - ख्रीष्ट भ्रूण्डभन्दा पनि उच्च मण्डलीको "शिर" हुनुहुन्छ *(एफिसी ५:२३) ।*
  - विश्वासीहरू राजकीय पूजाहारीहरू हुन् *(हिब्रू १०:१९-२२; १ पत्रुस २:५-९) ।*
  - भ्रूण्डद्वारा हेरबिचार गर्ने विषयहरूका लागि बाइबलीय सन्दर्भहरू (डिकनहरू छनिएको–*प्रेरित ६:५;* मण्डली अनुशासन *१ कोरिन्थी ५:१-५) ।*

ख. भ्रूण्डवादीका निम्ति परिस्थिति

- स्थानीय मण्डलीका विषयहरूमा कोसँग अधिकार रहेको छ ?
- मण्डली कसरी सङ्गठित गरिन्छ भन्ने कुरा प्रायः अख्तियार भएको व्यक्तिद्वारा निर्धारित गरिन्छ र नेतृत्वको सम्बन्धमा पनि यसै धारणाका सम्भावित परिणामहरूलाई प्रयोग गरिन्छ ।
- अन्त्यमा, येशूसँग मण्डलीमाथि अख्तियार रहेको हुन्छ किनकि उहाँ नै मण्डलीको शिर हुनुहुन्छ *(एफिसी १:२२)* । उहाँको अधिकार मानिसहरूलाई दिइन्छ । प्रेरितहरूबाट मण्डलीमा अधिकारलाई सारेको कुरालाई तपाईले नयाँ नियममा देख्नुहुन्छ ।
  - मण्डलीको प्रारम्भदेखि नै प्रेरितहरूसँग अधिकार थिए ।
    - उनीहरूलाई एल्डरहरूलाई नियुक्त गरे *(प्रेरित १९:२३) ।*
    - तिनीहरूले सैद्धान्तिक विवादलाई मिलाए *(प्रेरित १५) ।*
    - तिनीहरूले मण्डलीहरू स्थापना गरे (पावल) ।
    - मण्डलीसँग सम्बन्धित विषयहरूमा, उनीहरूले परमेश्वरको इच्छालाई थाहा गरे (एल्डरहरूको आर्थिक सहयोगः *१ तिमोथी ५:१७, मण्डली सञ्चालनः १ कोरिन्थी १४:४०,* अनि सङ्कलनः *१ कोरिन्थी १६:१-२) ।*
  - प्रेरितहरूका युगमा र त्यसपछि एल्डरहरूका अधिकार उच्च रहेको छ ।
    - मण्डलीहरूका रेखदेखको लागि पावलले एल्डरहरू नियुक्त गर्छन् *(प्रेरित १४:२३) ।*
    - पावलले तीतसलाई एल्डर नियुक्त गर्ने निर्देशन दिन्छन् *(तीतस १:५) ।*
    - मण्डलीलाई त्यसका आत्मिक अगुवाहरूप्रति आज्ञाकारी रहने निर्देशन दिइएको छ *(हिब्रू १३:१७)।*
    - एल्डर र रेखदेखकर्ता भनेका उही हुन् (*प्रेरित २०:१७, २८; तीतस १:५, ७; १ पत्रुस ५:१,२)* र यी शब्दहरूले उनीहरूका अधिकारको भूमिकालाई सुझावित गरेको छन् ।
    - शासन भनेको एल्डरहरूका एउटा भूमिका हो *(२ तिमोथी ५:१७) ।*
  - स्थानीय मण्डलीले मण्डली युगको शुरूआत्तिर नै भएको अधिकारलाई प्रस्तुत गर्दछ ।
    - तिनीहरूले डिकनहरू छाने *(प्रेरित ६:३-५) ।*
    - मण्डलीले पावल र बर्णावासलाई सैद्धान्तिक विवाद मिलाउने कुरामा मद्दत गर्न पठाए *(प्रेरित १५:२-३),* अनि अन्य मण्डलीहरूका एल्डरहरूसँगै तिनीहरूले उक्त विषयलाई कसरी मिलाउनुपर्दछ भनी निश्चित भए *(प्रेरित १५:२२) ।*
    - मण्डलीले मण्डली अनुशासनको अभ्यास तथा परिचालन गरे *(१ कोरिन्थी ५:५; २ कोरिन्थी २:६-७)* । यसले मण्डलीका सदस्यहरूमाथि तिनको अधिकार भएको सुझाव दिन्थ्यो ।
    - मण्डलीले मिशेनरीहरू पठाए *(प्रेरित ११:२२, २ कोरिन्थी ८:१९)।* योचाहिँ महत्वपूर्ण पक्ष हो जुन थुप्रै स-साना मण्डलीहरूले स्वीकार गर्न र सिकाउनमा असफल हुन्छन् ।
      - मिशन सङ्गठनहरू तथा मिशेनरीहरूमा केन्द्रीत हुने परम्पराले; इसाईत्व भनेको प्राथमिक चरणमा स्थानीय विश्वासीहरूद्वारा फैलाइन्छ भन्ने यथार्थतालाई प्रायः छुपाउने गरेको छ ।
      - मण्डली भनेको संसारको निम्ति परमेश्वरको मिसन (कार्यलक्ष्य) हो । तपाईको मण्डलीले यो कसरी पछ्याउँछ?
- निष्कर्षहरूः मण्डली कसरी सङ्गठित हुनुपर्दछ भन्ने बाइबलीय धारणाले भ्रूण्डिय शासन तथा एल्डर शासन/नेतृत्वका दुवै तत्वहरूलाई समावेश गरेको जस्तै देखिन्छ । स्थानीय मण्डलीहरूमाथि अवश्य नै प्रेरितहरूका अधिकार थियो, तर उनीहरूले कहिल्यै पनि प्रधानतावादी शासन प्रणालीलाई स्थापना गरेनन् । तिनीहरूले वास्तवमा, मण्डलीहरूलाई सुसज्जित पार्न, तालीम दिन तथा अगुवाहरू नियुक्त गर्न अगुवाहरूको नियुक्ति गरेका थिए । परमेश्वरले उहाँको आत्मिक "सजीव" मण्डलीलाई आत्मिक योग्यता भएका अगुवाहरूद्वारा नै डोऱ्याउनुपर्ने गरी निर्माण गर्नुभयो । (योग्यताहरू हेर्नुहोला) ।
- प्रारम्भिक मण्डलीलाई तयार गर्ने क्रममा प्रेरितहरूका शासनको बावजुद, मण्डलीमा हुने कतिपय अति नै महत्वपूर्ण विषयहरूमा निर्णय गर्नको लागि सम्पूर्ण भ्रूण्डहरू एकसाथ भेला हुने पनि गर्दथे । तसर्थ आज पनि कतिपय महत्वपूर्ण

विषयहरूमा स्थानीय झुण्ड सङ्लग्न भएको देखिन्छ । मण्डलीले निर्णय बनाउने लक्ष्य भनेको हातभरिका अगुवाहरूले वा मण्डलीका अधिकाँश विश्वासीहरूले इच्छा गरेका कुरा निर्धारित गर्नू होइन, तर परमेश्वरको इच्छालाई निर्धारण गर्नू हो ।

- प्रत्येक मण्डलीले लिएका निर्णयहरूले परमेश्वरको इच्छालाई पछ्याएका छन् कि छैनन् भनेर उहाँको अघि उत्तरदायि भएको हुन्छ । तसर्थ परमेश्वरको इच्छालाई पछ्याउनमा मद्दत गर्ने निर्णयहरू लिनको लागि मण्डली आफैले नै निर्णय लिनुपर्ने हुन्छ । एउटा महत्वपूर्ण निर्णय भनेको नेतृत्वको तहमा तथा झुण्डको तहमा कतिको निर्णय लिइनुपर्दछ भनेर तय गर्नू हो ।

ग. ध्यान दिनुपर्ने विचारहरू:

- कतिपय विषयहरू यस्ता हुन्छन् कि त्यसमा सम्पूर्ण झुण्डलाई सङ्लग्न गर्नू भनेको अबुद्धिमानी हुन्छ ।
- कतिपय विषयहरू यस्ता हुन्छन् कि सम्पूर्ण झुण्डलाई सङ्लग्न नगर्नू भनेको अबुद्धिमानी हुन्छ ।
- ईश्वरीय योग्यता भएका अगुवाहरू महत्वपूर्ण हुन्छन् । आत्मिक अगुवाहरूले मण्डलीलाई डोऱ्याउने तथा आवश्यकतामा परेका कम्जोरहरूका लागि प्रेम तथा पाष्टरीय संवेंदनशीलता बोकेका हुनाले, मण्डलीको परिपक्वता पनि उनीहरूकै हातमा हुन्छ । यस्ता किसिमका नेतृत्वमा, परमेश्वरले स्वतन्त्रपूर्वक एकरूपता तथा प्रभावकारी आत्मिक सेवकाइलाई उत्पादन गर्नुहुन्छ ।

घ. मण्डलीहरू अन्य मण्डलीहरूसँग सञ्जाल फैल्याउने सम्बन्धमा विचारहरू

- मण्डलीहरू सम्प्रदायिक/सङगठनहरू वा स्वतन्त्र मण्डलीहरूका रूपमा सञ्चालन हुनुपर्दछ ?
- बाइबलीय उदाहरणहरू तथा योजनाहरू:
    - यरूशलेममा भएको गरीबी ग्रसित मण्डलीका आर्थिक आवश्यकताहरूलाई पूरा गर्न पावलले सामूहिक कोशिशहरूलाई आयोजना गरे *(१ कोरिन्थी १६:१-४; २ कोरिन्थी ८:१-९:१५) ।*
    - विभिन्न मण्डलीहरूले पावललाई समर्थन गरे । दिने सम्बन्धमा, प्रत्येक मण्डलीले उनीहरूका आफ्नै निर्णय बनाए भन्ने टिपोट गर्नू महत्वपूर्ण छ *(फिलिप्पी ४:१५; १ कोरिन्थी ९:१२; २ कोरिन्थी ११:९; १२:१३) ।*
- गैरयहूदीहरू बचाइनको लागि के कुराको खाँचो पर्दछ भन्ने सैद्धान्तिक द्वन्द्वलाई एन्टिओखियाको मण्डलीले अनुभव गरिरहेका बेलामा, यरूशलेममा भएका आत्मिक अगुवाहरूको सहायतालाई मण्डलीले मागिरहेका थिए । उनीहरूका निर्णयले समस्या समाधान गऱ्यो *(प्रेरित १५) ।*
- निष्कर्षहरू: मण्डलीहरूले एक-अर्कालाई मद्दत गर्नको निम्ति, प्रारम्भिक मण्डलीको आर्थिक सहायता तथा विवाद समाधान गर्न गरेको सहकार्यताको उदाहरणहरू असल छन् ।
- यी उदाहरणहरूले अधिकारको संरचनालाई स्थापित गर्दैन भनेर टिपोट गर्नू महत्वपूर्ण छ । परमेश्वरले स्थानीय मण्डलीहरूलाई आफै नै सञ्चालित हुन् सक्ने गरी सक्षम पार्न सुसज्जित तथा सामर्थ्यवान तुल्याउनू हुन्छ *(१ कोरिन्थी १:७) ।*
- सम्प्रदायहरू तथा सङ्गठनहरू मण्डलीको सेवकाइलाई सहायता गर्ने सामाग्रीहरू हुन् र मण्डलीको लागि परमेश्वरको उद्देश्यहरूलाई पूरा गर्नमा, यी बाइबलीय तरिकाको कार्यात्मक पक्ष हुन् सक्छन् ।

## ८. मण्डलीको अगुवाहरू[९]

अघिल्लो खण्डमा, मण्डली सङ्गठनको बाइबलीय नमूनामा अगुवाहरूका महत्वपूर्ण भूमिका हुन्छन् भनेर हामीले टिपोट गऱ्यौं । शास्त्रले प्रमुख बाइबलीय कार्यालयहरूलाई छुट्टयाउँदै निम्नलिखित कार्यालयहरूका लागि योग्यताहरू दिएको छ । जस्तैः

क. एल्डरहरू

- एल्डर भन्ने शब्दले आत्मिक परिपक्वताका लागि मण्डली अगुवाहरूको कसरी खाँचो पर्दछ भन्ने कुरालाई जोड दिन्छ । यसै पदलाई कहिलेकाहीँ देखभाल गर्ने पनि भनेर भनिन्छ । यो शब्दले पाष्टरीय देखाभालसाथ डोऱ्याउने उनीहरूका कार्यलाई जोड दिन्छ । यी शब्दहरू एउटै मान्छेबारे दर्शाउन एक-अर्काको स्थानमा प्रयोग गरिन्छ *(प्रेरित २०:१७, २८) ।*
- एल्डरको योग्यताहरू: *१ तिमोथी ३:१-७ र तीतस १:६-९* ले यी योग्यताहरूलाई वर्णन गर्छन् । यी योग्यताहरूबारे टिपोट गर्नू महत्वपूर्ण छ किनकि निश्चित कार्यात्मक पक्षहरूले आत्मिक चरित्रलाई जोड दिएको छ ।
    - दोषरहित, न्यायिक आलोचनाको निम्ति कुनै कारण नभएको।
    - एउटै पत्नीको पति, विश्वासनीय र पारपाचुके भएको होइन।
    - संयमी तथा स्वःनियन्त्रित ।
    - भद्र-विचार, बुद्धिमानी निर्णय बनाउने ।
    - असल बानी भएको, व्यवस्थित तथा अनुशासित ।
    - अतिथिसत्कार गर्ने, आफ्नो घर बाँड्न तयार हुने ।
    - सिकाउन सक्ने तथा आत्मिक सत्यता संचार गर्न सक्ने ।
    - दाखमद्यमा लत नपरेको ।
    - हिँसक तथा छिटो रिसाउने होइन, धैर्य ।
    - झगडालु होइन, अधिकारमा जोड दिने होइन तर शान्तिपूर्ण।
    - पैसाको लालच गर्ने होइन ।

- उसको आफ्नै घरलाई राम्रोसँग चलाउन सक्ने, अनुशासित, शान्त तथा घरमा व्यवस्थित ।
- अहंकारलाई त्याग्न, नयाँ विश्वासी होइन ।
- मण्डलीभन्दा बाहिर भएका अविश्वासीहरूबीच असल गवाही भएको ।
- आफ्नै इच्छामा भर पर्ने होइन, अरुका रुचीमा उत्तम वास्ता राख्ने र आफ्नै मात्र स्वार्थ खोज्ने होइन ।
- असललाई प्रेम गर्ने र आत्मिक रूपमा मूल्यवान भएको कुरालाई छुट्टयाउन सक्ने ।
- धर्मी, पवित्र, व्यवस्था पालन गर्ने तथा अरुसँग उचित व्यवहार गर्ने।
- भक्त, पाप त्याग्ने तथा परमेश्वरप्रति प्रतिबद्ध ।
- परमेश्वरको वचनप्रति विश्वासनीय तथा सैद्धान्तिक सत्यतालाई जान्ने ।

- एल्डरको जिम्मेवारीहरू:
  - गोठालो तथा बगालको वास्ता गर्ने *(१ पत्रुस ५:२; १ तिमोथी ३:५; याकूब ५:१४-१५)* । यसको अर्थ उनीहरूका आत्मिक वास्ताको लागि उसले जिम्मेवारी लिन्छ भनेको हो ।
  - बगालको निम्ति उदाहरण *(१ पत्रुस ५:३)* । होशियारीसाथ इसाई जीवनशैलीलाई प्रस्तुत गर्दै अरुलाई इसाई जीवनमा चेलापनमा हुर्काउने ।
  - परमेश्वरको वचन सिकाउने *(प्रेरित २०:२०; १ तिमोथी ३:२; ५:१७)* ।
  - झूटा सिद्धान्तको विरुद्ध रक्षा गर्ने *(प्रेरित २०:२८; तीतस १:९)* ।
  - शासन *(१ तिमोथी ५:१७)* । यसको अर्थ मण्डलीको विषयवस्तुलाई निर्देशन दिने हो ।
- मण्डलीमा कतिजना एल्डरहरू हुनुपर्दछ ?
  - शास्त्रमा कुनै सङ्ख्या दिइएको छैन । जेहोस्, स्थानीय मण्डलीको नेतृत्वमा थुप्रै एल्डरहरू हुने कुराचाहिँ स्पष्ट छ ।
  - एन्टिओखियाको मण्डलीमा *(प्रेरित १४:२३)*, यरूशलेमको मण्डलीमा *(प्रेरित १५:२; २०:१८)*, एफिसीको मण्डलीमा *(प्रेरित २०:१७,२८)*, फिलिप्पीको मण्डलीमा *(फिलिप्पी १:१)*, *क्रेटमा (तीतस १:५)* अनि याकूबको पत्र पाउने सबै मण्डलीमा सधैं नै एल्डरहरू भनेर बहुवचनमा उल्लेख गरिएको छ । बाइबलीय नमूना भनेको एल्डरहरूद्वारा बाँडिएको नेतृत्व हो । प्रत्येक एल्डरको वरदानहरू र भूमिका फरक छन् अनि कतिपय स्पष्ट देखिएका छन् । तर जिम्मेवारी भनेको बाँडिनुपर्दछ । *ज्ञान र जिम्मेवारीलाई बाँड्नमा उत्तम लाभ रहेको छ ।*

ख. डिकनहरू

- डिकन भनेको सेवक हो । मण्डलीमा भएको कुनै पनि सेवकको लागि यो प्रयोग हुन् सक्छ *(एफिसी ६:२१; १ कोरिन्थी ३:५)* । जेहोस्, *प्रेरित* ६:१-६ मा, जब निश्चित भौतिक आवश्यकतालाई परिपूर्ति गर्ने काममा मानिसका एउटा समूहलाई छानियो, तब डिकनको कार्यालय स्थापित भएको थियो ।
- त्यसपछि पावलले मण्डलीको कार्यालय तथा उनीहरूका योग्यताहरूलाई वर्णन गर्न "डिकन" भन्ने शीर्षकलाई प्रयोग गरेका थिए *(१ तिमोथी ३:८-१३)* ।
- डिकनहरूका योग्यताहरू:
  - *१ तिमोथी ३:८-१३ र प्रेरित ६:१-३* ले डिकनका योग्यताहरू वर्णन गर्दछ ।
  - बाहिरकाहरूबीच असल गवाही भएको– एल्डर जस्तै ।
  - आत्मिक– आत्माको नियन्त्रणमा एकरुपतामा हिँड्ने मानिसहरू ।
  - बुद्धिमानी– एल्डरको जस्तै ।
  - सम्मानित– एल्डरको जस्तै ।
  - दुइ जिब्रे होइन– ईमानदार, विवादस्पद कुरा गर्ने होइन ।
  - दाखमद्यको लत परेको होइन–एल्डरको जस्तै ।
  - पैसाको लोभी होइन– एल्डरको जस्तै ।
  - शुद्ध विवेकद्वारा विश्वासको रहस्यलाई पक्रने– एल्डरको जस्तै ।
  - दोषरहित– एल्डरको जस्तै ।
  - आफ्ना घराना तथा बच्चाहरूको राम्रो वास्ता गर्ने– एल्डरको जस्तै।
- डिकनहरूका योग्यताहरूका अतिरिक्त, डिकनका पत्नीहरूका केही योग्यताहरू छन् ।
  - तिनीहरू सम्मानित हुनुपर्दछ । कुरौटे होइन, संयमी र सबै कुरामा विश्वासनीय *(१ तिमोथी ३:११)* ।
  - टिपोटः यी डिकनहरूका योग्यताहरूका मध्य भागमा आएका हुनाले महिला डिकनहरू नभएर, डिकनका पत्नीहरू हुनुपर्ने अनुमान छ ।
- डिकनका जिम्मेवारीहरू के के हुन् ?
  - सामान्यतया, प्रेरित ६ मा भएको एल्डरहरूका जिम्मेवारीहरूबाट तिनीहरूलाई स्वतन्त्र पार्न, डिकनहरूले भौतिक आवश्यकताहरूलाई पूरा गर्ने सेवकाइमा नियुक्त भएको देखिन्छ । तसर्थ उनीहरूका जिम्मेवारीहरू भनेका सेवा प्रदान गर्नू हो । तसर्थ एल्डरहरू वचन तथा प्रार्थनाको सेवकाइमा केन्द्रीत हुन सकून् । यो वर्णनले डिकनहरूका जिम्मेवारीहरूलाई सीमितचाहिँ पार्नू हुँदैन ।
  - प्रेरित ६ ले, मण्डलीका भौतिक आवश्यकताहरूलाई परिपूर्ति गर्ने काममा एल्डरहरूलाई केन्द्रीत हुनबाट स्वतन्त्र पार्न, डिकनहरूका जिम्मेवारीहरू के के हुन सक्छन् भन्ने ढाँचालाई देखाउँछ ।

**अर्को अध्यामा जानुभन्दा पहिले, तपाईको नयाँ मण्डलीमा यो अध्यायलाई कसरी लागु गर्न सकिन्छ भन्ने व्यवहारिक तरिकालाई समूहमा छलफल गर्नुहोस् । तपाईले व्यवहारिक प्रयोगहरूलाई स्पष्टसँग थाहा गर्नुहुनेछ भन्ने पक्का गराउनुहोस्। तल दिएका खण्डमा पाँच मार्गहरू सूचिकृत गर्नुहोस् ।**

**१.**

**२.**

**३.**

**४.**

**५.**

**प्रतिबिम्बका लागि प्रश्नहरू:**

**१. मण्डलीको लक्ष्य भनेको के हो ?**

**२. विधिहरू भन्नाले के बुझिन्छ ?**

**३. मण्डलीको शासन कसले गर्दछ ?**

**४. एल्डर र डिकनहरूबीच के भिन्नता छन् ?**
**मण्डलीको सिद्धान्तबारे प्रचार गर्ने अवधारणाहरू**

**१. मण्डलीको सेवकाइहरू**
क. एकसाथ मण्डली जीवनको तस्विर *(प्रेरित २:४४-४७) ।*
ख. येशूको देहजस्तै येशूको सेवकाइलाई पूरा गर्नुहोस् *(एफिसी १:२०-२३) ।*
ग. परमेश्वरको महिमा घोषणा गर्नुहोस् *(एफिसी ३:१०, १ पत्रुस २:९) ।*

**२. एल्डर र डिकनहरूका योग्यताहरू**
क. मण्डलीका अगुवाहरूबारेको खण्ड ७ लाई हेर्नुहोस् ।

**३. मण्डलीको पहिचान गर्नुहोस्** ***(१ पत्रुस २:९-१०) ।***
क. मण्डलीको पहिचान गर्नुहोस् ।

- चुनिएका वंश ।
- राजकीय पूजाहारी ।
- पवित्र जाति ।
- विशेष मानिस ।
- एकपटक त्यस्ता मानिस थिएनौं ।
- अहिले हामीले दया पाएका छौं ।

ख. मण्डलीको उद्देश्य ।

- परमेश्वरको महानता घोषणा गर्न ।

## अध्याय ११: भविष्यका कुराहरू

*किनकि हामी विश्वास गर्छौं, कि येशू मुर्नभयो र फेरि जिइउठ्नभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं । किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं । यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ (१ थेस्सालोनिकी ४:१३-१८) ।*

### १. परिचय

क. बाइबलभरि नै थुप्रै अगमवाणीहरू रहेका छन् ।

- कतिपयचाहिँ निश्चित व्यक्तिहरूबारे छन् भने, कतिपयचाहिँ इस्राएली राष्ट्रबारे रहेका छन् ।
- पुरानो नियमका ३०० भन्दा बढी अगमवाणीहरूले येशू ख्रीष्टको पहिलो आगमनबारे वर्णन गरेका छन् । येशूको आगमनमा यी प्रत्येक शाब्दिक रूपमै पूरा भएका थिए ।
- पुरानो र नयाँ नियम दुवैमा येशू ख्रीष्टको दोस्रो आगमनबारे वर्णन गरेका अगमवाणीहरू पनि छन् । एक दिन यी शाब्दिक अर्थमै पूरा हुनेछन् ठीक त्यसै गरी जसरी पहिलो आगमनबारेका अगमवाणीहरू पूरा भएका थिए ।
- येशूको फर्काइ तथा उहाँको राज्यको स्थापनामा, इतिहासको निम्ति परमेश्वरको मुक्तिको योजना पूरा हुनेछ । उहाँमा विश्वास गर्नेहरूका लागि उहाँको फर्काइ महिमित हुनेछ भने, उहाँमा विश्वास नगर्नेहरूका लागि न्याय हुनेछ । दुवै अवस्थामा, येशूको सिद्ध अनुग्रह र न्याय प्रस्तुत गरिनेछ र ती दुवैले उहाँको महिमाको प्रशंसा गर्नेछन्।
- बाइबलका अगमवाणीहरूलाई बुझ्ने विभिन्न अनुवादहरू रहेका छन् । कुनचाहिँ सही छ भने हामीले कसरी थाहा पाउने ?

ख. हामीले अगमवाणीलाई कसरी हेर्नुपर्दछ ?

- अगमवाणीलाई अनुवाद गर्ने साधारण नीतिहरू:
  - जसरी हामीले यो पाठ्यक्रमको पहिलो पुस्तक "हर्मन्यूटिक्स (व्याख्याशास्त्रमा)" मा हेर्‍यौं । बाइबललाई सरल र सामान्य प्रकारले अनुवाद गर्नुपर्दछ । यसलाई कहिलेकाहीँ शाब्दिक-व्याकरणीय अनुवाद भनेर सङ्केत गरिन्छ ।[1]
  - हामीले बाइबललाई <u>सामान्य, सरल तथा शाब्दिक</u> अर्थमा अनुवाद गरेजस्तै, बाइबलका अगमवाणीहरू तथा अगमवाणीहरू भएका खण्डहरूलाई पनि त्यसरी नै अनुवाद गर्नुपर्दछ ।
  - हामीले नयाँ नियमका लेखकहरूका अनुवादहरूमा तथा पुरानो नियमको अगमवाणीको प्रयोगहरूमा पनि त्यतिकै भरोसा गर्नुपर्दछ।
  - बाइबलको अगमवाणीलाई अनुवाद गर्ने उत्तम नीतिहरूमा एउटाचाहिँ क्रमिक युगवादी भनेर चिनिन्छ ।
- प्रगतिशील युगवादी सिद्धान्तको परिभाषा:
  - क्रमिक युगवादीहरूले मण्डली र इस्राएलबीच भिन्नता रहेको धारणालाई मान्ने गर्दछन् ।[२] भविष्यमा महासङ्कष्ट हुनुभन्दा अघि नै स्थानन्तरण हुने, सात वर्षे महासङ्कष्ट तथा सहस्राब्दी राज्यमा हुने येशू ख्रीष्टको शासनको केन्द्र यरूशलेममा हुनेछ[३] भनी विश्वास गर्छन् ।
  - प्रगतिशील युगवादीहरूले पुरानो करार र नयाँ करारबीचको घनिष्ट सम्बन्धलाई देख्छन् । क्रमिक युगवादीहरूले आँशिक रूपमा निरन्तर अघि बढिरहेको पूरा हुवाईसँगै एउटा नयाँ करारलाई देख्छन् र इस्राएलको निम्ति भविष्यमा पूर्ण रूपले पूरा हुने कुरालाई पनि देख्छन् ।[४] नयाँ करारलाई ख्रीष्टद्वारा अन्तिम भोजमा थालनी गरियो ।
  - नयाँ करारको कतिपय पक्षहरू वर्तमान समयमा पूरा भइरहेको भए तापनि, भविष्यमा नयाँ करार पूर्ण रूपले अन्तिम पटक पूरा हुनेछ भन्ने धारणालाई क्रमिक युगवादीहरूले लिन्छन् । यसलाई "अघिबाटै-तर-अझैसम्म पनि होइन्," भन्ने सिद्धान्तबाट सङ्केत गरिन्छ ।[५]


### २. सहस्राब्दीबारेको आधारभूत धारणाहरू

येशू ख्रीष्टले पृथ्वीमा राजाको रूपमा १,००० वर्षसम्म राज्य गर्नुहुने कुरालाई बाइबलले सिकाउँछ । यसलाई सहस्राब्दी भनेर चिनिन्छ । सहस्राब्दीबारे तीन आधारभूत धारणाहरू रहेका छन् ।

क. <u>सहस्राब्दीपश्चात्</u>


- यो धारणाले येशू ख्रीष्टको दोस्रो आगमन भनेको सहस्राब्दीपछि हुन्छ भन्ने सिकाउँछ ।

- सहस्राब्दीपश्चात् धारणामा विश्वास गर्नेहरूले मण्डलीद्वारा पृथ्वीमा एक किसिमको आदर्शमय सिद्ध प्रान्तलाई स्थापना गर्ने कुराको प्रतिक्षा गर्छन् । यो सुनौलो युगमा, इस्राएलले होइन, मण्डलीले अब्राहाम र दाऊदलाई प्रतिज्ञा गरिएको राज्यको पूरा हुवाईलाई अनुभव गर्नेछन् । राज्य पृथ्वीमा हुनेछ, तर यहूदी राज्य नभएर “परमेश्वरको राज्य” हुनेछ ।
- राजा येशूचाहिँ पृथ्वीमा उपस्थित हुनुहुने छैन । उहाँले मानिसहरूका हृदयमा काम गर्नुहुनेछ र सहस्राब्दी राज्य समाप्त भइसकेपछि मात्र फर्कनुहुनेछ ।
- त्यसपछि मानिसहरूलाई न्याय गरिने तथा अनन्तताको थालनी हुने हुन्छ।
- सहस्राब्दीपश्चात् धारणामा विश्वास गर्नेहरूले अब्राहाममा पूरा नभएका प्रतिज्ञाहरू मण्डलीद्वारा पूरा हुने, तर शाब्दिक अर्थमा चाहिँ होइन भन्ने मान्यता राख्छन् । अनुवादका उनीहरूका तरिका भनेको सामान्यतया अगमवाणीलाई आत्मिक बनाउनु हो ।
- सहस्राब्दीपश्चात् योजना झण्डै यस्तो देखिन्छ:[६]





पनि सहस्राब्दीजस्ता करा नहने भन्ने करा सिकाउँछ ।

- त्यतिबेला त्यहाँ जुनसुकै राज्य भए पनि, अहिले ग्रमा त्यो रहेको छ । योचाहिँ मण्डलीमाथि हुने स्वर्गको शासन हो।
- यो मण्डली युगको अन्त्यसम्म, ख्रीष्टको दोस्रो आगमन नहौऊजेलसम्म, वर्तमान युगको अवस्था झन खराब भएर जानेछ । अनि सामान्य पुर्नउत्थान, न्याय तथा अनन्तताको थालनीसँगै तुरुन्तै नै प्रभुको आगमन हुनेछ ।
- असहस्राब्दीवादीहरूले इस्राएल एउटा राष्ट्रको रूपमा तिनलाई गरिएको प्रतिज्ञाहरू मण्डलीद्वारा पूरा भएको भन्दै अगमवाणीहरूलाई आत्मिक बनाउने गर्दछन् ।
- असहस्राब्दीवादीहरूका योजना यस्तो प्रकार देखिन्छ:[७]




ग. <u>पूर्व-सहस्राब्दी</u> (प्राथमकिता दिइएको धारणा):

- पूर्व-सहस्राब्दी धारणालाई विश्वास गर्नेहरूले ख्रीष्टको दोस्रो आगमन सहस्राब्दीभन्दा अघि नै हुने र मण्डलीले नभई ( पश्चात्-सहस्राब्दीवादी) ख्रीष्टले नै उहाँको राज्य स्थापना गर्नुहुने कुरामा विश्वास राख्छन् ।
- ख्रीष्टले पृथ्वीमा राजाको रूपमा शासन गर्नुहुनेछ अनि सहस्राब्दीको समयमा यहूदीहरूले अब्राहाम र दाऊदलाई गरिएको प्रतिज्ञाहरूका पूरा हुवाईलाई अनुभव गर्नेछन् ।
- पूर्व-सहस्राब्दीवादीका अनुसार, वर्तमान मण्डलीको युगले बढ्दो गरी विश्वासमा पतन भएर जानेहरूलाई देख्नेछ र त्यसको चरमताचाहिँ ख्रीष्टको दोस्रो आगमनअघि देखापर्ने महासङ्कष्टमा देखिनेछ ।
- पूर्वसहस्राब्दीवादी योजना भनेको बाइबलमा भएका अगमवाणीहरू तथा प्रतिज्ञाहरूको सरल, सामान्य वा शाब्दिक अर्थमा अनुवाद गरिएको परिणामबाट निक्लिएको छ । पूर्वसहस्राब्दीवादी धारणाको प्रबलता भनेको यसको अनुवादको पद्दतिमा रहेको छ । यदि यस पद्दतिलाई इतिहास, सिद्धान्त वा अगमवाणीमा प्रयोग गरिन्छ भने, यो एकरूपतामा रहन्छ ।
- पूर्वसहस्राब्दी योजना यस्तो प्रकारको देखिन्छ:[८]



## ३. मण्डलीको स्थानन्तरण

क. स्थानन्तरणको परिभाषा

- स्थानन्तरण भन्ने शब्द *१ थेस्सालोनिकी ४:१७* बाट आएको लेटिन शब्द हो र यसलाई अङ्ग्रेजीमा “उठाइनू” भनेर अनुवाद गरिएको छ ।
- मण्डलीको स्थानन्तरण भन्नाले मण्डलीलाई बादलमा उठाइनू भन्ने अर्थ दिन्छ । *यूहन्ना १४:१-३* मा प्रतिज्ञा गरिएको वासस्थानको लागि उठाइनू हो ।
- स्थानन्तरणबारे प्रमुख खण्ड भनेको १ थेस्सालोनिकीको पुस्तक हो ।

*तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस् । किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं । किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट आर्लनुहुनेछ, र खीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं । यसकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ (१ थेस्सालोनिकी ४:१३-१८) ।*


- यो खण्डमा चार सत्यताहरू देखाइएका छन्:
  - खीष्ट आफै नै महिमा, सार्मथ्य र गौरवमा फर्कनुहुनेछ (पद *१६*) ।
  - मरेकाहरूको पुर्नउत्थान हुनेछ (पद *१६*) ।
  - मण्डलीलाई स्वर्गमा उठाइनेछ (पद *१७*) ।
  - अनि त्यहाँ पुर्नमिलन हुनेछ (पद *१७*) । प्रभुमा सुतेका प्रिय जनहरू तथा प्रभु आफै दुवैसँग नै पुर्नमिलन हुनेछ । यी सबै पुर्नमिलनहरू सदासर्वदाको लागि रहनेछ ।
- *१ कोरिन्थी १५:५१-५७* मा, पावलले यसलाई रहस्य भनेर वर्णन गरेका छन् ।

ख. स्थानन्तरणको समय ।

- <u>सङ्कष्टपछिको स्थानन्तरण:</u>
  - परिभाषाः *दानिएल ९:२४-२७* मा अगमवाणी गरिएको सात वर्षे सङ्कष्टको अवधिपछि स्थानन्तरण देखा पर्नेछ भनेर विश्वास गर्नेहरूलाई सङ्कष्टपछिको स्थानन्तरणमा विश्वास गर्नेहरू भनेर भनिन्छ ।
  - यो धारणामा विश्वास राख्नेहरूले स्थानन्तरण र दोस्रो आगमन स्पष्ट देखिने हुन्छन् भनेर सिकाउँछन् *(१ थेस्सालोनिकी ४:१५; मत्ती २४:२७) ।*
  - यो धारणाअनुसार सङ्कष्टको समयमा मण्डली पृथ्वीमै हुनेछ र त्यस अवधि समाप्त हुने वित्तिकै उहाँका सन्तहरू र उहाँको आगमन क्रमिक रूपमा हुनेछ ।
  - अनि मण्डलीचाहिँ त्यस अवधि भएर जानेछ र त्यसबाट छुटकारा दिइने छैन तर अलौकिक सुरक्षाद्वारा, मण्डलीलाई सङकष्टको क्रोधबाट सुरक्षा दिइनेछ ।
  - स्थानन्तरणको समयबारे यो धारणा तथा पूर्व-सङ्कष्टको धारणा भनेको अन्तिम समयबारे विद्वानहरूले लिएका दुइ प्रमुख स्थानहरू हुन । डग्लस जे. मू., मिलार्ड एरिक्सन तथा रोबर्ट गन्ड्री जस्ता विद्वानहरूले यो धारणालाई लिएका छन् ।
- <u>मध्य-सङ्कष्ट स्थानन्तरण:</u>
  - परिभाषाः यो धारणामा विश्वास गर्नेहरूले खीष्टले आफ्ना मानिसहरूलाई सङ्कष्टको मध्यान्तरमा (साँढे तीन वर्षको समयमा) लिन आउनुहुनेछ भनेर विश्वास गर्छन् । जब सात वर्षे सङ्कष्ट थालनी हुन्छ र साँढे तीन वर्ष बितिसकेपछि प्रभु आफ्ना सन्तहरूसँग फर्कनुहुने र उहाँको सहस्राब्दी राज्यलाई खडा गर्नुहुनेछ ।
  - यो धारणाअनुसार, सङ्कष्ट भनेको दानिएलको सत्तरीऔं हप्ताको अन्तिम आधा समयावधि मात्र हुनेछ । अनि मण्डलीलाई केवल त्यो अवधिबाट मात्र छुटकारा दिने प्रतिज्ञा गरिएको छ *(प्रकाश ११:२; १२:६)* । दानिएलको अगमवाणीको सत्तरीऔं हप्ताबारे सिक्नको लागि *दानिएल ९:२४-२७* हेर्नुहोस् ।
- <u>पूर्व-सङ्कष्ट स्थानन्तरण</u> (प्राथमिकता दिइएको धारणा)
  - परिभाषाः यो धारणालाई विश्वास गर्नेहरूले दानिएल *९:२४-२७* मा अगमवाणी गरिएको सात वर्षे सङ्कष्टको समय अवधिभन्दा अघि नै मण्डलीको स्थानन्तरण हुनेछ भन्ने विश्वास गर्छन् ।
  - सात वर्षपछि, सङ्कष्ट समाप्त हुँदा, परमेश्वर उहाँका जनहरूसँग उहाँको सहस्राब्दी राज्यलाई स्थापना गर्न आउनुहुनेछ ।
  - फिलाडेल्फिया मण्डलीमा भएका विश्वासीहरूलाई येशूले जाँचको घडीबाट बचाउने प्रतिज्ञा गर्नुभयो । यही जाँच सम्पूर्ण संसारमा भएका मानिसहरूमा पनि आईपर्नेछ *(प्रकाश ३:१०) ।*

- ○ यो धारणामा विश्वास गर्ने प्रख्यात विद्वानहरूः जे. डूईट पेन्टेकोष्ट, जोन एफ. वाल्फर्ड, चार्ल्स फिनवर्ग तथा चार्ल्स राइरी आदि हुन ।
- जब हामी अन्त्यका समयबारे चर्चा गर्छौं, येशूको दोस्रो आगमनबारे बाइबल एकदमै स्पष्ट रहेको कुराचाहिँ सबैभन्दा महत्वपूर्ण भएको पाउँछौं ।
    - ○ तपाईले जुनसुकै धारणालाई विश्वास गर्ने भए तापनि, येशू आफैले नै त्यो दिन र घडी कसैलाई पनि, नता स्वर्गदूतहरू वा उहाँ आफैलाई पनि थाहा हुने बताउनुभयो *(मत्ती २४:३६, मर्कूस १३:३२) ।*
    - ○ जसरी *मर्कूस १३:३३* मा उत्तम प्रकारले यसरी भनिएको छः सचेत रहो ! जागा रहो र प्रार्थना गर ।

अन्त्यको समयबारे अझ राम्रो तस्विरको लागि निम्नलिखित तालीकालाई हेर्नुहोस् ।




## ४. सङ्कष्टको युग

नयाँ तथा पुरानो नियम दुवैले अन्य कुनै पनि सिद्धान्तहरूभन्दा सङ्कष्टको युगबारे व्यापक रूपले छलफल गरेको छ ।[९]

क. सङ्कष्ट युगको अवधिः

- दानिएल अध्याय ९ मा सङ्कष्ट युगको अवधि सात वर्षको रहनेछ भनेर वर्णन गरिएको छ ।
- आधा समय भन्नाले *४२* महीना वा *१,२६०* दिन हुन्छ भनेर भनिएको छ *(प्रकाश ११:२-३) ।*
- सात वर्षे समयलाई सन्धीको तोडाइद्वारा दुइ बराबरी भागहरूमा विभाजन गरिएको छ र त्यसलाई उक्त सन्धीको शुरूआत्मै तय गरिएको छ *(दानिएल ९:२७)* । संसारीक तथा परमेश्वरको न्यायद्वारा मण्डलीलाई अत्याधिक सताइने कुराहरू दुवै अवधिहरूलाई चित्रण गरिएका छन् ।

ख. सङ्कष्टको विशेषताः

- सङ्कष्टको समय भनेको संसारको सम्पूर्ण इतिहासमा विशेष हुनेछ भनेर येशूले बताउनुभयो *(मत्ती २४:२१)*। निश्चय नै मण्डलीको इतिहासभरि नै अत्याधिक सतावट र जाँचहरूलाई मण्डलीले सामना गर्दै आइरहेको छ, तर यो अवधि भनेको अघिल्ला समयभन्दा पनि एकदमै डरलाग्दा हुनेछ।
- सङ्कष्ट भनेको विश्वव्यापी हुनेछ तर कुनै एउटा क्षेत्र वा देशमा मात्र सीमित हुनेछैन *(प्रकाश ३:१०)*।
- मानिसहरूले संसारको अन्त्य हुनेछ भनेर महशुश गर्ने मात्र होइन, तर उनीहरूले त्यसैअनुसार व्यवहार पनि गर्नेछन् *( प्रकाश ६:१६)*।

ग. सङ्कष्टको वर्णन:

- पापको मान्छे भनेर चिनिने ख्रीष्ट-विरोधीले यहूदी मानिसहरूसँग सन्धी गरेद्वारा नै सङ्कष्टको समयावधि थालनी हुन्छ *( दानिएल ९:२७)*।
- सङ्कष्ट थालनी हुने वातावरणलाई *२ थेस्सालोनिकी २:१-१२* मा वर्णन गरिएको छ। यसमा मण्डलीलाई उठाई लगिने र शैतान तथा उसका दूतहरूलाई पृथ्वीमा उसका दुष्ट योजनाहरूलाई कुनै पनि बाधाविना नै पूरा गर्न सकिने गरी शैतानलाई अनुमति दिँदै पापलाई रोक्ने कुरालाई पृथ्वीबाट हटाइनेछ भनेर भनिएको छ।
- यो समयमा परमेश्वरबाट सृङ्खलाबद्ध क्रोधहरू तथा न्यायहरू आइपर्नेछ भनेर प्रकाशित पुस्तकले बताउँछ *(अध्याय ४-१८)*। यो डरलाग्दो सात वर्ष अवधिको अन्त्य, येशू महिमा, गौरव र सामर्थ्यको फर्काइसँगै नै हुन्छ *(प्रकाश १९:११-१९)*।
- यो अवधिको अन्त्यमा, ख्रीष्ट-विरोधी र झूटा अगमवक्ताहरूलाई न्याय गरिँदै आगोको समुद्रमा फ्याँकिनेछन् *( प्रकाश १९:२०-२१)*। शैतानलाई बाँधेर १,००० वर्षको लागि दण्ड दिन फ्याँकिनेछ *(प्रकाश २०:१-६)*।

## ५. सहस्राब्दी राज्य

क. सहस्राब्दी राज्यको स्वभाव:

- आउनुहोस् हामी पहिले परमेश्वरको राज्यबारे चर्चा गरौं। यो येशूलाई मन पर्ने सबैभन्दा मुख्य विषय थियो।
- परमेश्वरको राज्यको परिभाषा: सरल भाषामा भन्नुपर्दा परमेश्वरको राज्य भनेको पापले भरिएको उहाँको सृष्टिलाई नवीकरण गर्ने तथा बचाउने परमेश्वरको कार्यलक्ष्यको परिणाम हो। परमेश्वरको राज्य भनेको येशूबारे हो। हाम्रो राजा येशूले उहाँको सृष्टिमाथि स्थापना गर्नुहुने उहाँको शासन तथा राज्य, मानवीय तथा दूतहरूका सामर्थ्यलाई पराजित गर्दै सबै कुराहरूलाई व्यवस्थापन गर्नू, न्याय कार्यान्वयन गर्नू तथा उहाँलाई प्रभुको रूपमा आराधना गर्नू हो।[10]
- सहस्राब्दी राज्यको परिभाषा: सहस्राब्दी राज्य भनेको येशू हाम्रो प्रभुले पृथ्वीमा उहाँको धार्मिकतामा गर्ने १,००० वर्षको शासन हो। अनि यहूदीहरू तथा संसारलाई पुरानो नियमको करारअनुसार गर्नुभएको ती प्रतिज्ञाहरूलाई उहाँले यतिबेला पूरा गर्नुहुनेछ। प्रकाश २० मा हेर्नुहोस्, जहाँ येशू ख्रीष्टको १,००० वर्षको शासनकालबारे ६ पटकसम्म बताइएको छ।
- उक्त राज्यलाई बाइबलमा विभिन्न तरिकाले उल्लेख गरिएको छ:
  - आउँदै गरेको राज्य *(मत्ती ६:१०)*।
  - परमेश्वरको राज्य *(लूका १९:१०)*।
  - ख्रीष्टको राज्य *(प्रकाश ११:१५)*।
  - पुर्नजन्म *(मत्ती १९:२८)*।
  - ताजापनको समयहरू *(प्रेरित ३:१९)*।
  - आउनेवाला संसार *(हिब्रू २:५)*।

ख. सहस्राब्दी राज्यको सरकार:

- सहस्राब्दी सरकार यस पृथ्वीमा खडा गरिनेछ *(जकरिया १४:९)*।
- यरूशलेम शहरचाहिँ यो सरकारको केन्द्र हुनेछ *(यशैया २:३)*।
  - यरूशलेमको शहरलाई उचालिनेछ *(जकरिया १४:१०)*।
  - यो महान महिमाको स्थान हुनेछ *(यशैया २४:२३)*।
  - त्यहाँ मन्दिरको परिसर हुनेछ *(यशैया ३३:२०)*।
  - यरूशलेमले सुरक्षाको निम्ति पुनः कहिल्यै डराउनुपर्दैन *(यशैया २६:१-४)*।
  - त्यस प्रमुख शहरबाट व्यवस्था निक्लनेछ *(यशैया २:३)*।
- जसरी पानीले समुद्रलाई ढाक्दछ, त्यसरी नै प्रभुको ज्ञानले पृथ्वी ढाक्नेछ *(यशैया ११:९)*।
- येशूचाहिँ सहस्राब्दी सरकारको राजा हुनुहुनेछ *(दानिएल ७:१४; यशैया ११:४; ६५:२०)*।

ग. सहस्राब्दी राज्यको आत्मिक जीवन:

- धार्मिकताको विकास हुनेछ *(यशैया ११:३-५)*।
- शान्ति विश्वव्यापी हुनेछ *(यशैया २:४)*।
- पवित्र आत्मा असामान्य तरिकाले प्रकट हुनुहुनेछ *(यशैया ६१:३; योएल २:२८-२९)*।
- शैतानलाई बन्दी बनाइनेछ *(प्रकाश २०:२-३)*।

घ. सहस्राब्दी राज्यको सामाजिक न्यायः

- येशू ख्रीष्टले सबै कुराहरूको पूर्ण ज्ञानको आधारमा उचित प्रकारले न्याय गर्नुहुनेछ *(यशैया ११:३-५)।*
- पृथ्वीको उत्पादन व्यापक रूपले बृद्धि हुनेछ (*यशैया ३५:१-२),* किनकि आदमले पाप गरिसकेपछि पृथ्वीले पाएको श्राप परिवर्तन हुनेछ *(उत्पत्ति ३:१७)।*

ङ. सहस्राब्दी राज्यको समाप्ति

- ख्रीष्टको शासनको १,००० वर्षको अन्तमा, शैतानलाई छाडिनेछ (प्रकाश २०:७-९)।
- उसले राष्ट्रहरूलाई भ्रमित पार्नेछ र विद्रोहीहरूको शक्तिलाई नेतृत्व दिनेछ । यी विद्रोही शक्तिले येशूको सरकारलाई आक्रमण गर्नेछ ।
- जब तिनीहरूले आक्रमण गर्नै लाग्छन्, तिनीहरूलाई पूर्ण रूपले नष्ट गर्न परमेश्वरले स्वर्गबाट आगो बर्साउनुहुनेछ । अनि यो विद्रोहमा भाग लिनेहरू सबै नै आगोद्वारा नष्ट गरिनेछन् ।
- त्यसको अन्तिम दण्डस्वरूप, शैतानलाई आगोको समुद्रमा फ्याँकिनेछ *(प्रकाश २०:१०)।*
- यो अन्तिम विद्रोहले पुनः एक पटक त्यो मान्छेको हृदय हो जसलाई अलौकिक अनुग्रहको काम र परिवर्तनको खाँचो पर्दछ भनेर प्रमाणित गर्दछ ।[११]

**६. भविष्यमा देखा पर्ने न्याय[१२]**

क. विश्वासीहरूका कामहरूको न्यायः

- पुर्नउत्थान र स्थानन्तरणद्वारा जब मण्डलीलाई स्वर्गमा उठाईन्छ, इसाईहरूका कार्यहरू कस्ता रहे भन्ने कुराको न्याय व्यक्तिगत प्रकारले गरिन्छ *(१ कोरिन्थी ३:११-१५)*। हामी विश्वासद्वारा अनुग्रहबाट मात्र बचाइने भए तापनि, इसाईहरूका निम्ति कामहरू महत्वपूर्ण हुन्छन् *(एफिसी २:१०)।*
  - कतिपय इसाईहरूका कामहरू शारीरिक छन् र ती जलाइने छन् भनेर पावलले *१ कोरिन्थी ३:१५* मा स्पष्टसँग बताउँछन् ।
  - यस पृथ्वीमा छँदा उनीहरूले परमेश्वरका निम्ति के गरे, त्यसैको आधारमा कतिपयले इनाम पाउनेछन् ।[१३]
  - तर स्मरण रहोस्, इसाईहरूको न्याय गैर-इसाईहरूका जस्तै हुँदैनन् *(यूहन्ना ५:२४; रोमी ८:१)।*

- थुप्रै कुराहरूका लागि इनाम दिइनेछः
  - मानिसहरूलाई ख्रीष्टमा ल्याउनेहरूका लागि आनन्दको श्रीपेच दिइनेछ *(१ थेस्सालोनिकी २:१९)।*
  - ख्रीष्टको रूपलाई प्रेम गर्नेहरूका लागि धार्मिकताको श्रीपेच दिइनेछ *(२ तिमोथी ४:८)।*
  - परमेश्वरको लागि, जाँचहरूमा प्रेमसाथ सहनेहरूलाई जीवनको श्रीपेच दिइनेछ *(याकूब १:१२)।*
  - मण्डलीमा दिइएका जिम्मेवारीहरूमा विश्वासनीय रहने एल्डरहरूलाई महिमाको श्रीपेच दिइनेछ (*१ पत्रुस ५:४)।*
  - दिइने अन्य थुप्रै इनामहरू जस्तै यी केही उदाहरणहरू मात्र हुन् ।


ख. पतन भएका स्वर्गदूतहरूको न्याय

- जसरी हामीले अघि नै छलफल गर्‍यौं कि सहस्राब्दीको अवधिमा ख्रीष्टको दोस्रो आगमन हुँदा शैतानलाई पातालमा बाँधिनेछ, अनि अन्त्यको समयमा उसले गर्ने छोटो समयको विद्रोहपश्चात्, त्यसलाई अनन्तताको निम्ति आगोको समुद्रमा फ्याँकिनेछ *(प्रकाश २०:२-३, ७, १०)।*
- परमेश्वर को विरुद्ध शैतानले गरेको शुरू आत्को विद्रोहलाई पछ्याउने स्वर्गदूत हरूलाई पनि परमेश्वर ले न्याय गर्नुहुनेछ ।
  - न्यायको यो समयलाई महान दिन भनेर भनिन्छ *(यहूदा ६)* र सायदै यो शैतानको अन्तिम न्यायको समयमा, सहस्राब्दीको निष्कर्षमा हुनुपर्दछ ।
  - यो न्यायलाई कार्यान्वयन गर्ने क्रममा विश्वासीहरूले पनि भाग लिनेछन् *(१ कोरिन्थी ६:३)।*

ग. नबचाइएका मृत्तकहरूका न्यायः

- ख्रीष्टको सहस्राब्दी शासनको अन्त्यमा, महान सेतो सिँहासनलाई स्थापित गरिनेछ ।
- महान न्यायकर्ता येशू ख्रीष्ट यो सिँहासनमा बस्नुहुनेछ *(यूहन्ना ५:२२; प्रकाश २०:१२)।*
- न्यायमा पर्नेहरूचाहिँ इतिहासभरि कै नबचाइएका मृत्तकहरू हुनेछन् ।
  - तिनीहरूलाई उनीहरूका कामहरू अनुसार न्याय गरिनेछ *(प्रकाश २०:१२-१३)।*
  - तिनीहरूले येशूलाई उनीहरूका मुक्तिदाता भनेर विश्वास नगरेको कारणले तिनीहरू न्यायमा पर्ने भए तापनि, तिनीहरू अन्तिममा उनीहरूका कामहरूद्वारा नै जाँचिनेछन् ।
  - जब जीवनको पुस्तक खोलिनेछ, उनीहरू कसैको पनि नाउँ त्यसमा लेखिएको हुने छैन । मुक्तिदातालाई इन्कार गरेको कारणले उनीहरूका नाउँहरू जीवनको पुस्तकबाट हटाइनेछन् ।
  - उनीहरूका जीवन कालभरि उनीहरूले गरेका कामहरूद्वारा तिनीहरू अनन्त दण्ड तथा नरकको योग्य छन् भन्ने निश्चित गर्दछ ।

- ○ यस्तो प्रकारको न्यायले नरकमा उनीहरूका दण्ड पनि फरक दर्जामा हुनेछ भन्ने जस्तै देखिन्छ *(लूका १२:४७-४८)* ।
- ○ यो न्यायमा खडा हुने सबैको परिणाम यस्तै हुन्छ । तिनीहरूलाई आगोको समुद्रमा फ्याँकिनेछ ।
  - यसलाई दोस्रो मृत्यु भनिन्छ र यसको अर्थ परमेश्वरबाट अनन्तको लागि अलग हुनू भनिएको हो ।
  - मृत्यु जसले शरीरको दाबी गर्दछ अनि नरक जसले प्राणको दाबी गर्दछ, ती दुवै पनि आगोको समुद्रमा फ्याँकिनेछन् किनकि तिनीहरूका कार्य समाप्त हुनेछन् *(प्रकाश २०:१४-१५)* ।
- यो भविष्यमा हुने न्याय यस्तो देखिन्छ (पूर्व-सङ्कष्ट धारणाबाट):[१४]




घ. धर्मीको पुर्नउत्थान:

- सबै विश्वासीहरूको पुर्नउत्थानलाई पहिलो पुर्नउत्थान भनेर भनिन्छ । मण्डलीको स्थानन्तरणमा, ख्रीष्टमा मरेकाहरू पहिले उठाइनेछन् *(१ थेस्सालोनिकी ४:१६)* । सङ्कष्टको अवधिमा छुटकारा पाएकाहरू र त्यही नै समयमा मरेकाहरू सहस्राब्दीभन्दा अघि उठाइनेछन् *(प्रकाश २०:४)* ।
- पुरानो नियमको छुटकारा पाएका विश्वासीहरू पनि धर्मीहरूका पुर्नउत्थानका अंश हुनेछन्, मण्डलीको स्थानन्तरणको समयमा उनीहरूलाई पनि लगिने सम्भावना रहेको छ *(१ थेस्सालोनिकी ४:१६)* ।

ङ. अधर्मीहरूको पुर्नउत्थान:

- नबचाइएका सबै मानिसहरूलाई पनि सहस्राब्दीपछि पुर्नउत्थान गरिनेछन् र न्यायपश्चात् आगोको समुद्रमा सदाको लागि फ्याँकिनेछन् *(प्रकाश २०:११-१५)* । उनीहरूको पुर्नउत्थानमा तिनीहरूलाई एक किसिमका शरीर दिइनेछ जुन सदासर्वदा बाँच्नेछ र आगोको समुद्रको ताड्नालाई सधैं नै महशुश गर्न सक्नेछ ।

## ७. स्वर्ग र नरक

क. हामी मरिसकेपछि के हुन्छ ?

- परमेश्वरले सोच्ने, महशुश गर्ने तथा नैतिक मानिसहरूलाई सृष्टि गर्नुभयो र उनीहरू आत्मा र शरीर एकसाथ बलियोसँग बाँधेर बनाइएका थिए *(उत्पत्ति २:७)* । मृत्यु भनेको सामान्य वा स्वभाविक होइन, तर शत्रु हो । मृत्यु भनेको पापको परिणाम हो *(उत्पत्ति २:१७; रोमी ५:१२)* । मृत्यु भनेको यसरी एकसाथ बाँधिएको दुइ भागहरू अलग भएर विभाजन हुनू हो । प्रेमीहरूसँगको सम्बन्धको अन्त्य तथा पृथ्वीमा हुने जीवनको अन्त्य हो ।
- शरीर चिहानमा जानेछ र आत्माचाहिँ न्यायको निम्ति *(हिब्रू ९:२७) जीवनपछि जानेछ (भजन १०४:२९; १४६:४; उपदेशक ३:२०-२१; १२:७; याकूब २:२६)* ।
- हाम्रो अनन्त प्रतिष्ठा येशूसँगको हाम्रो सम्बन्धमा आधारित छ भनेर इसाईहरूले विश्वास गर्ने हुनाले नै इसाई विश्वास अन्य धर्महरूभन्दा फरक छ । किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् *(यूहन्ना ३:१६)* ।
- मृत्युपछि, विश्वासीको आत्मा तुरुन्तै नै स्वर्गमा जान्छ र येशूसँग हुन्छ *(२ कोरिन्थी ५:१-१०; फिलिप्पी १:२३)* ।
- अन्तिम न्यायमा, सबै मानिसहरू येशूको अघि खडा हुनेछन् । येशूको अनुयायीहरू जसका नाउँ जीवनको पुस्तकमा लेखिएका हुन्छन्, उनीहरू उहाँसँग सदार्वदा रहनेछन् । बाइबलले योभन्दा अझ स्पष्टसँग बताउन सक्दैन: जसको नाउँ जीवनको पुस्तकमा लेखिएको हुँदैन त्यो अग्नि-कुण्डमा फालियो *(प्रकाश २०:१५)* ।

ख. स्वर्गबारे बाइबलले के बताएको छ ?

- प्रख्यात गलतविचारको विपरीत, स्वर्ग भनेको विश्वासीहरूले अनन्त समय विताउने स्थान होइन ।

- जब इसाईहरू मर्छन्, उनीहरूका आत्मा येशूसँग स्वर्गमा जान्छ *(लूका २३:४३; प्रेरित ७:५९; २ कोरिन्थी ५:८; फिलिप्पी १:२३; प्रकाश ६:९-११)* । हामी सधैं नै उहाँसँग हुन्छौं, उहाँलाई धन्यवाद होस् *(यूहन्ना १४:३; १७:२४; १ थेस्सालोनिकी ४:१४, १७)* ।
- परमेश्वरले *उत्पत्ति १:१ मा स्वर्ग सृष्टि गर्नुभयो र प्रकाश २१:१ मा नयाँ स्वर्ग (यशैया ६५:१७-२५; ६६:२२; रोमी ८:१९-२२; २ पत्रुस ३:१०-१३)* ।
- बाइबलअनुसार, हाम्रो अनन्तको घर भनेको नयाँ पृथ्वी हुनेछ । त्योचाहिँ हाम्रो वास्तविक, साँच्चिकैको स्थान हो जहाँ हामी सदासर्वदा रहनेछौं । यरूशलेमको स्वर्गीय शहर स्वर्गबाट तल आउनेछ र परमेश्वर उहाँका मानिसहरूसँग त्यहाँ रहनुहुनेछ *(प्रकाश २१:१)* ।
- यो नयाँ अनन्तको घरमा, मानिसहरूका नयाँ आत्मिक शरीरहरू हुनेछन्, तिनीहरू पहिचान गर्न सकिने हुनेछन्, त्यहाँ काम, यात्रा तथा उद्योग हुनेछन्, अनि मानिसहरूले परमेश्वरलाई सिद्ध तथा स्थायी रूपमा आराधना गर्नेछन् ।[१५]

ग. नरकबारे बाइबलले के सिकाउँछ ?

- येशूले नरकबारे बाइबलमा अन्य विषयहरूभन्दा बढी चर्चा गर्नुभयो । उहाँका भनाइहरूका *१३* प्रतिशत नरक र न्यायबारे रहेको छ र यो अचम्मलाग्दो कुरो हो । उहाँका आधाजसो दृष्टान्तहरू पापीहरूका अनन्त न्यायसँग सम्बन्धित छन् ।[१६]
- परमेश्वरको प्रेम तथा पापीहरूसँगको उहाँको धैर्यताको बाबजुद *(१ तिमोथी २:४; २ पत्रुस ३:९),* नरकबारे बाइबलको स्पष्ट शिक्षालाई खारेज गर्नु गलत हुन्छ ।
- बाइबलले नरकबारे विस्तृत वर्णन दिँदैन, तर अनन्त दण्डको त्यस स्थानलाई ओगट्नेहरूको दुर्दशाबारे थुप्रै वर्णनहरू त्यहाँ दिइएका छन् । जस्तै:
  - आगो *(मत्ती १३:४२, ५०; १८:८-९; प्रकाश १९:२०; २०:१४-१५)* ।
  - अन्धकार *(मत्ती २५:३०; यहूदा १३)* ।
  - दण्ड *(प्रकाश १४:१०-११)* ।
  - परमेश्वरको उपस्थितिबाट हटाइने *(मत्ती ७:२३; २५:४१; लूका १६:१९; २ थेस्सालोनिकी १:९)* ।
  - विश्रामविहिन *(प्रकाश १४:११)* ।
  - दोस्रो मृत्यु *(प्रकाश २:११; २०:६, १४; २१:८)* ।
  - रुवाइ र दाह्रा किटाइ *(मत्ती १३:४२, ५०; २२:१२-१३; २४:५१; २५:३०; लूका १३:२८)* ।
- नरक साँचो र भयानक छ । यो अनन्त छ । त्यो समाप्त हुने, नरकबाट छुटकारा पाउने वा त्यसबाट क्षमा पाउने कुनै सम्भावना छैन । नरक येशूको नियन्त्रणमा हुन्छ र शैतान लगायत मानिस तथा दुष्टहरू दुवैलाई नै त्यहाँ निरन्तर तड्पाइनेछ ।
- नरकबारे हाम्रो धारणा, पिता परमेश्वरको जस्तै नै हुनुपर्दछ । दुष्टहरूको मरणमा उहाँ प्रसन्न हुनुहुन्न, तर उनीहरूका दुष्ट मार्गहरूबाट तिनीहरूलाई फर्क भनेर उहाँले भन्नुहुन्छ *(इजकिएल १८:२३; ३३:११; १ तिमोथी २:४; २ पत्रुस ३:९)* ।

घ. नरकको सिद्धान्तबारे केही प्रमुख आपत्तिहरू के के हुन् ?

- आपत्ति *१*: प्रेमिलो परमेश्वरले अरबौं मानिसहरूलाई भयानक नरकमा पठाउनुहुन्न ।
  - विशेष गरी भन्नुपर्दा, परमेश्वरले कसैलाई पनि नरक पठाउनुहुन्न । उहाँको प्रकाशलाई इन्कार गरेर उहाँको सत्यतालाई दबाउनेहरू मात्र त्यहाँ हुनेछन् र उहाँले तिनीहरूलाई पीडामा राख्नुभयो *(रोमी १:२१, २४-२५)* । यदि पापीहरूलाई नरकमा फ्याँकिन्छ भने, त्यसको दोषी उनीहरू मात्र हुन्, अरु कोही पनि होइनन् ।
  - सन १९७४[१७] को लौस्यानी करारको विवरण; सुसमाचारीय इसाईहरूका सबैभन्दा महत्वपूर्ण दस्तावेजमध्ये एक हो । यसमा यसरी लेखिएको छ:

*पापको कारण सबै पुरुषहरू तथा महिलाहरू पतन भइरहेका छन्, तर परमेश्वरले सबैलाई प्रेम गर्नुहुन्छ र कोही पनि नष्ट नभई पश्चातापमा आएका हौऊन भन्ने चाहानुहुन्छ । तैपनि ख्रीष्टलाई इन्कार गर्नेहरूले मुक्तिको आनन्दलाई नीच तुल्याउँछन् र आफैलाई परमेश्वरबाट अनन्तको लागि अलग गर्छन् । "येशू ख्रीष्ट नै संसारको मुक्तिदाता हुनुहुन्छ" भनेर घोषणा गर्नू भनेको सबै मानिसहरू स्वत: वा अन्तिममा बचाइनेछन् भनिएको होइन । सबै धर्महरूले ख्रीष्टमा मुक्ति प्रदान गर्दछ भन्नुचाहिँ झनै अनिश्चित कुरो हो । बरु यसको सट्टामा पापीहरूका संसारका लागि परमेश्वरको प्रेम घोषणा गर्नू हो । अनि सम्पूर्ण हृदयको व्यक्तिगत प्रतिबद्धतासाथ विश्वास र पश्चातापमा येशूलाई मुक्तिदाता र प्रभुको रूपमा प्रतिउत्तर दिनलाई प्रत्येकलाई बोलाउनू हो । येशू ख्रीष्टचाहिँ सबै नाउँहरूभन्दा उच्च हुनुहुन्छ र हामी प्रत्येक जिब्रोले उहाँलाई प्रभु भनेर स्वीकार गर्ने तथा प्रत्येक घुँडाहरू टेकिने प्रतिक्षामा रहेका छौं ।*[१८]

- आपत्ति २: प्रेमिलो परमेश्वर सहनशील हुनुहुन्छ ।
  - परमेश्वरले येशूलाई इन्कार गर्नेहरूलाई सहनू हुन्न । उहाँ मूर्ति पूजा तथा अन्यायको विरुद्ध कुनै पनि सुरक्षा गर्नू नपर्ने नयाँ पृथ्वीप्रति पूर्ण रूपले प्रतिबद्ध हुनुहुन्छ ।
  - प्रेमिलो परमेश्वरले उहाँका सन्तानहरूलाई पाप र दुष्टताबाट अलग राखेर सुरक्षा प्रदान गर्नुहुन्छ ।
  - आफ्ना पापहरूबाट पश्चाताप गर्नेहरू प्रत्येकलाई उहाँले सिँत्तैमा क्षमादान, अनुग्रह, जीवन तथा अनन्तता प्रदान गर्नुहुन्छ । तर पाप भनेको पवित्र परमेश्वरको विरुद्ध हुने विश्वव्यापी विद्रोह[१९] भएको हुनाले यसको न्याय गरिनुपर्दछ भन्ने कुराचाहिँ हामीले थाहा गर्नुपर्दछ ।

ङ. के येशूबारे कहिल्यै नसुनेका मानिसहरू नरक पुग्छन् ?

- येशूले भन्नुभयो: मबिना कोही पनि पिताकहाँ जान सक्दैन भनेर येशूले भन्नुभयो । पत्रुसले यसरी प्रचार गरेः अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन *(प्रेरित ४:१२) ।*
- निष्कर्ष सरल छः येशू ख्रीष्टद्वारा बाहेक पिताकहाँ कोही पनि पुग्न सक्दैन । अन्य कुनै पनि धार्मिक मार्गहरूले भूटा ईश्वरहरूतर्फ डोऱ्याउने र नरकमा पुऱ्याउने छन् ।[२०]
- तर थुप्रै माध्यमहरूद्वारा येशूकहाँ पुग्न सकिन्छ ।
  - परमेश्वरको वचन प्रचारप्रति थुप्रैले प्रतिउत्तर दिन्छन् *(रोमी १०:१३-१५) ।*
  - उहाँले अब्राहामसँग प्रत्यक्ष बोल्नुभयो *(उत्पत्ति १२:१-३) ।*
  - उहाँले फिराऊनलाई सपनामा दर्शन दिनुभयो *(उत्पत्ति ४०-४१) ।*
  - उहाँले दुष्ट अगमवक्ता बालामसँग दर्शनमा बोल्नुभयो र उनले मसीहबारे अगमवाणी गर्न सके *(गन्ती २४:४, १६-१९) ।*
  - उहाँ दर्शनमा कर्निलियसको अघि देखा पर्नुभयो । परिणामस्वरूप उनी बचाइए *(प्रेरित १०:३-६) ।*
- सुसमाचार नसुनेका थुप्रै पुरुषहरू तथा महिलाहरू छन्, तर उनीहरूले आफूसँग भएका प्रकाशप्रति प्रतिउत्तर दिँदै परमेश्वरको खोजी गर्नुपर्दछ । अनि परमेश्वरले अच्चम प्रकारले सुसमाचारको सन्देश उनीहरू समक्ष पुऱ्याउनुहुनेछ ।[२१]
- सम्पूर्ण संसारभरि सुसमाचारको सन्देशलाई लिएर जाने जिम्मेवारी हाम्रो रहेको छ *(मत्ती २८:१८-२०) ।*

च. के जन्मिन नसकेका शिशूहरू तथा बच्चाहरू स्वर्ग जान्छन् ?

- परमेश्वरले हामीलाई प्रत्यक्ष उत्तर नदिनुभएको धेरै प्रश्नहरूमध्ये यो पनि एउटा हो । थुप्रै खण्डहरूमा यसबारे कतिपय सङ्केतहरू भए तापनि, *उत्पत्ति १८:२५* मा भएको अब्राहामका वचनहरूमा हामी निश्चित हुनुपर्दछ । जस्तैः सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र ?
- बेतशेबाद्वारा जन्मिएको दाऊदको पहिलो छोरा मरे । *२ शामूएल १२:२३* मा, दाऊदले भनेः *म तिनीकहाँ जान सक्छु तर तिनी मकहाँ आउन सक्दैनन् ।* दाऊदका कान्छो छोरालाई उनले स्वर्गमा देख्ने छन् भनी उनले विश्वास गरेको जस्तै देखिन्छ ।
  - जेहोस्, यसले विश्रामको स्थान वा चिहानलाई सङ्केत गरेको पनि हुन् सक्छ ।
- बप्तिस्मा दिने यूहन्नालाई परमेश्वरले गर्भमा छँदा नै नामाकरण गरेको तथा जन्मिनुभन्दा अघि नै पवित्र आत्माद्वारा भरिदिनुभएको यथार्थताले, हामी जन्मिनुभन्दा अघि नै परमेश्वरले हाम्रा सबै मार्गहरूलाई जान्नुभएको तथा त्यससँग परिचित हुनुभएको कुरा बताउँछ *(भजन १३९:१३-१६; लूका १:५-२५, ३९-४५) ।*
- परमेश्वर प्रेमिलो, अनुग्रही पिता हुनुहुन्छ र यस्ता परिस्थितिहरूमा सही कुरा कसरी गर्न सकिन्छ भनेर उहाँलाई हामी भरोसा गर्न सक्छौं । जेहोस्, परमेश्वरको वचन यो विषयमा स्पष्ट छैन; अनि यस विषयलाई विवादको कुनै पनि पक्षमा विश्वास लाग्ने तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

## ८. निष्कर्ष

बाइबलको अन्तिम पदहरूले आउनुहोस् येशू प्रभु भनेको छ (प्रकाश २२:२०-२१) । त्यो हाम्रो प्रार्थना पनि हुनुपर्दछ । अनि हामी हाम्रो मृत्यु वा उहाँको आगमनको निम्ति तयार हुनुपर्दछ । जुनसुकै पहिला किन नआओस् । सुसमाचारमा येशू इम्मानूएल हुनुहुन्छ जसको अर्थ परमेश्वर हामीसँग भन्ने अर्थलाई दिएको छ *(मत्ती १:२३)* । उहाँ मारिनुभयो, पुर्नजीवित हुनुभयो र स्वर्गमा उचालिनुभएको छ । यदि तपाईले पापबाट पश्चाताप गर्नुहुन्छ भने, तपाईको जीवनको प्रभु को हुनुहुन्छ र के हुनुहुन्छ भन्ने बारे तपाईको विचारलाई परिवर्तन गर्नुहोस् विश्वास गर्नुहोस् । अनि परमेश्वरले भन्नुभएको कुरामा नै तपाईको जीवन र अनन्तताको सत्यता रहेको भनी भरोसा गर्नुहोस् । त्यसपछि तपाईले तपाईका सबै पापको पूर्ण क्षमादान प्राप्त गर्नुहुनेछ । पवित्र आत्माद्वारा दिइएको नयाँ जीवन पाउनुहुनेछ । येशू ख्रीष्टको मण्डलीको सदस्य हुनुहुनेछ । संसारमा भइरहेको उहाँको बचाइने कार्यलक्ष्यको विशेष अंश हुनुहुनेछ र उहाँको राज्यको नागरीक हुनुहुनेछ । तपाई येशू र उहाँका मानिसहरूसँग अहिले र सदासर्वदा हुनुहुनेछ ।[९] हामी यो कुरा तपाईको जीवनमा चाहान्छौं र तपाई इसाई भएको पक्का नगराई यी सैद्धान्तिक शिक्षालाई समापन गर्न खोज्छौं भने, हामी अप्रेमिलो हुनेछौं । के तपाईले आफ्ना पापहरू येशू ख्रीष्टमा स्वीकार गर्नुभयो ? के तपाईले उहाँको अनन्त मुक्ति र क्षमादानलाई खोज्नुभयो ? यदि छैन भने, अहिले नै गर्नुहोस् । तत्कालिन समयभन्दा असल समय अर्को छैन ।

**प्रतिबिम्बको लागि प्रश्नहरू:**

**१. परमेश्वरको राज्य भनेको के हो ?**

**२. इसाईहरूलाई उनीहरूका जीवनको अन्त्यमा कसरी न्याय गरिनेछ ?**

**३. गैर-विश्वासीहरूका जीवनको अन्त्यमा के कुराले पर्खिराखेको हुन्छ ?**

**भविष्यका कुराहरूबारे प्रचार गर्ने अबधारणाहरू**

***१ कोरिन्थी १५:५०-५८***

१. हामी अनन्तको लागि बनाइएका छौं, तर अस्थायीको लागि होइन *(१५:५०-५३)* ।

२. हामी जीवनको लागि बनाइएका छौं, मृत्युको लागि होइन *(१५:५४-५७)* ।

३. यस पृथ्वीमा हाम्रो उद्देश्यले नै हाम्रा कार्यहरू तय गर्दछन् *(१५:१८)* ।

## निष्कर्ष

*यसकारण परमेश्वरको कृपाद्वारा हामीसँग यो सेवा भएकोले हामी हरेस खाँदैनौं । हामीले शर्मका र लुकीछिपी गर्ने कामहरू त्यागेका छौं । हामी धूर्त काम गर्न वा परमेश्वरको वचनलाई हेरफेर गर्न इन्कार गर्छौं । तर सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा हामी हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछौं । हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भए तापनि यो नष्ट हुनेहरूका निम्ति मात्र घुम्टोले ढाकिएको छ । तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेशवरको रूप हुनुहुन्छ, उहाँको माहिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ । हामी आफ्नै प्रचार गर्दैनौं, तर येशूको खातिर हामी तिमीहरूका दास भएर, येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रचार गर्दछौं । जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभएको, 'उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस् । सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोका भाँडाहरूमा छ । हामी सबैतिरबाट कष्टित छौं, तर किचिएका छैनौं । अन्योलमा परेका छौं, तर हताश भएका छैनौं । सताइएका छौं, तापनि त्यागिएका छैनौं । प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं । येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकिहिँड्छौं (२ कोरिन्थी ४:१-१०) ।'*

### १. पावलः पाष्टर तथा उहाँको ईश्वरशास्त्रको उदाहरण

क. सेवकाइ सजिलो छैन ।

- पावलले *२ कोरिन्थी ४:८-१०* मा यसरी वर्णन गरेका छन्: *हामी सबैतिरबाट कष्टित छौं, तर किचिएका छैनौं । अन्योलमा परेका छौं, तर हताश भएका छैनौं । सताइएका छौं, तापनि त्यागिएका छैनौं । प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं । येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकिहिँड्छौं ।*
- पावलले पनि यो कुरालाई प्रत्येक पल घोषणा गर्दछन् र योचाहिँ अच्चमको कुरो हो ।
  - किचिएका छैनौं ।
  - हताश छैनौं ।
  - त्यागिएका छैनौं ।
  - नष्ट पारिएका छैनौं ।
- पावल सेवकाइप्रति प्रतिबद्ध रहेर, हताश नहुने व्यक्तिको एउटा उदाहरण हुन् किनकि उनी कुनै कुराद्वारा विश्वस्त भएका छन् ।
- पावलको सेकाइ भनेको उनको दक्षता वा आफैबारे होइन तर परमेश्वरको सत्यता र परमेश्वरबारे हो भन्ने कुरामा विश्वस्त थिए ।
- पावलको सेवकाइको सामर्थ्य भनेको सुसमाचारको
  सामर्थ्य हो भन्ने कुरामा उनी विश्वस्त थिए ।
- यदि सुसमाचार मानिसहरूका आँखाबाट लुकाईन्छ भने, त्यो पापको कारणले हो । यदि सुसमाचार उनीहरू समक्ष प्रकट गरिन्छ भने, त्यो येशू ख्रीष्टको सुसमाचारको महिमाको कारणले हो ।
- ईश्वरशास्त्रलाई अध्ययन गर्नाले मुक्ति भनेको प्रभुको भएको देखाउँछ । यो उहाँको कार्य हो र त्यसलाई पूरा गर्ने योजना र सामर्थ्य उहाँमा रहेको छ । परमेश्वरले पाष्टरको वरदानहरूलाई प्रयोग गर्न सक्नुहोला, तर उहाँका उद्देश्यहरूलाई पूरा गर्न कसैमा पनि आश्रित हुनुहुन्न ।
- पावलले महिमित सत्यतासँगै सेवकाइको समापन गर्छन् । हामीसँग येशूको जीवनलाई अरूसमक्ष हामीद्वारा प्रकट गराउने सौभाग्य रहेको छ ।

### २. पाष्टर/मण्डली स्थापक तथा ईश्वरशास्त्रः केही अन्तिम विचारहरू[1]

क. पाष्टरको बुलाहटः

- पाष्टरको बुलाहट ईश्वरशास्त्री छ । पाष्टरहरू भनेका परमेश्वरको वचन तथा सुसमाचारका शिक्षकहरू हुन् । पावलले तिमोथीलाई यसरी भनेको छन्: ख्रीष्ट येशूमा भएको विश्वास र प्रेममा तिमीले मबाट सुनेका साँचा कुराहरूका नमूनाको अनुसरण गर । तिमीलाई जिम्मा लाएको सत्यलाई हामीमा वास गर्नुहुने पवित्र आत्माद्वारा सुरक्षित राख *(२ तिमोथी १:१३-१४) ।*

*यसकारण तिमी, मेरो बालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ । धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ (२ तिमोथी २:१-२) ।*

- पाष्टरका सबै कार्यहरू ईश्वरशास्त्रीय हुन् ।
  - बाइबल तथा सुसमाचार सिकाउनू भनेको ईश्वरशास्त्र हो किनकि तपाई मानिसले परमेश्वर चिनेको र उहाँलाई प्रेम गरेको चाहानुहुन्छ ।
  - सुसमाचार ईश्वरशास्त्रीय हो किनकि तपाईले दुइ फरक संसारीक धारणाहरूलाई सामना गर्नुहुन्छ । सुसमाचार घोषणा गर्न, हामीले परमेश्वर तथा उहाँको मुक्तिको कार्यबारे स्पष्ट तथा उचितसँग जानेको हुनुपर्दछ ।

- परामर्श भनेको ईश्वरशास्त्र हो । जब मानिस भ्रमित, दुखित तथा सताइएका हुन्छन्, तिनीहरूले परमेश्वरको प्रेम, असलपना, विश्वासनीयता तथा सामर्थ्यबारे सत्यता जान्नू आवश्यक हुन्छ । तब मात्र उनीहरूले सान्त्वना पाउन सक्छन् ।
- तपाईको मण्डली, परिवार तथा समुदायको सेवा गर्नू भनेको पनि ईश्वरशास्त्रको एउटा उदाहरण हो *(तीतस २:१०)*।

ख. ईश्वरशास्त्रीय बृद्धिप्रति पाष्टरको प्रतिबद्धता ।

- पाष्टर/मण्डली स्थापकको महत्वपूर्ण काम भनेको उहाँका मानिसहरूलाई परमेश्वरको वचनबाट खुवानू हो ताकि तिनीहरूका विश्वासलाई उनीहरूले आफ्ना जीवनमा दैनिक जिउन सकेका हौऊन । यो कार्यलाई पूरा गर्न, पाष्टरले उसको जीवनमा निरन्तर परमेश्वरको सामर्थ्यको सत्यतालाई शास्त्रको व्यक्तिगत अध्ययन तथा परमेश्वर तथा उहाँका उद्देश्यहरूलाई अझ राम्रोसँग जान्ने प्रयत्नद्वारा पछ्याएको हुनुपर्दछ । पावलले उनको सेवकाइमा यो गवाही दिन्छन् ।

*यसकारण मैले यी कुरा भोगेको पनि छु । तर म शर्माउँदिनँ, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु, र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ (२ तिमोथी १:१२) ।*

- पाष्टरको सार्वजनिक सेवकाइमा शिक्षा दिने कुराभन्दा पनि अधिक कुरा सङ्लग्न छ । उनी मण्डली, परिवार तथा समुदायका लागि उदाहरण हुन् । तपाईको उदाहरण भनेको परमेश्वर तथा उहाँको सत्यताको सामर्थ्यको गवाही हुनुपर्दछ । तसर्थ तपाईको ईश्वरशास्त्र भनेको अध्ययनद्वारा पाएको ज्ञान मात्र हुनु हुँदैन् तथा जीवनशैली हुनुपर्दछ ।

ग. पाष्टरको विश्वास ।

- पाष्टरको सेवकाइको स्वास्थ्य र सामर्थ्य, विशेष प्रकारले उसको विश्वासको बलबाट आएको हुन्छ । यो विश्वास सर्वप्रथम पाष्टरको हृदयमा स्थापित भएको हुनुपर्दछ र त्यसपछि मात्र त्यो झूण्डमा सम्प्रेषण गर्न सकिन्छ ।
- विश्वास भरोसाद्वारा स्थापित भएको हुन्छ । पाष्टरको भरोसा भनेको गहन प्रकारले ईश्वरशास्त्रीय हुन्छ । पाष्टरको भरोसा भनेको परमेश्वरको वचन तथा सुसमाचारको सत्यतामा विश्वास राखेर पाइन्छ । भरोस भनेको परमेश्वरले उहाँका मानिसहरूलाई जे गर्नेछु भनेर प्रतिज्ञा गर्नुभएको छ, त्यसैको निश्चयताबाट आउँछ । यो भरोसाले पाष्टरको सेवकाइको अभिप्रेरणा तथा आकार तय भएको हुन्छ ।
- *ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो (२ कोरिन्थी ५:१४-१५) ।*

घ. म एक मण्डली स्थापकलाई ईश्वरशास्त्र जान्नाले कसरी मद्दत पुग्छ ?[२]

(तपाईले यो बुँदाहरूलाई यो पुस्तकको परिचय खण्डमा पढ्नुहोला, तर ती यहाँ साराँशको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।)

- मैले परमेश्वरलाई अझै राम्रोसँग जान्नेछु । असल ईश्वरशास्त्रले परमेश्वर, उहाँको चरित्र तथा उहाँको व्यक्तित्वबारे उचित वर्णन गर्ने हुनाले, ईश्वरशास्त्र अध्ययनको परिणामस्वरूप मैले उहाँलाई अझ घनिष्ट प्रकारले चिन्नेछु । मैले पिता, येशू तथा पवित्र आत्माबारे अझ राम्रोसँग जान्नेछु र यसरी उहाँको अझ राम्रोसँग प्रशंसा गर्ने र उहाँलाई प्रेम गर्नेछु । अनि अझ प्रभावकारी तरिकाले उहाँको सेवा पनि गर्नेछु ।
- मैले परमेश्वरको सत्यतालाई अझ राम्रो प्रकारले जान्नेछु । मेरो बाइबल अध्ययनमा, मुक्ति, शास्त्र, पाप, भविष्यका कुराहरू आदिबारेका सिद्धान्तहरूलाई जान्नाले अझ राम्रो जग बसाल्न मलाई सहायता पुग्नेछ ।
- मैले परमेश्वरको कार्यलक्ष्यलाई अझ राम्रोसँग जान्नेछु । परमेश्वर कार्यलक्ष्य भएको परमेश्वर हुनुभएको हुनाले, म उहाँको यो उद्देश्यमा अझ सक्षम प्रकारले हुन सक्नेछु किनकि मैले उहाँको हृदयलाई अझ राम्रोसँग जानेको हुनेछु ।
- मैले पावलले २ तिमोथी २:१५ मा भएको कुरालाई पूरा गर्न सक्नेछु । जस्तैः शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर ।
- म मेरा सन्देशमा अझ निश्चित हुन् सक्छु । जब तपाईले बाइबलको सिद्धान्तलाई अझ गहन प्रकारले बुझ्न समय बिताउनुहुनेछ, तब तपाईले विश्वास गर्नुभएको कुरामा अझ निश्चित हुन सक्नुहुनेछ ।
- मैले अझ सठीकतासाथ प्रचार गर्न सक्नेछु । तपाईले जतिधेरै बाइबलको शिक्षालाई थाहा गर्नुहुन्छ, त्यतिनै धेरै गहन प्रकारले सामर्थ्यसाथ प्रचार गर्न सक्नुहुनेछ ।
- मैले मानिसहरूका प्रश्नहरूका उत्तर अझ राम्रोसँग दिन सक्षम हुनेछु । पाष्टरको एउटा प्रमुख तथा महान भूमिका भनेको उनीहरूका मानिसहरूलाई बाइबलको सन्देश अझ राम्रोसँग बुझाउन मद्दत गर्नू हो । बाइबलको सिद्धान्तलाई जान्नाले तपाईको मण्डलीमा भएका मानिसहरूका प्रश्नहरूका उत्तर दिनमा तपाईलाई मद्दत पुग्नेछ ।
- मैले मेरो विश्वासलाई अझ राम्रोसँग प्रतिरक्षा गर्न सक्नेछु । आज संसारमा थुप्रै विचारधाराहरू छन् । संसारमा थुप्रै अन्य धर्महरू पनि छन् । बाइबलका सिद्धान्तहरूलाई जान्नाले तपाईलाई मानिसहरूका विपरीत विचारधाराहरूलाई सक्षम प्रकारले जवाफ दिनमा सहायता गर्दछ । अनि येशूलाई आफ्ना मुक्तिदाता भनेर नचिनेकाहरूलाई उहाँको सन्देश बुझाउनमा मद्दत पुग्नेछ ।

### ३. यो अध्ययनमा ईश्वरशास्त्रीय अन्तिम प्रार्थना

*अब भेडाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक । जे परमेश्वरलाई मनपर्दो छ येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून् । उहाँको महिमा युगानयुग भइरहोस् । आमेन् (हिब्रू १३:२०-२१) ।*

**Introduction:**

*1* Paul P. Enns, The Moody Handbook of Theology, p. *3*.
*2* Ibid*.,* p. *16*.
*3* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, *2009*, p. *9*.
*4* Wayne Grudem, *Systematic Theology*, Eerdmans, *1994*, pp. *32*-*37*.
*5* Enns, ibid. p. iii.
*6* J. I. Packer, Concise Theology : A Guide to Historic Christian Beliefs, Tyndale House, p. *6*.
*7* Henry Oursler, *The Benefits of Theology for the Church Planter,* Grace Global Network, *www.GraceGlobalNetwork.org.*
*8* One of the best books on theology and doctrine available right now is: *Christian Theology* by Millard J. Erickson. Another good one is Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, *2009*. We recommend it highly.

**Chapter One: The Doctrine of God:**

*1* Roy B. Zuck, Eugene H. Merrill, Darrell L. Bock, *A Biblical Theology of the Old Testament,* Moody Press, pp. *3*-*6*.
*2* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *10*.
*3* Chad O. Brand, E. Ray Clendenen, Paul Copan, J.P. Moreland, *The Apologetics Study Bible: Real Questions, Straight Answers, Stronger Faith,* Holman Publishers.
*4* We emphasize that these are clear and consistent passages about the Oneness of God. There are other passages in the Old Testament where the text allows for a Trinitarian interpretation. Examples of these passages are Genesis *1*:*2*, *1*:*26*, *3*:*22*, *2* Samuel *23*:*2*, and Isaiah *48*:*16*.
*5* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, p. *22*.
*6* Ibid., pp. *22*-*23*.
*7* This is a *1973* translation by the International Consultation on English Texts.
*8* Packer, p. *26*.
*9* Martyn Lloyd-Jones, Great Doctrines of the Bible: Volume *1* – God the Father, God the Son, Crossway Books, pp. *52*ff.
*10* Packer, p. *13*.
*11* Packer, p. *16*.
*12* Lloyd-Jones, ibid., pp. *68*-*72*. 207

*13* Charles C. Ryrie, *Basic Theology*, Moody Press, *1999*, p. *42*.
*14* Packer, ibid., p. *19*.
*15* Ryrie, ibid., pp. *51-56*.
*16* Charles C. Ryrie, A Survey of Bible Doctrine, Moody Press, pp. *29-30*.
*17* Driscoll and Breshears, ibid., pp. *79*ff.
*18* Packer, ibid., p. *18*.

**Chapter Two: The Doctrine of Scripture**
*1* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *36-37*.
*2* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, pp. *38-40*.
*3* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *13*.
*4* Mark Driscoll and Gerry Breshears, ibid., p. *41*.
*5* Ryrie, ibid., pp. *38-40*.
*6* Driscoll and Breshears, ibid., p. *41*.
*7* Paul P. Enns, The Moody Handbook of Theology, pp. *72-73*
*8* Walter Kaiser, *Toward an Old Testament Theology*, Moody Press, pp. *12–13*.
*9* J. I. Packer, *"Hermeneutics and Biblical Authority," Themelios 1.1 (*Autumn *1975)*: *11*. Also see http://s*3*.amazonaws.com/tgc-documents/journal-issues/*1.1*_Packer.pdf.
*10* Driscoll and Breshears, ibid., pp. *58-59*.
*11* A very helpful resource in this regard is Norman Geisler and Thomas Howe, *When Critics Ask,* Baker Book House, *1992*.
*12* Driscoll and Breshears, ibid., p. *65*.
*13* Ibid., p, *75*.

**Chapter Three: The Doctrine of Jesus Christ**
*1* Quoted in G. C. Berkouwer, *The Person of Christ,* trans. John Vriend, Eerdmans Publishers, p. *94*.
*2* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, pp. *230-231*.
*3* Martyn Lloyd-Jones, Great Doctrines of the Bible: Volume *1* – God the Father, God the Son, Crossway Books, chapter *25*.
*4* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *96*.
*5* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, p. *51*.
*6* Ibid., p. *52-55*.
*7* Driscoll and Breshears, p. *221-228*.
*8* Ryrie, pp. *55-57*.
*9* J. I. Packer, *Knowing God*, InterVarsity, p. *45*. 208

*10* Driscoll and Breshears, ibid., p. *218*.
*11* Ibid., p. *228*.
*12* Lloyd-Jones, ibid., chapter *23*.
*13* For a good explanation about some of the false teachings about the incarnation, see Driscoll and Breshears, ibid., pp. *234-236*.
*14* F. L. Cross and E. A. Livingstone, *The Oxford Dictionary of the Christian Church*, p. *1152*.
*15* D. R. W. Wood and I. Howard Marshall, *The New Bible Dictionary, 3rd Edition,* p. *1211*.
*16* Cross and Livingstone, ibid., p. *162*.
*17* Berkouwer, ibid., pp. *94-99*.
*18* Ryrie, ibid., p. *51*.
*19* Lloyd-Jones, ibid., chapter *25*.
*20* John F. Walvoord, *Jesus Christ our Lord,* Moody Press, p. *137*.
*21* Packer, ibid., p. *115*.
*22* Ryrie, ibid., pp. *62-64*.
*23* Packer, ibid., p, *117*.
*24* Henry Oursler, *What Is Jesus Doing Now? – LeaderShape Letter #117,* Grace Global Network, www.GraceGlobalNetwork.org.
*25* Ryrie, ibid., p. *66*.

**Chapter Four: The Doctrine of the Holy Spirit**
*1* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *67-72*.
*2* Ibid., pp. *70-72*.
*3* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *152*.
*4* Martyn Lloyd-Jones, Great Doctrines of the Bible: Volume *2* – God the Spirit, Crossway Books, chapter *21*.
*5* Ryrie, ibid., pp. *74-75*.
*6* Ryrie, ibid., pp. *75-87*.
*7* For a fuller discussion, see Martyn Lloyd-Jones, *Great Doctrines of the Bible: Volume 2 – God the Spirit,* Crossway Books, chapter *22*.
*8* Packer, ibid., p. *172*.
*9* Ibid., p. *152*.
*10* Henry Oursler, *The Helper Sent from God – LeaderShape Letter #125,* Grace Global Network, *www.GraceGlobalNetwork.org.*

**Chapter Five: The Doctrine of Angels**
1 Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *89-99*.
*2* Charles C. Ryrie, *Basic Theology*, *146-147*.
*3* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *27*. 209

*4* Dennis Mock, *Bible Doctrine Survey: Volume 5 (*Atlanta, GA: Biblical Training Centre for Pastors, *1989)*, pp. *174-175*.

**Chapter Six: The Doctrine of Man**
*1* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *100-104*.
*2* Ibid., pp. *104-107*.
*3* Ibid., pp. *107-109*.
*4* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, pp. *153-156*.
*5* Ibid., pp. *112-114*.

**Chapter Seven: The Doctrine of Sin**
*1* C. S. Lewis, A Year with C. S. Lewis: Daily Readings from His Classic Works.
*2* Sid Litke, *"Survey of Bible Doctrine: Man and Sin,"* http://bible.org/seriespage/survey-bible-doctrine-man-and-sin.
*3* This definition is a combination from various sources, including *Harper"s Bible Dictionary* and *The New Bible Dictionary, 3rd edition.*
*4* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *109-110*.
*5* Litke, ibid.
*6* Ryrie, ibid., pp. *107-112*.
*7* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, p. *157*.

*8* Ryrie, ibid., pp. *107-112*.

**Chapter Eight: The Doctrine of Salvation**

*1* Paul P. Enns, The Moody Handbook of Theology, p. *216*.
*2* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, p. *255-256*.
*3* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *128-131*.
*4* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *145*.
*5* Enns, ibid., pp. *208*.
*6* The terms *accomplished* and *applied* are borrowed from John Murray's book, *Redemption: Accomplished and Applied (*Grand Rapids: Eerdmans, *1955)*.
*7* Packer, ibid., p. *149*.
*8* Ibid., p. *151*.
*9* Driscoll and Breshears, ibid., pp. *260-262*.
*10* Packer, ibid., p. *161*.
*11* Driscoll and Breshears, ibid., p. *253*.
*12* Enns, ibid., pp. *207-208*. 210

*13* Packer, ibid., p. *139*.
*14* Driscoll and Breshears, ibid., pp. *253*.
*15* Ibid., pp. *264-266*.
*16* Ryrie, ibid., pp. *122-123*.
*17* Driscoll and Breshears, ibid., pp. *263-264*.
*18* Ryrie, ibid., pp. *118-119*.
*19* Ibid., pp. *127-128*.
*20* Enns, ibid., p. *207*.
*21* Diagram from Sid Litke, *"Survey of Bible Doctrine: Salvation,"* http://bible.org/seriespage/survey-bible-doctrine-salvation.
*22* Enns, ibid., pp. *212-214*.
*23* Packer, ibid., p. *139*, *147*.
*24* Sid Litke, *"Survey of Bible Doctrine: Salvation,"* http://bible.org/seriespage/survey-bible-doctrine-salvation.
*25* Ryrie, ibid., pp. *128-133*.

**Chapter Nine: The Doctrine of The Christian Life**

*1* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, pp. *130-131*.
*2* J. I. Packer, Concise Theology: A Guide to Historic Christian Beliefs, Tyndale House, p. *188*.
*3* Ryrie, ibid., p. *154-157*.
*4* Martyn Lloyd-Jones, Great Doctrines of the Bible: Volume *2* – God the Spirit, Crossway Books, chapter *19*.
*5*. Packer, ibid., p. *189*.
*6 Easton"s Bible Dictionary,* Logos Research Systems, Inc.

**Chapter Ten: The Doctrine of the Church**

*1* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, *1972*, pp. *157-158*.
*2* Ibid., pp. *140-142*.
*3* Ibid., p. *131*.
*4* Paul P. Enns, The Moody Handbook of Theology, p. *276*.
*5* Henry Oursler, *What is the Church Really Like? – LeaderShape Letter #45,* Grace Global Network, *www.GraceGlobalNetwork.org.*
*6* There are many helpful books here. Two of the most practical are: Gene Getz, *Sharpening the Focus of the Church,* and Rick Warren, *The Purpose Driven Church.*
*7* Ryrie, ibid., p, *148-154*.
*8* The material in section *6* is largely from Sid Litke, *"Survey of Bible Doctrine: The Church,"* http://bible.org/seriespage/survey-bible-doctrine-church.
*9* Ryrie, ibid., p, *142-146*. 211

**Chapter Eleven: The Doctrine of Future Things**

*1* Charles C. Ryrie, *A Survey of Bible Doctrine,* Moody Press, *1972*, pp. *48-50*.

*2* Craig A. Blaising, Darrell L. Bock *(1993)*. *Progressive Dispensationalism*, Bridge Point, pp. *49-51*.

*3* Ibid. p. *317*.

*4* Ibid. p. *54-56*.

*5* Ibid. p. *33*.

*6* Ryrie, p. *163*.

*7* Ibid. p. *164*.

*8* Ibid. p. *165*.

*9* John MacArthur, *The Millennium in Prophecy,* Grace to You, Valencia, CA. *gty.org.*

*10* Mark Driscoll and Gerry Breshears, *Doctrine: What Christians Should Believe,* Crossway Books, p. *411*.

*11* For a more complete discussion of the Millennium, see John MacArthur, *The Coming Earthly Kingdom of the Lord Jesus Christ,* a four-part sermon series, Grace to You, Valencia, CA. *gty.org.*

*12* J. Hampton Keathley III, *The Judgments (Past, Present, and Future), hamptonk3@bible.org*, Biblical Studies Press, *www.bible.org*, *1997*.

*13* For more information, see Henry Oursler, The Rewards of the Believer, Grace Global Network, www.GraceGlobalNetwork.org and Bruce Wilkinson, A Life God Rewards: Why Everything You Do Today Matters Forever, Multnomah Press.

*14* Daniel B. Wallace, New Testament Eschatology in the Light of Progressive Revelation: Special Focus on the Coming Kingdom, *wallace@bible.org*.

*15* A good book available on this topic is Randy Alcorn, *Heaven,* Tyndale, *2004*.

*16* John Blanchard, *Whatever Happened to Hell?* Evangelical Press, *1993*, p, *128*.

*17* In July *1974 2,700* evangelical leaders from *150* countries gathered at the Lausanne Congress. This group was the most diverse gathering in church history and, in faithfulness to Jesus, was a direct challenge to the widely held philosophy that Christians do not have the right – let alone the duty – to disturb the honest faith of a Buddhist, a Hindu, or a Jew by evangelizing them. Thank God for their faithfulness!

*18* The Lausanne Movement, *the Uniqueness and Universality of Christ (*par. *3),* in *The Lausanne Covenant,* http://www.lausanne.org/covenant/.

*19* I first heard the phrase *cosmic treason* in a theology course taught by Dr. R.C. Sproul in my doctoral program. We all know what *treason* against a 212

government or government authority is. God is the supreme Governor of the Universe and we must recognize that sin is an abhorrent affront against His holiness.

*20* Driscoll and Breshears, ibid. p. *433*.

*21* Ibid. p. *434*.

*22* Ibid. p. *436*.

**Conclusion:**

*1* Headings for this section were taken from Albert Mohler, *"The Pastor as A Theologian,"* in *A Theology for the Church*, Broadman and Holman, *2007*, pp. *927-934*.

*2* Henry Oursler, *The Benefits of Theology for the Church Planter,* Grace Global Network, *www.GraceGlobalNetwork.org.*